# निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको
# सँगालो, २०८१

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको सँगालो, २०८१

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशकः

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

छपाइ प्रतिः २,०००

प्रकाशन मितिः २०८१ असार

वेबसाइटः www.cehrd.gov.np

# विषयसूची


१. शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ १

२. विशेष कारणको अवस्थामा रहेका शिक्षकको व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८० १३

३. विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा सञ्चालन) निर्देशिका, २०८० १९

४. विद्यालय सुपरिवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८० ४३

५. श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादन निर्देशिका, २०७९ ५१

६. शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८० ७३

७. शिक्षक पेसागत विकास प्रारूप, २०८० ८१

८. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० १०३

९. विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० १४३

१०. बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८० १६९

११. परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ १९१

१२. शिक्षक पदस्थापनका आधार तथा मार्गदर्शन, २०८० २०३

*स्वीकृत मितिः २०८१।०२।१३ (माननीय मन्त्रीस्तरबाट)*

# शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१

**प्रस्तावना**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको सरुवालाई सरल, सहज, व्यवस्थित, अनुमानयोग्य, वस्तुनिष्ठ र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

शिक्षा नियमावली, २०५९ को नियम १९२ को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ।

(ग) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(च) "निर्देशिका" भन्नाले शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ सम्झनु पर्छ।

(छ) "विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्छ।

(ज) "विशेष अवस्थाका शिक्षक" भन्नाले ऐनको दफा १६ज. को उपदफा (३) बमोजिम विशेष कारणको अवस्थामा रहेका शिक्षक भनी मन्त्रालयले निर्धारण गरेबमोजिमका शिक्षक सम्झनु पर्छ।

(झ) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले दफा ३ बमोजिम केन्द्रमा गठित सहजीकरण समिति सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## समितिसम्बन्धी व्यवस्था

३. **सहजीकरण समितिसम्बन्धी व्यवस्थाः** (१) शिक्षक सरुवासम्बन्धी कार्यमा आवश्यक समन्वय तथा सहजीकरण गर्न केन्द्रमा एक सहजीकरण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहायबमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | उपमहानिर्देशक, शिक्षक व्यवस्थापन हेर्ने, केन्द्र | संयोजक |
| (ख) | शाखा प्रमुख, विद्यालय शिक्षा शाखा, मन्त्रालय | सदस्य |
| (ग) | निर्देशक, शिक्षक व्यवस्थापन समन्वय शाखा, केन्द्र | सदस्य-सचिव |

४. **समितिको काम, कर्तव्य र अधिकारः** यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) शिक्षक सरुवासम्बन्धी विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने, गराउने,

(ख) शिक्षक सरुवासम्बन्धी उजुरी र गुनासो व्यवस्थापनसम्बन्धी कार्य गर्ने, गराउने,

(ग) शिक्षक सरुवा तथा व्यवस्थापनको विषयमा आवश्यक व्यवस्थाका लागि केन्द्रलाई सिफारिस गर्ने,

(घ) शिक्षक सरुवा सम्बन्धमा मन्त्रालय तथा केन्द्रले निर्देश गरेका वा समितिले आवश्यक ठानेका अन्य विषयसम्बन्धी कार्य गर्ने,

५. **समितिको बैठकसम्बन्धी कार्यविधिः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक सञ्चालनसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) समितिको बैठकमा समितिले सम्बन्धित क्षेत्रका विज्ञ वा अन्य आवश्यक कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-३

## सूचना प्रकाशनसम्बन्धी व्यवस्था

६. **शिक्षक पद रिक्त भएको मानिनेः** सामुदायिक विद्यालयका लागि नेपाल सरकारबाट स्वीकृत भई राष्ट्रिय किताबखाना (शिक्षक) मा पद दर्ता भएको दरबन्दीमा कार्यरत शिक्षक सरुवा भई अन्यत्र गएमा वा अनिवार्य अवकाश भएमा वा मृत्यु भएमा वा स्वैच्छिक रूपमा अवकाश भएमा वा प्रचलित कानुनबमोजिम सेवाबाट हटाइएको वा बर्खास्त गरिएको भई

सूचना विद्यालयमा प्रापत भएमा वा नयाँ दरबन्दी थप भएको अवस्थामा शिक्षक पद रिक्त भएको मानिने छ।

७. **रिक्त पदको जानकारी दिनुपर्ने**: (१) विद्यालयले दफा ६ बमोजिम रिक्त शिक्षक पदको विवरण केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यालयले प्रविष्टि गरी पद रिक्त भएको मितिले सात दिनभित्र सम्बन्धित स्थानीय तहलाई जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनिवार्य अवकाश हुने भई शिक्षकको पद रिक्त हुने भएमा तीस दिन अगावै सरुवासम्बन्धी प्रक्रिया अगाडि बढाउन सकिनेछ।

८. **विवरण यकिन गर्नुपर्ने**: दफा ७ बमोजिम रिक्त पदको जानकारी प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले नियमावलीको अनुसूची-१२ बमोजिमको विषयगत प्राथमिकता भए नभएको समेत यकिन गरी केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सम्बन्धित विद्यालयको विवरण अद्यावधिक गर्नु पर्नेछ।

९. **सूचना आव्हान गर्नुपर्ने**: (१) स्थानीय तहबाट दफा ७ बमोजिमको विवरण अद्यावधिक भइसकेपछि उक्त पदमा शिक्षक सरुवा गरी ल्याउनु पर्ने भएमा विद्यालयको लिखित अनुरोधमा सम्बन्धित स्थानीय तहले कम्तीमा पन्ध्र दिनको म्याद दिई अनुसूची-१ बमोजिमको सूचना आव्हान गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दरबन्दी मिलानको सन्दर्भमा दरबन्दी कटौतीमा परेका वा खुद पुल दरबन्दी कायम भई अन्यत्र स्थानान्तरण गर्नुपर्ने दरबन्दीको हकमा त्यस्तो दरबन्दीको व्यवस्थापन नभएसम्म सरुवा गर्न पाइने छैन।

१०. **सूचना सार्वजनिक गर्नुपर्ने**: (१) स्थानीय तहले दफा ९ बमोजिमको सूचना आफ्नो वेबसाइट, सूचना पाटी र विद्यालयमा प्रकाशन गर्नुपर्नेछ।

(२) वेबसाइटमा समस्या उत्पन्न भई तत्काल सूचना अपलोड हुन नसकेमा विद्यालयले सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा हेर्ने शाखा वा महाशाखा प्रमुखबाट व्यहोरा प्रमाणित गरी उक्त सूचना स्थानीय तह र विद्यालयको सूचना पाटीमा टाँसी अनुसूची-२ बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सूचना स्थानीय तहले सम्बन्धित इकाइको वेबसाइटमा प्रकाशनको लागि लेखी पठाउनु पर्नेछ र इकाइले आफ्नो वेबसाइटमा प्रकाशन

गरी केन्द्रमा समेत पठाउनेछ । केन्द्रले यसरी सङ्कलन भएका सम्पूर्ण सूचनाहरू हरेक दिन आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गर्नुपर्नेछ।

## परिच्छेद-४

## निवेदन सङकलन, अभिलेख र सार्वजनिकीकरण

११. **निवेदन दिन सक्ने**: (१) दफा ९ बमोजिम प्रकाशित सूचनामा उल्लेख भएबमोजिम रिक्त शिक्षक पदमा सरूवा भई आउन चाहने सम्बन्धित तह र विषयका इच्छुक स्थायी शिक्षकले नियमावलीको अनुसूची-१७ बमोजिम आफू कार्यरत विद्यालयको सहमतिसहित विद्युतीय माध्यम वा स्वयम् आफैं उपस्थित भई सम्बन्धित विद्यालयमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पेस गर्दा निवेदक शिक्षकले केन्द्रले तोकेको इमेल ठेगाना वा अन्य उपयुक्त माध्यमबाट सोको जानकारी केन्द्रसमेतलाई गराउनु पर्नेछ।

१२. **निवेदन गर्नुपर्ने साथ पेस कागजात**: शिक्षकले दफा ११ बमोजिम सरुवाको लागि निवेदन दिँदा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा पेस गर्नु पर्नेछ । त्यसरी निवेदन पेस गर्दा आफ्नो सेवा अवधि खुल्ने कागजात, हाल कार्यरत विद्यालयमा हालको पदमा सुरु हाजिरी भएको कागजात, आफ्नो स्थायी तथा अस्थायी नियुक्ति पत्रको प्रतिलिपि र असाधारण तथा वेतलबी विदा लिएको भए सोसम्बन्धी कागजात समावेश गर्नु पर्नेछ।

१३. **निवेदन दर्ता र सोको अभिलेख**: सम्बन्धित विद्यालयले दफा ९ बमोजिम प्रकाशित सूचनामा तोकिएको समयावधिभित्र रीतपूर्वक प्राप्त हुन आएका निवेदन अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता गरी जुन माध्यमबाट निवेदन दिएको हो सोही माध्यमबाट सम्बन्धित व्यक्तिलाई दर्ता नम्बर उपलब्ध गराउनु पर्नेछ।

१४. **प्रमाणित अभिलेख र सूची प्रकाशन:** निवेदन दिने म्याद समाप्त भएको दिन कार्यालय समयपछि सम्बन्धित प्रधानाध्यापकले दफा १३ बमोजिम कायम भएको विवरण प्रमाणित गरी विद्यालयको वेबसाइट, विद्यालयको सामाजिक सञ्जाल र सूचना पाटीमा टाँस गर्नुपर्नेछ र सो विवरण सार्वजनिक गर्न सम्बन्धित स्थानीय तह र इकाइमा समेत पठाउनुपर्नेछ ।

## परिच्छेद-५

## सरुवाका लागि प्राथमिकताक्रम निर्धारण

१५. **प्राथमिकताक्रम निर्धारण**: (१) विद्यालयले दफा १४ बमोजिम कायम भएको विवरणका आधारमा निवेदक शिक्षकको प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राथमिकताक्रम निर्धारण गर्दा देहायबमोजिम क्रमशः खण्ड (क), (ख), (ग) र (घ) अनुसार हुनेगरी गर्नुपर्नेछः-

(क) हाल कार्यरत रहेको विद्यालयको सम्बन्धित तहमा सबैभन्दा बढी स्थायी सेवा गरेको अवधिका आधारमा,

(ख) खण्ड (क) बमोजिम प्राथमिकताक्रम निर्धारण हुन नसकेमा हालको पदमा सबैभन्दा बढी स्थायी सेवा गरेको जम्मा अवधिका आधारमा,

(ग) खण्ड (क) र (ख) बमोजिमसमेत प्राथमिकताक्रम निर्धारण हुन नसकेमा हालको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहको सम्बन्धित विषयको शैक्षिक योग्यताको प्राप्ताङ्कको प्रतिशत वा ग्रेडको आधारमा,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमसमेत प्राथमिकताक्रम निर्धारण हुन नसकेमा गोलाप्रथाबाट छनोट गरेको आधारमा।

(३) यस दफाको प्रयोजनको लागि सेवा अवधिको गणना गर्दा सम्बन्धित विद्यालयमा हाजिर भएको मितिदेखिको अवधिलाई गणना गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम निवेदक शिक्षकहरूको प्राथमिकताक्रम सूची तयार पारी प्रधानाध्यापकले प्रमाणित गरी राख्नु पर्नेछ।

## परिच्छेद-६

## सरुवासम्बन्धी सहमति व्यवस्था

१६. <u>सरुवा सहमतिसम्बन्धी व्यवस्था</u>ः (१) निवेदन दिने म्याद समाप्त भएको मितिले तीन दिनभित्र दफा १५ बमोजिम कायम भएको प्राथमिकताक्रम सूचीमा सबैभन्दा अगाडिको प्राथमिकताक्रममा परेका निवेदक शिक्षकलाई विद्यालयबाट, निर्णय गरी सरुवा सहमति प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णयको जानकारी विद्यालयले छिटो साधनद्वारा सम्बन्धित निर्वेदक शिक्षकलाई दिनु पर्नेछ।

१७. <u>शिक्षक सरुवाका लागि कागजात पेस गर्ने</u>ः प्रधानाध्यापकले दफा १६ बमोजिम सहमति उपलब्ध गराइएको शिक्षकको सरुवासम्बन्धी देहायका कागजात सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(क) स्थानीय तहबाट प्रकाशित सूचनाको प्रति,

(ख) दफा १० को उपदफा (२) बमोजिमको व्यहोरा प्रमाणित र मुचुल्का,

(ग) दफा १४ बमोजिम कायम निवेदकको प्रमाणित सूची,

(घ) दफा १५ को उपदफा (४) बमोजिम कायम भएको प्राथमिकताक्रम सूची,

(ङ) विद्यालयको सिफारिस पत्र,

(च) सम्बन्धित पदाधिकारीबाट प्रमाणित भएको सहमति प्राप्त निवेदक शिक्षकको नियमावलीको अनुसूची-१७ बमोजिमको निवेदन र सोसाथ पेस भएका अन्य कागजात।

## परिच्छेद-७
## शिक्षक सरुवासम्बन्धी व्यवस्था

१८. <u>शिक्षक व्यवस्थापन र सहमति सम्बन्धमा</u>: (१) दफा १७ बमोजिम कागजात प्राप्त भइसकेपछि दुवै विद्यालय एउटै स्थानीय तहभित्रका विद्यालय भएमा तह र विषयसमेत यकिन गरी पाँच दिनभित्र शिक्षक व्यवस्थापनसम्बन्धी कार्य स्थानीय तह आफैंले गर्नेछ ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम गरिएको शिक्षक व्यवस्थापनसम्बन्धी कार्यको विवरण सम्बन्धित इकाइमा लेखी पठाउनु पर्नेछ र इकाइले नियमावलीबमोजिम आफूले गर्नुपर्ने निर्णय गरी अभिलेखीकरण गर्नु पर्नेछ।

(३) दफा १७ बमोजिम कागजात प्राप्त भइसकेपछि सरुवा भई जाने आउने विद्यालय फरकफरक स्थानीय तहको भएमा स्थानीय तहले प्राप्त कागजात यकिन गरी नियमावलीको अनुसूची १७ बमोजिम आफ्नो सहमति सहित तीन दिनभित्र प्राप्त कागजात शिक्षक सरुवाका लागि सम्बन्धित इकाइमा पठाउनु पर्नेछ ।

१९. <u>इकाइले सरुवा गर्ने</u>: इकाइले दफा १८ को उपदफा (३) बमोजिम पेस भएका कागजात रुजु गरी तीन दिनभित्र अन्तर स्थानीय तह वा जिल्लान्तर रूपमा शिक्षकको सरुवासम्बन्धी निर्णय गरी सम्बन्धित शिक्षक, विद्यालय, स्थानीय तह र इकाइलाई जानकारी दिनु पर्नेछ ।

२०. <u>एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्ने</u>: (१) यस निर्देशिकाबमोजिम रिक्त भएको पद र पूर्ति भएको पदसम्बन्धी विवरण सम्बन्धित स्थानीय तहले तत्-तत् विद्यालयको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा तत्काल अद्यावधिक गर्नु गराउनु पर्नेछ ।

(२) शिक्षकको सरुवासम्बन्धी व्यवस्थालाई प्रभावकारी तथा व्यवस्थित बनाउन केन्द्रमा एकीकृत पोर्टलको विकास गर्न सकिनेछ र शिक्षक सरुवा सम्बन्धी सबै विवरण तथा कार्य विकसित पोर्टलमार्फत् गर्न सकिनेछ ।

## परिच्छेद-८
## सहमति दिन तथा सरुवा गर्न नसकिने अवस्था

२१. **सहमति दिन तथा सरुवा गर्न नसकिने**ः (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षकलाई सरुवा सहमति दिन वा सरुवा गर्न सकिने छैनः-

(क) दरबन्दी मिलानको सिलसिलामा खुद पुल कायम भएको दरबन्दी भएमा,

(ख) सम्बन्धित तहमा स्थायी नियुक्ति भएको एक वर्ष अवधि नपुगेको वा अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको शिक्षक भएमा,

(ग) रिक्त पद खुला वा बढुवाद्वारा पदपूर्तिका लागि सम्बन्धित निकायमा लेखी पठाइएको भएमा,

(घ) सरुवा भई आउने शिक्षक अन्यत्र जिल्लाको द्वितीय वा प्रथम श्रेणीको शिक्षक भएमा निज शिक्षक सरुवा भई आउँदा जिल्लाभित्रको सम्बन्धित तहको द्वितीय र प्रथम श्रेणीको पद सङ्ख्या भित्र नपरेमा,

(ङ) सरुवा भई आउने शिक्षक र पदपूर्ति गर्नुपर्ने पदको तह र विषय नमिलेमा ।

(२) यस दफाबमोजिम सरुवा सहमति दिने वा सरुवा गर्ने सम्बन्धमा कुनै कारण परी समितिको सिफारिसमा सरुवाका सम्बन्धमा कुनै निर्णय भएमा सरुवा सहमति दिन वा सरुवा गर्न हुँदैन।

२२. **सहमति दिन वा सरुवा गर्न बाधा नपर्ने**ः दफा २१ को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक तहमा स्थायी नियुक्ति भई एक वर्ष अवधि भुक्तान गरिसकेको शिक्षक पुनः माथिल्लो तहमा स्थायी नियुक्ति भई सेवा निरन्तरता भएको देखिएमा त्यस्तो शिक्षकलाई यस निर्देशिकाबमोजिम सरुवा सहमति दिन वा सरुवा गर्न बाधा पर्ने छैन ।

२३. **सक्कलै फाइल फिर्ता पठाउन सक्ने**ः यस निर्देशिकाबमोजिम सरुवा सम्बन्धमा पेस भएका कागजात अध्ययन गर्दा कानुन सम्मत नदेखिएमा वा दफा २१ बमोजिमको अवस्था देखिएमा वा अन्य कुनै मनासिब कारणले शिक्षक व्यवस्थापन वा सरुवा गर्न नसकिने पर्याप्त आधार

र कारण भएमा सोको स्पष्ट व्यहोरा खुलाई स्थानीय तह वा इकाइले सक्कलै निवेदन सहितको फाइल सम्बन्धित विद्यालयमा फिर्ता पठाउन सक्नेछ।

## परिच्छेद-९
## विविध

२४. **शुल्क वा सहयोग लिन नपाइने**: (१) यस निर्देशिकाबमोजिम शिक्षक सरुवाका लागि सहमति दिँदा वा सरुवा गर्दा शिक्षकबाट कुनै पनि प्रकारको शुल्क वा सहयोगको रूपमा नगदी वा जिन्सी लिनु दिनु हुँदैन।

(२) उपदफा (१) विपरित कोही कसैले शुल्क वा सहयोगको रूपमा नगदी वा जिन्सी कुनै पनि प्रयोजनमा लिने दिने गरेको पाइएमा लिने दिने दुवैलाई प्रचलित कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

२५. **विवरण सार्वजनिक गर्नुपर्ने**: दफा ८ बमोजिम स्थानीय तहले अद्यावधिक गरेको रिक्त पदको विवरण केन्द्रले आफ्नो वेबसाइटमा सबैको जानकारीका लागि राख्नु पर्नेछ ।

२६. **प्रचलित कानुनबमोजिम हुने:** यस निर्देशिकामा लेखिएका कुराहरू प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानुनमा भएको व्यवस्था नै कार्यान्वयन हुनेछ।

२७. **विशेष अवस्थामा फरक व्यवस्था गर्न सकिने**: विशेष कारणको अवस्थाका शिक्षकको हकमा विशेष कारणको अवस्थामा रहेका शिक्षक व्यवस्थापनसम्बन्धी कानूनी प्रबन्धबमोजिम हुनेछ।

२८. **सरुवा तथा व्यवस्थापनसम्बन्धी गुनासो**: (१) शिक्षक सरुवाका सम्बन्धमा कुनै गुनासो भए सरुवाको निर्णय गर्ने अधिकारी समक्ष गुनासो गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम गुनासो प्राप्त भएमा सम्बन्धित अधिकारीले सात दिनभित्र त्यस्तो गुनासो सम्बोधन गरी सम्बन्धित शिक्षकलाई जानकारी गराउनु पर्नेछ।

२९. **सरुवा गर्ने समय:** सामान्यतया विद्यालयले शैक्षिक सत्रको सुरुमा शिक्षक सरुवासम्बन्धी कार्य अगाडि बढाउनु पर्नेछ।

३०. **सरुवा सहमति वा सरुवा बदर हुन सक्ने**: (१) कसैले झुट्टा विवरण पेस गरी सरुवा सहमति प्राप्त गरेको वा सरुवा भएको पाइएमा अख्तियार प्राप्त अधिकारी वा निकायले त्यस्तो सहमति वा सरुवा बदर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको झुट्टा विवरण तयार गर्ने तथा पेस गर्ने व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

३१. **सहजीकरण तथा निर्देशिका संशोधनः** (१) यस निर्देशिकाको कार्यान्वयनमा कुनै समस्या आइपरेमा मन्त्रालयले सहजीकरण गर्नेछ।

(२) मन्त्रालयले यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

३२. **निर्देशिकाबमोजिम भएको मानिनेः** (१) यो निर्देशिका प्रारम्भ हुनु अघि सहमति प्राप्त गरी प्रक्रियामा रहेका सरुवासम्बन्धी विषयहरू यसै निर्देशिकाबमोजिम भएको मानिनेछ

(२) उपदफा (१) बमोजिमका विषयमा निर्णय गर्दा नियमावली तथा यस निर्देशिका बमोजिमको अवधिभित्र सरुवासम्बन्धी निर्णय गरिसक्नु पर्नेछ।

## अनुसूची-१

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

### रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना

मितिः .............

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना

श्री यो जो जससँग सम्बन्धित छ।

.......... जिल्ला ........ गाउँपालिका/नगरपालिका अन्तर्गत श्री .......... विद्यालय ......... मा रिक्त रहेको .......... तह ............. विषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. ..... मिति ........... को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्चः**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना ................ मार्फत् समेत निवेदन पेस गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिएबमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ ..........

श्री ................................. विद्यालय

.......................................

(प्रमुख प्रशासकीय अधिकृत)

## अनुसूची-२

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

## सूचना टाँस प्रचार गरेको मुचुल्का

........... गाउँपालिका/नगरपालिका गाउँपालिका/नगरकार्ययालिकाको कार्यालय ............ मिति ........... को सूचनाबमोजिम उक्त गाउँपालिका/नगरपालिका अन्तर्गत श्री ............. विद्यालय .......... मा रिक्त रहेको ........... तह ....... विषयको शिक्षक पदमा सरुवा गर्ने प्रयोजनका लागि शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को अनुसूची-१ बमोजिमको ढाँचामा गाउँ कार्यपालिका/नगर कार्यपालिकाको कार्यालयबाट तयार पारिएको मिति ........ को पन्ध्र दिने सूचना गाउँपालिका/नगरपालिकाको कार्यालय/विद्यालयको सूचना पाटीमा प्रचार गरिएको व्यहोरा ठीक साँचो सत्य हो ।

मुचुल्का तयार गर्नेकोः

दस्तखतः

नाम थरः ..................... पदः ................ मितिः ................ विद्यालयको छाप

उल्लिखित व्यहोराको सूचना टाँस प्रचार गरिएको व्यहोरा ठीक साँचो हो भनी मुचुल्कामा दस्तखत गर्नेः

१. श्री ................................. दस्तखत .............

२. श्री ................................. दस्तखत .............

३. श्री ................................. दस्तखत .............

## अनुसूची-३

(दफा १३ सँग सम्बन्धित)

### शिक्षक सरुवाका लागि प्राप्त निवेदन दर्ता विवरण

विद्यालयको नाम ठेगानाः .......................... पद रिक्त रहेको तहः ........ विषयः ..............

सूचना प्रकाशन भएको मितिः .................... सूचना वेबसाइटमा अपलोड भएको मितिः ..........

निवेदन दिने अन्तिम मितिः .....................

| दर्ता नं. | निवेदन दर्ता मिति | निवेदक शिक्षकको | | | | हालको विद्यालयमा कसरी आएको हो (✓) चिन्ह लगाउने | | हालको पदमा | | | हालको पदमा गरेको जम्मा स्थायी सेवा अवधि | | | हालको विद्यालयको सम्बन्धित तहमा गरेको जम्मा स्थायी सेवा अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम थर | हाल कार्यरत विद्यालय | तह/श्रेणी | विषय | नयाँ नियुक्ति भएर | सरुवा भएर | सुरु स्थायी नियुक्ति मिति | सुरु नियुक्ति पश्चात् हाजिर भएको मिति | हालको विद्यालयमा हाजिर भएको मिति | वर्ष | महिना | दिन | वर्ष | महिना | दिन | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

**पुनश्चः**

(१) सेवा अवधि गणना गर्दा निवेदकले पेस गरेको विवरण र संलग्न कागजातका आधारमा गर्नु पर्नेछ।

(२) असाधारण बेतलवी विदासम्बन्धी विदा सम्बन्धी विवरण भए सो को व्यहोरा कैफियत महलमा जनाई सोहीबमोजिम सेवा अवधि कायम गर्नुपर्ने छ ।

(३) माथिल्लो शैक्षिक योग्यताको विषय र प्राप्ताङ्क प्रतिशत कैफियत महलमा खुलाउनुपर्ने छ ।

प्रमाणित गर्ने प्रधानाध्यापकको

दस्तखतः

नाम थरः

विद्यालयको छाप

मितिः

*स्वीकृत मितिः २०८०।०७।०२ (माननीय मन्त्रीस्तरबाट)*

# विशेष कारणको अवस्थामा रहेका शिक्षकको व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८०

**प्रस्तावना**

सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकलाई विशेष कारण परी अन्य विद्यालयमा काम काज गर्न खटाउनु पर्ने भएकोमा त्यस्तो अवस्थाको आधार, पहिचान तथा विश्लेषण गर्न, विशेष कारण सम्बन्धी विषयलाई व्यवस्थित, अनुमानयोग्य, वस्तुनिष्ठ र वास्तविकतामा आधारित बनाउन र न्यूनतम तथा अधिक सेवा अवधिको कारण विशेष कारणबाट प्राप्त गर्ने सुविधामा सहजीकरण गर्न तथा शिक्षकको काम काज तथा स्थानान्तरणसम्बन्धी कार्यलाई व्यवस्थित र भरपर्दो बनाई यससम्बन्धी निर्णय प्रक्रियालाई सरल, सहज तथा पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९क तथा शिक्षा नियमावली २०५९ को नियम १९२ को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो निर्देशिका बनाई लागू गरेको छ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "विशेष कारणको अवस्थामा रहेका शिक्षकको व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसगले अर्को अर्थ नलागेमा,

(क) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्छ ।

(ख) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ ।

(घ) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(छ) "विद्यालय" भन्नाले नेपाल सरकारबाट अनुदान पाउने गरी सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ज) “विशेष कारण” भन्नाले कुनै शिक्षक नियुक्त भइ सकेपछि आकस्मिक घटना वा आपत्कालीन अवस्थामा परेकोले निजको जीवनलाई जोखिममुक्त गर्नु पर्ने भएको वा नियुक्त भइसकेपछि प्रचलिलित कानुनबमोजिम परिभाषित घातक वा कडा रोग लागी सोको उपचार गर्नु पर्ने अवस्थाको कारण सम्झनु पर्छ ।

(झ) “शिक्षक” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत स्थायी सेवा अवधि एक वर्ष नपुगेको वा अवकाश हुन एक वर्ष बाँकी भएको शिक्षक सम्झनु पर्छ ।

३. **विशेष कारणमा परेको मानिने:** स्थायी नियुक्ति वा पदस्थापना भै विद्यालयमा कार्यरत कुनै शिक्षक देहायको अवस्थामा विशेष कारणमा परेको मानिनेछः-

(क) घातक वा कडा रोग वा कुनै दुर्घटनाको कारण स्थानीय अस्पताल र स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने भई निजलाई उपचारको सुविधा भएको स्थानमा तीन महिनाभन्दा बढी समयसम्म उपचार गर्नु पर्ने भनी नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त चिकित्सकको रायसहित जिल्ला वा प्रदेश वा नेपाल सरकारको अस्पतालको प्रमुखबाट सिफारिस भएको,

(ख) शिक्षकमा नियुक्त भई सकेपछि कुनै महिला शिक्षकलाई प्रजनन स्वास्थ्यसम्बन्धी कुनै कडा वा घातक रोग लागेको वा कुनै घटनामा परेको र सोको उपचार नहुँदा निजको जीवन जोखिममा पर्न सक्ने भनी सम्बन्धित चिकित्सकले दिएको राय सहित सम्बन्धित जिल्लास्थित सरकारी अस्पताल वा प्रदेश स्थित सरकारी अस्पताल वा नेपाल सरकारको स्वामित्वको सरकारी अस्पताल वा प्रचलित कानुनबमोजिम नेपाल सरकारको स्वामित्वअन्तर्गत स्थापना भएका शिक्षण अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रमुखले सिफारिस गरेको,

(ग) कुनै शिक्षक आकस्मिक घटनामा परी वा प्रकृतिक विपद्मा परी गम्भीर घाइते भएको स्थानीय अस्पताल तथा जिल्ला अस्पतालका प्रमुखले आफ्नो अस्पतालमा उपचार हुन नसक्ने भनी अन्यत्र लैजान सिफारिस गरेको र त्यस्तो सिफारिसबमोजिम अन्यत्र उपचार गर्नु पर्ने भएको र चिकित्सकले घातक रोग भनी गरेको सिफारिसबमोजिम प्रदेश अस्पताल वा सङ्घीय अस्पताल वा नेपाल सरकारअन्तर्गतको शिक्षण अस्पताल वा प्रतिष्ठान स्तरीय अस्पतालको प्रमुखबाट प्रमाणित भएको,

(घ) अपाङ्गतासम्बन्धी सङ्घीय कानुनबमोजिमको "क", "ख" र "ग" वर्ग अन्तर्गत परी शारीरिक अवस्थाको कारण नियुक्ति पाएको सम्बन्धित विद्यालयमा आवत जावत गरी पठन पाठन गर्न असमर्थ भएको भनी आधार र कारण खुलाई सम्बन्धित स्थानीय तहले सिफारिस गरेको र सम्बन्धित प्रदेश वा सङ्घीय अस्पतालको चिकित्सकले सो कुरा सिफारिससहित अस्पताल प्रमुखबाट प्रमाणित गरेको।

४. **शिक्षकले निवेदन दिनुपर्ने:** (१) दफा ३ बमोजिमको अवस्थाको शिक्षकले ऐनको दफा १६ज. तथा नियमावलीको नियम ९९ बमोजिमको प्रक्रिया पूरा गरी आवश्यक कागजात सहित आफूले हाल अध्यापन गर्नु पर्ने विद्यालय रहेको जिल्लाको इकाइमा निवेदन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा अन्य कुराका अतिरिक्त देहायको विवरणसमेत संलग्न गर्नु पर्नेछः-

(क) दफा ३ बमोजिम आफूमाथि आइपरेको समस्या र सोसँग सम्बन्धित कागजात तथा सिफारिस पत्र,

(ख) कार्यरत विद्यालयको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय प्रतिलिपिसहितको सहमति र कार्यरत विद्यालय रहेको स्थानीय तहको तलब भत्ता भुक्तानी कुन विद्यालयबाट गरिने हो सोसहितको सहमति पत्र,

(ग) कार्यरत विद्यालय रहेको जिल्लाबाट जिल्लान्तर भै जाने शिक्षकको हकमा सम्बन्धित इकाइको सहमति पत्र,

(घ) जुन विद्यालयमा अध्यापन गर्न आउने हो सो विद्यालयको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय प्रतिलिपि सहितको सहमति पत्र र स्थानीय तहको सिफारिस,

(ङ) खण्ड (घ) बमोजिमको सहमति तथा सिफारिसपत्रमा निम्न व्यहोराहरू यकिन रूपमा खुलेको हुनु पर्नेछः-

(१) विद्यालयले दरबन्दी रिक्त रहे वा नरहेको,

(२) निम्न माध्यमिक (आधारभूत तह कक्षा ६-८ का शिक्षक) र माध्यमिक शिक्षकको हकमा विषय मिल्ने वा नमिल्ने,

(३) आयोगमा पदपूर्तिका लागि माग भए नभएको तथा उक्त दरबन्दी खुद पुल दरबन्दीमा रहे नरहेको,

(४) कुन विद्यालयबाट तलब भत्ता भुक्तानी गर्ने भन्ने विषय ।

(३) उपदफा (२) बमोजिमका सिफारिसमा कुनै निश्चित अवधि खुलाउनु पर्ने भए त्यस्तो अवधिसमेत खुलाउनु पर्नेछ।

५. **कामकाजको लागि खटाउन सकिने:** (१) विशेष कारण परेको भनी पेस हुन आएका कागजात वास्तिकतामा आधारित भएको र सम्बन्धित विद्यालय व्यवस्थापन समिति तथा स्थानीय तहबाट सहमति सहित सिफारिस पत्र प्राप्त भएको अवस्थामा काम काजको लागि खटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम काम काजको लागि खटाउँदा खटाइएको अवधि, सोको विशेष कारण र तलबभत्ता प्राप्त गर्ने स्थानीय तहसहितको विवरण खुलाउनु पर्नेछ।

६. **इकाइ प्रमुखको भूमिका:** विशेष कारण परेकोले अन्य विद्यालयमा अध्यापन गर्नको लागि निवेदन पर्न आएका शिक्षकलाई एक जिल्लाबाट अर्को जिल्लामा स्थानान्तरण भै कामकाज गर्न खटाउँदा देहायको बमोजिम गर्नु पर्नेछ:-

(क) आउन चाहने विद्यालयमा समान तहमा दरबन्दी रिक्त रहेको र सो दरबन्दी दरबन्दी मिलानको क्रममा कटौतीमा नपरेको वा कटौतीमा पर्न सक्ने अवस्था नरहेको तथा सो रिक्त दरबन्दी आयोगबाट पदपूर्तिका लागि माग नभएको स्थायी दरबन्दी भएको,

(ख) पदाधिकार रहेको विद्यालयबाटै तलब भत्ता खाने गरी अन्यत्र विद्यालयमा कामकाजमा खटिन चाहेको भएमा सोहि अनुसार अवधि खुलाई अन्यत्र विद्यालयमा गै कामकाज गर्नका लागि पदाधिकार रहेको विद्यालय व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहले लिखित सहमति दिएको,

(ग) निम्न माध्यमिक (आधारभूत तह कक्षा ६-८ का शिक्षक) र माध्यमिक शिक्षकको हकमा विषय मिल्ने भएको।

७. **विषय परिवर्तन गर्न नहुने:** (१) निम्न माध्यमिक तह र माध्यमिक तहका शिक्षकलाई आधारभूत तह कक्षा ६ देखि आठसम्म तथा माध्यमिक तहमा कामकाज गर्न खटाउँदा जुन विषयको शिक्षक रिक्त भएको हो सो विषयको शिक्षक भएको अवस्थामा मात्र त्यसरी काम काज खटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम खटाउँदा शिक्षा नियमावलीको अनुसूची-१२ बमोजिम हुने गरी खटाउनु पर्नेछ ।

८. **विषय मिलेको हुनु पर्ने:** (१) यस निर्देशिकाबमोजिम शिक्षक खटाउँदा आधारभूत तह कक्षा छ-आठ का शिक्षक र माध्यमिक तहको शिक्षक भए विषय मिलेको हुनु पर्नेछ।

(२) एउटै तहमा विगतमा एकै विषयमा एक भन्दा बढी शिक्षक कार्यरत रहेको अवस्थामा कुनै एक शिक्षकको पद रिक्त भएमा पुनः दुईजना शिक्षक हुनेगरी सोही विषयको शिक्षकलाई त्यस विद्यालयमा खटाउने छैन।

(३) आउन चाहने विद्यालयमा समान तहमा दरबन्दी रिक्त रहेको भए तापनि सो दरबन्दी मिलानको क्रममा कटौतीमा परेको वा सो रिक्त पदमा आयोगबाट पदपूर्तिका लागि माग भै गएको अवस्थामा त्यस्तो पदमा कुनै शिक्षकलाई कामकाजमा खटाइने छैन।

९. **इकाइ प्रमुखले खटाउन सक्ने:** (१) विशेष कारण परेको भनी काम काजको लागि तोकी पाउन पर्न आएका निवेदन उपर सम्बन्धित जिल्लाको इकाइ प्रमुखले एक पटकमा वढीमा तीन महिनासम्मको अवधि तोकी सहमति प्राप्त भएको विद्यालयमा कामकाज गर्ने गरी शिक्षकलाई खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कामकाजमा खटाउँदा सो अवधिभरिको तलब भुक्तानी कहाँबाट भुक्तानी गरिने हो सोको यकिन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्णयको जानकारी सम्बन्धित विद्यालय, स्थानीय तहहरू, केन्द्र र राष्ट्रिय किताबखाना (शिक्षक) मा यथाशीघ्र पठाउनु पर्नेछ ।

१०. **कागजातको आधिकारिकता बुझ्नु पर्ने:** (१) इकाइ प्रमुखले विशेष कारण परेको भनी प्राप्त हुन आएको निवेदनको आधिकारिता बुझेर मात्र निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन र तत्सम्बन्धी कागजातको आधिकारिकतामा द्विविधा भएको अवस्थामा इकाइ प्रमुखले अन्य कुनै सरकारी निकाय मार्फत त्यस्ता कागजात वा प्रमाणको विषयमा बुझ्न सक्नेछ ।

११. **निवेदन पठाउन सक्ने:** यो निर्देशिका जारी हुनुअघि मन्त्रालय वा केन्द्रमा विशेष कारण परेको भनी पर्न आएका निवेदन उपर आवश्यक कारबाहीको लागि सम्बन्धित इकाइमा पठाउन सकिनेछ ।

१२. **निर्देशन दिन सक्ने:** यो निर्देशिका कार्यान्वयनको क्रममा कुनै द्विविधा भएमा केन्द्रले इकाइलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१३. **नियमावलीको ढाँचामा निवेदन गर्नु पर्ने:** यो निर्देशिकामा लेखिएबमोजिम काम काजको लागि इकाइमा निवेदन गर्दा नियमावलीमा निर्धारित ढाँचाको आधारमा विशेष कारण परेको व्यहोरा खुलाई निवेदन गर्नु पर्नेछ ।

१४. **प्रचलित कानुनबमोजिम हुने:** यो निर्देशिकामा लेखिएका कुराहरू प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानुननमा भएको व्यवस्था नै कार्यान्वयन हुनेछ ।

१५. **संशोधन वा खारेज गर्न सक्ने:** मन्त्रालयले आवश्यकताअनुसार यो निर्देशिकामा संशोधन गर्न वा यसलाई खारेज गर्न सक्नेछ ।

*स्वीकृत मितिः २०८०।११।२० गते (माननीय मन्त्रीस्तरबाट)*

# विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा सञ्चालन) निर्देशिका, २०८०

विद्यालयस्तरको शिक्षालाई नियमित तथा भरपर्दो किसिमबाट सञ्चालन गर्न, विपद्बाट शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई व्यवस्थापन गरी आपत्कालीन अवस्थामा बालबालिकाको पठनपाठनलाई नियमित बनाई विपद्को प्रभाव शिक्षण सिकाइमा कमभन्दा कम गर्न, विपद्को समयमा सरकारी, गैरसरकारी तथा विकास साझेदारलाई परिचालन गरी बालबालिकाको अध्ययन अध्यापनलाई समयमै निरन्तरता दिई शैक्षिक उपलब्धि हासिल गर्न नेपाल शिक्षा समूहको गठन गरी शिक्षण सिकाइमा प्रभावकारिता ल्याउन वाञ्छनीय भएकोले,

शिक्षा नियमावली, २०५९ को नियम १९२ को खण्ड (ङ) बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा सञ्चालन) निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनुपर्छ।

(ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानवस्रोत विकास केन्द्र सम्झनुपर्छ।

(ग) "निर्देशिका" भन्नाले "विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा सञ्चालन) निर्देशिका, २०८०" सम्झनुपर्छ।

(घ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

(च) "नेपाल शिक्षा समूह" भन्नाले विद्यालय शिक्षाका लागि यस निर्देशिकाबमोजिम गठन हुने सङ्घीय शिक्षा समूह सम्झनुपर्छ र सो शब्दले प्रदेश सरकार तथा स्थानीय तहमा गठन हुने प्रदेश तथा स्थानीय शिक्षा समूहलाई समेत जनाउँछ।

(छ) "सरोकारवाला" भन्नाले विद्यालय शिक्षासँग सरोकार राख्ने निकाय सम्झनुपर्छ र सो शब्दले सामुदायिक, सार्वजनिक, संस्थागत विद्यालयका शिक्षक, अभिभावक, विद्यार्थी, सञ्चालक तथा विद्यालय शिक्षाको सुधारमा समर्पित व्यक्तिलाई समेत जनाउँछ।

## परिच्छेद-२
## उद्देश्य, लक्ष्य तथा कार्यपद्धति

३. **निर्देशिकाको उद्देश्य:** यस निर्देशिकाको उद्देश्य देहायबमोजिम रहेका छन्:-

(क) विद्यालय शिक्षाको सुधारका लागि आवश्यक सहजीकरण गर्ने,

(ख) विपद् वा प्राकृतिक प्रकोपका कारण विद्यालयको पठन पाठनमा समस्या भएमा सोको सहजीकरण गर्ने,

(ग) शिक्षा क्षेत्रको गुणस्तर कायम गरी यस क्षेत्रको विकासका लागि आवश्यक सहजीकरण गर्ने,

(घ) शिक्षण सिकाइ वृद्धिका लागि समूहगत रूपमा कार्य गर्ने,

(ङ) विपद् वा अन्य कुनै प्राकृतिक प्रकोपको कारण शिक्षण सिकाइ प्रभावित हुने अवस्थामा प्रचलित कानुनबमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहसँग समन्वयात्मक रूपमा रही शैक्षिक उन्नयनका लागि आवश्यक कार्य गर्ने,

(च) विद्यालय शिक्षाको क्षेत्रमा सङ्घ, प्रदेश तथा स्थानीय तहको समन्वयमा नेपाल शिक्षा समूहको परिचालनमार्फत शिक्षण सिकाइलाई व्यवस्थित, उपलब्धिमूलक र प्रभावकारी बनाउने,

(छ) नेपाल शिक्षा समूहमा आबद्ध सबै सरोकारवाला निकायलाई क्रियाशील बनाउने।

४. **लक्ष्य:** (१) विद्यालयमा हुनसक्ने प्राकृतिक प्रकोपका समयमा प्रचलित कानुनबमोजिम समन्वय गरी सोको पूर्वतयारी, प्रतिकार्य योजना तथा कार्यान्वयन गर्नु निर्देशिकाको मुख्य लक्ष्य रहेको छ।

(२) यस निर्देशिकाका अन्य लक्ष्य देहायबमोजिम रहेका छन्:-

(क) विद्यालयमा विपद्बाट हुनसक्ने क्षति तथा प्रतिकूल प्रभावको सामना गर्न आवश्यक योजना तथा कार्यका लागि सहजीकरण गर्ने,

(ख) विपद्का समयमा जिम्मेवारी बाँडफाँड गरी योजना कार्यान्वयन गर्ने,

(ग) स्रोतको सङ्कलनमा प्रचलित कानुनअन्तर्गत रही सहजीकरण गर्ने,

(घ) नेपाल शिक्षा समूहका सदस्यको जिम्मेवारी स्पष्ट गरी योजना तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण गर्ने,

(ङ) नेपाल शिक्षा समूहमा क्रियाशील संस्था, निकाय, व्यक्तिले मानवता, निष्पक्षता, तटष्थता, सहभागिता, समावेशिता, पारदर्शिता, गोपनीयता, स्वतन्त्रतासहितका मान्यता लागू गर्ने,

(च) उमेर, शारीरिक तथा मानसिक अवस्था अनुसार फरक क्षमता भएका बालबालिकाका लागि भौतिक सुविधा, शैक्षिक सामग्री र सिकाइ विधिको आवश्यकताको पहिचान गरी परिपूर्ति गर्न सहयोग गर्ने,

(छ) मानवीय सहायतासम्बन्धी कार्य गर्दा प्रचलित कानुनबमोजिम गठित निकाय तथा अधिकारीको समन्वय तथा निर्देशनमा रही कार्य गर्ने,

(ज) सम्बन्धित समुदायको संस्कृति एवम् परम्पराप्रति संवेदनशील भई काम गर्ने,

(झ) मानवीय सहायतालाई समुदायका असल अभ्याससँग मूलप्रवाहीकरण गर्ने।

५. **कार्यपद्धतिः** (१) नेपाल शिक्षा समूहले शिक्षा क्षेत्रको विपद् पूर्वतयारी र प्रतिकार्यमार्फत् नेपालको शिक्षा प्रणालीको विकासको दूरदृष्टि र लक्ष्यमा योगदान गर्ने कार्यपद्धति अपनाउनुपर्ने छ ।

(२) नेपाल शिक्षा समूह परिचालन हुने तह अनुसार सङ्घ, प्रदेश, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहको समग्र विपद् पूर्वतयारी र प्रतिकार्य योजनाका उद्देश्यहरू हासिल गर्न शिक्षा क्षेत्रमा विपद् पूर्वतयारी र प्रतिकार्यका क्रियाकलापहरू तय गरी कार्यान्वयन गर्नुपर्ने छ ।

(३) नेपाल शिक्षा समूहले विपद् अगावै, विपद्को समयमा र विपद्पश्चात् गर्नुपर्ने क्रियाकलाप सिलसिलेवाररूपमा समावेश गर्नुपर्ने छ ।

(४) विपद् प्रभावित तथा जोखिममा रहेका समुदायका बालबालिकाको सिकाइको निरन्तरता कायम गर्न अन्तरसम्बन्धित विषयक्षेत्रका समूहसँग समन्वय र सहकार्य गर्नुपर्ने छ।

(५) आपत्कालीन अवस्थामा सिकाइ निरन्तरतासम्बन्धी कार्य तथा विपद्पश्चात पुनर्निर्माण चरणमा सुरक्षित शैक्षिक वातावरण र सिकाइ निरन्तरतालाई सहयोग पुग्ने गरी क्रियाकलापको तर्जुमा गर्नुपर्ने छ।

(६) सङ्घ, प्रदेश तथा स्थानीय तहका शिक्षा समूहको कार्यक्रम तथा योजनामार्फत नेपालको दीर्घकालीन शैक्षिक विकाससँग सामञ्जस्यता कायम गर्नुपर्ने छ ।

## परिच्छेद-३
## शिक्षा समूहको गठन तथा सञ्चालन

६. **नेपाल शिक्षा समूह**ः (१) विद्यालय क्षेत्रको पर्न सक्ने विपद्को समयमै व्यवस्थापन गरी यसबाट पर्ने असरलाई न्यूनीकरण गरी अध्ययन अध्यापनलाई समयमै सुचारु गर्न शिक्षा क्षेत्रमा क्रियाशील सरकारी, अन्तरसरकारी तथा अन्य व्यक्तित्व सम्मिलित नेपाल शिक्षा समूह रहने छ।

(२) उपदफा (१) बमोजिमको समूह सङ्घमा केन्द्रमा सङ्घीय शिक्षा समूहको नामबाट गठन हुनेछ भने प्रदेश तथा स्थानीय तहमा आवश्यकता अनुसार प्रदेश शिक्षा समूह तथा स्थानीय शिक्षा समूह गठन हुन सक्नेछ । यसरी गठन हुने समूहलाई समुच्चरूपमा नेपाल शिक्षा समूह भनिने छ।

(३) उपदफा (२) बमोजिम प्रदेश तथा स्थानीय तहमा समेत त्यस्तो समूह गठन भएमा तिनको सम्बन्ध तथा समन्वयको आधार अनुसूची-१ मा व्यवस्था भएबमोजिम हुने छ।

७. **सङ्घीय शिक्षा समूहः** (१) शिक्षा क्षेत्रको निरन्तर सुधार गरी शैक्षिक उपलब्धि हासिल गर्न तथा विपद्का समयमा आवश्यक सहजीकरण गरी शैक्षिक गतिविधि सञ्चालनका लागि सहयोग पुऱ्याउन सङ्घीय शिक्षा समूह रहने छ ।

(२) सङ्घीय शिक्षा समूहमा देहायबमोजिमका निकायको संस्थागत प्रतिनिधित्व रहने छः-

(क) शिक्षा तथा मानवस्रोत विकास केन्द्रको महानिर्देशक -संयोजक
(ख) पाठ्यक्रम विकास केन्द्रको महानिर्देशक -सदस्य
(ग) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको महानिर्देशक -सदस्य
(घ) प्रतिनिधि, मन्त्रालय -सदस्य
(ङ) प्रतिनिधि, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य
(च) प्रतिनिधि, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य
(छ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि नेपाल शिक्षक महासङ्घ -सदस्य
(ज) प्रतिनिधि, युनिसेफ नेपाल -सदस्य
(झ) प्रतिनिधि, सेभ द चिल्ड्रेन - सदस्य
(ञ) प्रतिनिधि,नेपाल रेडक्रस सोसाइटीको सङ्घीय कार्यसमिति -सदस्य
(ट) प्रतिनिधि, राष्ट्रिय अपाङ्ग महासङ्घ -सदस्य
(ठ) प्रतिनिधि, शिक्षा पत्रकार समूह -सदस्य

(ड) विद्यालय शिक्षामा कार्यरत अन्तराष्ट्रिय गैरसरकारी संस्थाको तर्फबाट संयोजकले मनोनीत गरेको प्रतिनिधि एक जना -सदस्य

(ढ) प्रचलित कानुनबमोजिम दर्ता भई विपद् व्यवस्थापन तथा शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय गैरसरकारी संस्था, शिक्षा क्षेत्रमा कार्यरत निजी क्षेत्र, अपाङ्गता, महिला तथा जोखिममा रहेका बालबालिकाको क्षेत्रमा कार्यरत संस्था, शिक्षा क्षेत्रमा कार्यरत निजी तथा सार्वजनिक शैक्षिक वा तालिम प्रदायक संस्था वा शैक्षिक क्षेत्र सम्बन्धित संस्थाहरूका सङ्गठन वा सञ्जालका राष्ट्रिय समिति वा सो सरहका सङ्गठनको प्रतिनिधित्व हुने गरी संयोजकले मनोनीत गरेका प्रतिनिधि -सदस्य

(ण) महानिर्देशकले तोकेको केन्द्रको उपमहानिर्देशक -सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको समूहको बैठक सामान्यतया तीन महिनामा एक पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ।

(४) समूहको बैठकमा संयोजकले शिक्षा क्षेत्रका सरोकारवाला संस्था, व्यक्तिलाई आमन्त्रण गर्नसक्ने छ।

(५) सङ्घीय शिक्षा समूहमा संस्थागत समूहबाट प्रतिनिधित्व गर्ने विकास साझेदारमध्येका प्रतिनिधिलाई सह संयोजकको जिम्मेवारी दिनसक्ने छ।

(६) सङ्घीय शिक्षा समूहले केन्द्रको स्वीकृत वार्षिक कार्यक्रममार्फत कार्य गर्दा बाहेक अन्य कुनै पनि विषयमा नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै कार्य गर्ने गराउने छैन।

तर समूहमा आबद्ध संस्थागत प्रतिनिधित्व गर्ने निकायले प्रचलित कानुनको परीधिभित्र रही शैक्षिक उन्नयनका लागि कुनै कार्य गर्न गराउन बाधा पर्ने छैन।

(७) सङ्घीय शिक्षा समूहको कार्य सञ्चालन विधि समूहको नियमित बैठक तथा आन्तरिक परिचालन, विपद् पूर्वतयारी तथा प्रतिकार्य सहयोग, नियमित पठन पाठनमा सहजीकरणमा सीमित भई समूहको निर्णयबमोजिम मात्र हुनसक्ने छ।

८. <u>सङ्घीय शिक्षा समूहको काम तथा कर्तव्य</u>: (१) सङ्घीय शिक्षा समूहको काम तथा कर्तव्य देहायबमोजिम हुनेछः-

(क) विद्यालय शिक्षाको प्रभावकारिताका लागि स्थानीय तहसँग समन्वय गर्ने,

(ख) विपद्को समयमा शैक्षिक गतिविधि सञ्चालनका लागि आवश्यक सहजीकरण गर्ने.

(ग) विपद्को समयमा सम्बन्धित निकायको समन्वयमा रही शिक्षण प्रशिक्षणका लागि आवश्यक सामग्रीको सङ्कलन गर्ने,

(घ) शिक्षा क्षेत्रमा हुनु पर्ने सुधारका लागि केन्द्रलाई आवश्यक सुझाव दिने,

(ङ) प्रदेश तथा स्थानीयस्तरमा शैक्षिक सुधारका लागि गठित शिक्षा क्षेत्रसँग सम्बन्धित निकायसँग समन्वय गर्ने,

(च) विपद्को समयमा गर्नुपर्ने कार्य, प्रभावित हुने बालबालिकाको विवरण सङ्कलन गर्ने र विपद्को समयमा प्रभावित बालबालिकालाई व्यवस्थापनका लागि सहजीकरण गर्ने,

(छ) सङ्घीय शिक्षा समूहको उद्देश्य हासिल गर्न अन्य आवश्यक कार्य गर्ने,

(ज) सामान्य विपद्, मध्यम विपद् ठुलो विपद् तथा महाविपद्का समयमा प्रचलित कानुनबमोजिम प्रदेश, स्थानीय तह तथा अन्य सम्बन्धित निकायको समन्वयमा रही कार्य गर्ने।

(२) सङ्घीय शिक्षा समूहले आवश्यकता अनुसार अन्य सरोकारवालासँग समन्वय एवम् सहजीकरण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सरोकारवालासँग सहजीकरण गर्दा निर्णयबमोजिम मात्र गर्नुपर्ने छ।

(४) सङ्घीय शिक्षा समूहको निर्णय सदस्य सचिवले प्रमाणित गर्ने छ।

(५) सङ्घीय शिक्षा समूहले शिक्षण सिकाइका अतिरिक्त आपत्कालीन समयमा उद्धारसहितका विषयमा समन्यवयकारीरूपमा आवश्यक कार्य गर्ने छ।

(६) विपद् व्यवस्थापनका चरणमा प्रदेश शिक्षा समूह र स्थानीय शिक्षा समूहसँग समन्वय एवम् सहकार्य गर्नुपर्ने छ।

(७) सङ्घीय शिक्षा समूहले विपद्को समयको प्रचलित कानुनबमोजिम सम्बन्धित निकायको समन्वयमा समूहबाट निर्णय गरी परिचालित हुनुपर्ने छ।

९. **प्रदेश शिक्षा समूह**: (१) प्रदेशगतरूपमा शिक्षा क्षेत्रको निरन्तर सुधार गरी शैक्षिक उपलब्धि हासिल गर्न तथा विपद्का समयमा आवश्यक सहजीकरण गरी शैक्षिक गतिविधि सञ्चालनका लागि सहयोग पुऱ्याउन प्रचलित कानुनबमोजिम हुने गरी प्रदेशले प्रदेश शिक्षा समूह गठन गर्न सक्ने छ।

(२) प्रदेश शिक्षा समूहको गठन हुँदा देहायबमोजिम हुनेछः-

(क) प्रदेशको शिक्षा विषय हेर्ने मन्त्रालयको सचिव -संयोजक

(ख) प्रदेशको महिला बालबालिका विषय हेर्ने मन्त्रालयको प्रतिनिधि -सदस्य

(ग) सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्ये संयोजकले मनोनीत गरेको एक जना -सदस्य

(घ) नेपाल शिक्षक महासङ्घको प्रदेश अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ङ) प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटीको प्रदेश समिति -सदस्य

(च) विद्यालय शिक्षा क्षेत्रमा कार्यरत अन्तरसरकारी निकायको प्रदेश प्रतिनिधि -सदस्य

(छ) राष्ट्रिय अपाङ्ग महासङ्घको प्रदेश प्रतिनिधि, -सदस्य

(ज) युनिसेफ र सेभ द चिल्ड्रेनका एक एक जना प्रतिनिधि -सदस्य

(झ) शिक्षा पत्रकार समूहको प्रदेश प्रतिनिधि -सदस्य

(ञ) प्रचलित कानुनबमोजिम दर्ता भई विपद् व्यवस्थापन तथा शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय गैरसरकारी संस्था, शिक्षा क्षेत्रमा कार्यरत निजी क्षेत्र, अपाङ्गता, महिला तथा जोखिममा रहेका बालबालिकाको क्षेत्रमा कार्यरत संस्था, शिक्षा क्षेत्रमा कार्यरत निजी तथा सार्वजनिक शैक्षिक वा तालिम प्रदायक संस्था वा शैक्षिक क्षेत्र सम्बन्धित संस्थाहरूका सङ्गठन वा सञ्जालका राष्ट्रिय समिति वा सो सरहका सङ्गठनको प्रतिनिधित्व हुने गरी संयोजकले मनोनीत गरेको दुई जना -सदस्य

(ट) संयोजकले तोकेको प्रदेशको शिक्षा विषय हेर्ने मन्त्रालयको वरिष्ठ अधिकृत -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समूहको बैठक सामान्यतया तीन महिनामा एक पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(३) समूहको बैठकमा संयोजकले शिक्षा क्षेत्रका सरोकारवाला संस्था, व्यक्तिलाई आमन्त्रण गर्न सक्ने छ।

(४) प्रदेश शिक्षा समूहको बैठकको कार्यविधि समूह आफैंले निर्धारण गरेबमोजिम हुने छ।

(५) प्रदेश शिक्षा समूहले वार्षिक स्वीकृत कार्यक्रममार्फत कार्य गर्दा बाहेक अन्य कुनै पनि विषयमा प्रदेश सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै कार्य गर्ने गराउने छैन।

(६) प्रदेश शिक्षा समूहको कार्य सञ्चालन विधि समूहको नियमित बैठक तथा आन्तरिक परिचालन, विपद् पूर्वतयारी तथा प्रतिकार्य सहयोग, नियमित पठन पाठनमा सहजीकरणमा सीमित भई समूहको निर्णयबमोजिम मात्र हुन सक्नेछ।

१०. <u>प्रदेश शिक्षा समूहको काम तथा कर्तव्य</u>ः (१) प्रदेश शिक्षा समूहको काम तथा कर्तव्य देहायबमोजिम हुनेछः-

(क) प्रदेशभित्रका विद्यालय शिक्षाको प्रभावकारिताका लागि स्थानीय तहसँग समन्वय गर्ने,

(ख) प्रदेशभित्र विपद्को समयमा शैक्षिक गतिविधि सञ्चालनका लागि आवश्यक सहजीकरण गर्ने ।

(ग) विपद्को समयमा सम्बन्धित निकायको समन्वयमा रही शिक्षण प्रशिक्षणका लागि आवश्यक सामग्रीको सङ्कलन गर्ने,

(घ) शिक्षा क्षेत्रमा हुनुपर्ने सुधारका लागि आवश्यक सुझाव दिने,

(ङ) प्रदेश तथा स्थानीयस्तरमा शैक्षिक सुधारका लागि गठित शिक्षा क्षेत्रसँग सम्बन्धित निकायसँग समन्वय गर्ने,

(च) विपद्को समयमा गर्नुपर्ने कार्य, प्रभावित हुने बालबालिकाको विवरण सङ्कलन गर्ने र विपद्को समयमा प्रभावित बालबालिकालाई व्यवस्थापनका लागि सहजीकरण गर्ने,

(छ) प्रदेश शिक्षा समूहको उद्देश्य हासिल गर्न अन्य आवश्यक कार्य गर्ने।

(२) प्रदेश शिक्षा समूहले आवश्यकताअनुसार शिक्षा क्षेत्रका सरोकारवालासँग समन्वय एवम् सहजीकरण गर्नसक्ने छ।

(३) उपदफा (२) बमोजिम समन्वय गर्दा प्रदेश शिक्षा समूहको निर्णयबमोजिम गर्नुपर्ने छ।

(४) प्रदेश शिक्षा समूहको निर्णय सदस्य सचिवले प्रमाणित गर्ने छ।

(५) प्रदेश शिक्षा समूहले शिक्षण सिकाइका अतिरिक्त आपतकालीन समयमा उद्धारसहितका विषयमा समन्यवयकारी रूपमा आवश्यक कार्य गर्ने छ।

(६) विपद् व्यवस्थापनका चरणमा प्रदेशमा क्रियाशील सम्बन्धित विषयक्षेत्रका समूह, प्रदेश शिक्षा समूह र स्थानीय तह शिक्षा समूहसँग समन्वय एवम् सहकार्य गर्नुपर्ने छ।

(७) प्रदेश शिक्षा समूहले विपद्को समयमा अन्य निर्णय गरी समूहका सदस्य तथा सम्बन्धित निकाय परिचालित हुने व्यवस्था गर्नुपर्ने छ।

११. <u>स्थानीय शिक्षा समूह</u>ः (१) स्थानीय तहमा तहगतरूपमा शिक्षा क्षेत्रको निरन्तर सुधार गरी शैक्षिक उपलब्धि हासिल गर्न तथा विपद्का समयमा आवश्यक सहजीकरण गरी शैक्षिक गतिविधि सञ्चालनका लागि सहयोग पुऱ्याउन स्थानीय तहले आवश्यकता अनुसार समन्वय गरी स्थानीय तह शिक्षा समूह गठन गर्नसक्ने छ।

(२) स्थानीय शिक्षा समूहको गठन हुँदा देहायबमोजिम हुने गरी गठन गर्नुपर्ने छः-

(क) स्थानीय तहको उप प्रमुख वा उपाध्यक्ष -संयोजक

(ख) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) स्थानीय तहको स्वास्थ्य तथा जनसङ्ख्या शाखा प्रमुख -सदस्य

(घ) संयोजकले मनोनीत गरेको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष दुई जना -सदस्य

(घ) संयोजकले मनोनीत गरेको सामुदायिक विद्यालयको दुई र संस्थागत विद्यालयको एक जना प्रधानाध्यापक -सदस्य

(ङ) नेपाल रेडक्रस सोसाइटीको स्थानीय प्रतिनिधि -सदस्य

(च) विद्यालय शिक्षा क्षेत्रमा कार्यरत अन्तरसरकारी निकायको स्थानीय प्रतिनिधि -सदस्य

(छ) राष्ट्रिय अपाङ्ग महासङ्घको स्थानीय प्रतिनिधि, -सदस्य

(ज) पत्रकार सङ्घको स्थानीय प्रतिनिधि -सदस्य

(झ) प्रचलित कानुनबमोजिम दर्ता भई विपद् व्यवस्थापन तथा शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय गैरसरकारी संस्था, शिक्षा क्षेत्रमा कार्यरत निजी क्षेत्र, अपाङ्गता, महिला तथा जोखिममा रहेका बालबालिकाको क्षेत्रमा कार्यरत संस्था, शिक्षा क्षेत्रमा कार्यरत निजी तथा सार्वजनिक शैक्षिक वा तालिम प्रदायक संस्था वा शैक्षिक क्षेत्र सम्बन्धित संस्थाहरूका सङ्गठन वा सञ्जालका स्थानीय समिति वा सो सरहका सङ्गठनको प्रतिनिधित्व हुने गरी संयोजकले मनोनीत गरेको दुई जना -सदस्य

(ञ) स्थानीय तहको शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समूहको बैठक सामान्यतया तीन महिनामा एक पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ।

(३) समूहको बैठकमा संयोजकले शिक्षा क्षेत्रका सरोकारवाला अभिभावक, सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रतिनिधि, विद्यालयका शिक्षक, अन्य कुनै सङ्घ संस्थाका प्रतिनिधि वा अन्य भद्रभलादमीलाई आमन्त्रण गर्नसक्ने छ।

(४) स्थानीय तहको शिक्षा समूहको कार्य सञ्चालन विधि समूहको नियमित बैठक तथा आन्तरिक परिचालन, विपद् पूर्वतयारी तथा प्रतिकार्य सहयोग, नियमित पठन पाठनमा सहजीकरणमा सीमित भई समूहको निर्णयबमोजिम मात्र हुन सक्ने छ।

१२. **स्थानीय शिक्षा समूहको काम तथा कर्तव्यः** (१) स्थानीय शिक्षा समूहको काम तथा कर्तव्य देहायबमोजिम हुनेछः-

(क) स्थानीय तहभित्रका विद्यालय शिक्षाको प्रभावकारिताका लागि शिक्षा विकास तथा समन्वय इकाइ, विद्यालय, विद्यालय व्यवस्थापन समितिसँग समन्वय गर्ने,

(ख) स्थानीय तहभित्र विपद्को समयमा शैक्षिक गतिविधि सञ्चालनका लागि आवश्यक सहजीकरण गर्ने,

(ग) विपद्को समयमा सम्बन्धित निकायको समन्वयमा रही शिक्षण प्रशिक्षणका लागि आवश्यक सामग्रीको सङ्कलन गर्ने,

(घ) शिक्षा क्षेत्रमा हुनु पर्ने सुधारका लागि आवश्यक सुझाव दिने,

(ङ) स्थानीय स्तरमा शैक्षिक सुधारका लागि गठित शिक्षा क्षेत्रसँग सम्बन्धित निकायसँग समन्वय गर्ने,

(च) विपद्को समयमा गर्नुपर्ने कार्य, प्रभावित हुने बालबालिकाको विवरण सङ्कलन गर्ने र विपद्को समयमा प्रभावित बालबालिकालाई व्यवस्थापनका लागि सहजीकरण गर्ने,

(छ) स्थानीय शिक्षा समूहको उद्देश्य हासिल गर्न अन्य आवश्यक कार्य गर्ने ।

(२) स्थानीय शिक्षा समूहले अन्य सरोकारवालासँग समन्वय एवम् सहजीकरण गर्नसक्ने छ ।

(३) शिक्षा समूहका कार्यमा स्थानीय तहलाई आर्थिक दायित्व पर्ने गरी कुनै कार्य गर्ने गराइने छैन ।

## परिच्छेद-४
## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

१३. <u>पूर्वतयारी र प्रतिकार्यको कार्य</u>: (१) शिक्षा समूहले विद्यालयको विपद्को पूर्वतयारी तथा प्रतिकार्यको योजना सम्बन्धी कार्य गर्नेछ ।

(२) आपत्कालीन अवस्थामा प्रकोपपछि दुई हप्ताको अवधिमा सुरक्षित पठनपाठन तथा सिकाइको वातावरण एवम् बालबालिका र शिक्षकको दैनिकी पुनःस्थापनासम्बन्धी कार्य गर्नुपर्ने छ ।

(३) विपद् प्रभावित विद्यालयमा उमेर समूह, अपाङ्गता भएका र विपन्न परिवारका बालबालिकालाई सुरक्षित पठनपाठन तथा सिकाइको वातावरणसम्बन्धी कार्य गरिनेछ ।

(४) बालबालिकालाई प्रकोपबाट बच्ने ज्ञान, सीप तथा मनोसामाजिक परामर्श प्रदान गर्नुपर्ने छ ।

१४. <u>योजना तर्जुमा विधि र प्रक्रिया:</u> विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी गर्दा देहायबमोजिमको प्रक्रिया अपनाई गरिनेछः-

(क) शिक्षा क्षेत्रको विपद् जोखिमको लेखाजोखा गर्ने,

(ख) शिक्षा क्षेत्रको विपद् जोखिमका आधारमा हुनसक्ने विपद् र सम्भावित प्रभावको परिदृश्य विवरण तयार गर्ने,

(ग) शिक्षा क्षेत्रको विपद् परिस्थितिको प्रभावकारीरूपमा व्यवस्थापन गर्न आवश्यक पर्ने स्रोतसाधन लगायतका क्षमताको आकलन गर्ने,

(घ) सम्बन्धित तहमा उपलब्ध स्रोतसाधन र विद्यमान क्षमताको मूल्याङ्कन गर्ने,

(ङ) योजना स्वीकृत भएपछि कार्यान्वयन गर्ने ।

१५. **जोखिम विश्लेषण र विपद् परिदृश्यः** (१) विद्यालय शिक्षा क्षेत्रमा बहुप्रकोप सम्मुखता, सङ्कटासन्नता र विपद् जोखिमको लेखाजोखा सम्बन्धी कार्य गरिने छ ।

(२) स्थानीय तहमा शिक्षा क्षेत्रको प्रकोपको प्रकृति, मात्रा र अन्य परिस्थितिअनुसार विपद् जोखिम एवम् यसबाट पर्न सक्ने प्रभावको विश्लेषण गरिने छ ।

(३) उपदफा (२) बमोजिम कार्य गर्दा विद्यालयको भौगोलिक स्थान, परिसर र प्रकोप सम्मुखता, विद्यालय भवन एवम् कक्षाकोठाको भौतिक संरचना, खानेपानी र शौचालय, विद्यालय पहुँचमार्ग, स्वास्थ्य तथा सरसफाइसम्बन्धी लेखाजोखा तथा जानकारी प्राप्त गर्नुपर्ने छ।

(४) केन्द्र, प्रदेश तथा स्थानीय तहका समूहले स्थानीय तहको समग्र विवरणको आधारमा जोखिमको विश्लेषण गर्नुपर्ने छ ।

(५) उपदफा (४) बमोजिम विश्लेषण गर्दा जोखिममा रहेका विद्यालय भवन तथा कक्षाकोठाको सङ्ख्या, अवस्था, शिक्षा क्षेत्रको योजना, बालबालिकाको अवस्थाका सम्बन्धमा शिक्षा क्षेत्रको विपद् जोखिम मूल्याङ्कन प्रतिवेदनका आधारमा लिन सकिने छ।

(६) सम्बन्धित तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार भएको भए उक्त योजनामा भएका शिक्षा क्षेत्रसँग सम्बन्धित जानकारीलाई गरी विश्लेषण र अद्यावधिक गर्नुपर्ने छ।

(७) प्रकोपको सम्भावना र त्यसले पार्नसक्ने प्रभावका आधारमा विपद् जोखिम विश्लेषण गर्दा उच्च, मध्यम, न्यून, अति न्यूनबमोजिम गर्नुपर्ने छ ।

१६. **आवश्यकता तथा क्षमता विश्लेषणः** (१) जोखिम विश्लेषणका आधारमा विपद् परिस्थितिको प्रभावकारी रूपमा प्रतिकार्य गर्न आवश्यक पर्ने स्रोतसाधनको आकलन गर्नुपर्ने छ।

(२) विपद् परिस्थितिमा प्रभावकारी प्रतिकार्य गर्नका लागि निर्धारित तथा स्वीकृत मापदण्डबमोजिम आवश्यक जनशक्ति, सामग्री, प्रविधि, भौतिक संरचना र अन्य स्रोतसाधनको आकलन गर्नुपर्ने छ ।

(३) सामान्य, महाविपद् र सबैभन्दा बढी संभावित विपद् परिदृश्यको (best, worst and most likely disaster scenarios) सामना गर्नुपर्ने छ।

(४) प्रत्येक तहका नेपाल शिक्षा समूहसँगका क्षमताको लेखा जोखा गर्नुपर्ने छ।

(५) उपदफा (४) बमोजिमको क्षमताको विवरण केन्द्रको इन्टिग्रेटेड एजुकेशन म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (IEMIS) मा राखी सार्वजनिक रूपमा उपलब्ध हुने व्यवस्था गर्न सकिने छ ।

१७. **स्रोतसाधन व्यवस्थापनः** (१) विपद् परिदृश्यबमोजिमको आवश्यकता भन्दा सम्बन्धित तहमा उपलब्ध स्रोतसाधन कम भएमा अपुग स्रोतसाधन जुटाउन नेपाल शिक्षा समूहले आवश्यक कार्य गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम कार्य गर्दा समूह सदस्यसँग छलफल, लेखाजोखा, परिमाण आकलन, आपत्कालीन योजनामा उपयोग गर्न सकिने सम्भावनाको लेखाजोखा र उपलब्ध हुन सक्ने स्रोतसाधनको आकलन गर्नुपर्ने छ ।

(३) प्रचलित कानुनबमोजिम विपद् व्यवस्थापनका लागि स्थापित कोषबाट सकम माग गरी आवश्यक व्यवस्था गर्नसकिने छ ।

(४) नेपाल शिक्षा समूहहरूबीच समन्वय गरी विपद्को समयमा नेपाल सरकारबाट निर्धारित विधि र प्रक्रियाबमोजिम आवश्यक सामग्री, प्रविधि तथा अन्य स्रोत साधनको व्यवस्थापन गर्नुपर्ने छ ।

१८. **पूर्वतयारी तथा प्रतिकार्य योजना**ः (१) विद्यालयको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियासँग सामञ्जस्य हुने गरी शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्नुपर्ने छ। विपद् पूर्वतयारी  प्रतिकार्य योजनाको ढाँचा अनुसूची-२ बमोजिम हुने छ।

(२) उपदफा (१) बमोजिमको पूर्व तयारी तथा विपद् कार्य योजनामा आधारभूत तथा सामान्य पूर्वतयारी सम्बन्धित क्रियाकलाप, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा अग्रिम प्रतिकार्यका क्रियाकलाप, प्रकोपको उद्‌गम, प्रकृति र त्यसबाट उत्पन्न हुन सक्ने विपद् परिस्थिति, पठनपाठन, सिकाइ निरन्तर गर्ने योजना, अनपेक्षित क्षति तथा प्रतिकूल प्रभावको सामना गर्न भैपरी योजना, विपद्को स्तर अनुसार प्रतिकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयम्सेवी संस्था वा निकाय तथा स्वयम्सेवक परिचालन गर्ने विषय, क्षमता विकास एवम् स्रोतसाधनको परिचालन, सूचना सङ्कलन, व्यवस्थापन र प्रतिवेदन, अन्तरसम्बन्धित विषयक्षेत्रसँगको समन्वयका विषय समावेश गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम शिक्षा क्षेत्रमा भएको क्षति, प्रभाव र विपद् पश्चात् तत्कालीन आवश्यकताको लेखाजोखामा गरी आवश्यकताअनुसार शिक्षा क्षेत्रको प्रकोप प्रारम्भिक द्रुत सर्वेक्षण प्रतिवेदन फाराम भर्नुपर्ने छ ।

१९. **कृत्रिम घटना अभ्यास**ः (१) विपद् प्रतिकार्य योजना कार्यान्वयनको परीक्षण गर्न सम्बन्धित तहको नेपाल शिक्षा समूहले स्वीकृत विधि र मापदण्डबमोजिम नमुना अभ्यास गर्न सक्ने छ।

(२) प्रकोपका कारण हुने सामान्यदेखि महाविपद् स्तरसम्मको र घटना हुनसक्ने अधिकतम सम्भावना भएको (best, worst and most likely disaster scenarios) विपद् परिदृश्य तयार गरी कृत्रिम घटना अभ्यास गर्न सकिने छ ।

(३) नमुना अभ्यास गर्दा अन्तरसम्बन्धित विषयक्षेत्रसँगको समन्वय, सहकार्य साथै सङ्घीय, प्रदेश, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तह बीचको समन्वय र सहयोगको ध्यान दिनु पर्ने छ ।

(४) नमुना अभ्यासबाट वर्तमान अवस्था, क्षमता, प्रभावित समुदाय र विद्यालयसम्मको पहुँच, अस्थायी आश्रयस्थलका लागि प्रचलित मापदण्डअनुसारको खुला स्थल र भौतिक संरचना, समूहमा उपलब्ध दक्ष जनशक्ति, उपलब्ध सामग्री, मेसिन औजारसहितका विषयमा जानकारी प्राप्त गर्नु पर्ने छ ।

(५) नमुना अभ्यासबाट समुदाय, विद्यालय वा सम्बन्धित तहमा शिक्षा क्षेत्रको विद्यमान विपद् व्यवस्थापन क्षमता र थप गर्नुपर्ने स्रोतसाधन तथा सुदृढ गर्नुपर्ने क्षमताका बारेमा जानकारी हासिल हुनेछ । सोको आधारमा क्षमताको पुनरावलोकन र आवश्यक परिमार्जन गर्नुपर्ने छ ।

(६) नमुना अभ्यासबाट प्राप्त भएका जानकारी र सिकाइका आधारमा स्रोतसाधन र क्षमता सुदृढ गर्न विपद् प्रतिकार्य योजनामा आवश्यक परिमार्जन गर्नुपर्ने छ ।

## परिच्छेद-५
## समन्वय, सहकार्य तथा निकायगत भूमिका

२०. **<u>समन्वय र सहकार्य</u>**ः (१) सङ्घ, प्रदेश तथा स्थानीय तहका शिक्षा समूहबीच कार्यसञ्चालनको लागि आपसी समन्वय र सहकार्य गर्नसकिने छ।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्दा शिक्षा क्षेत्रको विपद् जोखिम लेखाजोखा, नक्साङ्कन तथा आधारभूत तथ्याङ्क विवरण व्यवस्थापन, शिक्षा समूहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका विषयमा समूहबीच सञ्चार तथा सूचना आदानप्रदान, सचेतना अभिवृद्धिका लागि समन्वय गर्नुपर्ने छ।

(३) विपद् घटना घट्ने बित्तिकै स्वतः परिचालित भई स्थानीय तह शिक्षा समूहले प्रारम्भिक अवस्थाका बारेमा जानकारी सङ्कलन गर्नुपर्ने छ।

(४) यस दफाबमोजिम सम्बन्धित तहमा क्रियाशील अन्तरसम्बन्धित समूह, स्थानीय तहका शिक्षा समूहले नजिकैको पायक पर्ने गाउँपालिका वा नगरपालिकामा रहेका शिक्षा समूहसँग, प्रदेशमा अन्य प्रदेशको शिक्षा समूहसँग समन्वय र सहकार्य गर्न सक्ने छन्।

२१. **<u>मन्त्रालयको भूमिका</u>**ः विद्यालय शिक्षाका लागि नेपाल शिक्षा समूहका सम्बन्धमा मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः-

(क) विद्यालयको शिक्षण सिकाइलाई सहजीकरण गर्न गठन हुने शिक्षा समूहको परिचालनको लागि आवश्यक नीति निर्देशन गर्ने,

(ख) सङ्घीय शिक्षा समूहसँग आवश्यक समन्वय गर्ने,

(ग) प्रचलित कानुनबमोजिम समूहको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,

(घ) विद्यालय शिक्षाको शिक्षण सिकाइ वृद्धि गर्न तथा विपद् प्रतिकार्यका लागि अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने,

(ङ) शैक्षिक क्रियाकलापमा सहजीकरणका लागि गठित शिक्षा समूहको सञ्चालनका लागि आवश्यक कार्य गर्ने,

(च) कुनै शिक्षा समूह वा समूहमा आबद्ध कुनै संस्थाले प्रचलित कानुन विपरीत कुनै कार्य गरेको पाइएमा त्यस्तो समूहको विघटन गर्ने वा समूहमा आबद्ध संस्था वा सदस्यलाई समूहबाट हटाउन निर्देशन दिने।

२२. **सहयोग लिन सकिने:** विपद्का समयमा यस निर्देशिकाबमोजिम गठन हुने नेपाल शिक्षा समूहले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा रही काम कारबाही गर्नुपर्ने छ।

२३. **पाठ्यक्रम विकास केन्द्रको भूमिका:** पाठ्यक्रम विकास केन्द्रले आपत्कालीन सिकाइको पाठ्यक्रम विकास, तालिम तथा सचेतनामूलक सामग्रीको विकास तथा अन्य विषयमा आवश्यक भूमिका निर्वाह गर्नुपर्ने छ।

२४. **प्रदेश सरकारको भूमिका**: प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालयले प्रदेश शिक्षा समूहबाट अनुरोध भएका विषयमा प्रचलित कानुनबमोजिम आवश्यक भूमिका निर्वाह गर्नेछ।

२५. **शिक्षा विकास तथा समन्वय इकाइको भूमिका**: शिक्षा विकास तथा समन्वय इकाइको भूमिका देहायबमोजिम हुनेछः-

(क) स्थानीय तह अन्तर्गत रहेका शिक्षा समूहको संयोजन गर्ने,

(ख) स्थानीय तह शिक्षा समूहसँग समन्वय गरी कार्यक्रम तथा योजनाको जानकारी लिने,

(ग) स्थानीय समूहलाई आवश्यक सहयोग तथा अन्य स्थानीय तहका समूहसँग समन्वय र सहकार्य गर्न सहजीकरण गर्ने,

(घ) जिल्ला विपद् व्यवस्थापन समितिको योजनामा शिक्षा क्षेत्रका क्रियाकलापहरू समावेश गर्ने,

(ङ) सङ्घीय तथा प्रदेशस्थित शिक्षा समूहसँग समन्वय गर्ने,

(च) जिल्ला विपद् व्यवस्थापन समितिले तोकेका अन्य कार्य गर्ने,

(छ) निर्देशिका कार्यान्वयनको लागि आवश्यताअनुसार विभिन्न फारामको ढाँचा, सहजीकरण सामग्रीको विकास र प्रयोग केन्द्रबाट हुनेछ।

(ज) केन्द्रले विपद्को अवस्था अनुसारको वर्गीकरण, आपतकालीन अवस्थामा शिक्षा, विषयगत क्षेत्र, आवश्यता अनुसारको अनुसूचीको विकास तथा समन्वय र सम्पर्कसम्बन्धी कार्य गर्ने छ।

२६. **स्थानीय तहको भूमिका**: स्थानीय तहको भूमिका देहायबमोजिम हुन सक्ने छः-

(क) स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने,

(ख) स्थानीय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा शिक्षा क्षेत्रको योजना एकीकृत गर्न समन्वय गर्ने,

(ग) स्थानीय तहको विद्यालय पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न समन्वय गर्ने र

(घ) स्थानीय तहको शिक्षा समितिमार्फत आवधिक योजनामामा विपद् व्यवस्थापनका कार्यक्रम समावेश गर्न सुनिश्चित गर्ने।

२७. **विद्यालयको भूमिकाः** विपद्को व्यवस्थापन, पूर्वतयारी, कृत्रिम अभ्याससहितका यस निर्देशिकाबमोजिमका कार्यका लागि सम्बन्धित विद्यालयको भूमिका देहायबमोजिम हुनेछः-

(क) स्थानीय तह शिक्षा समूहसँग समन्वय गर्ने,

(ख) वडा विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने,

(ग) विद्यालयको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी विद्यालय सुधार योजनामा विपद् व्यवस्थापनका कार्यक्रम समावेश गर्न सुनिश्चित गर्ने,

(घ) विद्यालयमा विपद् व्यवस्थापनलाई संस्थागत गर्ने,

(ङ) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि विद्यालयको क्षमता विकास गर्ने,

(च) विद्यालय परिवार, अभिभावक र समुदायबीच विपद् पूर्वतयारी तथा प्रतिकार्यबारे अन्तरक्रिया सञ्चालन गर्ने,

(छ) विपद् घटनाको विवरण इन्टिग्रेटेड एजुकेशन म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (IEMIS) मा प्रविष्टि गर्ने।

## परिच्छेद-६
## क्षमता अभिवृद्धि तथा संस्थागत सुदृढीकरण

२८. **शिक्षा समूहको क्षमता अभिवृद्धि**: सङ्घीय, प्रदेश तथा स्थानीय तहका शिक्षा समूहले शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्न सम्बन्धित समूहको क्षमता अभिवृद्धि गर्नसक्ने छन्।

२९. **दक्षता अभिवृद्धि**: (१) सङ्घीय शिक्षा समूहले शिक्षक, कर्मचारी तथा विद्यार्थीलाई आवश्यक पर्ने तालिम, अभ्यास, पाठ्यक्रम तथा प्रशिक्षणका लागि सहजीकरण गर्न सक्ने छ।

(२) प्रदेश शिक्षा समूहले मन्त्रालय तथा केन्द्रबाट स्वीकृत तालिम तथा अभ्यास पाठ्यक्रमबमोजिम सिकाइ सामग्रीको विकासका लागि सहजीकरण गर्न सक्ने छ।

(३) स्थानीय तहका शिक्षा समूहले चेतना अभिवृद्धिमूलक कार्यक्रम, अभ्यासको सञ्चालनको सम्बन्धमा सहजीकरण गर्न सक्ने छन्।

३०. **कार्यक्रम खर्चः** (१) शिक्षा समूहको कार्यसञ्चालन प्रचलित कानुनबमोजिम गर्नुपर्ने छ।

(२) शिक्षा समूहमा आबद्ध संस्थागत प्रतिनिधित्व हुने निकायले स्वीकृत लिनुपर्ने विषयमा प्रचलित कानुनबमोजिम स्वीकृत लिएपछि मात्र कार्यक्रममा खर्च गर्न सक्ने छन्।

(३) सम्बन्धित तहको भैपरी योजना लागू गर्न आवश्यक बजेट सोही समूहका सदस्यले जुटाउनुपर्ने छ।

(४) यस दफाबमोजिम समूहबाट हुने कार्यक्रम खर्चको विवरण समूहको आगामी बैठकमार्फत सदस्यहरूलाई जानकारी गराउनुपर्ने छ।

(५) संस्थागत प्रतिनिधित्व गर्ने नेतृत्वले समूहको खर्चको समग्र विवरण आवधिक रूपमा उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने छ।

(६) शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य गर्नका लागि सङ्घ, प्रदेश तथा स्थानीय तहको सम्बन्धित निकायबाट बजेट विनियोजन गर्न पैरवी गर्नसकिने छ।

(७) सामग्री तथा सेवा खरिद गर्दा खरिदसम्बन्धी प्रचलित कानुनबमोजिमको विधि र प्रक्रिया पूरा गरी खरिद गर्नुपर्ने छ।

## परिच्छेद-७

## सूचना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

३१. **सूचना व्यवस्थापनः** (१) विपद् पूर्वतयारी चरणमा शिक्षा क्षेत्रको तथ्याङ्क व्यवस्थापन तथा सूचना सम्प्रेषण केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इन्टिग्रेटेड एजुकेशन म्यानेजमेन्ट इन्फरमेसन सिस्टम -IEMIS) मा राखी सार्वजनिकरूपमा उपलब्ध हुनसक्ने छ।

(२) केन्द्र, प्रदेश तथा स्थानीय तहका शिक्षा समूहले सम्बन्धित प्रतिवेदन तथा तथ्याङ्क विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरी अद्यावधिक गर्नुपर्ने छ।

(३) स्थानीय तह शिक्षा समूहले प्रकोप, सङ्कटासन्नता, विपद् जोखिम लगायतका तथ्याङ्क विवरण, समूहको योजना, प्रगति प्रतिवेदन तथा अन्य जानकारी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइलाई छिटोछरितो र भरपर्दो माध्यमबाट आवधिक रूपमा पठाउनुपर्ने छ।

(४) शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह शिक्षा समूह, स्थानीय तह वा सम्बन्धित विद्यालयसँग समन्वय गरी प्राप्त सूचनालाई तत्कालै मन्त्रालय तथा केन्द्रबाट सञ्चाललित पोर्टलमा प्रविष्ट गरी अद्यावधिक गर्नुपर्ने छ। साथै सम्बन्धित प्रदेशलाई समेत जानकारी गराउनुपर्ने छ।

**३२. अनुगमनः** (१) शिक्षा समूह तथा समूहका कार्यका सम्बन्धमा केन्द्रको हकमा मन्त्रालयले र प्रदेशको हकमा प्रदेशको शिक्षा विषय हेर्ने मन्त्रालयले र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहले अनुगमन गर्न, गराउन सक्ने छन्।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा विभिन्न चरणका क्रियाकलापका साथै समग्र योजनाको अनुगमन गर्नु, गराउनुपर्ने छ।

(३) त्यसरी अनुगमन गर्दा प्रचलित कानुन तथा स्थापित अभ्यासबमोजिमको विधि र प्रक्रिया अपनाउनुपर्ने छ।

**३३. मूल्याङ्कनः** (१) नेपाल शिक्षा समूहको कार्यको मूल्याङ्कन तथा सुधारका विषयमा अनुगमन गर्ने निकायले मूल्याङ्कन गर्नेछन्।

(२) नेपाल शिक्षा समूहको मूल्याङ्कन प्रचलित कानुन तथा मानवीय सहायताका सम्बन्धमा स्थापित मान्यताबमोजिमको विधि र प्रक्रिया अपनाइने छ।

## परिच्छेद-८
## विविध

**३४. गुणस्तर र मापदण्ड निर्धारणः** (१) शैक्षिक उन्नयनका लागि आवश्यक गुणस्तर तथा मापदण्ड मन्त्रालय तथा अन्तर्गतका निकायबाट व्यवस्था भएबमोजिम हुनेछ।

(२) शिक्षा क्षेत्रको विपद् जोखिम तथा प्रभावको लेखाजोखा गर्ने विधि, प्रक्रिया तथा सामग्रीसम्बन्धी विषय विपद्का सम्बन्धमा प्रचलित कानुन, मन्त्रालय तथा मातहतका निकायले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ।

**३५. बैठकसम्बन्धी विशेष अवस्थाः** (१) बाढी, पहिरो, आगलागी, भूकम्पजस्ता आपत्कालीन अवस्थाको कारण सम्बन्धित शिक्षा समूहको बैठक बस्न नसकेमा उपलब्ध सदस्यले समन्वय गरी तत्काल सम्पन्न गर्नुपर्ने जिम्मेवारी वहन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको कार्यका सम्बन्धमा सम्बन्धित शिक्षा समूहको आगामी बैठकमा जानकारी गराउनुपर्ने छ।

(३) उपदफा (१) बमोजिम गरेको छलफलका सम्बन्धमा सञ्चारका विधिमार्फत समेत यस्ता विषयमा निर्णय गर्न सकिने हुन्छ।

३६. **अन्य कार्य गर्ने:** केन्द्रले यस निर्देशिकाबमोजिम आफ्नो भूमिका पूरा गर्नुका अतिरिक्त विपद्का समयमा प्रभावका आधारमा शिक्षा क्षेत्रको विपद् स्तर विश्लेषण तालिका तयार गरी नेपाल शिक्षा समूहमा पेस गर्ने, सामान्य, मध्यम र ठुला र महाविपद्का सूचकहरू अनुसूची-३ बमोजिम तयार गर्नेछ।

३७. **विद्यालय नआएका बालबालिका सम्बन्धमा**ः विद्यालय आउने उमेर भए तापनि विभिन्न कारणले विद्यालय नआएका बालबालिकालाई आपत्कालीन अवस्थामा सिकाइ निरन्तरता गर्न प्रचलित कानुनबमोजिम उपयुक्त वातावरणमा सिकाइ व्यवस्था गर्न समूहबाट पहल गरिने छ।

३८. **स्रोत सामग्री**ः विपद्का समयमा आवश्यक पर्ने तालिम, नमुना अभ्यास तथा अन्य कार्यका लागि पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको सन्दर्भ सामग्री मात्रै प्रयोग गर्नुपर्ने छ।

३९. **निर्देशन दिन सक्ने**: (१) शिक्षा समूहका काम कारबाहीका सम्बन्धमा मन्त्रालयले समय समयमा निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित शिक्षा समूहको कर्तव्य हुनेछ।

४०. **निर्देशिकाको कार्यान्वयन**: (१) यस निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा भएमा मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले गरेको व्यवस्था शिक्षा समूहको सञ्चालनका लागि अन्तिम हुनेछ।

अनुसूची - १

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

## शिक्षा समूहको सङ्गठन संरचना र समन्वय संयन्त्र चित्र

गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

शिक्षा विकास तथा समन्वय इकाई

अनुसूची-२

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

## शिक्षा समूहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको ढाँचा

**परिच्छेद १ परिचय**

१.१ पृष्ठभूमि

१.२ उद्देश्यहरू (लक्ष्य, उद्देश्यहरू)

१.३ योजना तर्जुमा तथा कार्यान्वयन विधि र कार्यपद्धति

**परिच्छेद २ शिक्षा क्षेत्रमा प्रकोप, सङ्कटासन्नता र जोखिम विश्लेषण**

२.१ समग्र विपद् तथा जलवायु जोखिम

२.२ विद्यालयको विपद् सङ्कटासन्नता

२.३ विद्यार्थीको विवरण

२.४ शिक्षकको विवरण

२.५ शिक्षा क्षेत्रका कर्मचारीको विवरण

२.६ शिक्षण सामग्रीको लेखाजोखा

**परिच्छेद ३ विपद्को परिदृश्य र पूर्वतयारी तथा प्रतिकार्य योजना**

३.१ विपद् परिदृश्य

३.२ घटना विवरण

३.३ शिक्षा क्षेत्रमा पर्ने असर

३.४ प्रतिकार्य रणनीति

३.५ आवश्यकता र विद्यमान क्षमता विश्लेषण

(क) आवश्यक क्षमता

(ख) उपलब्ध र अपुग क्षमता

३.६ परिदृश्यका लागि शिक्षा क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य योजना

३.६.१ आधारभूत र सामान्य पूर्वतयारी कार्ययोजना (General Preparedness)

३.६.२ पूर्वानुमान एवम् परिदृश्यमा आधारित पूर्वतयारी र अग्रिम कार्ययोजना

३.६.३ सामान्य पूर्वतयारी योजना कार्यान्वयन गर्न स्रोत व्यवस्थापन

३.६.४ प्रतिकार्यका लागि विपद् तथा जलवायुजन्य जोखिम कम गर्न गरिने अनुकुलन र अल्पीकरण कार्यहरूका योजना

३.६.५ शिक्षा निरन्तरताको लागि योजना

३.६.६ अनपेक्षित विपद् परिस्थितिका लागि योजना

३.६.७ लैङ्गिक, सामाजिक एवम् समावेशिता र अपाङ्गता भएकाहरूको विशिष्ट आवश्यकताको सम्बोधन गर्न क्रियाकलाप र रणनीति

३.६.८ सञ्चार तथा पैरवी योजनापूर्वतयारी चरणमा सञ्चार तथा पैरवी

**परिच्छेद ४ कृत्रिम घटना अभ्यास तथा योजनाको परीक्षण**

४.१ कृत्रिम घटना अभ्यास

४.२ कृत्रिम घटना अभ्यास कार्यतालिका

४.३ कृत्रिम घटना अभ्यासका लागि सन्दर्भ सामग्री

**परिच्छेद ५ समन्वय र सहकार्य**

४.१ सङ्घ, प्रदेश, जिल्ला र स्थानीय शिक्षा समूहहरूसँगको समन्वय र सहकार्य

४.२ अन्तरविषयगत र अन्तरनिकायगत समन्वय र सहकार्य

**परिच्छेद ६ सूचना व्यवस्थापन, सञ्चार तथा पैरवी रणनीति**

५.१ सूचना व्यवस्थापन

५.२ सञ्चार तथा पैरवी रणनीति

**परिच्छेद ६ अनुगमन र समीक्षा**

६.१ अनुगमन संयन्त्र र कार्यसूची

६.२ अनुगमन र मूल्याङ्कन कार्ययोजना

६.३ योजनाको समीक्षा र परिमार्जन

**अनुसूचीः**

(१) शिक्षा क्लस्टरका संस्थाहरू र सम्पर्क व्यक्तिहरूको सूची

(२) अन्य क्लस्टरको सम्पर्क व्यक्तिहरूको सूची

(३) विपद्को स्तर निर्धारण गर्न मापदण्ड र सूचकहरू (सामान्य, मध्यम, ठुलो र महाविपद्)

(४) **IRA, MIRA** तथा क्षति र आवश्यकता मूल्याङ्कनसम्बन्धी अन्य फारामहरू

(५) सञ्चार-वृक्ष चित्र

(६) अनुगमन तथा मूल्याङ्कन फाराम

(७) सन्दर्भ सामग्री (योजना तयार गर्दा सार/आधार लिइएका सामग्री)

अनुसूची-३
(दफा ३६ सँग सम्बन्धित)

**प्रभावका आधारमा शिक्षा क्षेत्रको विपद् स्तर विश्लेषण तालिका**

| | |
|---|---|
| १. सामान्य स्तरको विपद् (Minor Disaster) । तथ्याङ्क कोड - L0 | २. मध्यमस्तरको विपद् (Major Disaster) । तथ्याङ्क कोड – L1 |
| ३. ठुलो स्तरको विपद् (Severe Disaster) । तथ्याङ्क कोड – L2 | ४. महाविपद् (Catastrophic Disaster) । तथ्याङ्क कोड – L3 (महाव्याधी, महाभूकम्प आदि) |

विपद् स्तरको नाम एकीकृत विद्युतीय तथ्याङ्क प्रणाली (BIPAD Portal) मा प्रयोग गरिएको नामसँग तालमेल हुने गरी प्रयोग गरिएको छ ।

| प्रकोप, विपद्का सूचकहरू | विपद्को स्तर | | | |
|---|---|---|---|---|
| | सामान्य स्तरको विपद् L0 | मध्यम स्तरको विपद् L1 | ठुलो स्तरको विपद् L2 | महाविपद् L3 |
| विपद्को कारण मृतक वा वेपत्ता हुने विद्यार्थी, शिक्षक तथा कर्मचारीको सङ्ख्या | ० | १० | १० | ५० |
| विपद्को कारण घाइते वा विरामी हुने विद्यार्थी, शिक्षक तथा कर्मचारीको को सङ्ख्या | २० | ५० | १०० | ५०० |
| आश्रयस्थलमा राख्नु पर्ने विपद् प्रभावित परिवारको सङ्ख्या (समय अवधि कम्तीमा सात दिन) | २० | ५० | १०० | ५०० |
| खाद्यान्न उपलब्ध गराउनु पर्ने परिवारको सङ्ख्या (समय अवधि कम्तीमा सात दिन) | २० | ५० | १०० | ५०० |
| प्रकोप बिस्तार भएको वा विपद् प्रभावित क्षेत्र | १ स्थानीय तह | १ स्थानीय तह | २ वा सो भन्दा बढी स्थानीय तह | २ वा सो भन्दा बढी प्रदेश |
| प्रकोप/विपद्का कारण पठनपाठन बन्द हुनसक्ने विद्यालय सङ्ख्या र बन्द हुने दिन | १० विद्यालय, ७ दिन | १० विद्यालय सम्म, १४ दिन | १० देखि ५० विद्यालय, १४ दिन भन्दा बढी | ५० भन्दा बढी विद्यालय, १४ दिनभन्दा बढी |
| किताव, कापी लगायतका शैक्षिक सामग्री क्षति भएका विद्यार्थी सङ्ख्या | १०० जना | २०० जना | ५०० जनासम्म | ५०० जना भन्दा बढी |

| | | | | |
|---|---|---|---|---|
| ५ ओटासम्म कक्षाकोठा तथा अन्य भौतिक संरचना क्षति भएका विद्यालय सङ्ख्या | ५ | १० सम्म | ५० सम्म | ५० भन्दा बढी |
| विद्यालयमा पठनपाठन सामग्री क्षतिको अवस्था | सामान्य, थप सहायता नचाहिने | थप सहायता आवश्यक पर्न सक्ने | प्रदेशको क्षमताले गर्न सकिने | प्रदेशको क्षमताले गर्न नसकिने |
| समुदायमा धनसम्पत्ति र जीविकाको हानी नोक्सानी | न्यून | मध्यम | उच्च | उच्च |
| विपद् प्रतिकार्य एवम् आपत्कालीन सहायता सेवाको उपलब्धता (जनशक्ति, उपकरण, सामग्री, भौतिक संरचना) | आवश्यक पर्ने सहायता स्थानीय तहमै उपलब्ध भएको | बाह्य सहायता चाहिन सक्ने | प्रदेशको क्षमताले पुग्ने | प्रदेशको क्षमताले नपुग्ने |
| सम्भावित प्रत्यक्ष वा अप्रत्यक्ष कास्केडिङ (अन्य प्रकोप उत्पन्न हुन वा फैलिन सक्ने) असर | न्यून | मध्यम | मध्यम | उच्च |
| सङ्क्रामक, सरुवा रोग फैलिने जोखिम | न्यून | मध्यम | मध्यम | उच्च |
| | | | | |
| (अन्य सूचकहरू थप्न सकिनेछ) | | | | |
| **विपद् प्रतिकार्यको नेतृत्व गर्ने प्राथमिक जिम्मेवारी** | **स्थानीय तह** | **स्थानीय तह** | **प्रदेश** | **सङ्घ** |
| सम्भावित सहयोग | जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश | सङ्घ | अन्तर्राष्ट्रिय आव्हान |

# विद्यालय सुपरिवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०

**प्रस्तावना**

विद्यालय शिक्षामा पहुँच, गुणस्तर र सक्षमतामा अभिवृद्धि गर्दै विद्यालयलाई सिकाइको केन्द्रको रूपमा विकास गर्न, विद्यार्थीको सिकाई सहजताका लागि शिक्षकको पेसागत विकासमा सहजीकरण गरी सहायता प्रणालीको विकास तथा परिचालन मार्फत विद्यालयको शिक्षण सिकाइमा सुधार गर्न बाञ्छनिय भएकोले,

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा ऐन २०२८ को दफा १९क. ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) यो निर्देशिकाको नाम "विद्यालय सुपरिवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्दछ ।

(घ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ ।

(ङ) "विद्यालय" भन्नाले सामुदायिक, संस्थागत, परम्परागत लगायतका स्थानीय तहमा सञ्चालित सबै तह र संरचनाका विद्यालय सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्दछ।

(छ) "शिक्षा शाखा" भन्नाले स्थानीय तहबाट शिक्षा सम्बन्धी विषय हेर्ने गरी निर्धारण गरिएको शाखा सम्झनु पर्छ र सो शब्दले स्थानीय तहबाट शिक्षा विषय हेर्ने गरी कायम गरिएको महाशाखा वा अन्य नाम कायम गरिएको निकायलाई समेत जनाउँदछ ।

(ज) "स्रोत विज्ञ" भन्नाले शिक्षण सिकाईको सहजिकरणको लागि स्थानीय तहबाट नियुक्त स्रोत विज्ञ सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य

३. **उद्देश्यः** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

(क) योग्य र सक्षम स्रोत विज्ञको व्यवस्था गरी विद्यालयको प्रभावकारी निरीक्षण तथा सुपरिवेक्षण गर्ने

(ख) शिक्षण सिकाइमा सुधार गर्ने,

(ग) उपलब्ध शैक्षिक सेवा सुविधाको परिचालन गरी अधिकतम उपलब्धी हासिल गर्ने,

(घ) शिक्षकको पेसागत विकास तथा सहयोग सम्बन्धी कार्य गर्न सहजिकरण गर्ने,

(ङ) सम्बन्धित स्थानीय तह र सङ्घीय निकाय बीच समन्वय कायम गरी शिक्षण सिकाईमा सुधार गर्ने ।

## परिच्छेद-३

## स्रोत विज्ञ सम्बन्धी व्यवस्था

४. **स्रोत विज्ञ सम्बन्धी व्यवस्थाः** (१) विद्यालयको शिक्षण सिकाईको अवस्थाको निरीक्षण तथा सुपरिवेक्षणको लागि प्रत्येक स्थानीय तहले पूरा समय कार्य गर्ने गरी स्रोत विज्ञको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्रोत विज्ञको व्यवस्था गर्दा एक स्थानीय तहमा कम्तिमा एक जनासम्म स्रोत विज्ञ राख्न सकिनेछ ।

(३) कुनै स्थानीय तहमा तीस भन्दा बढी विद्यालय सञ्चालन भएको अवस्थामा विद्यालय क्षेत्र निर्धारण गरी एक जनाभन्दा बढी स्रोत विज्ञ राख्न सकिनेछ ।

तर त्यसरी दुई भन्दा बढी स्रोत विज्ञ रहने भएमा प्रत्येक स्रोत विज्ञको कार्य क्षेत्रमा कम्तिमा तीस विद्यालय रहेको हुनु पर्नेछ ।

(४) स्रोत विज्ञ व्यवस्था गर्दा सम्बन्धित स्थानीय तहको उपलब्ध आर्थिक स्रोत र सक्षमताको आधारमा नियुक्त गर्नु पर्नेछ

(५) स्रोत विज्ञ नियुक्त गर्नु पर्ने भएमा सो गर्नु अघि कम्तिमा २१ दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गरी प्राप्त हुन आएका दरखास्त मध्येबाट योग्यतम व्यक्तिलाई छनौट गर्नु पर्नेछ ।

(६) स्रोत विज्ञ छनोटको लागि प्रत्येक स्थानीय तहमा सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइको प्रमुख सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र जिल्लाभित्रको माध्यमिक तहको वरिष्ठतम शिक्षक मध्येबाट छनौट समितिबाट मनोनित शिक्षक सम्मिलित तीन सदस्य रहेको एक छनौट समिति रहनेछ ।

(७) उपदफा (६) बमोजिमको समितिको संयोजक सदस्यहरू मध्ये नेपाल निजामती सेवातर्फको वरिष्ठ कर्मचारी हुनेछ ।

(८) स्रोत विज्ञ छनोटका आधार अनुसूची मा व्यवस्था भए बमोजिम हुनेछ ।

(९) स्रोत विज्ञ छनौट समितिले सबैभन्दा बढी अङ्क प्राप्त गरेको दरखास्तवालालाई नियुक्तिको लागि सिफारिस गर्नेछ ।

५. **योग्यता सम्बन्धी व्यवस्थाः** (१) देहाय बमोजिम योग्यता पुरा भएको व्यक्ति स्रोत विज्ञको पदमा नियुक्त हुन योग्य हुनेछ

(क) नेपाली नागरिक,

(ख) २१ वर्ष उमेर पूरा भई ६५ वर्ष उमेर ननाघेको,

(ग) प्रचलित कानुनले अयोग्य नभएको,

(घ) कुनै राजनैतिक दलको सदस्य नभएको,

(ङ) लाभको पदमा नरहेको र कुनै सङ्घसंस्थामा पूर्णकालीन काम नगरेको,

(च) शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा अन्य विषयमा स्नातकोत्तर उत्तीर्ण गरी शिक्षा शास्त्रमा स्नातक वा दश महिने सेवाकालीन तालिम प्राप्त गरेको,

(छ) माध्यमिक शिक्षकको स्थायी पदमा कम्तीमा दश वर्ष अनुभव हासिल गरेको वा नेपाल शिक्षा सेवाको अधिकृतस्तरको पदमा कम्तिमा दश वर्ष सेवा गरेको ।

६. **स्रोत विज्ञको नियुक्तिः** (१) स्रोत विज्ञ छनौट समितिबाट सिफारिस भएको व्यक्तिलाई सम्बन्धित स्थानीय तहले अवधि तोकी करारमा नियुक्त गर्नेछ ।

(२) स्रोत विज्ञको कार्य क्षेत्र, सेवा, शर्त र सुविधा करारमा व्यवस्था भए बमोजिम हुनेछ

(३) स्रोत विज्ञको कार्य सन्तोषजनक भई बजेटको सुनिश्चित भएको अवस्थामा उक्त करार नविकरण हुन सक्नेछ ।

(४) स्रोत विज्ञको कार्य सन्तोषजनक नभएमा वा निजले प्रचलित कानून बमोजिम कार्य नगरेको अवस्थामा सम्बन्धित स्थानीय तहले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

(५) करारको अवधि समाप्त भई नविकरण नभएमा बाहेक उपदफा (४) बमोजिम पदबाट हटाउँदा सुनुवाईको मनासिव मौका दिनु पर्नेछ ।

७. **स्रोत विज्ञको काम र कर्तव्यः** (१) स्रोत विज्ञको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) स्रोत विज्ञ सामान्यतया प्रशासनिक रूपमा नगर/गाउँ शिक्षा समिति प्रति, कार्यक्रमगत रूपमा सम्बन्धित स्थानीय तहको शिक्षा शाखा प्रमुख प्रति, अनगुमन प्रतिवेदन तथा समन्वयको लागि स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइ प्रति उत्तरदायी रहनु पर्नेछ ।

(ख) तोकिएको क्षेत्रको समूह विद्यालयमा शिक्षक सहयोग सम्बन्धी प्राविधिक सहयोग गर्ने र क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्नेछ ।

(ग) सम्बन्धित स्थानीय तहको गाउँ/नगर शिक्षा योजना तथा विद्यालय सुधार योजना निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने ।

(घ) समूह विद्यालयको सुपरिवेक्षण, प्राविधिक सहयोग, शिक्षक सहयोग सम्बन्धी वार्षिक कार्यक्रम बनाई नगर/गाउँ शिक्षा समिति र स्थानीय तहको शिक्षा शाखामा प्रतिवेदन दिने र सूचना प्रवाह गर्ने ।

(ङ) निर्धारित क्षेत्र भित्रका विद्यालय शिक्षासँग सम्बन्धित सम्पुर्ण सूचनाहरू अद्यावधिक गरी राख्ने र आवश्यकता अनुसार स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने ।

(च) आफ्नो क्षेत्रभित्र शैक्षिक उन्नयन तथा सुधारका लागि समूह विद्यालयहरूको सहयोग तथा सहकार्यमा आवश्यकता अनुसार अनुसन्धानात्मक, रचनात्मक, सहयोगात्मक र सुधारात्मक कार्यहरू सञ्चालन गर्ने, गराउने ।

(छ) स्थानीय/प्रदेश तहको शिक्षासँग सम्बन्धित कानून तथा सङ्घीय कानूनले परिलक्षित गरेका विषयहरूलाई कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

(ज) सिकाइ उपलब्धी वृद्धि हुने क्रियाकलापको बारेमा विद्यालयस्तरीय नियमित बैठकमा छलफल गरी योजना बनाउने ।

(झ) विद्यालयलाई सिकाइ उपलब्धी वृद्धि गर्ने योजना निर्माण गर्न लगाई सो योजनाको सारांश बनाई नगर/गाउँ शिक्षा समितिमा उपलब्ध गराउने ।

(ञ) विद्यालयले निर्माण गरेको योजना कार्यान्वयनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने।

(ट) महिनामा कम्तीमा १० ओटा विद्यालयको निरीक्षण गर्ने, त्यस मध्ये कम्तिमा २ वटा विद्यालयको सघन अनुगमन गर्ने ।

(ठ) कक्षा अवलोकन गर्दा यस अघिको निर्देशन र पृष्ठपोषण कार्यान्वयनको जानकारी लिई सम्बन्धित शिक्षक र प्रधानाध्यापकसँग यस सम्बन्धमा छलफल गर्ने ।

(ड) विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिलेखीकरण गरी नियमित रूपमा स्थानीय तहको शिक्षा महाशाखा वा शाखामा जानकारी गराउने ।

(ढ) स्थानीय तहबाट दिइएको कार्यदिशभित्र रहि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबाट सम्पादित कार्यको अनुगमन गरी प्रतिवेदन पेस गर्ने ।

(ण) शिक्षकको पेसागत विकासको कार्यान्वयनका सम्बन्धमा केन्द्र तथा तालिम प्रदायक सँस्थाको निर्देशानुसारका काम गर्ने ।

(त) आवश्यकता अनुसार रोष्टर प्रशिक्षक छनौट गरी तालिम सञ्चालनमा सहयोग गर्ने ।

(थ) शिक्षकको पेसागत विकास कार्यक्रमको संस्थागत परामर्श (Institutional Counselling) चरण अन्तर्गत र अन्य समयमा समेत तालिम प्राप्त शिक्षकहरूको सुपरिवेक्षण सेवा र पेसागत सहयोग उपलब्ध गराउने ।

(द) सेवा क्षेत्रभित्र शिक्षकले प्रत्येक मोड्युल तालिम पुरा गरेको विवरण अद्यावधिक बनाई राख्ने र मोड्युल पुरा गर्नेलाई केन्द्र वा तालिम प्रदायक संस्थाको निर्देशानुसार प्रमाणपत्र सम्बन्धी कार्य गर्ने ।

(ध) प्राविधिक सहयोगका लागि सम्बन्धित शैक्षिक तालिम केन्द्र तथा केन्द्रसँग सम्पर्क र समन्वय गर्ने ।

(न) शैक्षिक तालिम केन्द्रको सहकार्य तथा समन्वयमा शिक्षण सिकाइ शैक्षिक गुणस्तर र पेसागत विकास सम्बन्धमा कार्यमूलक अनुसन्धान, घटना अध्ययन आदि सञ्चालन गर्ने र प्रबोधीकरण गर्ने

(प) शिक्षक तालिम, पेसागत विकास तथा अभिमुखिकरणका सम्बन्धमा तालिम केन्द्र तथा इकाइबाट निर्धारण भई आएका कार्य गर्ने ।

(फ) सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ शैक्षिक तालिम केन्द्र स्थानीय तहले तोके बमोजिमका कार्य गर्ने ।

(२) स्रोत विज्ञको अन्य काम र कर्तव्य करार पत्र तथा सम्बन्धित स्थानीय तहबाट निर्धारण भए बमोजिम हुनेछ । त्यसरी काम र कर्तव्य निर्धारण गर्दा निश्चित कार्य गर्ने गरी अधिकार प्रदान गर्न सकिनेछ ।

## परिच्छेद-४

## विविध

८. <u>समूह सुपरिवेक्षण सम्बन्धी व्यवस्थाः</u> (१) यस निर्देशिका बमोजिम स्रोत विज्ञ नियुक्त नभएको अवस्थामा सम्बन्धित स्थानीय तहले तीन जनासम्मको विज्ञको समूह तयार गरी एक वा एक भन्दा बढी विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समूहमा रहने विज्ञको योग्यता यस निर्देशिकाको दफा ५ बमोजिम हुनु पर्नेछ ।

(३) स्रोत विज्ञ समूहबाट हुने निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी अन्य व्यवस्था स्थानीय तहबाट निर्धारण भए बमोजिम हुनेछ ।

९. <u>आवश्यक व्यवस्था गर्न सक्नेः</u> स्थानीय तहले यस निर्देशिका बमोजिम रहने स्रोत विज्ञ, विद्यालय निरीक्षण तथा सुपरिवेक्षण, स्थानीय तहमा पेस हुने प्रतिवेदन तथा स्रोत विज्ञको कार्य सञ्चालनका विषयमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१०. <u>क्षमता अभिवृद्धि कार्यक्रम गर्न सक्नेः</u> केन्द्र, तालिम प्रदायक संस्था तथा स्थानीय तहले स्रोत विज्ञ तथा विद्यालय शिक्षकको क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू गर्न सक्नेछन् ।

११. <u>आर्थिक स्रोत सम्बन्धी व्यवस्थाः</u> (१) स्रोत विज्ञले प्राप्त गर्ने तलव, भत्ता तथा अन्य सुविधा स्थानीय तहले व्यवस्था गरे बमोजिम हुनेछ ।

(२) स्रोत विज्ञको कार्य गर्ने स्थान, कार्य सञ्चालन सम्बन्धी व्यवस्था र तत् सम्बन्धी हुने खर्च सम्बन्धित स्थानीय तहबाट व्यवस्था भए बमोजिम हुनेछ ।

१२. **अन्यत्र कामकाजमा लगाउन नहुने**: (१) स्रोत विज्ञलाई विद्यालय निरीक्षण तथा सुपरिवेक्षण गरी विद्यालयको शिक्षण सिकाईको सुधार गर्ने सम्बन्धी कार्यमा मात्र खटाउनु पर्नेछ ।

(२) स्रोत विज्ञले विद्यालय विकासको लागि विद्यालयकै कामकाजमा मात्र खटिनु पर्नेछ ।

१३. **करार सम्बन्धी व्यवस्था**: (१) स्रोत विज्ञको करार अवधि बढीमा एक वर्षको हुनेछ ।

(२) स्रोत विज्ञको पारिश्रमिक नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत सरह हुने गरी व्यवस्था गर्नु पर्नेछ ।

(३) स्रोत विज्ञले प्राप्त गर्ने अन्य सुविधाका विषय सम्बन्धित स्थानीय तहबाट निर्धारण भई करारमा उल्लेख भए बमोजिम हुनेछ ।

१४. **खारेजी र बचाउ**: (१) स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका, २०७१ खारेज गरिएको छ ।

(२) स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका, २०७१ बमोजिम भए गरेका कार्यहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची

(दफा ४ को उपदफा (८) सँग सम्बन्धित)

### स्रोत विज्ञ छनोटका आधार

१. स्रोत विज्ञको छनौट १०० पूर्णाङ्कको आधारमा हुनेछ ।

२. पूर्णाङ्क १०० लाई देहाय बमोजिम हुने गरी अङ्क विभाजन गरिएको छः-

| | | |
|---|---|---|
| (क) | प्रस्तावना | १५ |
| (ख) | प्रस्तुतीकरण | १० |
| (ग) | शैक्षिक योग्यता | १० |
| (घ) | नेतृत्व सीप | १० |
| (ङ) | कार्य अनुभव | २० |
| (च) | समूह छलफल | ५ |
| (छ) | समस्या समाधान सीप | १० |
| (ज) | अन्तरवार्ता वापत | २० |
| | जम्मा | १०० |

उल्लिखित अङ्क प्रदान गर्ने बिस्तृतिकरण

(क) प्रस्तावनाः

(प्रस्तावना अन्तर्गत स्थानीय तहभित्रको विद्यालहरूको शैक्षिक भौतिक तथा व्यवस्थापकीय विकाससँग सम्बन्धित रहेर लेख्नु पर्ने छ । जसमा देहायका बुँदाहरू उल्लेख भएको हुनु पर्नेछ।

१. पृष्ठभूमि
२. प्रस्तावनाको उद्देश्य
३. प्रस्तावनाको औचित्य
४. प्रस्तावनाको सीमा
५. वर्तमान अवस्था (तथ्याङ्कगत प्रस्तुती)
६. विद्यालय विकासको रणनीति
७. स्रोत साधनको व्यवस्था
८. भावी स्वरूप ।

(ख) प्रस्तुतीकरणः

(यस अन्तर्गत प्रस्तावनामा लेखिएका विषयवस्तुलाई सङ्क्षिप्त रूपमा निर्णायक मण्डल समक्ष प्रस्तुत गर्नु पर्नेछ।

(ग) शैक्षिक योग्यताः

(शैक्षिक योग्यताको अङ्क दिँदा न्युनतम योग्यताको लागि प्रथम श्रेणी भए ७, द्वितीय श्रेणी भए ५ र तृतीय श्रेणी भए ४ दिने र सो भन्दा एक तह माथिल्लो शैक्षिक योग्यता समेत भए प्रथम श्रेणीको ३ द्वितीय श्रेणीको भए २ र तृतीय श्रेणीको भए १ अङ्क थप दिने)

(घ) नेतृत्व सीपः

(यस भित्र समूहलाई कसरी नेतृत्व प्रदान गर्न सक्छ भनी समूह छलफलकै क्रममा मूल्याङ्कन गरी अङ्क दिने)

(ङ) कार्य अनुभवः

(यस अन्तर्गत सम्बन्धित अनुभवको प्रति वर्ष २ अङ्कको दरले बढीमा २० अङ्क सम्म दिने, चानचुन महिना र गतेको अङ्क नदिने ।

(च) समूह छलफल

(यस अन्तर्गत कुनै विज्ञ समूह निर्माण गरी वा स्रोत विज्ञको निवेदन दिने उम्मेदवारहरू बीच नै छलफल चलाई मूल्याङ्कन गरी अङ्क दिने)

(छ) समस्या समाधान सीपः

(यस अन्तर्गत कुनै शैक्षिक समस्या उम्मेदवारलाई दिई कुनै समस्यामा निजले दिने तार्किक जवाफको आधारमा मूल्याङ्कन गर्ने ।

(ज) अन्तरवार्ता बापत अङ्क दिँदा व्यक्तित्व, विषयवस्तुको ज्ञान, पहिरन तथा समसामयिक विषयवस्तुको ज्ञानलाई प्रति क्षेत्र बढीमा ५ अङ्कको दरले २० अङ्क दिने ।

माथि उल्लेख गरिएको आधारहरू शैक्षिक योग्यता र कार्य अनुभव वापतको अङ्क बाहेक अन्य शिर्षकमा अङ्क दिँदा सोको एकीन गरी प्रत्येक विषयमा ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क दिनु परे सोको आधार, कारण र पुष्टयाई समेत उल्लेख गर्नु पर्नेछ ।

*स्वीकृत मितिः २०७९।०४।१७ (माननीय मन्त्रीस्तरबाट)*

# श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादन निर्देशिका, २०७९

दूर तथा खुला शिक्षा र वैकल्पिक शिक्षा प्रणालीको माध्यमबाट विद्यालय तहमा अध्ययनरत विद्यार्थीको सिकाइमा सहजीकरण गर्न, श्रव्य तथा श्रव्यदृश्य सामग्रीलाई पाठ्यक्रममा आधारित बनाई उत्पादन गर्न, श्रव्य तथा श्रव्यदृश्य सामग्रीलाई शिक्षण सिकाइको पूरक सामग्री तथा सहयोगी माध्यमका रूपमा विकास गरी अध्ययन अध्यापनको कार्यलाई निरन्तरता दिन तथा यी सामग्रीको उत्पादन, वितरण र प्रयोगलाई प्रभावकारी, व्यवस्थित र विश्वासयोग्य बनाउन वाञ्छनीय भएकाले,

शिक्षा ऐन, २०२८ को दफा १९(क) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादन निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुने छ ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ ।

(ख) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(घ) "नक्साङ्कन" भन्नाले कक्षागत तथा विषयगत पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा विशिष्टीकरण तालिका र समयसीमाको आधारमा श्रव्य तथा श्रव्यदृश्य सामग्री विकासका लागि तयार गरिएको विस्तृत योजनालाई सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ ।

(च) "प्रमाणीकरण" भन्नाले श्रव्य तथा श्रव्यदृश्य सामग्रीको अन्तिम प्रमाणीकरण सम्झनु पर्छ र सो शब्दले स्टुडियोमा रेकर्डिङ र इडिटिङ कार्य गरिएको श्रव्य तथा श्रव्यदृश्य सामग्री उद्देश्य अनुरूप, सन्देशमूलक तथा प्रसारणयोग्य भएको भनी प्रमाणित गर्ने कार्यलाई सम्झनु पर्छ ।

(छ) "रिहर्सल" भन्नाले श्रव्य तथा श्रव्यदृश्य पाठलाई प्रभावकारी तथा गुणस्तरीय बनाउन विषयवस्तुको ज्ञान, सीप र शिक्षणको कलाकौशल उपयुक्त छ वा छैन भनी स्टुडियोभित्र गरिने शिक्षण अभ्यासको कार्यलाई जनाउँछ ।

(ज) "रेडियोकरण" भन्नाले तयार भएको स्क्रिप्टलाई रेकर्डिङ गर्नु पूर्व श्रोता तथा विद्यार्थीमैत्री, कर्णप्रिय, सरल र सरस बनाई बोलीचालीको भाषामा जीवन्त बनाउन गरिएको कार्यलाई सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "स्क्रिप्ट विकास कार्य" भन्नाले तोकिएको विषय शीर्षकमा श्रव्य कार्यक्रमको संवादमूलक छलफल तथा नाटकीकरण गरी निर्धारित ढाँचामा लेखन कार्य भई सामग्री तयार गर्ने कार्यलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य तथा मापदण्ड

३. <u>श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादनका उद्देश्यः</u> (१) सबै उमेर, प्रकृति र क्षमता भएका वालबालिका वा विद्यालय शिक्षा आर्जन गर्न चाहने जिज्ञासुलाई दूर तथा खुला शिक्षाको माध्यमबाट पाठ्यक्रममा आधारित शिक्षा प्रदान गरी बालबालिका तथा नेपाली नागरिकको शिक्षासम्बन्धी अधिकारको संरक्षण गर्न र शिक्षण सिकाइमा संलग्न जनशक्तिको क्षमता वृद्धि गरी वैकल्पिक शिक्षा प्रणालीलाई शिक्षण सिकाइको पूरक तथा सहयोगी माध्यमका रूपमा विकास गर्नु श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादनको मूल उद्देश्य रहेको छ ।

(२) श्रव्य तथा श्रव्यदृश्य सामाग्री उत्पादनका अन्य उद्देश्य देहायबमोजिम रहेका छन्ः-

(क) वैकल्पिक शिक्षा प्रणालीको माध्यमबाट विद्यार्थीको शिक्षण सिकाइ कार्यलाई निरन्तरता दिने,

(ख) विद्यालय शिक्षामा श्रव्य तथा श्रव्यदृश्य सिकाइ सामग्रीको उत्पादन तथा प्रसारण गर्ने,

(ग) शिक्षामा सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ (ICT-based Teaching Learning) को प्रवर्द्धन गर्ने,

(घ) शिक्षण सिकाइमा शिक्षक केन्द्रित विधिको सट्टा समावेशी, सहकार्यात्मक, सिर्जनात्मक र समस्या समाधानमुखी अभ्यासको थालनी गर्ने,

(ङ) पठनपाठनमा गुणस्तर, विविधता र अभिरूचि वृद्धिका लागि पूरक सामग्रीको विकास गर्ने,

(च) शिक्षक तथा विद्यार्थीहरूमा ज्ञान, सीप र सिर्जनशीलतासँग सम्बन्धित क्षमता विकास गर्ने,

(छ) शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गर्ने,

(ज) शिक्षण सिकाइ प्रक्रिया र शिक्षक तालिम कार्यक्रम सुधारका लागि सहयोग गर्ने ।

४. <u>**श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादनका मापदण्डसम्बन्धी व्यवस्था**</u>ः (१) वैकल्पिक शिक्षाको लागि आवश्यक पर्ने श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादनका मापदण्ड देहाय बमोजिम हुने छन्ः-

(क) विद्यालयको कक्षागत तथा विषयगत पाठ्यक्रममा आधारित भई श्रव्य तथा श्रव्यदृश्य पाठ्यसामग्री उत्पादनको तयारी गर्नुपर्ने छ ।

(ख) श्रव्य तथा श्रव्यदृश्य पाठ्य सामग्रीको उत्पादनका लागि विषयवस्तुको छनोट र नक्साङ्कन कार्य विज्ञहरूबाट गर्नुपर्ने छ ।

(ग) श्रव्य तथा श्रव्यदृश्य पाठ्य सामग्री उत्पादनका विभिन्न चरणमा विज्ञ र अनुभवी शिक्षकको संलग्नता गराउनु पर्ने छ ।

(घ) विश्वसनीयता र वैधताका लागि उत्पादित सामग्रीको प्रमाणीकरण गर्नु पर्ने छ।

(ङ) उत्पादित सामग्रीको प्रसारण व्यवस्था तथा पोर्टलमा अपलोड गरी सम्बन्धित सरोकारवालाबाट पृष्ठपोषण सङ्कलन गरी उपयुक्त सुझावको कार्यान्वयन गर्नुपर्ने छ।

(२) श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादनका चरण देहायबमोजिम हुनेछन्ः-

(क) विषयगत विज्ञ शिक्षकको रोस्टर तयार गर्ने,

(ख) अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(ग) पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई विषयगत पाठको नक्साङ्कन गर्ने,

(घ) पाठयोजना तथा शिक्षण सामग्रीका नमुना ढाँचा तयार गर्ने,

(ङ) विज्ञको सहभागितामा पाठ शिक्षण पूर्व अभ्यास (Rehearsal) गर्ने,

(च) पाठ उत्पादनका लागि समय सारिणी तयार गर्ने र शिक्षक छनोट गर्ने,

(छ) पाठ योजना, शिक्षण कार्यको मूल्याङ्कन तथा परामर्शको व्यवस्था गर्ने,

(ज) पाठ शिक्षण गर्ने शिक्षक तथा विज्ञ सुनिश्चित गर्ने,

(झ) विषयगत पाठ शिक्षणका लागि पाठ योजना र शैक्षणिक सामग्री तयार गर्ने,

(ञ) पाठ शिक्षण गर्ने,

(ट) श्रव्य पाठका लागि स्क्रिप्ट विकास तथा योजनामा आधारित शिक्षण पाठ नोट तयार गर्ने,

(ठ) विषयगत र प्राविधिक सहजीकरण गर्ने,

(ड) रेकर्डिङ र इडिटिङ गर्ने,

(ढ) उत्पादित पाठहरूको प्रमाणीकरण गर्ने ।

## परिच्छेद-३

## रोस्टर तयारी र परिचालनसम्बन्धी व्यवस्था

५. **श्रव्य तथा श्रव्यदृश्य सामग्री तयारी विज्ञमा समावेश हुन रोस्टरमा रहनु पर्नेः** (१) वैकल्पिक शिक्षाका लागि आवश्यक पर्ने श्रव्य तथा श्रव्यदृश्य सामाग्रीको उत्पादनका लागि विज्ञमा नाम समावेश गर्न प्रत्येक वर्ष रोस्टरमा रहनका लागि सूचना आह्वान गरिने छ ।

(२) उपदफा (१) बमोजिमको रोस्टरमा रहनका लागि केन्द्रले कम्तीमा २१ दिनको समय दिइ केन्द्रको वेबसाइट र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने छ ।

(३) उपदफा (२) बमोजिमको सूचनामा विद्युतीय वा अन्य माध्यमबाट निवेदन बुझाउन सक्ने गरी व्यवस्था गर्न सकिने छ ।

(४) उपदफा (१) बमोजिम रोस्टरमा रहनका लागि देहायबमोजिम योग्यता पूरा भएको हुनुपर्ने छः-

(क) नेपाली नागरिक,

(ख) कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(ग) सम्बन्धित विषयमा अध्यापन गरेको वा तालिम लिएको वा श्रव्य तथा श्रव्यदृश्य सामग्रीको उत्पादन सम्बन्धमा कार्य गरेको,

(घ) सूचना प्रविधि सम्बन्धी ज्ञान तथा आइसिटीको प्रयोग गरी शिक्षण गर्नसक्ने क्षमता भएको,

(ङ) प्रचलित कानुनबमोजिम अयोग्य नभएको,

(५) रोस्टरमा नाम दर्ता हुनका लागि दिने निवेदनको ढाँचा र संलग्न गर्नु पर्ने कागजातसम्बन्धी व्यवस्था अनुसूची-१ बमोजिम हुने छ ।

६. **छनोटसम्बन्धी व्यवस्थाः** (१) दफा ५ बमोजिम प्राप्त हुन आएका निवेदनको छानविन गर्न देहायबमोजिमको छनोट समिति रहने छः-

(क) उपमहानिर्देशक, शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखा - संयोजक

(ख) निर्देशक, केन्द्र, श्रव्यदृश्य शाखा - सदस्य

(ग) निर्देशक, पाठ्क्रम विकास केन्द्र - सदस्य

(घ) रेडियो इन्जिनियर, श्रव्यदृश्य शाखा - सदस्य

(ङ) शाखा अधिकृत, श्रव्यदृश्य शाखा - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार समितिको बैठकमा शिक्षा, कानुन, प्रविधि तथा व्यवस्थापन क्षेत्रसँग सम्बन्धित बढीमा ३ जना व्यक्तिलाई आमन्त्रण गर्न सक्ने छ ।

(३) छनोट समितिले श्रव्य तथा श्रव्यदृश्य सामग्रीको उत्पादनका लागि आवश्यक पर्ने विज्ञ, शिक्षक, कर्मचारी तथा अन्य व्यक्तिको छनोट गरी महानिर्देशक समक्ष सिफारिस गर्ने छ ।

(४) छनोट समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्ने छ ।

(५) छनोट समितिले रोस्टरमा रहेको कुनै लेखक, विज्ञ तथा शिक्षकले आफू रोस्टरमा नरहनका लागि निवेदन गरेमा वा अन्य कुनै कारणले रोस्टरमा राख्न नहुने भएमा त्यस्तो व्यक्तिलाई रोस्टरबाट हटाउन सिफारिस गर्ने छ ।

७. <u>लेखक, विज्ञ तथा शिक्षकको परिचालनः</u> श्रव्य तथा श्रव्यदृश्य सिकाइ सामग्री उत्पादन तथा विकास गर्दा रोस्टरमा दर्ता भएका लेखक, विज्ञ तथा शिक्षकलाई आवश्यकता अनुसार केन्द्रले परिचालन गर्ने छ ।

## परिच्छेद-४

## कार्यशाला सम्बन्धी व्यवस्था

८. <u>कार्यशाला बैठकः</u> (१) श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादनका लागि केन्द्रका महानिर्देशक वा निजले तोकेको उपमहानिर्देशकको संयोजकत्वमा कार्यशाला बैठक सञ्चालन हुनेछन् ।

(२) उपदफा (१) बमोजिम उत्पादन गर्नुपर्ने प्रत्येक विषय र कक्षाको श्रव्य तथा श्रव्यदृश्य सामग्रीलाई एक कार्यशाला मानिने छ र त्यस्तो कार्यशालामा बढीमा १५ जनासम्म विषयवस्तु तथा पाठ्यवस्तु तथा सोसँग सम्बन्धित लेखक, विज्ञ, शिक्षक, सूचना प्रविधि, प्रशासन, शिक्षा, कानुन तथा अन्य क्षेत्रका आवश्यक व्यक्ति सम्मिलित हुनसक्ने छन् ।

(३) कार्यशालामा रहनेको व्यक्तिको छनोट महानिर्देशकले गर्ने छ ।

(४) श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादनसम्बन्धी कार्यशालाका कार्य उत्पादन तथा उपलब्धिमूलक हुने गरी सञ्चालन गर्नुपर्ने छ ।

(५) कार्यशाला सम्पन्न भएपछि सोको प्रतिवेदन महानिर्देशक समक्ष पेस गर्नुपर्ने छ।

९. **विषयवस्तु छनोट कार्यशालाः** (१) श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादनका गर्न स्क्रिप्ट लेखन तयारीका लागि लेखक, विज्ञ, प्रशिक्षक, अनुभवी शिक्षक, व्यवस्थापक केन्द्र तथा विभिन्न निकायका सम्बन्धित अधिकृत कर्मचारीसमेतको सहभागितामा विषयवस्त छनोट कार्यशाला सञ्चालन हुने छ ।

(२) विषयवस्तु छनोट कार्यशालामा दफा ८ बमोजिमको सङ्ख्यामा सम्बन्धित क्षेत्रका व्यक्तिहरू रहन सक्ने छन् ।

१०. **स्क्रिप्ट विकास कार्यशालाः** (१) दफा ९ बमोजिम छनोट भएका विषयवस्तु शीर्षक तथा विषयगत नक्साङ्कनका आधारमा स्क्रिप्ट लेखन कार्य गर्नुपर्ने छ ।

(२) स्क्रिप्ट लेखनका आधारभूत सीप, विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण शैली, साउन्ड इफेक्ट र धुनको छनोट, सन्देश प्रवाह आदिका लागि स्क्रिप्ट लेखन कला भएका विज्ञ, अनुभवी शिक्षक, लेखक, व्यवस्थापकका साथै केन्द्र तथा विभिन्न निकायका सम्बन्धित अधिकृत कर्मचारीसमेतको सहभागितामा स्क्रिप्ट विकासका लागि कार्यशाला सञ्चालन हुनेछ।

(३) स्क्रिप्ट विकास कार्यशालामा दफा ८ बमोजिमको सङ्ख्यामा सम्बन्धित क्षेत्रका व्यक्ति रहन सक्ने छन् ।

११. **योजनामा आधारित श्रव्य पाठ विकास कार्यशालाः** (१) कक्षा ११ र १२ का विषयगत श्रव्य पाठ विकास गर्नका लागि सम्बन्धित कक्षामा अध्यापन गरेका दक्ष, अनुभवी शिक्षक, विज्ञ, प्रशिक्षक, केन्द्र तथा विभिन्न निकायका सम्बन्धित अधिकृत कर्मचारीसमेतको सहभागितामा योजनामा आधारित श्रव्य पाठ विकास कार्यशाला सञ्चालन हुने छ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने योजनामा आधारित श्रव्य पाठ विकास कार्यशालामा दफा ८ बमोजिमको सङ्ख्यामा सम्बन्धित क्षेत्रका व्यक्ति रहनसक्ने छन् ।

१२. **सूचना अधिकारी सम्मिलित कार्यशालाः** (१) सम्बन्धित सरोकारवालाका लागि शैक्षिक जानकारी, सूचना, गतिविधि र निर्देशन आदि प्रवाह गर्न श्रव्य सामग्री उत्पादन गर्न मन्त्रालय र मातहत निकायका सूचना अधिकारी तथा केन्द्रका सम्बन्धित व्यक्ति रहने गरी सूचना अधिकारी सम्मिलित कार्यशाला सञ्चालन हुने छ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने सूचना अधिकारी सम्मिलित कार्यशालामा दफा ८ बमोजिमको सङ्ख्यामा सम्बन्धित क्षेत्रका व्यक्तिहरू रहन सक्ने छन् ।

१३. **नक्साङ्कन कार्यशालाः** (१) श्रव्य सामग्री उत्पादन गर्न विद्यालय तहका विभिन्न कक्षाका विषयगत पाठ्यपुस्तकको पाठगत नक्साङ्कन कार्य गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको विषयगत नक्साङ्कन कार्यका लागि दक्ष, अनुभवी शिक्षक, विज्ञ, प्रशिक्षक र केन्द्र तथा विभिन्न निकायका सम्बन्धित अधिकृत कर्मचारीसमेतको सहभागितामा नक्साङ्कन कार्यशाला सञ्चालन गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम सञ्चालन हुने विषयगत नक्साङ्कन कार्यशालामा दफा ८ बमोजिमको सङ्ख्यामा सम्बन्धित क्षेत्रका व्यक्ति रहन सक्ने छन् ।

(४) यस दफाबमोजिम गरिने विषयगत श्रव्य पाठ नक्साङ्कन ढाँचा अनुसूची-२ बमोजिम हुने छ ।

## परिच्छेद-५

## श्रव्य सामग्री उत्पादनसम्बन्धी व्यवस्था

१४. **श्रव्य सामग्रीको स्क्रिप्ट लेखन:** (१) योजनामा आधारित श्रव्य पाठ बाहेकका श्रव्य सामग्री उत्पादनका लागि स्क्रिप्ट लेखन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम लेखन गरिएका स्क्रिप्टलाई पाठ्यक्रम विकास केन्द्रले तोकेको मध्यमस्तरको लेखरचना सरहको मान्यता दिइने छ ।

१५. **श्रव्य सामग्रीको स्क्रिप्ट विकास:** हस्त लिखित स्क्रिप्टलाई टाइपिङ, लेआउट डिजाइन, विषयवस्तु सम्पादन, भाषा सम्पादन तथा प्रुफरिडिङ गरी स्क्रिप्ट विकासको कार्य गर्नुपर्ने छ ।

१६. **स्क्रिप्ट प्रमाणीकरण**: (१) दफा १५ बमोजिम विकास भई आएका स्क्रिप्ट केन्द्रले प्रमाणित गर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रमाणित गर्नुपर्ने स्क्रिप्टको प्रमाणितको लागि केन्द्रका महानिर्देशक वा महानिर्देशकले तोकेको सम्बन्धित उपमहानिर्देशकको संयोजकत्वमा महाशाखा प्रमुख, सम्बन्धित शाखा प्रमुख, विषय विज्ञ र अधिकृत कर्मचारी सम्मिलित बढीमा ७ जनाको प्रमाणीकरण समिति रहनेछ ।

(३) उपदफा (२) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार बढीमा तीन जनासम्म शिक्षा, कानुन, व्यवस्थापन, विज्ञान प्रविधि क्षेत्रका शिक्षक, कर्मचारी वा अन्य व्यक्तिलाई आमन्त्रित गर्न सकिने छ ।

(४) उपदफा (२) बमोजिम समितिबाट सम्पादन गरिएका स्क्रिप्टको गुणस्तर, विश्वसनीयता, सान्दर्भिकताका आधारमा स्क्रिप्ट स्टुडियोमा रेकर्डिङ गर्न तथा प्रसारण योग्य भए नभएको यकिन गरी प्रमाणीकरण कार्य गर्ने छ ।

(५) शैक्षिक कार्यक्रमका लागि विकास गरिएका कम्तीमा चार ओटा स्क्रिप्टहरू एक बैठकबाट प्रमाणीकरण गरिनेछ भने विषयगत श्रव्यपाठका लागि कम्तीमा आठ ओटा स्क्रिप्ट एक बैठकबाट प्रमाणीकरण गरिने छ ।

१७. रेडियोकरणः (१) स्क्रिप्टलाई स्टुडियोमा रेकर्ड गर्नुअघि रेडियोकरण कार्य गर्नुपर्ने छ ।

(२) स्क्रिप्टलाई रेडियोकरण गर्दा देहायबमोजिम गर्नुपर्ने छः-

(क) स्क्रिप्टलाई स्रोता, विद्यार्थी मैत्री, सरल र जीवन्त बनाउने,

(ख) स्क्रिप्टलाई बोलीचालीको भाषामा उपयुक्त शब्द चयन र वाक्य गठन गर्ने,

(ग) पात्र र परिवेश अनुकूल स्क्रिप्टलाई छोटा वाक्य बनाई रेकर्ड योग्य बनाउने।

१८. वक्ता तथा कलाकारको छनोटः (१) रेडियोकरण भएका स्क्रिप्टमा उल्लेख गरिएका पात्र सङ्ख्याबमोजिम स्टुडियोमा रेकर्डिङ गर्नका लागि स्क्रिप्टको विषयवस्तु, सन्दर्भ र समसामयिकता हेरी केन्द्रले आवश्यकता बमोजिम स्टुडियोमा रेकर्डिङ गर्ने वक्ता तथा कलाकारको छनोट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वक्ता तथा कलाकारको छनोट गर्दा रेडियोमैत्री आवाज भए वा नभएको यकिन गर्ने, नाटकीकरण गर्नसक्ने, वास्तविक परिवेश सिर्जना गर्नसक्ने, स्क्रिप्टलाई रोचक र मनोरञ्जन दिनसक्ने योग्यता तथा क्षमता भएका व्यक्तिलाई छनोट गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम छनोटसम्बन्धी अन्य व्यवस्था केन्द्रले निर्धारण गरेबमोजिम हुने छ ।

१९. प्रस्तोताको व्यवस्थाः (१) वक्ता तथा कलाकारद्वारा रेकर्ड गरिएको श्रव्य सामग्रीमा विषयवस्तुको प्रस्तुति, सूचना, जानकारी वा सन्देश दिन र उद्घोषण गर्नका लागि प्रस्तोताको व्यवस्था गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रस्तोताको छनोटसम्बन्धी अन्य व्यवस्था केन्द्रले निर्धारण गरेबमोजिम हुने छ ।

२०. विषयगत सहजीकरणसम्बन्धी कार्यः योजनामा आधारित श्रव्यपाठ उत्पादनका क्रममा शिक्षकले पाठ शिक्षण गर्दा केन्द्र तथा विभिन्न क्षेत्र तथा निकायका विषय विज्ञ, दक्ष प्रशिक्षक, अनुभवी शिक्षक तथा विषयगत अनुभवी अधिकृत कर्मचारीद्वारा विषयगत सहजीकरण कार्य गर्नुपर्ने छ ।

२१. **प्राविधिक सहजीकरण कार्यः** योजनामा आधारित श्रव्यपाठ उत्पादनका क्रममा शिक्षकले पाठ शिक्षण गर्दा केन्द्र तथा विभिन्न निकायका विज्ञ, दक्ष, इन्जिनियर, प्राविधिज्ञ तथा अधिकृत कर्मचारीद्वारा प्राविधिक सहजीकरण कार्य गर्नुपर्ने छ ।

२२. **परिसम्वाद तथा अन्तर्वार्ता कार्यक्रमः** शिक्षासम्बन्धी समसामयिक विषयवस्तुमा महत्त्वपूर्ण कुराकानी गर्न विज्ञ व्यक्तिको संलग्नतामा परिसम्वाद तथा अन्तर्वार्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

२३. **रेकर्डिङ कार्यः** श्रव्य सामग्री उत्पादन गर्न स्क्रिप्टका आधारमा वा योजनामा आधारित भएर वक्ता तथा कलाकार र प्रस्तोताले बोलेका आवाजलाई रेडियो प्राविधिकद्वारा स्टुडियोमा रेकर्डिङ कार्य गर्नुपर्ने छ ।

२४. **इडिटिङ कार्यः** श्रव्य सामग्री उत्पादन गर्न स्टुडियोमा रेकर्डिङ भएका सामग्रीमा देखिएका कमिकमजोरी हटाई आवश्यक इफेक्टसमेत मिलाई प्रसारण योग्य बनाउनका लागि रेडियो प्राविधिकद्वारा इडिटिङ कार्य गर्नुपर्ने छ ।

२५. **अन्तिम प्रमाणीकरणः** श्रव्य सामग्रीलाई प्रसारण तथा सार्वजनिकीकरण गर्नु पूर्व श्रव्य सामग्री त्रुटिरहित र प्रसारण योग्य छ भनी यकिन गर्नका लागि महानिर्देशक वा महानिर्देशकले तोकेको महाशाखा प्रमुख वा सम्बन्धित शाखा प्रमुखबाट अन्तिम प्रमाणीकरण कार्य गर्नुपर्ने छ ।

२६. **श्रव्य सामग्रीको प्रसारण**: (१) अन्तिम प्रमाणीकरण भएको श्रव्य सामग्रीको प्रसारण व्यवस्था केन्द्रले मिलाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रसारण गर्नु अघि सम्बन्धित प्रसारण संस्थासँग सम्झौता गरी प्रसारण गर्नुपर्ने छ ।

(३) केन्द्रले निर्धारण गरेको विषयवस्तुका आधारमा प्रसारक संस्थाले श्रव्य सामग्री प्रसारणको प्रोमो तयार गरी प्रसारण पूर्व पटक पटक श्रोतालाई सोको जानकारी गराउनुपर्ने छ ।

२७. **श्रव्य सामग्रीको वितरणसम्बन्धी व्यवस्थाः** (१) प्रसारण योग्य श्रव्य सामग्रीलाई केन्द्रले आफ्नो लर्निङ पोर्टल वा युट्युब वा फेसबुक पेज मध्ये कुनै एक वा सबैमा अपलोड गर्नसक्ने छ ।

(२) कुनै प्रदेश सरकार, कुनै स्थानीय तह, कुनै विद्यालय वा कुनै शैक्षिक संस्थाले श्रव्य सामाग्री संस्थागत उपयोगका लागि माग गरेमा त्यस्तो श्रव्य सामग्री केन्द्रले निःशुल्करूपमा उपलब्ध गराउने व्यवस्था मिलाउने छ ।

## परिच्छेद-६

## श्रव्यदृश्य सामग्री उत्पादनसम्बन्धी व्यवस्था

२८. **श्रव्यदृश्य सामग्री उत्पादनका लागि कार्यशाला बैठकः** (१) श्रव्यदृश्य सामग्री उत्पादनका लागि केन्द्रका महानिर्देशक वा महानिर्देशकले तोकेको उपमहानिर्देशकको संयोजकत्वमा निम्नानुसारका कार्यशाला बैठक सञ्चालन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको प्रत्येक कार्यशालामा रहने सहभागी सङ्ख्या बढीमा १५ जनासम्म हुनसक्ने छन् ।

(३) कार्यक्रमको औचित्य, उद्देश्य र विषयवस्तुको प्रकृति आदिका आधारमा कार्यशाला सङ्ख्या केन्द्रबाट निर्धारण भएबमोजिम हुने छ ।

(४) कार्यशाला सम्पन्न भएपछि सोको प्रतिवेदन महानिर्देशक समक्ष पेस गर्नुपर्ने छ।

२९. **विषयगत श्रव्यदृश्य पाठ उत्पादनसम्बन्धी अभिमुखीकरण कार्यशालाः** (१) श्रव्यदृश्य पाठको आवश्यकताको पहिचान गर्न तथा यस पाठको प्रयोग, प्रक्रिया, उत्पादन, ढाँचा तथा यसका प्रस्तुतीकरणसहितका समग्र व्यवस्थाका लागि विषयगत श्रव्यदृश्य पाठ उत्पादनसम्बन्धी अभिमुखीकरण कार्यशाला सञ्चालन हुने छ ।

(२) उपदफा (१) बमोजिमको प्रत्येक कार्यशालामा रहने सहभागी सङ्ख्या बढीमा १५ जनासम्म हुनसक्ने छन् ।

(३) उपदफा (१) बमोजिमको कार्यशालामा शिक्षकको पाठ प्रस्तुतीकरण शैलीमा सहजीकरण गर्नु पर्ने भएकाले विभिन्न विषय, तहका श्रव्यदृश्य पाठ उत्पादनका विभिन्न चरणहरूमा सहभागी हुने दक्ष, विज्ञ, प्रशिक्षक, अनुभवी शिक्षक, केन्द्र तथा विभिन्न निकायका अधिकृतस्तरका कर्मचारीसमेतको सहभागितामा अभिमुखीकरण कार्यशाला सञ्चालन हुने छ।

३०. **पाठयोजना तयारी तथा शैक्षिक सामग्री निर्माण कार्यशालाः** (१) श्रव्यदृश्य पाठ उत्पादनका लागि पाठ योजनाको ढाँचा निर्धारणको तयारी गर्न तथा विषयगत शिक्षण सामग्री कस्तो हुने, सामग्री निर्माण कसरी गर्ने भन्ने विषयमा केन्द्रित भई विभिन्न तह र विषयका श्रव्यदृश्य पाठ उत्पादनका विभिन्न चरणमा सहभागी हुने अनुभवी शिक्षक, दक्ष, विज्ञ, प्रशिक्षक केन्द्र तथा विभिन्न निकायका अधिकृतस्तरका कर्मचारीसमेतको सहभागितामा कार्यशाला सञ्चालन हुने छ ।

(२) उपदफा (१) बमोजिमको प्रत्येक कार्यशालामा बढीमा १५ जनासम्म सहभागी हुनसक्ने छन् ।

(३) श्रव्यदृश्य पाठ उत्पादनका लागि पाठ योजना ढाँचा अनुसूची-३ बमोजिम हुने छ ।

३१. **प्राविधिक सहजीकरण कार्यशालाः** (१) श्रव्यदृश्य पाठ उत्पादनका लागि शिक्षकलाई पाठ शिक्षण गर्न पावर प्वाइन्ट (Power Point), शिक्षणमा मल्टिमिडिया (Multimedia) को खोज तथा प्रभावकारी प्रयोग, स्टुडियोमा पाठ शिक्षण गर्दा अपनाउनु पर्ने व्यहारिक पक्षलगायतको प्रयोगसम्बन्धी प्रबोधीकरण गर्न तथा शिक्षक-शिक्षक बीच यस सम्बन्धी ज्ञान आदानप्रदान हुने गरी प्राविधिक सहजीकरण कार्यशाला सञ्चालन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको कार्यशालामा विभिन्न तह र विषयका श्रव्यदृश्य पाठ उत्पादनका विभिन्न चरणमा सहभागी हुने अनुभवी शिक्षक, दक्ष विज्ञ, प्रशिक्षक एवम् केन्द्रका अधिकृत तथा प्राविधिक कर्मचारीसमेतको सहभागिता हुने छ ।

(३) उपदफा (१) बमोजिमको प्रत्येक कार्यशालामा बढीमा १५ जनासम्म सहभागी हुन सक्ने छन् ।

३२. **नक्साङ्कन कार्यशालाः** (१) विद्यालय तहका कक्षा १ देखि १२ कक्षासम्मका विषयगत श्रव्यदृश्य पाठ उत्पादनका लागि नक्साङ्कन कार्य गर्न दक्ष अनुभवी शिक्षक, विज्ञ प्रशिक्षक र केन्द्र तथा विभिन्न निकायका सम्बन्धित अधिकृत कर्मचारीसमेतको सहभागितामा नक्साङ्कन कार्यशाला सञ्चालन गरिने छ ।

(२) उपदफा (१) बमोजिमको कार्यशालामा सम्बन्धित विषयको पाठ्यक्रमले तोकेको वार्षिक कार्य घण्टा सम्बन्धित विषयको गहनता र महत्त्वसमेतका आधारमा कार्यशालामा रहने सहभागी सङ्ख्या तथा कार्यशाला सङ्ख्या केन्द्रको निर्णय अनुसार हुने छ ।

(३) उपदफा (१) बमोजिमको प्रत्येक कार्यशालामा बढीमा १५ जनासम्म सहभागी हुनसक्ने छन् ।

(४) विषयगत श्रव्यदृश्य पाठ नक्साङ्कनसम्बन्धी ढाँचा अनुसूची-४ मा व्यवस्था भएबमोजिम हुने छ ।

३३. **पूर्वाभ्याससम्बन्धी कार्यः** (१) शिक्षकले श्रव्यदृश्य पाठ शिक्षण गर्नुपूर्व पूर्वाभ्यास (रिहर्सल) गर्नुपर्ने छ ।

(२) शिक्षकको पूर्वाभ्यास (रिहर्सल) कार्यको मूल्याङ्कन सम्बन्धित विषयका विज्ञ, प्रशिक्षक तथा केन्द्रका सम्बन्धित अधिकृतबाट गरिने छ ।

(३) पूर्वाभ्यास (रिहर्सल) सम्बन्धी कार्यका लागि एक जना प्रविधिक कार्य गर्ने जनशक्तिको सहयोग लिई गरिने छ ।

३४. **प्राविधिक कार्यः** (१) श्रव्यदृश्य पाठ उत्पादनका लागि प्राविधिक कार्य गर्न स्टुडियोमा पाँच जनासम्म प्राविधिकको व्यवस्था गरिने छ ।

(२) दफा ३८ बमोजिमको प्रमाणीकरण समितिबाट श्रव्यदृश्य पाठको प्रमाणीकरण भएपछि मात्र प्राविधिक कार्य सम्मन्न भएको मानिने छ ।

३५. **शिक्षण कार्यः** (१) श्रव्यदृश्य पाठ उत्पादनका लागि सम्बन्धित तह र विषयमा योग्यता पुगेका शिक्षकबाट विषयगत पाठ नक्साङ्कनको आधारमा शिक्षण कार्य गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम शिक्षण कार्य गर्दा अनुसूची-४ बमोजिमको ढाँचामा शिक्षक स्वयमले पाठयोजना र शिक्षण सामग्रीको निर्माण गरी अन्तर्क्रियात्मक शैलीमा विद्यार्थी मैत्री भई प्रस्तुतीकरण गर्नुपर्ने छ ।

३६. **विषयगत सहजीकरण कार्यः** (१) हरेक श्रव्यदृश्य पाठका लागि शिक्षण कार्यको विषयगत सहजीकरण कार्य गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको विषयगत सहजीकरणसम्बन्धी कार्य गर्दा तोकिएको फाराम भरी आवश्यकता अनुसार शिक्षकलाई सल्लाह, सुझाव र सुधारका पक्ष औँल्याई पृष्ठपोषण दिने तथा उत्पादित श्रव्यदृश्य पाठमा सच्याउनु पर्ने विषयवस्तु भएमा टिपोटसमेत गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम सहजीकरण गर्दा विषयवस्तु र शिक्षण विधि पक्षको २ जना विज्ञबाट छुट्टाछुटै विषयगत सहजीकरण कार्य गर्नुपर्ने छ ।

(४) यस दफा बमोजिम विषयगत सहजीकरण कार्य गर्दा अनुसूची-५ बमोजिमको ढाँचामा फाराम भरी सहजीकरण गर्नुपर्ने छ ।

३७. **प्राविधिक सहजीकरण कार्यः** श्रव्यदृश्य पाठ उत्पादनमा प्राविधिक गुणस्तरीयता कायम गर्नका लागि इन्जिनियर तथा प्राविधिक एवम् सम्बन्धित विषयका विज्ञ, प्रशिक्षक तथा अधिकृतस्तरका कर्मचारीद्वारा प्राविधिक सहजीकरण कार्य गर्नुपर्ने छ ।

३८. **प्रमाणीकरण समितिः** (१) यस परिच्छेदबमोजिम उत्पादित सामग्रीको प्रमाणीकरण भएपछि मात्र प्रयोगमा आउने छ ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण गर्नु अघि उत्पादित श्रव्यदृश्य पाठहरू विद्यार्थीको रुचि, क्षमता, स्तर, पाठ्यक्रमको मर्म, अनुरूप पाठ तयार भए नभएको र यसबाट जनसाधारण तथा शिक्षण सिकाइमा पर्ने प्रभाव तथा असरलाई दृष्टिगत गरी प्रसारण योग्य छ वा छैन भनी यकिन गर्न केन्द्रका महानिर्देशक वा निजले तोकेको सम्बन्धित उपमहानिर्देशकको संयोजकत्वमा श्रव्यदृश्य शाखा प्रमुख, विषय विज्ञ, प्राविधिक, भाषा विज्ञ र अन्य दुई जना विज्ञ सम्मिलित बढीमा ७ जनासम्मको प्रमाणीकरण समिति रहने छ ।

(३) प्रमाणीकरण समितिको बैठकमा आवश्यकता अनुसार बढीमा तीन जनासम्म शिक्षा, कानुन, विज्ञान प्रविधि वा सम्बन्धित क्षेत्रका विषयविज्ञलाई आमन्त्रण गर्न सकिने छ।

(४) प्रमाणीकरण समितिले एउटा बैठकमा कम्तीमा ७ ओटा श्रव्यदृश्य पाठको मूल्याङ्कन गरी प्रमाणीकरणको कार्य गर्नु पर्ने छ ।

## परिच्छेद-७

## श्रव्यदृश्य सामग्रीको प्रसारण तथा वितरण सम्बन्धी व्यवस्था

३९. **श्रव्यदृश्य सामग्रीको प्रसारण**ः (१) दफा ३८ बमोजिमको प्रमाणीकरण समितिबाट श्रव्यदृश्य पाठ उपयुक्त छ भनी प्रमाणीकरण भएपछि मात्र त्यस्ता सामग्री प्रसारण हुने छन् ।

(२) यस दफाबमोजिमको श्रव्यदृश्य पाठ्य सामग्रीको प्रसारण गर्ने व्यवस्था केन्द्रले मिलाउने छ ।

(३) कुनै पनि श्रव्यदृश्य सामग्री प्रसारण गर्नु अघि प्रसारण संस्थासँग सम्झौता गरेपछि मात्र त्यस्ता समाग्रीको प्रसारणसम्बन्धी कार्य गर्नुपर्ने छ ।

(४) केन्द्रले निर्धारण गरेको विषयवस्तु जानकारी हुने गरी प्रसारण संस्थाले सामग्री प्रसारणको प्रोमो तयार गरी प्रसारण पूर्व र प्रसारणका क्रममा पटक पटक दर्शक तथा विद्यार्थीहरूलाई सोको जानकारी गराउनुपर्ने छ ।

४०. **श्रव्यदृश्य सामग्रीको वितरणसम्बन्धी व्यवस्था**ः (१) प्रसारण योग्य श्रव्यदृश्य पाठलाई केन्द्रले आफ्नो युट्युब च्यानल वा लर्निङ पोर्टलमध्ये कुनै एक वा सबैमा अपलोड गर्नुपर्ने छ ।

(२) कुनै प्रदेश सरकार, कुनै स्थानीय तह, कुनै इकाई, कुनै विद्यालय वा कुनै शैक्षिक संस्थाको संस्थागत उपयोगका लागि माग गरेको अवस्थामा सो मागको आधारमा श्रव्यदृश्य पाठहरू निःशुल्करूपमा वितरण गर्ने व्यवस्था केन्द्रले मिलाउने छ

४१. **शैक्षिक सूचना तथा सन्देश विकास कार्यशाला**ः (१) श्रव्यदृश्य सामग्रीको विकास तथा विस्तारका लागि तथा सरोकारवालाका लागि कुनै अडियो वा टेली शैक्षिक जानकारी वा सूचना वा सन्देश प्रसारण गर्नपर्ने भएमा त्यस्ता कार्यको छनोट तथा विकासका लागि केन्द्रले विषय क्षेत्र छनोट गरी सन्देश विकास गर्न कार्यशाला सञ्चालन गर्नसक्ने छ ।

(२) उपदफा (१) बमोजिमको कार्यशालामा शाखा प्रमुखहरू, केन्द्र तथा विभिन्न निकायका विज्ञ व्यक्तिहरू, भाषाविद्, प्राविधिक र अधिकृत कर्मचारीहरू रहनसक्ने छन् ।

४२. **विद्यालय तथा विषय क्षेत्र छनोटसम्बन्धी कार्यशाला**ः (१) टेलिभिजनबाट शैक्षिक कार्यक्रम “शिक्षाको चौतारी” लाई प्रसारण निरन्तरताका लागि केन्द्रले आवश्यक व्यवस्था गर्ने छ ।

(२) सार्वजनिक शिक्षा तथा विद्यालयको सुदृढीकरण गरी गुणस्तर सुधार गर्न तथा असल अभ्यासका विभिन्न विषय क्षेत्र पहिचान गर्न आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञसमेत सम्मिलित कार्यशाला सञ्चालन गर्नसकिने छ ।

## परिच्छेद-८

## वेबवेस सिकाइ सामग्री उत्पादन सम्बन्धी व्यवस्था

४३. **वेबवेस सिकाइ सामग्री उत्पादनका लागि कार्यशाला बैठक:** (१) वेबवेस सिकाइ सामग्री उत्पादनका लागि केन्द्रका महानिर्देशक वा निजले तोकेको सम्बन्धित उपमहानिर्देशकको संयोजकत्वमा निम्नानुसारका कार्यशाला बैठक सञ्चालन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने प्रत्येक कार्यशालामा सहभागी सङ्ख्या १५ जनामा नबढ्ने गरी रहन सक्नेछन् ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको औचित्य, उद्देश्य र विषयवस्तुको प्रकृतिका आधारमा कार्यशाला सङ्ख्या केन्द्रबाट निर्धारण गरिने छ ।

४४. **विषयगत वेबवेस सिकाइ सामग्रीसम्बन्धी अभिमुखीकरण कार्यशाला:** (१) वेब सामग्रीको प्राप्ति, सञ्चालन, उत्पादन, प्रक्रियाका विषयमा आवश्यकता बमोजिम कार्यशाला सञ्चालन हुने छन् ।

(२) उपदफा (१) बमोजिम सहजीकरणका लागि विभिन्न विषय, तहका वेबवेस सिकाइ सामग्री उत्पादनका विभिन्न चरणमा हुनसक्ने छ । कार्यशालामा रहने सहभागी सङ्ख्या तथा कार्यशाला सङ्ख्या केन्द्रको निर्णय अनुसार हुने छ ।

(३) उपदफा (२) बमोजिम कार्यको लागि दक्ष, विज्ञ, प्रशिक्षक, अनुभवी शिक्षक, केन्द्र तथा विभिन्न निकायका सम्बन्धित अधिकृत कर्मचारीहरूको सहभागिता हुने छ ।

४५. **नक्साङ्कन कार्यशाला**ः (१) वेबवेस सामग्री उत्पादनका लागि विभिन्न कक्षाका विषयगत नक्साङ्कन कार्यशाला सञ्चालन गर्न सकिने छ ।

(२) पाठ्यक्रमले सम्बन्धित विषयमा तोकेको वार्षिक कार्य घन्टा सम्बन्धित विषयको गहनता र महत्त्वका आधारमा कार्यशालामा रहने सहभागी सङ्ख्या तथा कार्यशाला सङ्ख्या केन्द्रको निर्णय अनुसार हुने छ ।

४६. **फ्रेमवर्क तथा डिजाइन कार्यशाला**ः वेबवेस सिकाइ सामग्रीको फ्रेमवर्क तथा डिजाइन निर्धारणका लागि फ्रेमवर्क तथा डिजाइन कार्यशाला सञ्चालन गर्न सकिने छ । कार्यशालामा रहने सहभागी सङ्ख्या तथा कार्यशाला सङ्ख्या केन्द्रको निर्णय अनुसार हुने छ ।

४७. **पृष्ठपोषण कार्यशाला**ः (१) वेबवेस सिकाइ सामग्री विकास गर्नका लागि पाठ्यक्रमले तोकेको सिकाइ सक्षमता हेर्न तथा पाठ्यपुस्तक अनुरूपका कार्यको यकिन गर्न कार्यशाला सञ्चालन गर्नसकिने छ । कार्यशालामा रहने सहभागी सङ्ख्या तथा कार्यशाला सङ्ख्या केन्द्रको निर्णय अनुसार हुने छ ।

(२) उपदफा (१) बमोजिमको कार्यशालामा विषयवस्तुको अन्तर्क्रियात्मक प्रस्तुति, ग्राफिक्स र एनिमेशनको उपयुक्तताका लागि पृष्ठपोषणसम्बन्धी कार्य हुने छन् ।

४८. <u>अन्तिमीकरण कार्यशाला</u>: वेबवेस सिकाइ सामग्री पोर्टलमा राखी सार्वजनिक गर्नका लागि पाठ्यक्रमले तोकेको उद्देश्य अनुरूप भए नभएको, भाषिक त्रुटि र गलत सन्देश भए नभएको तथा अपलोड योग्य सामग्री भए नभएको यकिन गर्नका लागि अन्तिमीकरण कार्यशाला सञ्चालन गर्नसकिने छ । कार्यशालामा रहने सहभागी सङ्ख्या तथा कार्यशाला सङ्ख्या केन्द्रको निर्णय अनुसार हुने छ ।

४९. <u>वेबवेस सिकाइ सामग्रीको उत्पादन</u>: (१) वेबवेस सिकाइ सामग्रीको उत्पादनसम्बन्धी कार्य केन्द्रको जनशक्तिबाट गरिने छ ।

(२) उपदफा (१) बमोजिमको कार्य केन्द्रको जनशक्तिबाट हुन नसक्ने भएको अवस्थामा मात्र प्रचलित कानुनबमोजिम अन्य क्षेत्रबाट जनशक्ति प्राप्त गरी उत्पादन गर्न सकिने छ ।

(३) वेबवेस सिकाइ सामग्री उत्पादन गर्दा केन्द्रले प्रणाली विकासको समुचित प्रक्रिया चयन गरी उत्पादित वेबवेस सिकाइ सामग्री केन्द्रको सिकाइ पोर्टलमा राखिने छ।

## परिच्छेद-९

## विविध

५०. <u>श्रव्य तथा श्रव्यदृश्य सामग्रीको प्रचार प्रसार तथा अध्ययन अनुसन्धान</u>: (१) केन्द्रबाट उत्पादन गरिएका श्रव्य तथा श्रव्यदृश्य सामग्रीको अनलाइन तथा अफलाइन माध्यमबाट प्रचार प्रसार तथा अध्ययन अनुसन्धान कार्य गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम प्रचार प्रसार गर्दा छापा तथा विद्युतीय सञ्चार माध्यमको उपयोग गर्न सकिने छ ।

५१. <u>गुणस्तर निश्चितता गर्नुपर्ने</u>: (१) केन्द्रले सरकारी तथा निजी प्रसारक संस्थाबाट सामग्री प्रसारण समय, अवस्था र गुणस्तरको सुनिश्चिततासम्बन्धी कार्य गर्ने छ ।

(२) श्रव्य तथा श्रव्यदृश्य सामग्रीको गुणस्तर, प्रभावकारिता, उपादेयता र प्रचार प्रसारको अनुगमन केन्द्रले गर्ने छ ।

(३) शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि, पत्रकार तथा शैक्षिक व्यवस्थापकको सहभागितामा उत्पादित सामग्रीको प्रयोग र उपयोगिताका सम्बन्धमा जानकारी दिन तथा पृष्ठपोषण सङ्कलन गर्ने सम्बन्धमा कार्यशाला गोष्ठी कार्यक्रम सञ्चालन गरी प्रचार प्रसार गर्ने कार्य केन्द्रले गर्ने छ ।

५२. **अडियो र टेली सन्देशको विकास गर्न सक्नेः** (१) केन्द्रका जानकारी तथा सूचनाहरू प्रवाह गर्न र श्रव्य तथा श्रव्यदृश्य सामग्रीको प्रचार प्रसार गर्नका लागि केन्द्रले सचेतनामूलक अडियो र टेलिसन्देशको विकास गरी प्रसारण व्यवस्था मिलाउने छ ।

(२) केन्द्रले उत्पादन र विकास गरिएका श्रव्य, श्रव्यदृश्य तथा वेबवेस सामग्रीको व्यवस्थितरूपमा संरक्षण गर्ने र यसबाट लक्षित समूह अधिकरूपमा लाभान्वित हुने व्यवस्था मिलाउने छ ।

५३. **परामर्श समितिसम्बन्धी व्यवस्थाः** (१) केन्द्रबाट विकास तथा उत्पादन गरिएका श्रव्य तथा श्रव्यदृश्य सामग्रीको गुणस्तर कायम गर्न तथा यस सम्बन्धमा आवश्यक सुझाव तथा सल्लाह दिन एक परामर्श समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको परामर्श समिति देहायबमोजिमको हुने छः-

(क) महानिर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र - संयोजक

(ख) उपमहानिर्देशक, शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखा - सदस्य

(ग) निर्देशक, श्रव्यदृश्य शाखा - सदस्य

(घ) प्रमुख वा निजले तोकेको प्रतिनिधि, रेडियो नेपाल/ नेपाल टेलिभिजन (दुई जना) - सदस्य

(ङ) रेडियो इन्जिनियर, श्रव्यदृश्य शाखा - सदस्य

(च) शाखा अधिकृत, श्रव्यदृश्य शाखा - सदस्य सचिव

(२) परामर्श समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(३) परामर्श समितिले आफ्नो कार्यविधि आफैं तय गर्ने छ ।

(४) परामर्श समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार बढीमा तीन जनासम्म शिक्षा, विज्ञान तथा प्रविधि, कानुन, व्यवस्थापन लगायत क्षेत्रका व्यक्तिलाई आमन्त्रण गर्न सकिने छ ।

५४. **परामर्श समितिको काम, कर्तव्य र अधिकारः** (१) श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादन तथा प्रसारणमा गुणस्तरीयता र प्रभावकारिता अभिवृद्धि गर्ने कार्यमा आवश्यक सल्लाह र सुझाव दिनु परामर्श समितिको प्रमुख कार्य हुने छ ।

(२) उपदफा (१) मा उल्लिखित कार्यका अतिरिक्त परामर्श समितिका अन्य कार्य देहायबमोजिम हुने छः-

(क) नयाँ श्रव्य, श्रव्यदृश्य र वेबवेस सिकाइ सामग्री उत्पादन तथा प्रसारण गर्न सहजीकरण गर्ने,

(ख) श्रव्य, श्रव्यदृश्य सामग्रीको गुणस्तर कायम गर्ने,

(ग) श्रव्य, श्रव्यदृश्य सामग्रीको उपयोग तथा प्रयोगका लागि आवश्यक प्रचार प्रसार र प्रयोग गर्ने विधि निर्धारण गर्ने,

(घ) श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रयोग गर्न शिक्षा तथा विद्यार्थीलाई उत्प्रेरित गर्ने।

५५. <u>बैठक तथा कार्यशाला सञ्चालन खर्चसम्बन्धी व्यवस्थाः</u> (१) यस निर्देशिका बमोजिम गठित समितिको बैठक तथा कार्यशालाको सञ्चालन खर्चसम्बन्धी व्यवस्था अर्थ मन्त्रालयद्वारा निर्धारित मापदण्ड तथा स्वीकृत बजेटको परिधिभित्र रहेर मात्र गर्नुपर्ने छ ।

(२) श्रव्य, श्रव्यदृश्य र वेबवेस सिकाइ सामग्री उत्पादन, प्रसारण तथा वितरणका कार्य स्वीकृत बजेट, स्वीकृत नर्म्स तथा कार्यक्रम कार्यान्वयन पुस्तिकाको परिधिभित्र रही गरिने छ ।

५६. <u>यसै निर्देशिकाबमोजिम हुने</u>ः यस निर्देशिकामा लेखिएका कुरा यसैबमोजिम र अन्य कुरा प्रचलित कानुनबमोजिम हुने छ ।

अनुसूची-१

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

## लेखक, विज्ञ, शिक्षकको रोस्टरमा दर्ताका लागि निवेदनको ढाँचा

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र मितिः

सानोठिमी भक्तपुर ।

विषयः विज्ञ शिक्षकको रोस्टरमा दर्ता गराई पाऊँ ।

उक्त सम्बन्धमा म त्यस केन्द्रबाट उत्पादन गरिने श्रव्यदृश्य तथा श्रव्य पाठ उत्पादन प्रयोजनार्थ तपसिलको विषयमा विज्ञ शिक्षकको कार्य गर्न इच्छुक भई निम्नानुसार विवरण साथ रोस्टरमा दर्ता गराई पाउन अनुरोध छ ।

१. शिक्षकको नाम थरः
२. विद्यालय/निकायको नाम ठेगानाः
३. शिक्षण/प्रशिक्षण अनुभव वर्षः
४. शिक्षण गरेको तह र कक्षाः
५. आफूले शिक्षण गरी आएको विषयः
६. स्नातक तह उत्तीर्ण गरेको सालः
७. माथिल्लो शैक्षिक योग्यता र मूल विषयः
८. शिक्षण अनुभवः
९. श्रव्यदृश्य तथा श्रव्यपाठ उत्पादनसम्बन्धी अनुभव वर्षः
१०. ICT को व्यावहारिक प्रयोग गर्न सक्षम छु/छैनः
११. कार्यरत विद्यालय र निकायबाट उक्त कार्य गर्न अनुमति दिने/नदिनेः
१२. केन्द्रलाई आवश्यक पर्दाका अवस्थामा समय दिन सक्ने/नसक्नेः
१३. सवारी साधनको प्रयोग अवस्थाः सक्ने/नसक्नेः
१४. शिक्षण र प्रशिक्षण एवम् लेखनमा रुचि भए/नभएकोः
१५. स्वस्थ रहेको स्वघोषणाः

उल्लिखित विवरण सही साँचो हो । व्यहोरा फरक परेमा कानुन बमोजिम सहुँला बुझाउँला भनी हस्ताक्षर गर्दछु । साथै फोटोसहितको वैयक्तिक विवरण, योग्यता, नियुक्ति र अनुभवलाई प्रमाणित गर्ने कागजातसमेत संलग्न गरेको छु ।

निवेदक

हस्ताक्षर ........

नाम थरः

सम्पर्क मो. नम्बरः.

इमेल ठेगानाः

हाल बसोबास गरेको ठेगानाः

अनुसूची-२

(दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

**विषयगत श्रव्य पाठ नक्साङ्कन ढाँचा**

कक्षाः विषयः शिक्षकको नामः

| क.स. | पाठ/इकाइ/ क्षेत्र/ विधा | सिकाइ उपलब्धि | पाठ शीर्षक | श्रव्य पाठ शीर्षक | विषयवस्तुको विस्तृतीकरण |
|---|---|---|---|---|---|
| | | | | | |

तयार गर्नेः रुजु गर्नेः प्रमाणित गर्नेः

अनुसूची-३

(दफा ३० को उपदफा (३) सँग सम्बन्धित)

## श्रव्यदृश्य पाठ उत्पादनका लागि पाठयोजना ढाँचा

### पाठयोजना

| | |
|---|---|
| कक्षाः | समयः |
| विषयः | मितिः |
| पाठः | शिक्षकको नामः |

पाठ शीर्षक र विषयवस्तुः- ........................

१. पाठ्यवस्तुः ............................................................

२. विशिष्ट उद्देश्यः

    १. .....................................

    २. .....................................

    ३. .....................................

३. आवश्यक शैक्षिक सामग्रीः ................................................

४. शिक्षण सिकाइ कार्यकलापः (कुन सक्षमता पूरा गर्न के गर्ने, कसरी गर्ने, कुन सामग्रीबाट गर्ने सङ्क्षिप्त मूल्याङ्कन के कसरी गर्ने दुई खण्डमा क्रमशः समय उल्लेख गरी बुँदागतरूपमा स्पष्ट हुने गरी लेख्ने )

(क) अभिवादनसमेतको भलाकुसारी/पूर्व कार्यकलाप/पाठसँग जोड्दै आजको पाठ्यवस्तु तथा कार्यकलापको जानकारी दिँदै पाठ प्रारम्भ १-१.५ मिनेट) ।

(ख) पाठ विस्तार पहिलो खण्ड १७.५ मिनेट (के कसरी कुन सामग्रीबाट कति समयमा उल्लेख गर्ने)।

(ग) शिक्षण सिकाइ मूल्याङ्कन, सारांशगत निष्कर्ष र केही पल विश्राम (५-१ मिनेट)

(घ) पाठ विस्तार दोस्रो खण्ड १५ मिनेट (के, कसरी, कुन सामग्रीबाट र शिक्षण सिकाइको मूल्याङ्कन सारांशगत निष्कर्ष र दोस्रो खण्ड समापन)

शिक्षकको हस्ताक्षर

विज्ञ सहजकर्ताको हस्ताक्षर

नाम, थरः

मितिः

*द्रष्टव्यः यो योजना कम्तीमा ३ पेजको हुनुपर्ने छ ।*

अनुसूची ४

(दफा ३२ को उपदफा (४) सँग सम्बन्धित)

**विषयगत श्रव्यदृश्य पाठ नक्साङ्कन ढाँचा**

कक्षाः विषयः शिक्षकको नामः

| क्र.स. | पाठ | विधा/क्षेत्र/इकाइ | पाठ्यवस्तु | सिकाइ उपलब्धि | सिकाइ सहजीकरण क्रियाकलाप (३५ मिनेट) | शैक्षिक सामग्री |
|---|---|---|---|---|---|---|
| | | | | | | |

तयार गर्नेः रुजु गर्नेः प्रमाणित गर्नेः

अनुसूची-५

(दफा ३६ को उपदफा (४) सँग सम्बन्धित)

## विषयगत सहजीकरण फाराम

श्रव्यदृश्य पाठ शिक्षण विषयगत सहजीकरण फाराम (विज्ञ)

शिक्षकको नामः विषयः

कक्षाः इकाइः पाठः

(क) कक्षा सुरु हुनुपूर्व

| क्र.स. | विवरण | |
|---|---|---|
| १ | विषयवस्तु | |
| २ | प्रयोग गर्ने सामग्री | |
| ३ | सामग्रीका सम्बन्धमा पृष्ठपोषण | |

(ख) कक्षा सञ्चालन हुँदा

| क्र.स. | विवरण | |
|---|---|---|
| १ | पाठ शिक्षण गरेको जम्मा समय (मिनेटमा ) | |
| २ | विषयवस्तुको उठानको तरिकाः | |

(ग) सुधार गर्नुपर्ने पक्षहरू (भिडियो इडिटिङका लागि)

| क्र.स. | के भएको ? | के हुनुपर्ने ? |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

(घ) कक्षा समाप्तिपछिः

अर्को कक्षामा गर्नुपर्ने सुधारका लागि सुझावः

१.

२.

३.

सहजकर्ताको नामः

हस्ताक्षरः

मितिः

*स्वीकृत मितिः २०८०/०६/१२ (माननीय मन्त्रीस्तरबाट)*

# शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावना**

राष्ट्रिय शिक्षा नीति, २०७६ ले अङ्गीकार गरेको शिक्षकको निरन्तर पेसागत विकासको अवधारणा तथा गुणस्तरीय विद्यालय शिक्षाको लागि क्षेत्रगत अवधारणा अन्तरगत कार्यान्वयनमा ल्याइएको विद्यालय शिक्षा क्षेत्र योजना (२०२२/०२३-२०३१/०३२) का उद्देश्य प्राप्तिको लागि विद्यालय तहको शिक्षण पेसामा नवप्रवेशी शिक्षकलाई विषयसम्बद्ध आधारभूत शैक्षणिक सीपहरू हासिल गराई कक्षाकोठाको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन तथा विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धि गर्न शिक्षक मेन्टरिङ कार्यान्वयनलाई सान्दर्भिक, वस्तुनिष्ठ, प्रभावकारी र विश्वसनीय बनाउन वाञ्छनीय भएकाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८० तयार पारी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद १
## नाम, प्रारम्भ, परिभाषा र उद्देश्य

१. <u>**नाम र प्रारम्भ:**</u> (१) यस कार्यविधिको नाम "शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुने छ ।

२. <u>**परिभाषा**</u> **:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "शिक्षक मेन्टरिङ" भन्नाले दक्ष तथा अनुभवी मेन्टर शिक्षकले निश्चित समयावधिमा नवप्रवेशी शिक्षकलाई कक्षाकोठामा आधारित पेसागत सहायता प्रदान गर्ने प्रक्रिया सम्झनुपर्छ ।

(ख) "मेन्टर" भन्नाले नवप्रवेशी शिक्षकलाई पेसागत सहायता प्रदान गर्ने तालिम प्राप्त, दक्ष तथा अनुभवी शिक्षक सम्झनुपर्छ ।

(ग) "नवप्रवेशी शिक्षक" भन्नाले शिक्षण पेसामा नयाँ नियुक्त शिक्षक सम्झनुपर्छ । यो शब्दले यो निर्देशिका लागू हुँदाका वखत आधारभूत तह (कक्षा १-५ र कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) मा एक शैक्षिक सत्रभन्दा कम अध्यापन अनुभव भएका शिक्षक सम्झनुपर्छ ।

३. <u>**उद्देश्य**</u> **:** शिक्षक मेन्टरिङ कार्यक्रम कार्यान्वयन गर्नुको उद्देश्य देहायअनुसार रहेका छन्:-

(क) नवप्रवेशी वा शिक्षण अनुभव कम भएका शिक्षकहरूलाई आधारभूत शैक्षणिक सीपहरूमा दक्षता हासिल गराउने,

(ख) विद्यालयमा आधारित शिक्षक पेसागत विकास सहायता उपलब्ध गराउने,

(ग) शिक्षकको निरन्तर पेसागत विकासका माध्यमबाट कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने,

(घ) विद्यालयमा सिकाइ संस्कृतिको विकासमा सहयोग पुऱ्याउने ।

## परिच्छेद २

## नवप्रवेशी शिक्षक र मेन्टरको छनोट प्रक्रिया

४. **नवप्रवेशी शिक्षकको छनोट**: (१) आधारभूत तह (कक्षा १-५ र कक्षा ६-८) वा माध्यमिक तह (कक्षा ९-१०) मा अध्यापनका लागि नयाँ नियुक्त भएका वा एक शैक्षिक सत्रभन्दा कम शिक्षण अनुभव भएका अध्यापनरत शिक्षकलाई नवप्रवेशी शिक्षकका रूपमा छनोट गरिने छ ।

५. **मेन्टरको छनोट प्रक्रिया**: (१) देहायबमोजिमका योग्यता र अनुभव भएका व्यक्तिलाई मेन्टरका रूपमा छनोट गर्नुपर्ने छः-

(क) माध्यमिक तहको हकमा सम्बन्धित विषयमा शिक्षाशास्त्रमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण भएको र अन्य तहको हकमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको

(ख) मेन्टरिङ गर्ने सम्बन्धित विषयमा कम्तीमा सात वर्षको शिक्षण अनुभव भएको र सो विषयमा स्थानीय तहमा विद्यार्थीको सिकाइ उपलब्धि औसतभन्दा माथि भएको

(ग) समन्वय तथा सहकार्य गर्ने सीप भएको

(घ) उच्च पेसागत आचरण र नैतिक मूल्य मान्यता भएको

(ङ) शिक्षक मेन्टर बन्न इच्छुक भएको

## परिच्छेद-३

## नवप्रवेशी शिक्षक सक्षमता प्रारूप र मेन्टरिङ प्रक्रिया

६. **नवप्रवेशी शिक्षक सक्षमता प्रारूप**: (१) शिक्षक मेन्टरिङबाट नवप्रवेशी शिक्षकमा विकास हुने मुख्य सक्षमताहरू देहायबमोजिम रहेका छन्:-

(क) पाठयोजना निर्माण र सिकाइमा समय व्यवस्थापन

(ख) सकारात्मक अपेक्षा र सिकाइ सहयोगी वातावरण निर्माण

(ग) विद्यार्थीलाई सिकाइ क्रियाकलापमा व्यस्त राख्ने तथा प्रभावकारी शिक्षण पद्धति अवलम्बन

(घ) सिकाइको मूल्याङ्कन

(२) मेन्टर र नवप्रवेशी शिक्षकले माथि उल्लिखित चारओटा कक्षाकोठासम्बन्धी सक्षमताका लागि सँगै बसेर काम गर्नुपर्ने छ ।

७. **मेन्टरिङ प्रक्रिया**: (१) शिक्षक मेन्टरिङका लागि देहायबमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने छः-

(क) मेन्टरले नवप्रवेशी वा मेन्टी शिक्षकसँग सुरूआती बैठक सञ्चालन गरी मेन्टरिङ सञ्चालनको कार्ययोजना निर्माण गर्नुपर्ने छ ।

(ख) मेन्टरले प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घ वा विद्यालय व्यवस्थापनसँग आवश्यकताअनुसारको समन्वय गरी सहकार्यात्मक र सहयोगी वातावरणमा मेन्टरिङ कार्यक्रम कार्यान्वयन गर्ने वातावरणको सिर्जना गर्नुपर्ने छ ।

(ग) नवप्रवेशी शिक्षकले मेन्टरिङको प्रक्रियामा आफ्नो शिक्षण प्रक्रियालाई आवश्यकताअनुसार थप परिस्कृत गर्दै समायोजनको प्रयत्न गर्नुपर्ने छ ।

(घ) नवप्रवेशी शिक्षकले आफ्ना वरपरका विद्यालयमा रहेका अन्य नवप्रवेशी शिक्षकहरूसँग सिकाइ सञ्जालको निर्माण गरी निरन्तर सिक्ने र सिकाउने संस्कारको विकास गर्नुपर्ने छ ।

(२) बाइस हप्ताको अवधिमा कम्तीमा ३५ घण्टाको सक्रिय सहयोग रहने गरी न्यूनतम प्याकेजबाट नवप्रवेशी शिक्षकहरू लाभान्वित हुने छन् । उक्त ३५ घण्टाको समय विभाजनसम्बन्धी मार्गदर्शन देहायबमोजिम रहेको छः-

| क्र.स. | क्रियाकलाप | समयावधि | कैफियत |
|---|---|---|---|
| १ | सुरूआती बैठक, अभिमुखीकरण र कार्ययोजना निर्माण | ४ घण्टा | शिक्षक मेन्टर, नवप्रवेशी शिक्षक र सरोकारवालाहरूको उपस्थिति |
| २ | कक्षा अवलोकन र पृष्ठपोषण | १६.५ घण्टा (कम्तीमा १.५ घण्टाको न्यूनतम ११ ओटा कक्षाकोठामा आधारित सहयोग सत्र हुने छ) | २० हप्ता अवधि। प्रत्येक दुई हप्तामा एक पटक भ्रमण गरिने। |
| ३ | मूल्याङ्कनअघि र पछि पूर्ण रूपमा कक्षाकोठासम्बन्धी मुख्य सक्षमताको बारेमा छलफल तथा अनुभव आदानप्रदान | ३ घण्टा | |
| ४ | शिक्षक मेन्टरको सहयोगमा नवप्रवेशी शिक्षकहरूको सिकाइ सञ्जाल निर्माण, बैठक सञ्चालन, कार्यशाला तथा अन्य कार्य | ७.५ घण्टा | मेन्टरिङ प्रक्रियाको अतिरिक्त समय |
| ५ | समापन कार्यक्रम, अनुभव आदानप्रदान र प्रमाणपत्र वितरण | ४ घण्टा | सङ्क्षिप्त प्रतिबिम्बन |

## परिच्छेद ४
## मेन्टरको क्षमता विकास र सहायता संयन्त्र

८. **मेन्टरको क्षमता विकासः** (१) छनोट भएका शिक्षक मेन्टरहरू पाँच दिने शिक्षक मेन्टरिङसम्बन्धी तालिममा सहभागी हुनुपर्ने छ । उक्त तालिमबाट शिक्षक मेन्टरहरू देहायका पक्षहरूमा सक्षम हुने छन्:-

(क) नेपालको शिक्षक पेसागत विकास प्रारूपको खाकामा रही शिक्षक मेन्टरिङको परिभाषा, लक्ष्य, अवधारणा, सिद्धान्त र पद्धति बुझ्नुका साथै तालिम वा सुपरिवेक्षणभन्दा मेन्टरिङ कसरी फरक छ भनेर थाहा पाउन

(ख) कक्षाकोठासम्बन्धी मुख्य सक्षमता, उक्त सक्षमताहरूका सूचकहरू र कक्षाकोठा अवलोकन फारामसँग परिचित भई तिनको प्रयोग गर्न

(ग) शिक्षक मेन्टरिङ प्रक्रियाका लागि आवश्यक मेन्टरिङ सीपहरू जस्तै विश्वासको वातावरण निर्माण, नवप्रवेशी शिक्षकसँग सामीप्यताको विकास, सक्रिय सुनाइ, प्रभावकारी कक्षाकोठा अवलोकन र रचनात्मक पृष्ठपोषण प्रदान गर्न

(घ) मेन्टरिङ कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना निर्माण गर्न र स्वविकासका लागि योजना तयार गर्न

(२) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विकास गरेको तालिम पाठ्यक्रमका आधारमा प्रशिक्षक प्रशिक्षण पूरा गरेका प्रशिक्षकहरूबाट प्रदेशको शिक्षा तालिम केन्द्रले मेन्टरहरूको तालिम सञ्चालन गर्नुपर्ने छ ।

९. **मेन्टर सहायता संयन्त्रः** (१) मेन्टर सहायता प्रणालीका लागि देहायबमोजिमका संयन्त्र परिचालन गर्नुपर्ने छ:-

(क) शिक्षक मेन्टरको सहयोगका लागि प्राज्ञिक मेन्टरले सङ्घीय तहमा रही काम गर्नुपर्ने छ । प्राज्ञिक मेन्टरको छनोट केन्द्रीय तहमा हुनेछ । विश्वविद्यालयका प्राध्यापकले प्राज्ञिक मेन्टरका रूपमा कार्य गर्ने छन् । तोकिएको समयमा फिल्ड मेन्टरलाई निरन्तर सहयोग प्रदान गर्नु प्राज्ञिक मेन्टरको जिम्मेवारी हुनेछ ।

(ख) फिल्ड मेन्टरहरूको छनोट प्रदेश तहमा गरिनेछ । फिल्ड मेन्टरले आआफ्ना प्राज्ञिक मेन्टरको मार्गदर्शनमा रही काम गर्नुपर्ने छ । मेन्टरलाई आवश्यक सहयोग प्रदान गर्ने सम्बन्धमा फिल्ड मेन्टरको कार्यादेश तोकिनेछ । स्थानीय विषय बाहेकका अनिवार्य विषयहरूका लागि फिल्ड मेन्टरहरू छनोट गरी प्रदेश तहमा परिचालन गरिनेछ । क्याम्पसका प्राध्यापक र शिक्षा तालिम केन्द्रका प्रशिक्षकलाई फिल्ड मेन्टरका रूपमा छनोट गर्न सकिने छ ।

(२) शिक्षक मेन्टरिङ कार्यलाई नियमित, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाउन आवश्यकताअनुसार मेन्टरहरूलाई प्राविधिक सहायता उपलब्ध गराउन योग्य र दक्ष फिल्ड मेन्टरहरूको छनोट गर्ने जिम्मेवारी प्रदेशस्थित शिक्षा तालिम केन्द्रको हुने छ ।

## परिच्छेद ५
## विभिन्न सरोकारवालाहरूको भूमिका

१०. **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका**: शिक्षक मेन्टरिङ कार्यक्रमलाई शिक्षक पेसागत विकासको एउटा महत्त्वपूर्ण अङ्गका रूपमा सञ्चालन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछ:-

(क) नवप्रवेशी शिक्षकको अनिवार्य सहभागिता र मेन्टरिङ सहयोग कार्य समय सान्दर्भिक एवम् गुणस्तरीय रहेको सुनिश्चित गर्न आवश्यक नीतिगत मार्गदर्शन विकास र आवश्यक निर्देशन दिने

(ख) शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालनका लागि स्रोत व्यवस्थापन गर्न आवश्यकताअनुसार समन्वय गर्ने

११. **शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिका**: शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिका देहायबमोजिम हुनेछ:-

(क) शिक्षक मेन्टरिङसम्बन्धी मापदण्ड, तालिम पाठ्यक्रम, तालिम निर्देशिका र अध्ययन पुस्तिका तयार गर्ने

(ख) प्रदेशको शिक्षा तालिम केन्द्रका प्रशिक्षकहरूका लागि प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने

(ग) मेन्टरिङ कार्यक्रमका लागि आवश्यकताअनुसार अनुगमन गरी प्राविधिक सहयोग प्रदान गर्ने

(घ) शिक्षक मेन्टरिङ कार्यक्रमका लागि बजेट व्यवस्थापनसम्बन्धी कार्य गर्ने

(ङ) मेन्टरिङको गुणस्तर कायम राख्न शिक्षा तालिम केन्द्र र स्थानीय तहहरूसँग समन्वय गर्ने

(च) प्रशिक्षक प्रशिक्षणको प्रमाणपत्रसम्बन्धी व्यवस्था गर्ने

(छ) मेन्टरिङ कार्यक्रमको गुणस्तर मूल्याङ्कन गर्ने

१२. **शिक्षा तालिम केन्द्रको भूमिका**: शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालन गर्न प्रदेश स्थित शिक्षा तालिम केन्द्रको भूमिका देहायबमोजिम हुनेछ:-

(क) शिक्षक मेन्टर विकासका लागि स्थानीय तहसँग समन्वय गर्ने

(ख) शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा स्वीकृत मेन्टरिङसम्बन्धी तालिम पाठ्यक्रम कार्यान्वयन गर्ने

(ग) स्थानीय तहमा कार्यरत शिक्षक मेन्टरहरूलाई तालिम प्रदान गर्ने

(घ) शिक्षक मेन्टरहरूलाई प्रमाणपत्र प्रदान गर्ने

(ङ) स्थानीय तहसँग समन्वय गरेर मेन्टर र नवप्रवेशी शिक्षकलाई कार्यथलोमा नै प्राविधिक सहयोग उपलब्ध गराउने

(च) शिक्षक मेन्टरिङलाई प्रभावकारी बनाउन स्थानीय तहका सम्बद्ध जनशक्तिलाई अभिमुखीकरण गर्ने

(छ) फिल्ड मेन्टरहरूको छनोट गर्ने

**१३. <u>शिक्षा विकास तथा समन्वय इकाइ</u>**

(१) शिक्षक मेन्टरिङका कार्यक्रम सञ्चालन गर्न शिक्षा तालिम केन्द्र र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने

(२) शिक्षक मेन्टरिङसम्बन्धी आवश्यक कार्य गर्ने

**१४. <u>स्थानीय तहको भूमिका</u>**ः शिक्षक मेन्टरिङ कार्यक्रमलाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछः-

(क) तोकिएको मापदण्डका आधारमा शिक्षक मेन्टरहरूको छनोट गर्ने

(ख) विद्यालयसँग समन्वय गरी तोकिएको मापदण्डका आधारमा नवप्रवेशी शिक्षकहरूको छनोट गर्ने

(ग) नवप्रवेशी शिक्षक र मेन्टरहरूको अभिलेख राख्ने

(घ) शिक्षक मेन्टरिङका बारेमा विद्यालयका प्रधानाध्यापकहरूलाई अभिमुखीकरण गर्ने

(ङ) नवनियुक्त शिक्षक वा शिक्षण पेसामा एक वर्षभन्दा कम अनुभव भएका शिक्षकहरूलाई मेन्टरिङ कार्यान्वयन प्रणालीमा सहभागी हुन प्रोत्साहन गर्ने

(च) शिक्षक मेन्टरिङ कार्यक्रमलाई विद्यालयमा आधारित शिक्षक पेसागत विकासका रूपमा निरन्तर रूपमा कार्यान्वयन गर्न विद्यालयहरूलाई प्रोत्साहन गर्ने

(छ) मेन्टरिङ कार्यक्रम सञ्चालन गर्ने र आवश्यकताअनुसार प्राविधिक सहयोग उपलब्ध गराउने

(ज) शिक्षक मेन्टरिङ कार्यक्रमका लागि सहलगानी गर्ने

(झ) कार्यक्रम सम्पन्नपश्चात नवप्रवेशी शिक्षकहरूलाई प्रमाणपत्र प्रदान गर्ने

**१५. <u>प्रधानाध्यापकको भूमिका</u>**ः शिक्षक मेन्टरिङलाई शिक्षक पेसागत विकास प्रणालीको एउटा महत्त्वपूर्ण अङ्गका रूपमा सञ्चालन गर्न प्रधानाध्यापकको भूमिका देहायबमोजिम हुनेछः-

(क) मेन्टरिङको माध्यमबाट शिक्षक पेसागत विकासमा सहयोग पुऱ्याउने

(ख) नवप्रवेशी शिक्षक वा शिक्षण पेसामा एक शैक्षिक सत्रभन्दा कम अनुभव भएका शिक्षकहरूलाई मेन्टरिङ कार्यान्वयन प्रणालीमा सहभागी हुन प्रोत्साहन गर्ने

(ग) नवप्रवेशी शिक्षकहरूको कक्षाकोठाको कार्यसम्पादन अवलोकन गरी रचनात्मक पृष्ठपोषण प्रदान गर्ने

(घ) विद्यालयमा उपयुक्त सिकाइ वातावरण निर्माण गर्ने

१६. **प्राज्ञिक मेन्टरको भूमिका**ः शिक्षक मेन्टरिङलाई प्रभावकारी बनाउन प्राज्ञिक मेन्टरको भूमिका देहायबमोजिम हुनेछः-

(क) तोकिएको समयावधिमा फिल्ड मेन्टरहरूलाई निरन्तर सहयोग प्रदान गर्ने

(ख) अनलाइन, भौतिक र मिश्रित सिकाइको माध्यममार्फत फिल्ड मेन्टरहरूलाई सहायता प्रदान गर्ने

(ग) छ महिनाको अवधिमा कम्तीमा ६ पटक अनलाइन वा भौतिक रूपमा आफ्ना फिल्ड मेन्टरहरूलाई भेट्ने र फिल्ड मेन्टरहरूलाई कम्तीमा ३ पटक भौतिक रूपमा भेटेको सुनिश्चित गर्नुपर्ने

१७. **फिल्ड मेन्टरको भूमिका**ः शिक्षक मेन्टरिङलाई गुणस्तरीय र प्रभावकारी बनाउन फिल्ड मेन्टरको भूमिका देहायबमोजिम हुनेछः-

(क) तोकिएको समयावधिमा मेन्टरहरूलाई निरन्तर पेसागत सहयोग प्रदान गर्ने

(ख) अनलाइन, भौतिक र मिश्रित सिकाइको माध्यममार्फत मेन्टरहरूलाई पेसागत सहायता प्रदान गर्ने

(ग) छ महिनाको अवधिमा कम्तीमा ६ पटक अनलाइन वा भौतिक रूपमा आफ्ना शिक्षक मेन्टरहरूलाई भेट्ने र मेन्टरहरूलाई कम्तीमा ३ पटक भौतिक रूपमा भेटेको सुनिश्चित गर्नुपर्ने

१८. **मेन्टरको भूमिका**ः शिक्षक मेन्टरिङ कार्यान्वयनलाई नियमित, गुणस्तरीय र प्रभावकारी बनाउन मेन्टरको भूमिका देहायबमोजिम हुनेछः-

(क) नवप्रवेशी शिक्षकलगायत सम्बन्धित सरोकारवालाहरूलाई मेन्टरिङ कार्यान्वयन प्रणालीका बारेमा अभिमुखीकरण गराउने र सुरूवाती बैठकहरू सञ्चालन गर्ने

(ख) संयुक्त रूपमा मेन्टरिङ तालिका बनाउने

(ग) आवश्यकताअनुसार नमुना कक्षाको प्रर्दशन गर्ने

(घ) नवप्रवेशी शिक्षकहरूलाई शिक्षणसम्बन्धी आवश्यक सहयोग प्रदान गर्ने

(ङ) कक्षाकोठा अवलोकनका साधन प्रयोग गरी नवप्रवेशी शिक्षकका कक्षाहरूको अवलोकन गर्ने र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्ने

(च) सिकाइ सञ्जाल गठन गर्न सहजीकरण गर्ने

(छ) नवप्रवेशी शिक्षकलाई सिकाइको बारेमा प्रतिबिम्बन गर्न र अनुभव आदानप्रदान गर्न अवसर प्रदान गर्ने

(ज) नवप्रवेशी शिक्षकलाई पेसागत विकासका विविध क्रियाकलापहरूमा संलग्न रहन र सोको निरन्तरताका लागि प्रोत्साहन गर्ने

१९. **<u>नवप्रवेशी शिक्षकको भूमिका</u>:** शिक्षक मेन्टरिङका माध्यमबाट कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन नवप्रवेशी शिक्षकको भूमिका देहायबमोजिम हुनेछ:-

(क) मेन्टरको उपस्थितिमा सञ्चालन गरिने सुरूआती बैठकहरूमा सहभागी हुने

(ख) मेन्टरिङ प्रक्रियाका लागि संयुक्त रूपमा योजना तयार गर्ने

(ग) योजनाअनुरूपका क्रियाकलापहरूमा सहभागी हुने

(घ) तोकिएका कार्यसम्पादन पूरा गरी सिकेका कुराहरूलाई आफ्नै कक्षाकोठा क्रियाकलाप र विद्यार्थीको सिकाइमा प्रतिबिम्बित गर्ने

(ङ) अन्य नवप्रवेशी शिक्षकहरू र शिक्षक मेन्टरसँग सहकार्य गर्ने

(च) सिकाइ सञ्जालमा सक्रियातापूर्वक सहभागी हुने

(छ) प्रधानाध्यापकसँगको समन्वयमा विद्यालयका शिक्षकहरूसँग आफ्ना सिकाइ अनुभवहरू आदानप्रदान गर्ने

## परिच्छेद-६

## विविध

१९. **<u>बाधा अड्काउ फुकाउ</u>:** यस कार्यविधिमा भएका कुनै प्रावधानले शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालन तथा प्रमाणीकरणमाबाधा उत्पन्न भएमा त्यस्तो बाधा हटाउने अधिकार शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा रहनेछ ।

२०. **<u>संशोधन वा परिमार्जन</u>:** यस कार्यविधिमा कुनै संशोधन वा परिमार्जन गर्ने अधिकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा रहनेछ ।

# शिक्षक पेसागत विकास प्रारूप, २०८०

(परिमार्जित संस्करण २०८०)

## परिच्छेद-१
## प्रारम्भिक

### १. पृष्ठभूमि

गुणस्तरीय शिक्षा मूलतः गुणस्तरीय शिक्षण सिकाइमा भर पर्छ । यसका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू विद्यार्थीहरूमा हासिल गराई उनीहरूको संज्ञानात्मक विकास, प्रतिस्पर्धी, अनुकूलन र उत्पादनशील क्षमता, संवेगात्मक र मनोवैज्ञानिक उत्थानशीलता विकास र विस्तार गर्नुपर्छ । पेसागत रूपमा योग्य, दक्ष, क्षमतावान, अभिप्रेरित र उच्च मनोबलयुक्त शिक्षकबाट नै गुणस्तरीय शिक्षण सिकाइ सुनिश्चित हुन सक्छ । शिक्षण सिकाइका लागि शिक्षकको तयारी, विद्यार्थीमैत्री सिकाइ वातावरण, विद्यार्थीकेन्द्रित शिक्षण विधि र सक्रिय सिकाइ क्रियाकलापहरूको प्रयोग, विषयवस्तु अनुरूपको शिक्षण सिकाइ सामग्रीहरूको प्रयोग, विद्यार्थीहरूको वैयक्तिक सिकाइ कठिनाइहरू पहिचान गरी सुधारात्मक शिक्षण आदिले शिक्षण सिकाइमा गुणस्तरीयता सुनिश्चित गर्न सहयोग पुर्‍याउँछन् । यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक हुन्छ । शिक्षक पेसागत विकासका लागि नेपालले विगत लामो समयदेखि नीतिगत, कानुनी, संरचनागत र कार्यक्रमगत व्यवस्थाहरू गर्दै शिक्षक तालिम, स्वाध्ययन अभ्यास आदिलाई कार्यान्वयनमा ल्याएको अवस्था छ।

विद्यालयमा कार्यरत शिक्षकहरूको कार्यदक्षतामा अभिवृद्धि गरी गुणस्तरीय शिक्षण सिकाइमार्फत विद्यार्थीको सिकाइमा बढोत्तरी ल्याउनका लागि शिक्षक पेसागत विकास प्रारूप, २०७२ ले खासगरी एक महिने प्रमाणीकरण शिक्षक तालिम र पाँच दिने अनुकूलित (कस्टमाइज्ड) पुनर्ताजगी शिक्षक तालिम, यसको सञ्चालन प्रक्रिया र प्रमाणीकरणलाई समेटेको अवस्था छ । यसकै आधारमा प्रदेशका शिक्षा तालिम केन्द्रहरूबाट प्रमाणीकरण शिक्षक तालिम र कस्टमाइज्ड शिक्षक तालिमहरू सञ्चालन हुँदै आएका छन् । शिक्षा विकास तथा समन्वय इकाइबाट शिक्षकको सेवा प्रवेश तालिम र स्थानीय तहहरूबाट कस्टमाइज्ड शिक्षक तालिम सञ्चालन हुँदै आएको अवस्था छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षक पेसागत विकास तालिमको प्रारूप विकास गर्ने, तालिमका पाठ्यक्रम विकास गर्ने, नमुना तालिम सामग्री विकास गर्ने, प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने, तालिमको प्रमाणीकरण गर्ने आदि कार्यहरू गर्दै आएको छ । विद्यमान नीतिगत व्यवस्था, अन्तर्राष्ट्रिय अभ्यास, हाल सञ्चालित विद्यालय शिक्षा क्षेत्र योजनाका प्रावधान, सङ्घीय संरचनाअनुरूपको कार्य जिम्मेवारी र वर्तमानको आवश्यकतालाई मध्यनजर गर्दा शिक्षक पेसागत

विकासका लागि शिक्षक तालिममा मात्र सीमित हुन नहुने देखिन्छ । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई सुम्पेको अवस्थामा शिक्षक पेसागत विकासमा पनि स्थानीय तहको भूमिकालाई उच्च महत्त्वका साथ हेरिन्छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने उल्लेख छ । यस नीतिले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरू (कस्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिबिम्बन, शिक्षक नेटवर्क, सहकार्यात्मक रूपमा गरिने अनुसन्धान (Collaborative Research), मेन्टरिङ, कोचिङ आदि) सञ्चालन गरिने व्यवस्था गरेको छ । साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमनेसामने, विद्यालयमा आधारित, मिश्रित, अनलाइन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने उल्लेख छ ।

दिगो विकास लक्ष्य नं. ४: शिक्षा २०३० कार्यान्वयनको राष्ट्रिय प्रारूपअनुसार नेपालले सन् २०३० सम्ममा आधारभूत र माध्यमिक तहमा कार्यरत शत प्रतिशत शिक्षकहरूलाई न्यूनतम सङ्गठित शिक्षक तालिम प्रदान गर्ने लक्ष्य राखेको अवस्था छ ।

हाल सञ्चालित विद्यालय शिक्षा क्षेत्र योजना (२०७९/०८०-२०८९/०९०) ले पनि कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याई विद्यार्थीहरूको सिकाइ उपलब्धि बढाउन शिक्षक तालिममा मात्र सीमित नभई शिक्षक पेसागत विकासका आयामलाई फराकिलो बनाउँदै शिक्षक तालिमका साथै गोष्ठी तथा सेमिनार, शिक्षक मेन्टरिङ, शिक्षक सिकाइ समूह गठन, पाठ अध्ययन (Lesson study), कार्यमूलक अनुसन्धान आदिलाई जोड दिएको अवस्था छ ।

तसर्थ सङ्घीयताको मर्मअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा प्रारम्भिक बालविकास तथा शिक्षादेखि माध्यमिक तहसम्म कार्यरत शिक्षकको पेसागत विकासको आयामलाई फराकिलो बनाउँदै पेसागत दक्षताका अवसरहरू बढी भन्दा बढी उपलब्ध गराउन आवश्यक भएको हुँदा विद्यमान शिक्षक पेसागत विकास प्रारूप, २०७२ लाई परिमार्जन गरिएको हो ।

यस परिमार्जित संस्करणको मुख्य उद्देश्य शिक्षक पेसागत विकासको आयामलाई फराकिलो बनाउँदै निरन्तर शिक्षक पेसागत विकासका अवसरहरूमा सबै शिक्षकको समतामूलक पहुँच सुनिश्चित गर्दै पेसागत विकास कार्यक्रमबाट सिकेका शिक्षण सीपको प्रयोग गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने र अन्ततोगत्वा विद्यार्थीको सिकाइ उपलब्धिमा बढोत्तरी ल्याउनु रहेको छ । यस परिमार्जित प्रारूपमा शिक्षक तालिमलगायतका शिक्षक पेसागत विकासका विभिन्न विधिहरू र तिनको प्रभावकारी कार्यान्वयन, प्रमाणीकरण, सरोकारवालाहरूको भूमिका आदि पक्षहरूलाई समावेश गरिएको छ ।

## २. शिक्षक पेसागत विकासको विगतको अभ्यास

नेपालमा शिक्षाको सुधारका लागि ग्रामीण विकासका लागि सेती परियोजना (१९८१-१९९१) र सोपश्चात् पनि धेरै योजना/परियोजनाहरू कार्यान्वयनमा आए। प्राथमिक शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), माध्यमिक शिक्षा परियोजना, शिक्षक शिक्षा आयोजना, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास कार्यक्रम हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना (२०२२/०२३-२०३१/०३२) ले समेत शिक्षकको पेसागत सहयोगलाई महत्व दिएको पाइन्छ। वि.सं. २०५० सालमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनासँगै केन्द्रमा शैक्षिक जनशक्ति विकास केन्द्र र त्यसअन्तर्गत मुलुकको विभिन्न स्थानमा ९ ओटा प्राथमिक शिक्षक तालिम केन्द्रहरू स्थापना भए । यसका साथै शिक्षक तालिमसम्बन्धी काम गर्न केन्द्रमा दुर शिक्षा केन्द्र र माध्यमिक शिक्षा विकास केन्द्र सञ्चालनमा थिए । साविकमा रहेका दुर शिक्षा केन्द्र र माध्यमिक शिक्षा विकास केन्द्र शैक्षिक जनशक्ति विकास केन्द्रमा गाभिएपछि शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतका शिक्षक तालिम केन्द्रहरू र साविकको शिक्षा विभाग मातहतका अगुवा स्रोत केन्द्रहरू र स्रोत केन्द्रहरूमार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएको अवस्था थियो। साविकको शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतका शैक्षिक तालिम केन्द्रहरू तथा तालिम प्रदायक संस्थाहरूबाट चरणबद्ध रूपमा १० महिने सेवाकालीन शिक्षक तालिम सञ्चालन भयो भने तत्कालीन समयमा निजी स्तरका शिक्षा तालिम केन्द्रहरूबाट दुई चरणमा गरी १० महिने पूर्व सेवाकालीन शिक्षक तालिम सञ्चालन गर्ने कामसमेत भयो । १० महिने सेवाकालीन तालिमका कार्यक्रम सम्पन्न भइसकेपछि विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनसँगै टिपिडी तालिम सञ्चालन गर्न थालियो।

मुलुक सङ्घीय संरचनामा गएसँगै साविकको शैक्षिक जनशक्ति विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र र शिक्षा विभाग गाभिन गई शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा रुपान्तरण हुन पुग्यो। यसका साथै मुलुकभर सञ्चालनमा आएका सबै १०५३ ओटा स्रोत केन्द्रहरू र ४६ ओटा अगुवा स्रोत केन्द्रहरू पनि खारेज भएका छन् । यसैगरी मुलुकका विभिन्न स्थानमा सञ्चालनमा आएका 'क' वर्गका ९ ओटा शिक्षक तालिम केन्द्रहरू र 'ख' वर्गका २० ओटा तालिम केन्द्रहरू समायोजन तथा खारेज भई प्रत्येक प्रदेशमा एक-एक ओटा मात्र रहने गरी हाल मुलुकभर जम्मा ७ ओटा प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रहरू सञ्चालनमा छन् । ती तालिम केन्द्रहरूले अनलाइन तथा अफलाईन विधिबाट एक महिने प्रमाणीकरण शिक्षक तालिम (दुई चरणमा) र कस्टमाइज्ड शिक्षक तालिम सञ्चालन गर्दै आएका छन् । आ.व. २०७९/०८० देखि कस्टमाइज्ड शिक्षक तालिम स्थानीय तहहरूबाट पनि सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रम (२०४३/०७४-२०७७/०७८) को अवधिमा शिक्षक पेसागत विकासका लागि निम्न अनुसारको व्यवस्था गरिएको थियोः-

(१) एक शिक्षकले पाउने ३० दिनको प्रमाणीकरण तालिम १५-१५ दिन गरेर दुई चरणमा सञ्चालन हुने

(२) दुवै चरणका तालिमलाई १० दिनको पहिलो खण्ड र पाँच दिनको दोस्रो खण्ड गरेर दुई खण्डमा सञ्चालन हुने

(३) दश दिनको पहिलो खण्डको तालिम तालिम प्रदायक संस्थाबाट आमनेसामने, अनलाइन तथा मिश्रित विधिबाट सञ्चालन हुने

(४) दश दिनको तालिमपछि सहभागी शिक्षकले आफ्नै विद्यालयमा गएर अभ्यास शिक्षण वा अभ्यास कार्य गरी प्रतिवेदन तयार गर्नुपर्ने र तालिम प्रदायक संस्थामा प्रतिवेदन पेस गर्नुपर्ने र यस कार्यलाई दोस्रो खण्डको पाँच कार्य दिन बराबरको सिकाइ अनुभव मानिने।

## ३. शिक्षक पेसागत विकासको कार्यक्रमबाट प्राप्त सिकाइ तथा अनुभव

शिक्षक पेसागत विकासका लागि विगतमा विभिन्न प्रकारका तालिम कार्यक्रमहरू सञ्चालन गरिएको थियो तर शिक्षक पेसागत विकास (TPD) को अवधारणा औपचारिक रूपमा विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट प्रारम्भ भएको हो । विद्यालय क्षेत्र सुधार कार्यक्रम र विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधिमा शिक्षक पेसागत विकास कार्यक्रम कार्यान्वयनबाट निम्नअनुसारका सिकाइ तथा अनुभव प्राप्त भएका छन्:-

(१) विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत शिक्षक पेसागत विकास कार्यक्रमको कार्यान्वयन प्रक्रिया पूर्ण रूपमा विकेन्द्रित रहेको । शिक्षकले सीप विकास गर्न चाहेको विषयवस्तुको माग सङ्कलन गर्ने, मागको विश्लेषण गरेर बहुसङ्ख्यक शिक्षकबाट माग भएको विषयवस्तु पहिचान गर्ने, पहिचान भएको विषयवस्तुमा तालिम पाठ्यक्रम र अन्य तालिम सामग्री बनाउने, तालिम सञ्चालन गर्ने र विद्यालय भ्रमण गरेर शिक्षकलाई परेको समस्या बुझेर आवश्यक सल्लाह वा परामर्श दिने जस्ता नितान्त प्राविधिक कार्य स्थानीय तालिम प्रदायक निकायलाई मात्र जिम्मेवारी दिइएको थियो। विकेन्द्रीकृत मोडेलबाट तालिम सञ्चालन हुँदा तालिम सहभागितामूलक र अपनत्व बोध भएको पाइयो ।

(२) विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत शिक्षक पेसागत विकास तालिमको संरचनामा सामान्य परिवर्तन गरी आमनेसामने खण्डको अवधि बढाई विषयवस्तुमा सघन छलफल हुने गरी सञ्चालनमा ल्याइएको थियो । पेसागत सीप विकासमा सहभागी हुने शिक्षकको सङ्ख्या अत्यन्त ठुलो रहेको तर यसका लागि पूर्वाधार र मानवीय स्रोतको कमी रहेको अवस्था थियो । विगतमा सञ्चालनमा रहेका २९ ओटा शिक्षक तालिम केन्द्रहरू र ४६ ओटा अगुवा स्रोत केन्द्रहरूको सट्टा मुलुक सङ्घीयतामा

गएसँगै प्रत्येक प्रदेशमा प्रदेश सरकार मातहत एक एक ओटा गरी जम्मा ७ ओटा मात्र शिक्षा तालिम केन्द्रहरू कायम रहन गएकाले शिक्षक तालिममा सबैको पहुँच सुनिश्चित गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । आवश्यकताअनुसार तालिमको अनुगमन गर्न वा फलोअप सहयोग उपलब्ध गराउन र अभिलेख राख्न कठिनाइ भएको अवस्था अहिले छ ।

(३) शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षक तालिम राख्न मात्र पर्याप्त हुँदैन। यो त शिक्षक पेसागत विकासको एउटा माध्यम वा विधि मात्र हो। तसर्थ शिक्षक मेन्टरिङ, कार्यशाला तथा गोष्ठी, स्वाध्ययन अभ्यास, शिक्षकहरूको सिकाइ सञ्जाल, सहपाठी कक्षा अवलोकन र छलफल, पाठ अध्ययन (Lesson study), कार्यमूलक अनुसन्धान आदिलाई पनि निरन्तर शिक्षक पेसागत विकासका माध्यम वा विधिका रूपमा उपयोगमा ल्याउन अति आवश्यक देखिएको छ ।

(४) शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने एक महिने प्रमाणीकरण शिक्षक तालिम तथा कस्टमाइज्ड शिक्षक तालिम, शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहबाट सञ्चालन हुने कस्टमाइज्ड शिक्षक तालिम प्राप्त गरेका शिक्षकहरूको अभिलेखीकरण गर्ने, तालिमको प्रमाणीकरण गर्ने र शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग Memorendum of Understanding (MoU) एवम् शिक्षा तालिम केन्द्रहरूसँग समन्वय र सहकार्य गरी यस प्रारूपबमोजिमको मापदण्ड पूरा गरी गैरसरकारी क्षेत्रबाट सञ्चालन भएका शिक्षक तालिमको समकक्षता तथा प्रमाणीकरण कार्यलाई व्यवस्थित गर्न समेत आवश्यक भएको छ ।

उल्लिखित सिकाइ अनुभव, विद्यमान शिक्षाका नीतिगत व्यवस्था, अन्तर्राष्ट्रिय अभ्यास, हाल सञ्चालित विद्यालय शिक्षा क्षेत्र योजनाका प्रावधान आदिका आधारमा शिक्षक पेसागत विकास प्रारूप, २०७२ मा आवश्यक सुधार र परिमार्जन गरिएको छ ।

## परिच्छेद-२
## शिक्षक पेसागत विकास

### १. शिक्षक सक्षमताहरू

शिक्षक सक्षमता प्रारूप, २०७२ मा शिक्षकका लागि विभिन्न सक्षमताहरू निर्धारण गरिएका छन। ती सक्षमताहरू शिक्षकमा हासिल गर्नका लागि यस प्रारूपबमोजिम शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा तालिम पाठ्यक्रम, प्रशिक्षक निर्देशिका र तालिम स्रोत सामग्री निर्माण गर्दा तिनलाई ध्यान दिइने र केन्द्रमा हुने प्रशिक्षक प्रशिक्षण सञ्चालन र प्रदेश शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने शिक्षक तालिम कार्यक्रममा समेत उक्त सक्षमताहरूलाई समावेश गरिने छ ।

शिक्षक सक्षमता प्रारूप, २०७२ ले निर्धारण गरेका शिक्षकका सक्षमताहरू देहायअनुसार रहेका छन्:-

(१) विषयवस्तुको ज्ञान (Content knowledge)

(२) शिक्षण सिकाइका तौरतरिकाको ज्ञान (Pedagogic knowledge)

(३) बालबालिका/सिकारूको ज्ञान (Knowledge about children)

(४) सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन (Learning environment and classroom management)

(५) सञ्चार तथा सहकार्य (Communication and collaboration)

(६) निरन्तर सिकाइ तथा पेसागत विकास (Continuous learning and professional development)

(७) कानुनी आधार तथा पेसागत आचारसंहिता (Legal back up and code of conduct)

(८) सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology)

## २. शिक्षक पेसागत विकासका उद्देश्य

(१) शिक्षण सिकाइमा सुधार ल्याउन शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षक तालिमलगायत विविध अवसरहरू विस्तार गर्दै तिनमा सबै शिक्षकको समतामूलक पहुँच सुनिश्चित गर्दै यसलाई आवश्यकतामा आधारित र व्यावहारिक बनाउनु

(२) अपाङ्गता तथा विभिन्न सिकाइ क्षमता र आवश्यकता भएका बालबालिकाको सिकाइ सहजीकरणका लागि सम्बन्धित शिक्षकहरूको पेसागत क्षमता विकासका लागि विशेष अवसर उपलब्ध गराउनु

(३) शिक्षक पेसागत विकासका कार्यक्रमलाई आमनेसामने, अनलाइन तथा मिश्रित पद्धतिमा आधारित बनाई समकालिक र असमकालिक सिकाइका विधिहरूको प्रयोग गरी शिक्षकहरूमा पेसागत अनुकूलनता र उत्थानशीलता विकास गर्नु

(४) शिक्षक पेसागत विकास तालिमको अभिलेखीकरण र प्रमाणीकरणलाई व्यवस्थित गर्नु

(५) गैरसरकारी सङ्घसंस्थासँगको समन्वय र सहकार्यमा सञ्चालन हुने शिक्षक तालिमलाई व्यवस्थित बनाउनु

(६) शिक्षक पेसागत विकासमा सम्बन्धित सरोकारवालाहरूलाई जिम्मेवार बनाउनु

(७) शिक्षक पेसागत विकाससँग सम्बन्धित क्रियाकलापको सञ्चालनपश्चात् शिक्षकले सिकेका सीपको कक्षाकोठामा रूपान्तरण, त्यससम्बन्धी कामको फलोअप र विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधारको लागि प्रोत्साहन गर्नु

## ३. शिक्षक पेसागत विकासका आधार

(१) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षक पेसागत विकास तालिम र कस्टमाइज्ड शिक्षक तालिमका पाठ्यक्रम तथा तालिम सामग्री विकास गर्दा विद्यालय शिक्षाको पाठ्यक्रम, शिक्षकका शिक्षण सिकाइसम्बन्धी वास्तविक आवश्यकता, प्रणालीको आवश्यकता आदिका आधारमा गरिने छ ।

(२) विद्यालयमा गरिने परियोजना कार्य अभ्यासलाई प्रमाणीकरण शिक्षक तालिमको अभिन्न अङ्ग बनाईने छ।

(३) प्रमाणीकरण शिक्षक तालिम र कस्टमाइज्ड शिक्षक तालिम सञ्चालनका लागि सक्षमता विकास गरी सोका आधारमा प्रशिक्षक तयारी गरिने छ ।

(४) शिक्षक पेसागत विकास तालिमलाई सहभागी केन्द्रित, क्रियाकलाप र शिक्षण विधि तथा तौरतरिकाको अभ्यासमा आधारित बनाईने छ ।

(५) शिक्षक पेसागत विकास तालिमलाई आमनेसामने वा अनलाइनमा आधारित बनाईने छ।

(६) शिक्षक पेसागत विकास तालिमलाई समकालिक, असमकालिक तथा मिश्रित विधिलाई प्राथमिकता दिइने छ ।

(७) शिक्षक पेसागत विकासका लागि शिक्षक मेन्टरिङ, कार्यमूलक अनुसन्धान, शिक्षक सञ्जाल र सम्मेलन, पाठ अध्ययन (Lesson study) आदिलाई प्रभावकारी रूपमा उपयोगमा ल्याइने छ ।

(८) शिक्षक पेसागत विकासमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने छ।

(९) शिक्षकको पेसागत विकासका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश शिक्षा तालिम केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहबीच प्रभावकारी समन्वय र सहकार्यलाई अभिवृद्धि गरिने छ ।

(१०) शिक्षक पेसागत विकासको तालिम सञ्चालनमा फ्लिप्ड मोडेलको (Flipped model) अवलम्बन गरिने छ ।

(११) शिक्षकले तालिम तथा पेसागत विकासका कार्यक्रममा सिकेका सीपहरूको कक्षाकोठामा रुपान्तरण तथा सिकाइ क्रियाकलापमा प्रयोगमा ल्याए नल्याएको फलोअप गर्न र विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको असर वा प्रभावका विषयमा अध्ययन गर्न स्थानीय तहलाई उत्प्रेरित र सहजीकरण गर्ने वातावरण निर्माणमा ध्यान दिइने छ।

## परिच्छेद-३
## शिक्षक पेसागत विकासका विधिहरू

### १. सेवा प्रवेश तालिम

(१) शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भई पदस्थापनाका लागि पठाइएका नवप्रवेशी शिक्षकहरूलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास गरिएको तालिम पाठ्यक्रममा आधारित भई एक महिना (३० कार्यदिन) को सेवा प्रवेश तालिम सञ्चालन गरिने छ ।

(२) एक महिने सेवा प्रवेश तालिमको १५ दिन अवधि आमनेसामने (Face to Face) वा अनलाइन (Online) वा मिश्रित (Blended) विधिबाट र बाँकी १५ दिन अवधि विद्यालयमा आधारित हुने छ। यससम्बन्धी विस्तृत क्रियाकलापहरू सेवाप्रवेश तालिम पाठ्यक्रममा समावेश हुने छ ।

(३) नवप्रवेशी शिक्षकहरूलाई पेसागत जिम्मेवारी, दायित्व र भूमिकाप्रति सचेत गराई शिक्षण पेसाप्रति नवीन र सकारात्मक सोच विकास गर्ने, सिकाइ सहजीकरण सीप विकास गर्ने, अपाङ्गता भएका र विभिन्न सिकाइ आवश्यकता भएका बालबालिकाको विकास तथा सिकाइमा सहजीकरण गर्ने सीप विकासको महत्त्वपूर्ण आधारको रूपमा यस तालिमलाई लिइने छ ।

(४) सेवा प्रवेश तालिम प्रदेश शिक्षा तालिम केन्द्रबाट प्रदान गरिने छ । सहभागी सङ्ख्या र संस्थागत क्षमताको आधारमा शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहबाट समेत यो तालिम सञ्चालन गर्न सकिने छ । तालिमको अभिलेख व्यवस्थापन र प्रमाणीकरण गर्ने काम शिक्षा तालिम केन्द्रबाट हुने छ ।

(५) प्रत्येक नवप्रवेशी शिक्षकलाई यो तालिम प्रदान गरिने छ ।

### २. एक महिने प्रमाणीकरण तालिम

**(१) तालिमका आधार**

(क) प्रमाणीकरण तालिमलाई शिक्षक पेसागत दक्षता अभिवृद्धिका साथै वृत्ति विकासको अवसरसँग आबद्ध गरिने छ।

(ख) प्रमाणीकरण तालिमको सञ्चालन शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विकास गरेको शिक्षक तालिम पाठ्यक्रमका आधारमा हुने छ। तालिम पाठ्यक्रम विकास गर्दा विद्यालय शिक्षाको पाठ्यक्रम, विषयगत शिक्षणका नयाँ विधि र तौरतरिकाहरू, विभिन्न सिकाइ आवश्यकता भएका बालबालिकाहरूको सिकाइ सहजीकरण गर्ने सीप, शैक्षिक अनुसन्धानका सुझावहरू र शिक्षकका आवश्यकतालाई आधार लिइने छ ।

(ग) शिक्षक तालिम सञ्चालन गर्ने प्रशिक्षकको क्षमता विकासका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने छ ।

(घ) विद्यालयको पठनपाठनमा बाधा न्यूनीकरण गर्ने ध्येयले शिक्षा तालिम केन्द्रहरूले सकेसम्म विद्यालय बिदाको अवधि वा शैक्षिक सत्रको अन्त्य तथा नयाँ शैक्षिक सत्रको सुरूआतको समयलाई उच्च प्राथमिकता दिई प्रमाणीकरण शिक्षक तालिम सञ्चालन गर्ने छन्।

(ङ) स्थानीय तहबाट छनोट भएका सहभागीहरूलाई प्रदेशस्थित शिक्षा तालिम केन्द्रमार्फत प्रमाणीकरण तालिम सञ्चालन हुने छ ।

(च) शिक्षण सेवामा प्रवेश गरेको ५ वर्षभित्र प्रमाणीकरण तालिम पाउने व्यवस्था गरिने छ ।

## (२) तालिमको संरचना

(क) प्रमाणीकरण तालिम ३० कार्य दिनको हुने छ।

(ख) ३० कार्यदिनलाई १५/१५ कार्यदिन हुने गरी दुई खण्डमा विभाजन गरिने छ।

(ग) पहिलो खण्डको १५ कार्य दिने तालिम आमनेसामने (Face to face), अनलाइन (Online) तथा मिश्रित (Blended) पद्धतिमा आधारित भई समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरूको प्रयोग गरिने छ ।

(घ) दोस्रो खण्डको १५ कार्य दिने विद्यालयमा आधारित तालिमको क्रियाकलापहरू पहिलो खण्डको तालिम समाप्त भएको मितिले ६० दिनभित्र तल तालिकामा दिइएका कार्यहरू सम्पन्न गर्नुपर्ने छ र सम्पादन गरेका कार्यहरूको विस्तृत प्रतिवेदन तयार गरी शिक्षा तालिम केन्द्रले निर्धारण गरेको मितिमा अनिवार्य रूपमा प्रस्तुतीकरण गर्नुपर्ने छ।

**विद्यालयमा आधारित तालिमका क्रियाकलापहरू**

| क्र.स. | क्रियाकलाप | भार (कार्यदिन) |
|---|---|---|
| १ | कम्तीमा दशओटा पाठयोजनासहित अभ्यास शिक्षण | ३ |
| २ | शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) | २ |
| ३ | कार्यमूलक अनुसन्धान | २ |
| ४ | पाठ अध्ययन अभ्यास (Lesson Study Practice) (योजना, कार्यान्वयन, प्रतिबिम्बन र सुधार) | २ |

| | | |
|---|---|---|
| ५ | सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग | २ |
| ६ | सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग | २ |
| ७ | पन्ध्र दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रमअनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या छसम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य | २ |
| | जम्मा दिन | १५ |

**(३) प्रशिक्षक तयारी**

तालिम सञ्चालनका लागि शिक्षा तालिम केन्द्रमा कार्यरत प्रशिक्षकहरूका साथै शिक्षक प्रशिक्षक सक्षमता प्रारूपका आधारमा योग्य प्रशिक्षकको विज्ञसूची (Roster) समेत बनाईने छ। विज्ञसूची (Roster) मा रहने प्रशिक्षकको छनोटका लागि निम्न आधारहरू उपयोग गरिने छः-

(अ) विश्वविद्यालय र अन्तर्गतका उच्च शिक्षा शिक्षण संस्थामा पढाउने प्राध्यापक

(आ) माध्यमिक तहमा कम्तीमा ५ वर्ष काम गरेको शिक्षक

(इ) सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त

(ई) सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान तथा सीप भएको

(उ) शिक्षण सिकाइका क्षेत्रमा नवीनतम प्रयोग तथा खोज अनुसन्धानमा संलग्न

(ऊ) सम्बन्धित तालिम पाठ्यक्रममा आधारित प्रशिक्षक प्रशिक्षण प्राप्त

**(४) तालिमका लागि सामग्री व्यवस्था**

(क) शिक्षक पेसागत विकासका लागि प्रमाणीकरण तालिम शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम र सोका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र वा शिक्षा तालिम केन्द्रबाट विकास गरिएका प्रशिक्षक निर्देशिका, प्रशिक्षार्थी स्रोत सामग्री र अन्य आवश्यक सामग्रीका आधारमा सञ्चालन गरिने छ।

(ख) शिक्षा तालिम केन्द्रले प्रमाणीकरण शिक्षक तालिम सञ्चालन गर्दा स्थानीय आवश्यकतालाई समेट्ने गरी स्वीकृत तालिम पाठ्यक्रममा २० प्रतिशतसम्म विषयवस्तु अनुकूलन गरी सञ्चालन गर्न सक्ने छन् ।

**(५) तालिममा सहभागी शिक्षकको मूल्याङ्कनका आधार**

(क) तालिममा सहभागी शिक्षकको मूल्याङ्कनको कुल भार १०० अङ्कको हुने छ।

(ख) मूल्याङ्कनका आधार र अङ्क विभाजन तलको तालिकामा उल्लेख भएअनुसार हुने छ।

| क.स. | मूल्याङ्कनका आधार | अङ्क |
|---|---|---|
| **पहिलो खण्डः आमनेसामने, अनलाइन तथा मिश्रित (Blended) पद्धतिमा आधारित कार्यशाला** | | |
| १ | **सहभागिता** | **१५** |
| १.१ | उपस्थिति | ३ |
| १.२ | छलफल तथा प्रस्तुतीकरणमा सक्रियता | ६ |
| १.३ | आचारसंहिताको पालना | ३ |
| १.४ | तालिमप्रतिको प्रतिबद्धता | ३ |
| २ | **लिखित परीक्षा** | **३०** |
| ३ | **विद्यालयमा आधारित तालिमका क्रियाकलाप सञ्चालनका लागि कार्ययोजना निर्माण** | **५** |
| | **जम्मा** | **५०** |
| **दोस्रो खण्डः विद्यालयमा आधारित तालिमका क्रियाकलापहरू** | | |
| १ | कार्यसम्पादन | २१ |
| २ | प्रतिवेदन | २१ |
| ३ | प्रस्तुतीकरण | ८ |
| | **जम्मा** | **५०** |
| | **दुवै खण्डको कुल जम्मा** | **१००** |

(ग) तालिममा अनुपस्थित रहँदा प्रति सत्र ०.५ अङ्क घटाइने छ र तीन सत्र वा सोभन्दा बढी अनुपस्थित हुने सहभागीको तालिम पूरा नभएको मानिने छ।

(घ) तिस अङ्कको लिखित परीक्षाका लागि १० ओटा बहुवैकल्पिक प्रश्नमा ५ अङ्क, ५ ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नमा १५ अङ्क र २ ओटा लामो उत्तरको प्रश्नमा १० अङ्क छुट्याइने छ । तालिमको वैधताका लागि तालिम पाठ्यक्रम समेट्ने गरी विशिष्टीकरण तालिका निर्माण गरी प्रश्न पत्र निर्माण गरिने छ ।

(ङ) शिक्षकले तोकिएका कार्यहरू विद्यालयका प्रधानाध्यापकसँगको समन्वय, सहकार्य, सहयोग र सहजीकरणमा सम्पादन गर्नुपर्ने छ ।

(च) शिक्षकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन सम्बन्धित विद्यालयका प्रधानाध्यापकबाट र प्रधानाध्यापकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन स्थानीय तहको शिक्षा शाखा वा शाखाले तोकेको विज्ञबाट प्रमाणित गरेको हुनुपर्ने छ।

(छ) विद्यालयमा आधारित तालिम क्रियाकलापको मूल्याङ्कनका आधारहरू निम्नबमोजिम हुने छः-

| क्र.स. | क्षेत्र | मूल्याङ्कनका आधार | अङ्क |
|---|---|---|---|
| १. | कार्यसम्पादन | १. कम्तीमा दशओटा पाठयोजना सहित अभ्यास शिक्षण<br>२. शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP)<br>३. कार्यमूलक अनुसन्धान<br>४. पाठ अध्ययन अभ्यास (Lesson Study Practice)<br>५. सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग<br>६. सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग<br>७. पन्ध्र दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रम अनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रमसङ्ख्या छ सम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य | ७×३ = २१ |
| २. | प्रतिवेदन | प्रतिवेदनको गुणस्तरीयता<br>१. ढाँचा<br>२. विषयवस्तुको प्रस्तुति<br>३. विश्वसनीय प्रमाणहरू | ७ ओटा प्रतिवेदन × ३ = २१ |
| ३. | प्रस्तुतीकरण | १. आत्मविश्वास<br>२. प्रस्तुतीकरण शैली<br>३. तर्कपूर्ण अभिव्यक्ति<br>४. प्रतिबिम्बन | ८ |

(ज) सहभागीले प्राप्त गरेको अङ्कलाई निम्नअनुसार श्रेणी विभाजन गरिने छः-

| क्र.स. | श्रेणी | अङ्क |
|---|---|---|
| १ | विशिष्टतासहितको प्रथम श्रेणी | ९० र सोभन्दा माथि |
| २ | प्रथम श्रेणी | ८० देखि ९० अङ्कभन्दा कम |
| ३ | द्वितीय श्रेणी | ६५ देखि ८० अङ्कभन्दा कम |
| ४ | तृतीय श्रेणी | ५० देखि ६५ अङ्क भन्दा कम |
| ५ | अनुत्तीर्ण | ५० भन्दा कम अङ्क |

(झ) तालिममा सफल हुन दुवै खण्डमा कम्तीमा ५०/५० प्रतिशत अङ्क प्राप्त गर्नुपर्ने छ।

**(६) प्रमाणीकरण तालिमका लागि शिक्षक छनोट गर्दा प्राथमिकताका आधारहरू**

(क) एक महिने प्रमाणीकरण शिक्षक तालिममा सहभागी छनोट गर्दा देहायका प्राथमिकताका आधार अवलम्बन गरिने छः-

(अ) प्रमाणीकरण तालिम नलिएका स्थायी शिक्षक

(आ) प्रमाणीकरण तालिम नलिएका अन्य शिक्षक

(ख) एउटा तहमा एक महिनाको प्रमाणीकरण तालिम पूरा गरिसकेका शिक्षकहरूलाई त्यही तहमा पुनः प्रमाणीकरण तालिममा सहभागी गराइने छैन। यदि कुनै शिक्षकले एउटै तहमा एक पटक भन्दा बढी प्रमाणीकरण तालिम लिएको प्रमाणित भएमा पहिलो पटकको प्रमाणीकरण तालिमको मात्र वैधता कायम गरिने छ ।

(ग) विद्यालय क्षेत्र सुधार योजना अवधिमा दुईओटा मोडुल वा विद्यालय क्षेत्र विकास योजना अवधिमा पहिलो चरणको तालिम लिएका शिक्षकलाई शिक्षा तालिम केन्द्रले स्थानीय तहसँगको समन्वयबाट त्यस्ता शिक्षकको यथार्थ तथ्याङ्क लिई दुई वर्षभित्रमा साबिकको दोस्रो चरणको तालिममा सहभागी गराई ३० कार्यदिनको प्रमाणीकरण तालिम पूरा गराउनुपर्ने छ ।

## ३. शिक्षक मेन्टरिङ

(१) शिक्षकहरू बीचको पेसागत सम्बन्ध, सहकार्य र साझेदारीका रूपमा शिक्षक मेन्टरिङलाई लिई यसलाई शिक्षकको विद्यालयमा आधारित निरन्तर पेसागत विकासको महत्त्वपूर्ण माध्यमका रूपमा कार्यान्वयनमा ल्याइने छ ।

(२) शिक्षण पेसामा नवनियुक्त शिक्षकलाई सेवा प्रवेश तालिमपश्चात् अनुभवी र आफ्नो विषयक्षेत्रमा विज्ञ मेन्टरको मार्गनिर्देशनमा रहेर विषयसम्बद्ध आधारभूत शैक्षणिक

सीपहरू (दैनिक पाठयोजना निर्माण, सहयोगात्मक सिकाइ वातावरण निर्माण, शिक्षण विधि तथा तरिकाको प्रयोग, विभिन्न सिकाइ आवश्यकता भएका बालबालिकाहरूको सिकाइ तथा विकासमा सहजीकरण गर्ने, सिकाइ सामग्री निर्माण तथा प्रयोग, विद्यार्थी सिकाइको लेखाजोखा तथा मूल्याङ्कन आदि) विकासका लागि मेन्टरिङ सहायता प्रदान गरिने छ ।

(३) तालिम प्राप्त, अनुभवी र विज्ञ मेन्टरबाट सहकार्यात्मक तथा सहयोगात्मक शैली अवलम्बन गरी मेन्टरिङ सहायता सञ्चालन हुने छ । शिक्षक मेन्टरिङको अवधि ६ महिनाको हुने छ ।

(४) शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधिले निर्धारण गरेका मेन्टीमा हुनुपर्ने सक्षमता हासिल गर्ने गरी शिक्षक मेन्टरिङ सञ्चालन गरिने छ ।

(५) शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि (Standard Operating Procedure) का आधारमा स्थानीय तहबाट शिक्षक मेन्टर छनोट, परिचालन र यससम्बन्धी आवश्यक अन्य व्यवस्था गरिने छ ।

(६) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शिक्षा तालिम केन्द्रका प्रशिक्षक र रोस्टर प्रशिक्षकहरूको शिक्षक मेन्टरिङसम्बन्धी क्षमता विकासका लागि प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिने छ । शिक्षा तालिम केन्द्रबाट शिक्षक मेन्टरको क्षमता विकासका लागि तालिम सञ्चालन गरिने छ ।

(७) शिक्षा तालिम केन्द्रबाट स्थानीय तहमा कार्यरत शिक्षा अधिकृतहरूका लागि शिक्षक मेन्टरिङसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

(८) स्थानीय तहबाट विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि शिक्षक मेन्टरिङसम्बन्धी अभिमुखीकरण सञ्चालन गरिने छ।

(९) शिक्षक मेन्टरिङ सहायता प्रक्रिया शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको कार्यविधिबमोजिम हुने छ।

(१०) मेन्टरिङ सहायताबाट विद्यार्थीको सिकाइ उपलब्धि बढाउने शिक्षक र मेन्टरलाई विद्यालय तथा स्थानीय तहबाट सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था हुने छ ।

**४. छोटो अवधिको कस्टमाइज्ड तालिम**

(१) शिक्षकको आवश्यकताअनुसारको विषयमा पाँच दिनको कस्टमाइज्ड/पुनर्ताजगी तालिम प्रदान गरिने छ।

(२) शिक्षा तथा मानव स्रोत विकास केन्द्र/शिक्षा तालिम केन्द्र/शिक्षा विकास तथा समन्वय इकाइ/स्थानीय तहले कस्टमाइज्ड/पुनर्ताजगी तालिमका पाठ्यक्रम र तालिम सामग्री विकास गर्न सक्ने छन् ।

(३) शिक्षा तथा मानव स्रोत विकास केन्द्र/शिक्षा तालिम केन्द्र/ शिक्षा विकास तथा समन्वय इकाइ/ स्थानीय तहले विकास गरेको स्वीकृत तालिम पाठ्यक्रमका

आधारमा शिक्षा तालिम केन्द्र/शिक्षा विकास तथा समन्वय इकाइ/स्थानीय तहबाट यो तालिम सञ्चालन हुने छ । तालिमको अभिलेख तालिम प्रदायक संस्थाले व्यवस्थित गरी राख्नुपर्ने छ । स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइबाट सञ्चालित तालिमको अभिलेख सम्बन्धित प्रदेश शिक्षा तालिम केन्द्रमा समेत पठाउनुपर्ने छ ।

(४) यस खालको तालिममा सिकेका शिक्षणसम्बन्धी ज्ञान तथा सीपको कक्षाकोठामा प्रयोगलाई सुनिश्चित गर्नका लागि स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेश स्थित शिक्षा तालिम केन्द्र र आवश्यकता अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट फलोअप सहायता, अनुगमन तथा सुपरिवेक्षण हुने छ ।

(५) शिक्षकको निरन्तर पेसागत विकासका लागि स्थानीय तहले आवश्यकताअनुसार पाँच दिनभन्दा कम अवधिका मोडुलर शिक्षक तालिम सामग्री विकास गरी तालिम सञ्चालन गर्न सक्ने छ ।

## ५. पाठ अध्ययन (Lesson Study)

(१) विद्यालयमा आधारित शिक्षक पेसागत विकासको नमुनाको रूपमा पाठ अध्ययनलाई शिक्षकहरूको सहकार्यात्मक अभ्यासका रूपमा कार्यान्वयन गरिने छ ।

(२) पाठको योजना निर्माण, पाठ शिक्षण तथा अवलोकन, पाठ शिक्षणबारे छलफल र प्रतिबिम्बनका आधारमा विद्यार्थीको सिकाइमा सुधार ल्याउने गरी शिक्षकको सामूहिक सहकार्यबाट पाठ अध्ययनलाई प्रभावकारी र गुणस्तरीय बनाउँदै निरन्तर गरिने प्रतिबिम्बात्मक प्रक्रियाका रूपमा यसलाई उपयोग गरिने छ ।

(३) पाठ अध्ययनलाई कार्यान्वयनमा ल्याउनका लागि आवश्यकताअनुसार शिक्षक तालिम सञ्चालन गरिने छ । यसका लागि शिक्षक तालिम पाठ्यक्रम र तालिम सामग्री विकास गरिने छ ।

(४) पाठ अध्ययनका माध्यमबाट आफ्नो पेसागत क्षमता विकास गरी विद्यार्थीको सिकाइ उपलब्धि बढाउने शिक्षकहरूलाई विद्यालय र स्थानीय तहले सम्मान गर्ने तथा प्रोत्साहन प्रदान गर्ने छन् ।

(५) स्थानीय तह र विद्यालयहरूले पाठ अध्ययन अभ्यासका माध्यमबाट शिक्षकहरूको पेसागत क्षमता विकास गराउँदै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन आवश्यक सहयोग गर्ने छन् ।

## ६. स्वनिर्देशित सिकाइ

(१) स्वसिकाइका लागि व्यक्तिगत सिकाइ योजना बनाउन, सिकाइका लागि उपयुक्त र गुणस्तरीय स्रोत साधन तथा सामग्री (इन्टरनेट, किताब, मानव आदि) खोजी गर्न र सामग्री खोज गर्ने उपयुक्त रणनीतिहरू प्रयोगमा ल्याउन तथा आफ्नो सिकाइको आफैँले अनुगमन गर्न सक्षम बनाउने गरी स्वनिर्देशित सिकाइलाई शिक्षक पेसागत विकासको एक सशक्त माध्यमका रूपमा प्रयोगमा ल्याइने छ ।

(२) शिक्षकलाई आफ्नै प्रयासमा सिक्न र दक्षता बढाउन प्रोत्साहन गरिने छ । इन्टरनेटको प्रयोग गरी खुला शैक्षिक स्रोतहरूको पहुँचमा पुगेर सही र गुणस्तरयुक्त सामग्री छनोट गरी स्वसिकाइलाई सबल बनाउन शिक्षकलाई सक्षम बनाउने गरी शिक्षक तालिम प्रदान गरिने छ ।

(३) स्वनिर्देशित सिकाइलाई विद्यालयमा आधारित निरन्तर शिक्षक पेसागत विकासको एक सशक्त माध्यमका रूपमा कार्यान्वयन गरिने छ । प्रधानाध्यापकको सहजीकरणमा शिक्षकहरूबाट स्वनिर्देशित सिकाइलाई कार्यान्वयनमा ल्याइने छ ।

(४) शिक्षकबाट स्वसिकाइ योजना निर्माण, सोको कार्यान्वयन र योजनाको प्रभावकारी कार्यान्वयन र सिकाइमा आएको सुधारलाई समेटी प्रधानाध्यापकलाई प्रतिवेदन पेस गर्नुपर्ने छ । प्रधानाध्यापकले यसलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग समेत आबद्ध गर्न सक्ने छन् ।

(५) स्वनिर्देशित सिकाइ अभ्यासको प्रक्रिया, कार्यान्वयन र उपलब्धिका बारेमा नियमित शिक्षक स्टाफ बैठकमा समीक्षा हुने छ ।

(६) स्वसिकाइबाट अनुभव आर्जन गर्ने, प्राप्त अनुभवको पुनरावलोकन र प्रतिबिम्बन गर्ने तथा समस्या पहिचान गर्ने, नयाँ सिक्नुपर्ने कुरालाई विद्यमान ज्ञान तथा बुझाइसँग जोड्ने र नयाँ सिकाइलाई अभ्यासमा ल्याउने गरी शिक्षकको निरन्तर पेसागत विकासलाई सबल बनाईने छ ।

(७) स्वअध्ययनका माध्यमबाट आफ्नो पेसागत क्षमता विकास गरी विद्यार्थीको सिकाइ उपलब्धि बढाउने शिक्षकहरूलाई विद्यालय र स्थानीय तहले सम्मान गर्ने तथा प्रोत्साहन प्रदान गर्ने छन् । साथै स्थानीय तहले ती शिक्षकहरूको विज्ञतालाई सिकाइ आदानप्रदानका लागि उपयोगमा ल्याउने आवश्यक व्यवस्था गर्ने छ ।

## ७. कार्यमूलक अनुसन्धान

(१) विद्यालयमा आधारित निरन्तर शिक्षक पेसागत विकासको माध्यमका रूपमा कार्यमूलक अनुसन्धानलाई कार्यान्वयनमा ल्याइने छ ।

(२) शिक्षकले आफ्नो शिक्षण कार्यमा सुधार ल्याउनका लागि शिक्षकद्वारा गरिने कार्यमूलक अनुसन्धानलाई शिक्षकको वृत्ति विकाससँग समेत जोडिने छ ।

(३) हरेक वर्ष प्रत्येक शिक्षकले कम्तीमा एउटा कार्यमूलक अनुसन्धान सम्पन्न गरी प्रतिवेदन प्रधानाध्यापकलाई बुझाउनुपर्ने व्यवस्था क्रमशः गरिने छ ।

(४) कार्यमूलक अनुसन्धानसम्बन्धी शिक्षकको क्षमता विकास गर्न शिक्षक तालिमको समेत व्यवस्था गरिने छ ।

(५) शिक्षकले कार्यमूलक अनुसन्धान सञ्चालन गर्न प्रस्तावना तयार गर्ने, अनुसन्धान सञ्चालन गर्ने, सुधारको अवलोकन गर्ने, प्रतिबिम्बन गर्ने, प्रतिवेदन तयार गर्ने र अनुसन्धानको समीक्षा गर्ने गरी कार्यमूलक अनुसन्धानलाई शिक्षकको पेसागत

विकासको एक सशक्त माध्यमका रूपमा कार्यान्वयनमा ल्याउन विद्यालय र शिक्षकलाई प्रोत्साहित गरिने छ ।

(६) विद्यालयका प्रधानाध्यापकले शिक्षकद्वारा सम्पादित कार्यमूलक अनुसन्धान प्रतिवेदनहरूको व्यवस्थित अभिलेखीकरण गर्ने छन् ।

(७) कार्यमूलक अनुसन्धानका माध्यमबाट आफ्नो पेसागत क्षमता विकास गरी विद्यार्थीको सिकाइ उपलब्धि बढाउने शिक्षकहरूलाई विद्यालय र स्थानीय तहले सम्मान गर्ने तथा प्रोत्साहन प्रदान गर्ने छन् । साथै स्थानीय तहले ती शिक्षकहरूको विज्ञतालाई सिकाइ आदानप्रदानका लागि उपयोगमा ल्याउन शिक्षक सेमिनार तथा कन्फरेन्सको व्यवस्था गर्ने छ ।

## ८. सिकाइ सञ्जाल

(१) हरेक स्थानीय तहले प्रधानाध्यापकहरू, शिक्षक पेसागत महासङ्घको स्थानीय समिति र शिक्षकको विषयगत पेसागत संस्थासँगको समन्वय र सहकार्यमा शिक्षक पेसागत विकासका लागि आफ्नो स्थानीय तहभित्रका विषयगत शिक्षकहरूको सिकाइ सञ्जाल बनाई नियमित रूपमा पाठ्यक्रमको कार्यान्वयन तथा शिक्षणसिकाइसम्बन्धी असल अभ्यासहरूको एकआपसमा आदानप्रदान तथा समस्या समाधानमा सहयोग आदानप्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने छ । दुई वा सोभन्दा बढी स्थानीय तहको समन्वय र सहकार्यमा यस प्रकारका सञ्जाल अन्तरस्थानीय तहबीच पनि निर्माण गर्न सकिने छ ।

(२) शिक्षक सिकाइ सञ्जालमा शिक्षकहरूले अनलाइनबाट पाठ्यक्रम तथा शिक्षण सिकाइसम्बन्धी असल अभ्यास तथा समस्याहरू प्रस्तुत गर्ने छन् ।

(३) स्थानीय तहले सिकाइ सञ्जालको असल अभ्यास आदानप्रदान गर्न वर्षमा कम्तीमा एकपटक विषयगत शैक्षिक सम्मेलन (Subject wise Educational Symphosium) सञ्चालन गर्ने छन् ।

## ९. सहपाठी कक्षा अवलोकन

(१) हरेक विद्यालयले सहपाठी शिक्षकको नियमित र योजनाबद्ध तरिकाले कक्षा अवलोकन गरी रचनात्मक पृष्ठपोषण आदानप्रदान गर्ने व्यवस्था गर्ने छ ।

(२) निर्दिष्ट कक्षा अवलोकन फाराम प्रयोग गरी एकले अर्को विषय मिल्ने शिक्षकको कक्षा अवलोकन गर्ने छन् र कक्षा अवलोकनपश्चात् पृष्ठपोषण आदानप्रदान गरी सिकाइ सहजीकरणमा सुधार ल्याइने छ ।

(३) विद्यालयका प्रधानाध्यापकले सहपाठी कक्षा अवलोकनको आवश्यक व्यवस्था मिलाउने छन् र सोको अभिलेखीकरणको व्यवस्था गर्ने छन् ।

(४) स्थानीय तहले अन्तरविद्यालय सहपाठी कक्षा अवलोकनको आवश्यक व्यवस्था मिलाउन सक्ने छन् ।

(५) शिक्षक पेसागत विकास तालिमको अवधिमा सहभागी शिक्षकहरूलाई कम्तीमा एक सत्र सहपाठी कक्षा अवलोकनसम्बन्धी सीपमा अभ्यास गराइने छ ।

(६) सहपाठी कक्षा अवलोकनका माध्यमबाट शिक्षणसिकाइमा सुधार ल्याई विद्यार्थीहरूको सिकाइमा बढोत्तरी ल्याउने शिक्षकलाई विद्यालयले हरेक वर्ष विद्यालयको वार्षिकोत्सवका दिन सम्मान गर्ने व्यवस्था मिलाउने र स्थानीय तहले विद्यालयको सिफारिसका आधारमा त्यस्ता शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने छ ।

१०. स्वमूल्याङ्कन

(१) शिक्षकहरूलाई विद्यार्थी सिकाइ सहजीकरण कार्यको आफैँबाट मूल्याङ्कन गरी आफ्नो कार्यसम्पादनमा सुधार ल्याउन प्रोत्साहित गरिने छ ।

(२) शिक्षकको स्वमूल्याङ्कनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षक स्वमूल्याङ्कन फाराम विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

## परिच्छेद-४
## विभिन्न सरोकारवालाहरूको भूमिका

**१. मन्त्रालयको भूमिका**

(१) शिक्षक पेसागत विकासका लागि आवश्यक नीतिगत मार्गदर्शन गर्ने तथा आवश्यकताअनुसार निर्देशन दिने

(२) शिक्षक पेसागत विकासका लागि स्रोत व्यवस्थापन गर्न आवश्यकताअनुसार समन्वय गर्ने

**२. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिका**

(१) शिक्षक पेसागत विकाससम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन गर्ने

(२) शिक्षक पेसागत विकाससम्बन्धी प्रारूप र मापदण्ड विकास गर्ने

(३) शिक्षक तालिम पाठ्यक्रम तथा नमुना तालिम सामग्री विकास गर्ने

(४) शिक्षक पेसागत विकाससम्बन्धी योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने

(५) शिक्षा तालिम केन्द्रका प्रशिक्षकहरूका लागि प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने

(६) शिक्षक पेसागत विकासका लागि बजेट व्यवस्थापनसम्बन्धी कार्य गर्ने

(७) शिक्षक पेसागत विकासका विभिन्न कार्यक्रमहरूको गुणस्तर कायम राख्न शिक्षा तालिम केन्द्र र स्थानीय तहहरूसँग आवश्यक समन्वय गर्ने र कार्यक्रमको गुणस्तर मूल्याङ्कन गर्ने

(८) एक महिने प्रमाणीकरण शिक्षक पेसागत विकास तालिमको प्रमाणीकरण गर्ने

(९) शिक्षक पेसागत विकाससम्बन्धी अध्ययन अनुसन्धान सञ्चालन गर्ने

## ३. शिक्षा तालिम केन्द्रको भूमिका

(१) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त ससर्त अनुदानका शिक्षक पेसागत विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने

(२) शिक्षक पेसागत विकाससम्बन्धी योजना तथा कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याउने

(३) एक महिने शिक्षक पेसागत विकास तालिमका लागि प्रशिक्षक निर्देशिका र स्रोत सामग्री विकास गर्ने

(४) कस्टमाइज्ड शिक्षक तालिम पाठ्यक्रम तथा तालिम सामग्री विकास गर्ने

(५) स्थानीय तहमा कार्यरत शिक्षक मेन्टरहरूलाई तालिम प्रदान गर्ने

(६) स्थानीय तहमा शिक्षकहरूको विज्ञ सूची (Roster) तयार गरी कस्टमाइज्ड शिक्षक तालिमका सञ्चालनका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने

(७) शिक्षक पेसागत विकास कार्यक्रम सम्बन्धमा स्थानीय तहका शिक्षा प्रमुख तथा अधिकृतका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने

(८) तालिम प्राप्त शिक्षकलाई फलोअप सहायता प्रदान गर्ने

(९) शिक्षक पेसागत विकास तालिमको अभिलेख व्यवस्थित तथा प्रमाणित गरी प्रमाणीकरणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने

(१०) शिक्षक पेसागत विकाससम्बन्धी अध्ययन अनुसन्धान गर्ने

## ४. शिक्षा विकास तथा समन्वय इकाइ

(१) शिक्षक पेसागत विकासका कार्यक्रम सञ्चालन गर्न शिक्षा तालिम केन्द्र र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने

(२) विद्यालय सुपरिवेक्षण तथा शिक्षक पेसागत सहायतासम्बन्धी आवश्यक कार्य गर्ने

## ५. स्थानीय तहको भूमिका

(१) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त ससर्त अनुदानका शिक्षक पेसागत विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने

(२) शिक्षक पेसागत सहायतासम्बन्धी कार्य गर्ने

(३) शिक्षक पेसागत विकास कार्यक्रम (छोटो अवधिका पुनर्ताजगी तथा कस्टमाइज्ड शिक्षक तालिम) सञ्चालन तोकिएको मापदण्डका आधारमा गर्ने

(४) शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने

(५) शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालनको अभिलेख व्यवस्थित गर्ने

(६) शिक्षक पेसागत विकास तथा सहायताका विभिन्न कार्यक्रम सम्बन्धमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ आदिका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने

(७) विद्यालयमा आधारित निरन्तर शिक्षक पेसागत विकासका लागि विद्यालय तथा शिक्षकहरूलाई प्रोत्साहन गर्ने

(८) शिक्षक तालिम र पेसागत विकासको नियमित अनुगमन र फलोअप तथा विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने

**६. विद्यालयको भूमिका**

(१) विद्यालयमा आधारित निरन्तर पेसागत विकासका कार्यक्रमहरूलाई प्रभावकारी तरिकाले सञ्चालन गरी शिक्षकको पेसागत विकासमा सहयोग गर्ने

(२) शिक्षकलाई निरन्तर पेसागत विकासका कार्यक्रममा सक्रिय सहभागी हुन प्रोत्साहित गर्ने

(३) नवप्रवेशी शिक्षक वा शिक्षण पेसामा १ शैक्षिक सत्रभन्दा कम अध्यापन अनुभव भएका शिक्षकहरूलाई मेन्टरिङ सहायता प्रणालीमा सहभागी हुन प्रोत्साहन गर्ने

(४) विद्यालयमा उपयुक्त सिकाइ वातावरण निर्माण गर्ने

(५) विद्यालयमा सिकाइ संस्कृतिको विकासका लागि आवश्यक काम गर्ने

## परिच्छेद-५

## विविध

**१. विश्वविद्यालयसँग सहकार्य**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश स्थित शिक्षा हेर्ने मन्त्रालय र प्रदेश शिक्षा तालिम केन्द्रसँग सम्झौता र समन्वय गरी विश्वविद्यालयहरूमार्फत शिक्षक पेसागत विकासका कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

**२. गैर सरकारी सङ्घसंस्थासँग सहकार्य**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेशस्थित शिक्षा हेर्ने मन्त्रालय र प्रदेश शिक्षा तालिम केन्द्रसँग सम्झौता वा समझदारी गरेर शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी सङ्घसंस्थाको समन्वय र सहकार्यमा शिक्षक पेसागत विकासका कार्यक्रम सञ्चालन गर्न सकिने छ । यसरी कार्यक्रम सञ्चालन गर्नुपर्दा शिक्षक बढुवालाई असर नपर्ने गरी जिल्लालाई एक इकाइका रूपमा मानेर शिक्षक तालिम सञ्चालन गर्न सकिने छ ।

**३. सार्वजनिक शैक्षिक गुठीका विद्यालयमा कार्यरत शिक्षकलाई तालिम प्रदान गर्न सहकार्य**

प्रदेश शिक्षा तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहहरूसँग

समन्वय र सहकार्य गरी संस्थाको आफ्नै लगानी वा लागत साझेदारी वा खास सर्त तोकी सार्वजनिक शैक्षिक गुठीका विद्यालयमा कार्यरत शिक्षकहरूका लागि समेत एक महिने सेवाकालीन तालिम वा आवश्यकतामा आधारित अन्य प्रकारका शिक्षक तालिम सञ्चालन गर्न सकिने छ ।

**४. निजी लगानीका विद्यालयका शिक्षकहरूको पेसागत विकास कार्यक्रमका लागि सहकार्य**

प्रदेश शिक्षा तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरी निजी लगानीका विद्यालयको शिक्षकहरूका लागि समेत आवश्यकतामा आधारित एक महिने सेवाकालीन तालिम वा कस्टमाइज्ड शिक्षक तालिम सञ्चालन गर्न सकिने छ ।

**५. प्रधानाध्यापक शैक्षणिक नेतृत्व तथा व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम**

प्रधानाध्यापकको शैक्षणिक नेतृत्व तथा व्यवस्थापनसम्बन्धी क्षमता विकासका लागि छुट्टै एक महिने तालिम सञ्चालन गरिने छ ।

**६. शिक्षक पेसागत विकासको अनुगमन**

(१) विद्यालयमा आधारित अनुगमन प्रणालीलाई सुदृढ बनाउन प्रधानाध्यापकबाट शिक्षक मेन्टरिङ, शिक्षकद्वारा गरिने कार्यमूलक अनुसन्धान, सहपाठी कक्षा अवलोकन, पाठ अध्ययन (Lesson Study), स्वनिर्देशित सिकाइ आदिको नियमित अनुगमन गरिने छ। यसरी गरिएको अनुगमन प्रतिवेदन विद्यालयले स्थानीय तहलाई पेस गर्नुपर्ने छ । तर प्रधानाध्यापकको हकमा स्थानीय तहको शिक्षा शाखा मार्फत नियमित अनुगमनको व्यवस्था गरिने छ ।

(२) प्रत्येक स्थानीय तहमा विषयगत विज्ञहरूको समूह निर्माण गरी निरन्तर रूपमा शिक्षकहरूको कक्षा अवलोकन, छलफल र पृष्ठपोषण आदानप्रदान गर्ने संयन्त्र विकास गरिने छ ।

(३) शिक्षक पेसागत सहायता प्रदान गर्नका लागि शिक्षा अधिकृत, प्रशिक्षक स्रोत शिक्षक र स्थानीय तहमा उपलब्ध विज्ञहरूलाई परिचालन गरिने छ ।

(४) शिक्षा तालिम केन्द्रबाट पेसागत विकास तालिम लिएका शिक्षकलाई online/ offline/blended विधिबाट फलोअप सहायता प्रदान गरिने छ ।

(५) स्थानीय तहले शिक्षक पेसागत विकासको नियमित अनुगमन र फलोअप तथा विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्न यस प्रारूपको अवधारणा प्रतिकूल नहुने गरी आफू अनुकूलको संयन्त्र बनाई थप कार्यहरू गर्न सक्ने छन् ।

(६) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने प्रमाणीकरण तालिमको अनुगमन गर्न सक्ने छ ।

### ७. शिक्षक तालिमको अभिलेख व्यवस्थापन

प्रमाणीकरण तालिम प्राप्त शिक्षकको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विकास गरेको ढाँचाअनुसार व्यवस्थित गरी शिक्षा तालिम केन्द्रमा राख्नुपर्ने छ । उक्त विवरण शिक्षा तालिम केन्द्र प्रमुखबाट हार्डकपी प्रमाणित गरी सफ्टकपीसहित प्रमाणीकरण प्रयोजनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनुपर्ने छ । यसका लागि शिक्षक तालिम व्यवस्थापन सूचना प्रणाली (Teacher Training Management Information System-TTMIS) विकास गरी व्यवस्थित गरिने छ ।

### ८. प्रारूपको कार्यान्वयन

यो प्रारूप शिक्षक पेसागत विकासका लागि नीतिगत दस्तावेजको रूपमा रहने छ । यसमा उल्लिखित शिक्षक पेसागत विकासका विभिन्न क्रियाकलापहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउन शिक्षा मन्त्रालयले निर्देशिका, कार्यविधि, मापदण्ड विकास गर्न सक्ने र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तालिम पाठ्यक्रम, प्रशिक्षक निर्देशिका र तालिम स्रोत सामग्री तथा अन्य सन्दर्भ सामग्रीहरू विकास, वितरण तथा प्रबोधीकरण गर्न सक्ने छ।

*स्वीकृत मितिः २०८०/११/२० (माननीय मन्त्रीस्तरबाट)*

# विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावना**

सामुदायिक तथा सार्वजनिक विद्यालयमा निर्माण गर्नुपर्ने भौतिक संरचनाको पहिचान गरी तिनको पूर्वाधार विकास, संरक्षण, मर्मत सम्भार तथा उपयोगको लागि आवश्यक व्यवस्था गर्न, विद्यालयको पूर्वाधार विकास एवम् व्यवस्थापनमा एकरूपता कायम गरी मुलुकका विद्यालयको भौतिक संरचनालाई शिक्षण सिकाइ मैत्री बनाई शैक्षिक उपलब्धि हासिल गर्न तथा विद्यालयका भौतिक पूर्वाधार विकास तथा कार्यान्वयनको लागि राष्ट्रिय मापदण्ड बनाई कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट यो मापदण्ड बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८०" रहेको छ ।

(२) यो मापदण्ड शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) "इकाइ" भन्नाले सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ ।

(ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(ग) "विद्यालय" भन्नाले प्रचलित कानुनबमोजिम स्थापना भई सञ्चालनमा रहेको सार्वजनिक तथा सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(घ) "सरोकारवाला" भन्नाले विद्यालयका विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्य सम्झनु पर्छ र सो शब्दले शिक्षण सिकाइसँग सम्बन्धित अन्य निकाय वा ब्यक्तिलाईसमेत जनाउँछ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

(च) "शिक्षा शाखा" भन्नाले स्थानीय तहको सङ्गठन संरचनाबमोजिम शिक्षासम्बन्धी कार्य गर्ने शाखा सम्झनु पर्छ र सो शब्दले स्थानीय तहमा शिक्षासम्बन्धी कार्य गर्ने गरी व्यवस्था भएको विभाग वा महाशाखालाई समेत जनाउँछ ।

(छ) "समिति" भन्नाले मापदण्डको दफा ५ बमोजिम गठित सहजीकरण समिति सम्झनुपर्छ।

(ज) "मापदण्ड" भन्नाले विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० सम्झनुपर्छ ।

## परिच्छेद-२

## मापदण्ड तथा समिति सम्बन्धी व्यवस्था

३. **मापदण्ड सम्बन्धी व्यवस्था:** (१) विद्यालयले यस मापदण्डबमोजिम हुने गरी भौतिक पूर्वाधार निर्माणसम्बन्धी कार्य गर्नु पर्नेछ ।

(२) संस्थागत वा अन्य विद्यालयबाट भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्य गर्दा यस मापदण्डबमोजिम हुने गरी सम्बन्धित स्थानीय तहले तोक्न सक्नेछ ।

(३) यो मापदण्ड लागू हुनुअघि निर्माण भएका विद्यालयका भौतिक पूर्वाधारको पुनर्निमाण, मर्मत एवम् पुनर्सवलीकरण गर्दा यसै मापदण्डलाई आधार बनाउनु पर्नेछ ।

४. **मापदण्डको कार्यान्वयन:** (१) विद्यालयमा निर्माण हुने भौतिक पूर्वाधारको प्राविधिक लेखाजोखा गरी मापदण्डबमोजिम भए नभएको हेर्ने र मापदण्डबमोजिम हुने गरी गर्ने, गराउने दायित्व विद्यालयको हुनेछ ।

(२) विद्यालयको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारका लागि उपलब्ध स्रोतसाधन तथा कार्यक्रम सञ्चालन विद्यालयबाट हुनेछ ।

(३) सम्बन्धित स्थानीय तहबाट विद्यालयको भौतिक पूर्वाधारको विकासको लागि आवश्यक बजेटको व्यवस्था भई मापदण्डबमोजिमका निर्माण कार्यको सहजीकरण र अनुगमन हुन सक्नेछ ।

५. **सहजीकरण समिति:** (१) मापदण्डको कार्यान्वयन, परिमार्जन, अनुगमन तथा विद्यालय विपत व्यवस्थापन, विद्यालय सुरक्षा सम्बन्धी कार्यलाई सहज र प्रभावकारी बनाउन शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा एक सहजीकरण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहायबमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, केन्द्र | संयोजक |
| (ख) | महानिर्देशकले तोकेको केन्द्रको उपमहानिर्देशक | सदस्य |
| (ग) | उपसचिव, योजना तथा बजेट शाखा, मन्त्रालय | सदस्य |
| (घ) | प्रतिनिधि (उपसचिवस्तर) सहरी विकास मन्त्रालय | सदस्य |
| (ङ) | निर्देशक, (विद्यालय शिक्षा हेर्ने) केन्द्र | सदस्य |

(च) केन्द्रद्वारा मनोनीत स्थानीय तहका (गाउँपालिका तथा नगरपालिका एक/एक) प्रतिनिधि दुई जना — सदस्य

(छ) केन्द्रद्वारा मनोनित वातावरणविद — सदस्य

(ज) प्राविधिक (सिभिल इन्जिनियर), केन्द्र — सदस्य सचिव

(३) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ र बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार प्राविधिक (इन्जिनियर), वातावरणविद, विज्ञ, लैङ्गिक सम्पर्क व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) उपदफा (२) को खण्ड (ज) बमोजिमको स्थायी इन्जिनियर केन्द्रमा कार्यरत नभएको अवस्थामा संयोजकले केन्द्रको अधिकृत स्तरको कुनै कर्मचारीलाई सदस्य सचिवको कार्य गर्न जिम्मेवारी दिन सक्नेछ र त्यस्तो अवस्थामा मन्त्रालयअन्तर्गत कुनै कार्यालयमा सिभिल इन्जिनियरिङतर्फ कार्यरत कुनै कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

(६) समितिले विद्यालय शिक्षामा लैङ्गिक समता एवम् समावेशीकरण, लगायत यस मापदण्डको कार्यान्वयन भए नभएको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य गर्नेछ ।

(७) समितिले उपदफा (ट) बमोजिमको कार्यका अतिरिक्त विद्यालय भौतिक पूर्वाधार सम्बन्धमा अध्ययन अनुसन्धान गरी जलवायु अनुकुलित प्रविधि, गुणस्तरीय निर्माण सामग्री, विधि, पद्धति लगायतका विषयमा स्थानीय तह एवम् विद्यालयलाई सहजीकरण गर्न सक्नेछ।

६. <u>स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति</u>ः (१) आफ्नो स्थानीय तहभित्रका विद्यालयहरूको भौतिक एवम् प्राविधिक पक्षको अध्ययन अनुगमन, विद्यालय निर्माण एवम् पुनर्सवलीकरण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत व्यवस्थापन तथा विपद जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा बृहत् विद्यालय सुरक्षा लगायतका कार्यका लागि स्थानीय तहले स्थानीय पूर्वाधार हेर्ने समिति वा उपसमिति वा कार्यदलको संयोजकको संयोजकत्वमा योजना तथा कार्यक्रम, प्राविधिक (इन्जिनियर), वातावरण क्षेत्र हेर्ने, लैङ्गिक समता एवम् समावेशीकरण हेर्ने अधिकृत, शिक्षा शाखा प्रमुख समेत रहने गरी स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको दायित्व र काम कर्तव्य देहायबमोजिम हुने छ ।

(क) स्थानीय तह भित्रका विद्यालयको भौतिक अवस्थाको सर्वेक्षण गर्ने गराउने र पुनरावलोकन गर्ने ।

(ख) विद्यालयको भौतिक पूर्वाधार विकास विस्तार एवम् पुनर्सवलीकरणका लागि गुरुयोजना बनाउने ।

(ग) विद्यालयको भौतिक पूर्वाधारको संरक्षण संवर्द्धन गर्ने, गराउने ।

(घ) भौतिक निर्माण तथा विकास विस्तार गर्नुपर्ने विद्यालयहरूबारे स्थानीय तहमा सिफारिस गर्ने ।

(ङ) विद्यालय पूर्वाधारसम्बन्धी कामको अनुगमन गर्ने, गराउने ।

(च) विद्यालय निर्माण एवम् पुनर्सवलीकरण गर्दा वातावरणीय तथा सामाजिक पक्षमा पर्नसक्ने नकारात्मक असरको पहिचान र न्यूनीकरणका लागि सहजीकरण गर्ने ।

(छ) निर्माण एवम् पुनर्सवलीकरणका लागि दिइने कार्यदिशमा वातावरणीय तथा सामाजिक मुद्दाहरूको व्यवस्थापनको प्रावधान राख्ने एवम् राख्न लगाउने ।

(ज) विद्यालयमा हुने लैङ्गिक तथा यौनजन्य हिंसा, बुलिङ दुर्व्यवहार लगायतका हिंसाजन्य कार्य उपरका गुनासो सुनुवाइ गर्ने तथा कारबाही अगाडि बढाउने व्यवस्था गर्ने।

(झ) स्थानीय तहको विपद व्यवस्थापन समितिसँग राय सल्लाह परामर्श लिने र समितिबाट तोकिएका कार्य गर्ने

(ञ) स्थानीय तह र केन्द्रमा नियमित प्रतिवेदन पठाउने ।

## परिच्छेद-३
## जग्गा तथा भौतिक संरचना सम्बन्धी व्यवस्था

७. <u>**जग्गासम्बन्धी व्यवस्थाः**</u> (१) सामुदायिक वा सार्वजनिक विद्यालयले भौतिक संरचना बनाउँदा विद्यालयको आफ्नै नाममा जग्गा धनी दर्ता प्रमाण पुर्जा भएको वा प्रचलित कानुनबमोजिम जग्गाको भोग चलन गर्न अनुमति प्राप्त गरेको जग्गामा मात्र विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्नु पर्नेछ ।

(२) विद्यालय सञ्चालन गर्नका लागि न्यूनतम आधारभूत तह कक्षा १ देखि ५ सम्मको लागि १,५३० वर्ग मिटर, आधारभूत तह कक्षा १ देखि ८ सम्मको लागि २,५४५ वर्ग मिटर, माध्यमिक तह कक्षा १ देखि १० सम्मको लागि ३,३१० वर्ग मिटर र माध्यमिक तह कक्षा १ देखि १२ सम्मको लागि ४,०७२ वर्ग मिटर जग्गा भएको हुनु पर्नेछ ।

(३) विद्यालयले भौतिक संरचना निर्माण गर्दा आफुसँग भएको उपलब्ध जमिनमध्ये जम्मा क्षेत्रफलको कम्तीमा साठी प्रतिशत जमिन खाली छोडेर मात्र विद्यालय भवन बनाउनु पर्नेछ ।

(४) प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालयको हकमा कृषि तथा पशु पालन सञ्चालन गर्ने विद्यालयको लागि विद्यालय कम्पाउण्डभन्दा कम्तीमा हिमाली तथा पहाडी क्षेत्रमा २,५४४ वर्ग मिटर र तराइ मधेशका हकमा ३,३८६ वर्ग मिटर जग्गा हुनु पर्नेछ। यसका अतिरिक्त सिचाइ सुविधायुक्त कृषि योग्य जमिन, विद्युतीय लाइनको उपलब्धता तथा कम्तीमा प्रत्येक सङ्कायमा (३ कक्षाकोठा+१ प्रयोगशाला) गरी ४ वटा थप कक्षाकोठाहरू हुनु पर्नेछ।

८. <u>विद्यालयमा रहने भौतिक संरचना</u>: (१) विद्यालयमा देहायबमोजिमका भौतिक संरचना रहन सक्नेछन्:-

(क) कक्षाकोठाहरू,

(ख) खानेपानी,

(ग) शौचालय,

(घ) प्रधानाध्यापक, शिक्षक तथा प्रशासनिक कार्यकक्ष,

(ङ) खेल मैदान,

(च) पुस्तकालय,

(छ) प्रयोगशाला,

(ज) खाजा घर वा भान्सा कोठा,

(झ) मनोरञ्जन कक्ष,

(ञ) पर्खाल वा घेराबार,

(ट) पालेघर,

(ठ) आवासीय विद्यालयको हकमा छुट्टै आवास भवन,

(ड) प्राथमिक स्वास्थ्य उपचार कक्ष,

(ढ) बैठक तथा सम्मेलन कक्ष,

(ण) पोसाक वा स्यानिटरी प्याड परिवर्तन कक्ष,

(त) स्टोर,

(द) स्थानीय तहले तोकेका अन्य संरचना।

(२) उपदफा (१) बमोजिमका भौतिक संरचना कायम गर्दा प्रत्येक विद्यालयमा विद्यार्थीका लागि फर्निचरसहितको कक्षाकोठा, छात्रछात्राका लागि बेग्लाबेग्लै शौचालय, खानेपानी र सरसफाइसहितको भौतिक पूर्वाधार तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको भौतिक पूर्वाधार नभएका विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा आवश्यक पूर्वाधार निर्माण गर्नु पर्नेछ । त्यसरी निर्माण हुन नसक्ने

भएमा वा विद्यालय आवश्यक नभएका अवस्थामा प्रचलित कानुनबमोजिम त्यस्तो विद्यालय अन्य विद्यालयमा समायोजन गर्नु पर्नेछ ।

(४) विद्यालयमा तहगत तथा विद्यार्थी सङ्ख्याको आधारमा रहनु पर्ने न्यूनतम पूर्वाधार सम्बन्धी व्यवस्था अनुसूची-१ मा व्यवस्था भएबमोजिम हुनेछ ।

९. **कक्षाकोठाको आकार साइज र सङ्ख्या**: (१) विद्यालयका कक्षाकोठाको क्षेत्रफल सामान्यतया देहायबमोजिम हुनेछः-

(क) आधारभूत तह कक्षा १ देखि ८ सम्मको लागि प्रतिविद्यार्थी न्यूनतम १.०० वर्ग मिटर,

(ख) माध्यमिक तह कक्षा ९ देखि १२ सम्मको लागि प्रतिविद्यार्थी न्यूनतम १.०० वर्ग मिटर । माध्यमिक तहको लागि प्रति विद्यार्थी १.२० वर्ग मिटर हुने गरी गरिएमा अझ राम्रो हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कक्षाकोठाको साइज ६० वर्ग मिटरभन्दा ठुलो बनाउनु हुँदैन ।

(३) कक्षाकोठाको आकार निर्धारण गर्दा लम्बाइ र चौडाइको अनुपात १:१.१६ देखि १:१ हुन सक्नेछ।

(४) कक्षाकोठाको लेख्ने पाटी र अन्तिम बेन्चमा बस्ने विद्यार्थीको दूरी अधिकतम ७ मिटर भन्दा टाढा नहुँने गरी कक्षा कोठाको व्यवस्थापन गर्नु पर्नेछ । त्यस्तै कक्षा कोठाको पहिलो पङ्क्तिमा बस्ने विद्यार्थी र लेख्ने पाटी बीचको दूरी दुई मिटर भन्दा नजिक हुनु हुँदैन । शिक्षकले कक्षा कोठामा पढाउँदा प्रत्येक विद्यार्थीको गतिविधि अवलोकन गर्न सक्ने गरी बेन्च तथा डेस्कको व्यवस्थापन गरिएको हुनु पर्नेछ ।

(५) कक्षाकोठाको उचाइ भुइँ (टाई बिम) देखि छतसम्म कम्तीमा हिमाली तथा पहाडी जिल्लामा ३.२ मिटर र तराईका जिल्लामा ३.६ मिटर हुनु पर्नेछ ।

(६) कक्षाकोठाको ड्रइङ, डिजाइन तथा निर्माण गर्दा पर्याप्त हावा तथा प्रकाश पुग्ने गरी झ्याल ढोका राखिएको हुनु पर्नेछ ।

(७) अपाङ्गता भएका विद्यार्थीको निमित्त सञ्चालित स्रोत कक्षाका लागि आवश्यक कक्षाकोठा, सोको निमित्त निर्धारित न्यूनतम सक्षमताको आवश्यकता अनुकूल हुनु पर्नेछ।

१०. **शिक्षक कक्ष तथा अन्य कक्षसम्बन्धी व्यवस्था**: (१) विद्यालयमा सामान्यतया प्रधानाध्यापकको लागि र अन्य शिक्षकहरूको छुट्टै कार्यकक्ष हुनु पर्नेछ ।

(२) विद्यालयमा भण्डार तथा भान्सा कोठा रहने भएमा अलग अलग हुने गरी निर्माण गर्नु पर्नेछ ।

(३) विद्यालयमा कर्मचारी रहेकोमा कर्मचारी कार्य कक्ष तथा पाले पहरासहितको सुरक्षा दिइएको भएमा त्यस्तो सुरक्षामा खटिने कर्मचारीको कार्यस्थल वा कक्षको व्यवस्था गर्नु पर्नेछ ।

११. **खेल मैदान**ः (१) विद्यालयमा सबै विद्यार्थी, शिक्षक तथा अन्य कर्मचारी उभिन, खेल्न तथा अन्य गतिविधि गर्न सक्ने पर्याप्त खेल मैदान हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयमा हुनु पर्ने खेलमैदानको क्षेत्रफल देहाय अनुसार निर्धारण गरिएको छः-

(क) प्रारम्भिक बालविकास शिक्षाको लागि न्यूनतम १५० वर्ग मिटर,

(ख) आधारभूत तह कक्षा १ देखि ५ सम्मको लागि २५० वर्ग मिटर,

(ग) आधारभूत तह कक्षा १ देखि ८ सम्मको लागि ६५० वर्ग मिटर,

(घ) माध्यमिक तह कक्षा १ देखि १२ सम्मको लागि ८५० वर्ग मिटर ।

१२. **शौचालय**ः (१) विद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको हुनु पर्नेछ ।

(२) शौचालय, बालमैत्री, अपाङ्गतामैत्री एवम् लैङ्गिकमैत्री हुनु पर्नेछ ।

(३) शौचालयमा युरिनल र हात धुने धारा र बेसिन समेत हुनु पर्नेछ ।

(४) शौचालयमा पर्याप्त भेन्टिलेसन र उज्यालोको व्यवस्था हुनु पर्नेछ ।

(५) छात्रा शौचालयमा स्यानिटरी प्याड डिस्पोजलको व्यवस्था समेत हुनु पर्नेछ ।

(६) सेप्टी ट्याङ्की खानेपानीको ट्याङ्कीभन्दा कम्तीमा ३० मिटर टाढा हुनु पर्नेछ ।

१३. **पुस्तकालय, प्रयोगशाला तथा मनोरञ्जन कक्ष**ः (१) विद्यालयमा पुस्तकालय, प्रयोगशाला, कम्प्युटर कक्ष तथा मनोरञ्जन कक्षको व्यवस्था हुनु पर्नेछ ।

(२) पुस्तकालय बनाउँदा अध्ययनरत विद्यार्थीको तह, स्तर र सङ्ख्याको आधारमा पुस्तकालयको व्यवस्थापन गर्नु पर्नेछ ।

(३) पुस्तकालयको क्षेत्रफल जम्मा विद्यार्थी सङ्ख्याको कम्तीमा १०% विद्यार्थीलाई आधार मानेर प्रति विद्यार्थी २.४० वर्गमिटरका दरले पुग्ने क्षेत्रफलको हुनु पर्नेछ ।

(४) पुस्तकालयमा विद्यार्थी अनुकूल हुने गरी पर्याप्त बेन्च कुर्ची र टेबललगायतका फर्निचरको व्यवस्था भएको हुनु पर्नेछ ।

(५) भुइँदेखि (टाइ बिम) देखि छतसम्म कम्तीमा हिमाली तथा पहाडी जिल्लामा ३.२ मिटर र तराई तथा मधेसका जिल्लामा ३.६ मिटर उचाइ हुनुपर्ने र पर्याप्त उज्यालो तथा भेन्टिलेसनको व्यवस्था भएको हुनु पर्नेछ ।

(६) विद्यालयमा रहने प्रयोगशालाको हकमा देहायबमोजिम हुने गरी गर्नु पर्नेछः-

(क) विषयगत छुट्टाछुट्टै प्रयोगशाला कक्ष हुनुपर्ने र विषयअनुसार चाहिने टेबल कुर्ची लगायत अन्य सामग्रीको समेत व्यवस्था भएको हुनु पर्नेछ।

(ख) कम्प्युटर कक्षाको साइज प्रति विद्यार्थी २.४० वर्ग मिटरका दरले र अन्य प्रयोगशालाको लागि प्रति विद्यार्थी ४.०० वर्गमिटरका दरले पुग्ने क्षेत्रफल भएको कक्ष हुनु पर्नेछ ।

(ग) प्रयोगशालामा विद्यार्थी एवम् शिक्षकका लागि आवश्यक ड्रेस र आकस्मिक सुरक्षाको समेत व्यवस्था भएको हुनु पर्नेछ ।

(७) विद्यालयमा रहने पुस्तकालय, प्रयोगशाला तथा मनोरञ्जन कक्षको न्यूनतम क्षेत्रफल अनुसूची-२ मा व्यवस्था गरिएबमोजिम हुने गरी गर्नु पर्नेछ ।

१४. **पर्खाल घेरा वा घेराबार**ः (१) विद्यालय तथा मानवीय सुरक्षाको लागि कम्तीमा १.५ मिटर उचाइ भएको र कम्तीमा २५ सेन्टिमिटर चौडाइ भएको पर्खाल घेरा वा घेराबारको व्यवस्था हुनु पर्नेछ ।

(२) विद्यालयको परिसरमा घेरावार लगाउँदा तार जालीको प्रयोग गर्ने र विद्यालयलाई हरित गृहको रूपमा विकास गर्न प्रत्येक १.० मिटरको अन्तरमा मझौला प्रकारको रुख तथा विरुवा लगाउनु पर्नेछ ।

(३) सुरक्षा चुनौतीलाई विश्लेषण गरी आवश्यक निर्माण विधि तथा साधन प्रयोग गर्न सकिनेछ ।

१५. **सरसफाइ सम्बन्धी व्यवस्था**ः (१) विद्यालयमा नियमित रूपमा सरसफाई गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सरसफाइको लागि देहायबमोजिम व्यवस्था मिलाउनु पर्नेछः-

(क) कुहिने र नकुहिने फोहरलाई छुट्याई व्यवस्थापन गर्नेछ ।

(ख) कुहिने फोहरलाई व्यवस्थित खाडलमा वा फोहोर विसर्जन भाडामा मात्र जम्मा गर्नु पर्नेछ ।

(ग) नकुहिने फोहरलाई कुनै भाँडा वा बोरामा जम्मा गरी तोकिएको स्थानमा पठाउने व्यवस्था गर्नु पर्नेछ ।

(घ) हरेक कक्षाकोठाभित्र फोहोर राख्ने भाडो (डस्टबिन) को अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

(३) विद्यालयले फोहोरको सङ्कलन तथा व्यवस्थापनको लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ ।

(४) बालबालिकाको उचाइका आधारमा सबैको पहुँचमा हुने गरी बालमैत्री तथा अपाङ्गमैत्री धारा, शौचालय र वास बेसिन हुनु पर्नेछ ।

(५) पानीको भरपर्दो स्रोत नभएका विद्यालयले आकाशे पानीलाई प्रयोग गर्नका लागि पानी भण्डारण ट्याङ्की निर्माण गर्नु पर्नेछ ।

१६. **खानेपानीसम्बन्धी व्यवस्था**ः (१) प्रत्येक विद्यालयले विद्यार्थी, शिक्षक तथा कर्मचारीको लागि आवश्यक खानेपानीको प्रवन्ध गर्नु पर्नेछ ।

(२) विद्यालयले सुरक्षित पानीको लागि न्यूनतम ४८ घण्टासम्म पुग्ने गरी पानीको भण्डारण क्षमताको स्रोतको सुनिश्चितता गर्नु पर्नेछ ।

(३) सरसफाइ तथा पिउनको लागि योग्य र परीक्षण गरिएको पानीको स्रोत हुनु पर्नेछ ।

(४) आकाशे पानीमा भर पर्नुपर्ने विद्यालयमा स्वच्छ भण्डारणको व्यवस्था गर्नु पर्नेछ।

(५) विद्यालय सञ्चालन रहेका समयमा प्रतिविद्यार्थी दैनिक १२ लिटर र आवाशीयका लागि प्रतिविद्यार्थी दैनिक १३५ लिटर पानीको व्यवस्था गर्नु पर्नेछ ।

(६) स्रोतबाट विद्यालयसम्म आएको पानीलाई उपयुक्त रूपमा पिउन तथा प्रयोग गर्न मिल्ने गरी शुद्धीकरण (फिल्ट्रेसन) गर्नु पर्नेछ ।

(७) पानिको शुद्धीकरण (फिल्ट्रेसन) गर्दा आर्थिक रूपमा विद्यालयलाई भार नपर्ने गरी सस्तो तथा सुलभ विधिको प्रयोग गर्नु पर्नेछ ।

(८) सामान्यतया विद्यालय कुनै कारणले एक हप्ताभन्दा बढी समय बन्द भएमा सङ्कलित पानी प्रयोग गर्न हुँदैन। प्रयोग गर्नैपर्ने अवस्था भएमा उपयुक्त विधिले शुद्धिकरण गरी पानीको स्वच्छता परीक्षणपश्चात मात्र प्रयोगको व्यवस्था मिलाउनुपर्ने छ ।

(९) जनस्वास्थ्यलाई ध्यान दिई विद्यालयमा प्रयोग हुने पानीको समय समयमा परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१७. **विद्यालयमा प्रयोग हुने फर्निचर**ः (१) प्रत्येक विद्यालयले विद्यालयमा अध्ययनको लागि भर्ना भएका विद्यार्थीको उमेर, कक्षा तथा तहगत आधारमा सुरक्षित र सजिलो फर्निचरको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) प्रारम्भिक बालविकास कक्षा तथा प्राथमिक तह कक्षा १ देखि ३ सम्मका बालबालिकाको हकमा विद्यार्थीलाई चिसो तातोबाट बचाउन कम्तीमा २.५ से.मि. बाक्लो काठको भुइँ हुनु पर्नेछ । काठको फ्लोरिङ्ग जमिनभन्दा कम्तीमा ५ से.मि. उचाइमा हुनु पर्नेछ । कक्षाकोठामा गुन्द्री वा सुकुल वा डसना वा चकटी वा गलैचा वा कपडाको

कार्पेटको व्यवस्था गर्नु पर्नेछ र सोको चौडाइ कम्तीमा ७ मि.मि. र मोटाइ कम्तीमा २५ मि.मि. हुनु पर्नेछ ।

(३) कक्षा ४ देखि माथिल्ला कक्षाका हकमा विद्यालयको कक्षागत विद्यार्थी सङ्ख्याका आधारमा बेन्च, डेक्स वा टेबलको व्यवस्था हुनुपर्ने छ । डेक्स वा टेबलको चौडाइ सामान्यतया ३५ सेन्टिमिटर तथा उचाइ ७५ सेन्टिमिटर तथा बेन्चको चौडाइ सामान्यतया २७ सेन्टिमिटर र चौडाइ ४५ सेन्टिमिटर हुनु पर्नेछ ।

(४) अपाङ्गता भएका विद्यार्थीका लागि अपाङ्गता अनकूलन हुने गरी वैयक्तिक आवश्यकताका आधारमा व्यवस्थापन गर्नुपर्ने छ । दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थीका लागि ब्रेल पाठ्यपुस्तक एवम् स्लेट स्टाइलस प्रयोग गर्न मिल्ने कुर्सी टेबुलको व्यवस्था मिलाउनु पर्नेछ ।

१८. <u>प्राथमिक उपचार कक्ष</u>ः (१) विद्यालयमा आकस्मिक एवम् प्राथमिक उपचारका लागि उपचार कक्षको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) प्राथमिक उपचार कक्षमा पूर्ण रूपमा सरसफाइयुक्त कम्तीमा ३०० विद्यार्थीका लागि एक बेडका दरले बेडको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) विद्यालय स्वास्थ्य कार्यक्रमसँग प्राथमिक उपचार कक्ष एकीकृत रूपमा सञ्चालन गर्नु पर्नेछ ।

(४) विद्यालयमा आवश्यक मात्रामा प्राथमिक स्वास्थ्य उपकरण तथा सामाग्री राख्नु पर्नेछ र विद्यालयले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी निश्चित अवधिमा विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-४

## जग्गा छनोट,प्राथमिकता,रङरोगन तथा गुरुयोजनासम्बन्धी व्यवस्था

१९. <u>पूर्वाधार विकासका लागि जग्गा छनोट</u>ः (१) विद्यालयले भौतिक पूर्वाधार विकासका लागि सफा, स्वच्छ वातावरण भएको, विद्यार्थीको आवतजावतको हिसाबले सहज र सुरक्षित स्थान तथा जग्गाको छनोट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि स्थान तथा जग्गा छनोट गर्दा पहिरो जाने, खोलाको छेउ, वन्यजन्तुको आक्रमण हुन सक्ने वनजङ्गल तथा राष्ट्रिय निकुञ्जको छेउ, दलदले जमिन भएको ठाउँमा विद्यालय भवन बनाउने जग्गा छनोट गर्नु हुँदैन । त्यसरी स्थान तथा जग्गा छनोट गर्दा तुलनात्मक रूपमा सुरक्षित स्थान छनोट गर्नु पर्नेछ ।

(३) विद्यालयको भौतिक संरचना निर्माण गर्दा होहल्ला हुने ठाउँ, कलकारखानाको नजिक तथा प्रतिकूल वातावरणीय प्रभाव पार्ने ठाँउमा विद्यालय निर्माण गर्नु हुँदैन।

(४) विद्यालयको पूर्वाधार निर्माणको लागि जमिनको छनोट गर्दा प्रचलित भवन सम्बन्धी कानुन, भूउपयोग सम्बन्धी कानुन, वातावरण सम्बन्धी कानुनबमोजिम हुने गरी गर्नु पर्नेछ ।

(५) विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक जग्गा तथा स्थानको छनोटको लागि सहजीकरण गर्नु सरोकारवालाको जिम्मेवारी हुनेछ ।

२०. <u>भौतिक पूर्वाधार निर्माणको प्राथमिकता</u>ः (१) विद्यालयले आफ्नो भौतिक पूर्वाधार निर्माण गर्दा आवश्यकता र औचित्यको आधारमा प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राथमिकताक्रम निर्धारण गर्दा उपलब्ध बजेट तथा कार्यक्रमबमोजिम देहायको प्राथमिकताक्रम अनुसार हुनेछ ।

(क) कक्षाकोठा,

(ख) शौचालय तथा पोसाक वा स्यानिटरी प्याड परिवर्तन कक्ष,

(ग) खानेपानीको व्यवस्था,

(घ) खेलमैदान,

(ङ) शिक्षक तथा प्रधानाध्यापक कक्ष र प्रशासनिक कक्ष,

(च) पुस्तकालय कक्ष,

(छ) प्रयोगशाला कक्ष,

(ज) प्राथमिक उपचार कक्ष,

(झ) खाजाघर तथा स्टोर,

(ञ) पर्खाल वा घेरावार,

(ट) बैठक कक्ष, सभाकक्ष, अडिटोरियम हल तथा मनोरञ्जन कक्ष

(ठ) पालेघर,

(ड) आवासीय विद्यालयको हकमा छुट्टै आवास भवन,

(ढ) अन्य ।

२१. <u>विद्यालयमा प्रयोग हुने रङरोगन</u>ः (१) विद्यालयले आफ्नो भौतिक संरचनामा आवश्यक सुरक्षा तथा सौन्दर्य कायम गर्न समय समयमा रङ्गरोगन गर्नु पर्नेछ ।

(२) विद्यालयबाट हुने रङ्ग रोगनमा एकरूपता कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकरूपता कायम गर्न विद्यालयका भौतिक पूर्वाधारको रङ्गरोगनमा अनुसूची-३ मा व्यवस्था भएबमोजिम पूर्वाधारको अनुसार रङ्गरोगन निर्धारण गरिएको छ ।

२२. पूर्वाधारको लेखाजोखा तथा गुरूयोजना निर्माणः (१) विद्यालयको भौतिक पूर्वाधारको प्राविधिक लेखाजोखा सम्बन्धित स्थानीय तहबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम लेखाजोखा हुँदा भौतिक पूर्वाधारको आवश्यकता, जोखिम तथा पर्याप्तता भए नभएको आधारमा विश्लेषण हुनेछ ।

(३) विद्यालयको भवन तथा कक्षाकोठा असुरक्षित देखिएमा त्यस्तो भवन वा कक्षाकोठामा पठनपाठन लगायत कुनैपनि शैक्षिक कार्यक्रम सञ्चालन गर्नुहुदैन ।

(४) विद्यालयको भौतिक पूर्वाधार निर्माण एवम् मर्मतको प्राथमिकतासहितको समष्टिगत गुरूयोजना स्थानीय तहबाट निर्धारण भएबमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिमको गुरु योजना स्थानीय तहको योजनामा समावेश भएबमोजिम हुनेछ ।

(६) प्रत्येक विद्यालयबाट विद्यालय पूर्वाधार विकासको लागि प्राथमिकता निर्धारण गरी विद्यालय सुधार योजना अद्यावधिक हुनेछ ।

२३. विद्यालयलाई जानकारी गराउनु पर्नेः (१) स्थानीय तहले विद्यालयको गुरूयोजनासम्बन्धी कार्य गर्दा सोबमोजिमको विद्यालयगत प्राथमिकताबारे सम्बन्धित विद्यालयलाई जानकारी गराउने छ ।

(२) उपदफा (१) बमोजिम गुरुयोजनाबमोजिम विद्यालयमा माथिल्लो कक्षा वा तह थप गरी सञ्चालन गर्नु पर्ने भएमा त्यसको लागि कक्षाकोठा र अन्य भौतिक पूर्वाधारको आवश्यकता प्रक्षेपण गर्नु पर्नेछ ।

## परिच्छेद-५
## ड्रइङ डिजाइन, खरिद तथा अनुमतिसम्बन्धी व्यवस्था

२४. ड्रइङ डिजाइन स्वीकृतिः (१) विद्यालयको भौतिक संरचना निर्माण गर्नुपूर्व जग्गाको उपलब्धता तथा आकार समेतको आधारमा प्रचलित कानुनबमोजिम ड्रइङ डिजाइन तयार गर्नु पर्नेछ ।

(२) विद्यालयले भौतिक निर्माणको लागि तयार गरेको ड्रइङ डिजाइन अख्तियारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) विद्यालयमा निर्माण हुने कक्षा कोठाको साइज यसै मापदण्डबमोजिम हुने गरी गर्नु पर्नेछ ।

तर अध्ययनरत विद्यार्थी सङ्ख्या र विद्यालयको आवश्यकताका आधारमा निर्माण सम्पन्न भएका कक्षाकोठालाई अस्थायी रूपमा विभाजन गरी कक्षाकोठा, स्टोर, लेखा, प्रधानाध्यापक कक्ष, प्राथमिक उपचार कक्ष, शैक्षिक तथा प्रशासनिक कक्ष लगायत आवश्यकताअनुसार अन्य प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ ।

(४) विद्यालयमा निर्माण हुने पूर्वाधार अपाङ्गतामैत्री, वालमैत्री, वातावरणमैत्री, सफा, शान्त, पर्याप्त उज्यालो (प्राकृतिक तथा कृत्रिम दुवै प्रकारको व्यवस्था भएको), प्रविधिमैत्री, शिक्षाका लागि विद्युतीय पूर्वाधार, खानेपानीको व्यवस्था, पार्किङ स्टेसन, पानीसहितका शौचालयको व्यवस्था हुनु पर्नेछ र शैक्षिक, प्रशासनिक, प्रयोगशाला, चमेना गृह लगायतका पूर्वाधार प्रचलित कानुनबमोजिम अख्तियारप्राप्त अधिकारीबाट स्वीकृत गराई निर्माण गर्नु पर्नेछ ।

(५) विद्यालयले पूर्वाधार निर्माण गर्दा राष्ट्रिय भवन संहिताले तोकेबमोजिमका ड्रइङ डिजाइन IS 1893:2016 (Part 1), NBC 105:2020, NBC 206;2015, Minimum Design Loads And Associated Criteria for Buildings and Other Structure (ASCE/SEI 7-16), IS 13935:2009 Seismic Evaluation Repair and Strengthening of Masonary Building Guidelines , IS 13988-2013 Seismic Evaluation Repair and Strengthening of Concrete Building Guidelines, Seismic Evaluation And Retrofit of Existing Building (ASCE/SEI 41-17), 2021 International Existing Building Code (IEBC) को आधारमा दक्ष प्राविधिक जनशक्तिबाट ड्रइङ डिजाइन तयार गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गरेर मात्र निर्माण गर्नु पर्नेछ ।

(६) यस मापदण्ड लागू हुनुअघि निर्माण भइसकेका पूर्वाधारमा तला थप गर्नुपरेमा दक्ष प्राविधिकबाट IS 1893:2016(Part 1), NBC 105:2020, NBC 206;2015, Minimum Design Loads And Associated Criteria for Buildings and Other Structure (ASCE/SEI 7-16), IS 13935:2009 Seismic Evaluation Repair and Strengthening of Masonary Building Guidelines , IS 13988-2013 Seismic Evaluation Repair and Strengthening of Concrete Building Guidelines, Seismic Evaluation And Retrofit of Existing Building (ASCE/SEI 41-17), 2021 International Existing Building Code (IEBC) को आधारमा ड्रइङ डिजाइन तयार गरी अख्तियारप्राप्त अधिकारीबाट स्वीकृत गरेर मात्र निर्माण गर्नु पर्नेछ ।

(७) यस दफाबमोजिम नयाँ बन्ने विद्यालयको भौतिक पूर्वाधारको लागि हिमाली क्षेत्र, पहाडी क्षेत्र तथा तराईको लागि राष्ट्रिय भवन संहिताले निर्धारण गरेबमोजिमको नमुना ड्रइङ डिजाइन केन्द्रबाट उपलब्ध गराउन सकिनेछ ।

२५. **लागत अनुमानको तयारी तथा स्वीकृति**ः (१) विद्यालयले सम्बन्धित निकायबाट स्विकृत नर्म्स, दररेट निर्धारण समितिबाट निर्धारण भएको निर्माण सामग्री, ढुवानी तथा श्रमिक ज्यालाको दररेट, सरकारी संस्थान, प्राधिकरण, निगम या यस्तै प्रकृतिका संस्था वा स्वीकृत जिल्ला दररेट, स्थानीय तहबाट स्वीकृत दररेटका आधारमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनबमोजिम लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसारको लागत अनुमान सार्वजनिक खरिद सम्बन्धी कानुनबमोजिम स्वीकृत भएको हुनु पर्दछ ।

२६. **विद्यालयमा हुने निर्माण कार्यको स्वरूप**ः (१) खरिदसम्बन्धी प्रचलित कानुनको अधीनमा रही विद्यालयमा हुने निर्माण कार्य देहायका कुनै एक वा एक भन्दा बढी ढाँचा वा प्रक्रियाबमोजिम सञ्चालन हुनेछः-

(क) बोलपत्रका माध्यमबाट निर्माण कार्य,

(ख) उपभोक्ता समितिबाट निर्माण कार्य,

(ग) अमानतबाट निर्माण कार्य,

(घ) खरिदसम्बन्धी प्रचलित कानुनले निर्धारण गरेका अन्य विधिबाट ।

(२) उपनियम (१) बमोजिम उपभोक्ता समितिबाट निर्माण हुने कार्यका लागि विद्यालय व्यवस्थापन समितिबाट उपभोक्ता समिति गठन गर्नु पर्नेछ र अमानतबाट गरिने कार्यका लागि सम्बन्धित अख्तियारप्राप्त निकायबाट स्वीकृति लिनु पर्नेछ ।

(३) विद्यालयमा हुने निर्माण कार्य एक वर्षीय (चालु आ.व. भित्र सम्पन्न हुने) वा बहुवर्षीय योजनाका रूपमा कार्यान्वयन हुन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम बहुवर्षीय योजना भएमा जुन निकायको स्रोतबाट निर्माण हुने हो सोही निकायबाट स्रोतको सुनिश्चितता गराउनु पर्नेछ ।

२७. **खरिद इकाइ गठन र मूल्याङ्कन**ः (१) प्रत्येक विद्यालयले सार्वजनिक खरिद सम्बन्धी कानुनले निर्धारण गरेको विधि र प्रक्रियाबमोजिम खरिद इकाइ गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खरिद इकाइले खरिदसम्बन्धी योजना, बोलपत्र सम्बन्धी कागजात मूल्याङ्कन मापदण्ड तयारी गर्ने, सूचना प्रकाशन गर्ने, बोलपत्र सम्बन्धी कागजात बितरण गर्ने, प्राप्त गर्ने, कार्य सम्पादन जमानत लिने र त्यसको परीक्षण गरी सुरक्षित राख्ने, खरिद गरिएको मालसामान, निर्माण कार्य र सेवाको गुणस्तर परीक्षण गर्ने गराउने, खरिद कारबाहीको अभिलेख राख्ने र बोलपत्रसम्बन्धी कागजात मूल्याङ्कन समिति समक्ष पेस गर्ने सहितका खरिद सम्बन्धी काम गर्नु पर्नेछ ।

(३) विद्यालयको निर्माणसम्बन्धी बोलपत्रको मूल्याङ्कन सार्वजनिक खरिदसम्बन्धी कानुनले निर्धारण गरेबमोजिमको मूल्याङ्कन समितिबाट मूल्याङ्कन गर्नु पर्नेछ ।

(४) विद्यालयले खरिदसम्बन्धी कार्यको लागि सम्बन्धित स्थानीय तहबाट सहयोग प्राप्त गर्न सक्नेछ ।

(५) विद्यालयमा हुने खरिदका सम्बन्धमा सम्बन्धित स्थानीय तहबाट आवश्यक सहयोग हुनेछ ।

२८. <u>विद्यालयले नयाँ निर्माण वा मर्मतको लागि अनुमति लिनु पर्ने</u>ः (१) विद्यालयले नयाँ निर्माण वा मर्मतको कार्यक्रम सञ्चालन गर्ने अनुमतिका लागि कार्यसञ्चालन समयतालिका, वातावरणीय तथा सामाजिक सुरक्षासम्बन्धी रूजुसूची तयार गर्नु पर्नेछ ।

(२) सम्बन्धित निकायले विद्यालयलाई निर्माण एवम् मर्मतको काम गर्ने अनुमति दिँदा अनुगमन एवम् सहजीकरणका लागि जिम्मेवार कर्मचारी तोकी विद्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(३) विद्यालयले भौतिक निर्माण कार्यसञ्चालन समयतालिका अनुसूची-४ मा व्यवस्था भएबमोजिम तयार गर्नु पर्नेछ ।

(४) विद्यालयले वातावरणीय तथा सामाजिक सुरक्षासम्बन्धी रुजुसूची अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरी पेस गर्नु पर्नेछ ।

२९. <u>पूर्वाधार विकासका लागि आर्थिक व्यवस्थापन</u>ः (१) यस मापदण्डबमोजिम भौतिक पूर्वाधार निर्माण एवम् मर्मत सम्भारका लागि भौतिक निर्माण एवम् मर्मत पुँजीगत खर्च शीर्षक तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खर्च शीर्षकमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट प्राप्त हुने अनुदान, गैरसरकारी सङ्घ संस्था, अभिभावक तथा अन्य निकायबाट प्राप्त सहयोग पूर्वाधार विकासका लागि जम्मा गर्न सकिनेछ । यसरी प्राप्त हुने सहयोग नगद, जिन्सी, श्रम सहयोग वा अन्य कुन प्रकृतिको हो सो खुलाई अभिलेख गर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट सर्त तोकी प्राप्त भएको बजेट सोही सर्तबमोजिम मात्र खर्च गर्नु पर्नेछ । यसरी सरकारबाट आर्थिक व्यवस्थापनका लागि साझेदारी गर्न सकिने सर्तसहित प्राप्त भएको बजेट व्यवस्थापन गर्दा साझेदारबाट प्राप्त सहयोगको विवरण खुलाइ स्वीकृत ड्रइङ डिजाइनका आधारमा निर्माण गर्नु पर्नेछ ।

(४) लागत साझेदारीमा पूर्वाधार विकास गर्दा कुल लागत र साझेदारबाट प्राप्त भएको बजेट विवरण निर्माण सम्पन्न नभएसम्मका लागि सबैले देख्ने सार्वजनिक स्थानमा फल्यास वोर्ड राख्नु पर्नेछ र सोको जानकारी बजेट उपलब्ध गराउने निकायलाई जानकारी गराउने तथा उक्त विषय सामाजिक लेखापरीक्षण प्रतिवेदनमा समेत समावेश गर्नु पर्दछ ।

(५) विद्यालय पूर्वाधार विकास तथा मर्मतमा प्राप्त भएको बजेट पूर्वाधार विकास एवम् मर्मतबाहेकका अन्य शीर्षकमा खर्च गर्नु हुँदैन ।

३०. **निर्माण एवम् मर्मत व्यवस्थापन**: (१) विद्यालयमा हुने सबै प्रकारका निर्माण, मर्मत, आपूर्ति तथा परामर्श सेवा सम्बन्धी अन्य खरिद कार्य सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनले निर्धारण गरेको विधि र प्रक्रियाबमोजिम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य गर्दा विद्यालय पूर्वाधार निर्माण एवम् मर्मतका लागि छनोट भएका वा जिम्मेवारी पाएको व्यक्ति, फर्म, कम्पनीसँग विद्यालयले समयतालिका सहितको कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ र उक्त कार्यसम्पादन सम्झौतामा वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी रुजु सूची भर्न लगाइ रुजुसूचीले निर्दिष्ट गरे अनुसार आवश्यक व्यवस्थापन गर्ने विषय समावेश गर्नु पर्नेछ ।

(३) विद्यालयमा हुने भौतिक निर्माण एवम् मर्मत कार्यको नियमित अनुगमन र सहजीकरण सम्बन्धित प्राविधिकबाट गर्नु पर्नेछ ।

(४) विद्यालयको भौतिक निर्माण कार्यको अनुगमन मन्त्रालय तथा मातहतका निकाय, प्रदेश सरकार तथा अन्तर्गतका निकाय, स्थानीय तह र विकास निर्माणमा संलग्न निकायबाट समय समयमा हुन सक्नेछ ।

(५) यस दफाबमोजिम भएको अनुगमनबाट प्राप्त सुझाव कार्यान्वयन गर्ने गराउने दायित्व सम्बन्धित विद्यालयको हुनेछ ।

३१. **कार्यसम्पन्न प्रतिवेदन**: (१) यस मापदण्डबमोजिम निर्माण, पुनर्सवलीकरण एवम् मर्मत भएका भौतिक पूर्वाधारको कार्यसम्पन्न प्रतिवेदन विद्यालय वा स्थानीय तहबाट तोकिएको प्राविधिकबाट म.ले.प. फाराम नं. ५१० को ढाँचामा तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्यसम्पन्न प्रतिवेदन विद्यालयको प्रधानाध्यापकबाट स्वीकृत हुनु पर्नेछ।

(३) विद्यालयले स्वीकृत कार्यसम्पन्न प्रतिवेदन एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गर्नु पर्नेछ।

## परिच्छेद-६
## निकायगत भूमिका

३२. **स्थानीय तहको भूमिका**: विद्यालयको भौतिक पूर्वाधार विकास एवम् विस्तारका लागि स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछः-

(क) विद्यालयको स्थलगत रूपमा प्राविधिक लेखाजोखा गर्ने र यस मापदण्डमा तोकिएबमोजिम भौतिक अवस्था अद्यावधिक गर्ने गराउने ।

(ख) विद्यालयमा माथिल्लो कक्षा वा तह थप गर्नुपर्ने भएमा यस मापदण्डबमोजिमका भौतिक पूर्वाधार सुनिश्चित गरेर मात्र अनुमति वा स्वीकृति दिने ।

(ग) मापदण्डबमोजिम विकास गर्नुपर्ने पूर्वाधार विकासको गुरुयोजना बनाउने तथा स्वीकृत गर्ने ।

(घ) मापदण्डबमोजिम विकास गर्नुपर्ने विद्यालय पूर्वाधारका लागि विभिन्न सरकारी निकाय तथा गैर सरकारी सङ्घ संस्थासँग समन्वय, साझेदारी एवम् सहजीकरण गर्ने ।

(ङ) मापदण्डबमोजिम निर्माण एवम् मर्मतसम्भार गर्नुपर्ने कार्यका लागि प्राविधिक खटाई आवश्यक सुपरिवेक्षण तथा सहजीकरण गर्ने गराउने ।

(च) स्थानीय तह स्तरमा विद्यालय पूर्वाधार समिति गठन एवम् परिचालन गर्ने र प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने गराउने। वातावरण संरक्षणसम्बन्धी कानुन, सार्वजनिक खरिदसम्बन्धी कानुन, स्थानीय सरकार सञ्चालनसम्बन्धी कानुनको परिपालना गरी विद्यालय पूर्वाधारको ड्रइङ डिजाइन तथा नक्सा पाससम्बन्धी कार्य गर्ने ।

(ज) विद्यालय भवन निर्माणका लागि विद्यालयमा बजेट निकासा, सहजीकरण, तथा अनुगमन गर्ने ।

(झ) निर्माण भएका पूर्वाधारको उचित प्रयोग, मर्मत सम्भार एवं संरक्षणका लागि आवश्यक व्यवस्था गर्ने ।

(ञ) भौतिक पूर्वाधार लगायतका विषयहरू एकीकृत शैक्षिक सूचना प्रणालीमा आबद्ध गराउने ।

(ट) स्थानीय तहका लागि स्वीकृत नीतिबमोजिमका अन्य कार्य गर्ने गराउने ।

३३. <u>स्थानीय तहबाट अनुगमन हुन सक्ने</u>ः (१) स्थानीय तह भित्रका विद्यालयको भौतिक एवम् प्राविधिक पक्षको अनुगमन, विद्यालय निर्माण एवम् पुनर्सवलीकरण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत व्यवस्थापन तथा विपद जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा बृहत विद्यालय सुरक्षाका लागि स्थानीय तहले अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा देहायबमोजिम गर्नु पर्नेछः-

(क) विद्यालयको भौतिक अवस्थाको सर्वेक्षण भए, नभएको,

(ख) विद्यालयको भौतिक पूर्वाधार विकास विस्तार एवम् पुनर्सवलीकरणका लागि विद्यालय सुधार योजनामा समावेश भए, नभएको,

(ग) विद्यालयको भौतिक पूर्वाधारको संरक्षण संवर्द्धन सम्बन्धी विषय,

(घ) वातावरणीय तथा सामाजिक पक्षमा पर्नसक्ने नकारात्मक असरको पहिचान र न्यूनीकरण सम्बन्धी कार्य,

(ङ) कार्यादेशमा वातावरणीय तथा सामाजिक मुद्दाहरूको व्यवस्थापनको प्रावधान भए, नभएको,

(च) विद्यालयमा हुने लैङ्गिक तथा यौनजन्य हिंसा, बुलिङ दुर्व्यवहार लगायतका हिंसाजन्य कार्यमा गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था,

(छ) स्थानीय तहको विपद व्यवस्थापन समितिसँग राय सल्लाह परामर्श लिए, नलिएको,

(ज) अन्य आवश्यक विषय ।

(३) उपदफा (१) बमोजिम मौजुदा समिति भएको भएमा योजना तथा कार्यक्रम अधिकृत, प्राविधिक ईन्जिनियर, वातावरण क्षेत्र हेर्ने अधिकृत, लैङ्गिक समावेशिता हेर्ने अधिकृत र शिक्षा विषय हेर्ने अधिकृतलाई आमन्त्रण गरी अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम कार्य गर्दा आवश्यकता अनुसार समिति तथा उपसमिति गठन गरी कार्य सम्पादन गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिम स्थानीय तहबाट हुने निर्माण कार्यको अनुगमन हुँदा प्रयोग हुने रूजुसूची अनुसूची-६ बमोजिम हुनेछ ।

## परिच्छेद-७

## विविध

३४. <u>जलवायु अनुकूलन हुनुपर्ने</u>: (१) विद्यालय वातावरणलाई जलवायु अनुकूलन हुने गरी हरियाली बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हरियाली वातावरण तयार गर्नका लागि भौगोलिक अवस्था र खाली जग्गाको उपलब्धताका आधारमा देहायबमोजिम व्यवस्थापन गर्न सकिनेछः-

(क) २० रोपनी भन्दा बढी खाली जग्गा भएमा भौगोलिक अवस्था र सुरक्षासमेतलाई दृष्टिगत गरी माछापालन र मौरीपालन जस्ता कृषिजन्य कार्य गराउने ।

(ख) ५ देखि २० रोपनीसम्म खाली जग्गा हुने विद्यालयले फूलबारी, औषधिजन्य रूखहरू, तरकारी बगैचा र फलफूल लगाउने ।

(ग) ५ रोपनीसम्म खाली जग्गा हुने विद्यालयले फूलबारी, औषधिजन्य विरूवाहरू, तरकारी बगैचा वा अन्य विरूवा लगाउने ।

(घ) १ रोपनीभन्दा कम जग्गा हुने विद्यालयले फूलबारी, आकर्षक सजाउने विरूवा तथा औषधिजन्य विरूवाहरू लगाउने ।

(ङ) खाली जग्गा ज्यादै कम हुने विद्यालयले गमला, कौशी, बोरा, पर्खाल, बरण्डा लगायतका उपर्युक्त स्थान र तरिका छनोट गरी विरुवा रोपी बगैचाको रूपमा विकास गर्ने ।

(च) विद्यालय परिसरभित्र वृक्षारोपण, नियमित सरसफाइ, आकाशे पानी सङ्कलन, पानीका मुहान संरक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(छ) नवीकरणीय उर्जा प्रयोगमा प्राथमिकता दिनु पर्नेछ ।

**३५.** <u>प्रचलित कानुनको पालना गर्नु पर्ने</u>: विद्यालयको भौतिक पूर्वाधार प्रचलित वातावरण सम्बन्धी कानुन, भवन निर्माण सम्बन्धी कानुन, स्थानीय सरकार सञ्चालन सम्बन्धी कानुनबमोजिम हुने गरी निर्माण गर्नु पर्नेछ ।

**३६.** <u>सहजीकरण गर्नु पर्ने</u>: (१) मापदण्डको कार्यान्वयनको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र सरोकारवालाबाट आवश्यक सहजीकरण गर्नु पर्नेछ ।

(२) मापदण्डको कार्यान्वयनमा कुनै बाधा परेमा केन्द्रले आवश्यक सहजीकरण गर्नेछ ।

**३७.** <u>यस अघिको निर्माणको सम्बन्धमा</u>: मापदण्ड लागू हुनुअघि निर्माण भएका भौतिक पूर्वाधारको पुनर्निर्माण गर्नु पर्ने भएमा मापदण्डबमोजिम हुने गरी गर्नु पर्नेछ ।

## अनुसूची-१

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

## विद्यार्थी सङ्ख्याका आधारमा विद्यालयमा न्यूनतम हुने पूर्वाधार

### (क) ५० जना विद्यार्थी भएका विद्यालयका लागि

| कक्षा ३ सम्म | कक्षा ५ सम्म | कक्षा ८ सम्म |
|---|---|---|
| (क) प्रारम्भिक बालविकास कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ३<br>(ग) शौचालय १/१<br>(घ) शिक्षक प्रधानाध्यापक कक्ष १<br>(ङ) भान्सा घर/स्टोर १<br>(च) खानेपानी<br>(छ) खेलमैदान | (क) प्रारम्भिक बालविकास कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ४<br>(ग) शौचालय १/१<br>(घ) शिक्षक/प्रधानाध्यापक कक्ष १<br>(ङ) भान्सा घर/स्टोर १<br>(च) खानेपानी<br>(छ) खेलमैदान | (क) प्रारम्भिक बालविकास कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ८<br>(ग) शौचालय १/१<br>(घ) शिक्षक/प्रधानाध्यापक कक्ष १<br>(ङ) खानेपानी<br>(च) भान्सा घर/स्टोर १<br>(छ) खेलमैदान |

### (ख) ५० देखि १०० जना विद्यार्थी भएका विद्यालयका लागि

| कक्षा ३ सम्म | कक्षा ५ सम्म | कक्षा ८ सम्म |
|---|---|---|
| (क) प्रारम्भिक बालविकास कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ३<br>(ग) शौचालय १/१<br>(घ) शिक्षक/प्रधानाध्यापक कक्ष १<br>(ङ) भान्सा घर/स्टोर १<br>(च) खानेपानी<br>(छ) खेलमैदान | (क) प्रारम्भिक बालविकास कक्षाकोठा १<br>(ख) कक्षाकोठा ५<br>(ग) शौचालय १/१<br>(घ) प्रधानाध्यापक शिक्षक कार्यकक्ष १<br>(ङ)भान्सा घर/स्टोर १<br>(च) खानेपानी<br>(छ) खेलमैदान | (क) प्रारम्भिक बालविकास कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ८<br>(ग) शौचालय १/१<br>(घ) शिक्षक/प्रधानाध्यापक कक्ष १<br>(ङ) भान्सा घर/स्टोर १<br>(च) खानेपानी<br>(छ) भलिबल कोर्टसहितको खेलमैदान |

### (ग) १०० देखि २०० जना विद्यार्थी भएका विद्यालयका लागि

| कक्षा ३ सम्म | कक्षा ५ सम्म | कक्षा ८ सम्म | कक्षा १० सम्म |
|---|---|---|---|
| (क) प्रारम्भिक बालविकासका लागि कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ४ | (क) प्रारम्भिक बालविकासका लागि एक कक्षाकोठा<br>(ख) कक्षाकोठा | (क) प्रारम्भिक बालविकासका लागि एक कक्षाकोठा<br>(ख) कक्षाकोठा सङ्ख्या ८ | (क) प्रारम्भिक बालविकासका लागि कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या |

| | | | |
|---|---|---|---|
| (ग) शौचालय १<br>(घ) शिक्षक/प्रधानाध्यापक कक्ष १<br>(ङ) भान्सा घर/स्टोर<br>(च) खानेपानी<br>(छ) खेलमैदान | सङ्ख्या ५<br>(ग) शौचालय<br>(घ) शिक्षक/ प्रधानाध्यापक कक्ष १<br>(ङ) भान्सा घर/स्टोर<br>(च) खानेपानी<br>(छ) खेलमैदान | (ग) शौचालय एक युरिनल<br>(घ) प्रधानाध्यापक कक्ष एक<br>(ङ) शिक्षक कक्ष<br>(च) खानेपानी<br>(छ) भलिबल कोर्ट सहितको खेलमैदान<br>(ज) भान्साघर/स्टोर | १०<br>(ग) शौचालय एक युरिनल<br>(घ) प्रधानाध्यापक कक्ष १<br>(ङ) शिक्षक कक्ष<br>(च) खानेपानी<br>(छ) भलिबल कोर्टसहितको खेलमैदान<br>(ज) भान्सा घर/स्टोर |

## (घ) २०० देखि ३०० जना विद्यार्थी भएका विद्यालयका लागि

| कक्षा ३ सम्म | कक्षा ५ सम्म | कक्षा ८ सम्म | कक्षा १) सम्म | कक्षा १२ सम्म |
|---|---|---|---|---|
| (क) प्रारम्भिक बालविकासका लागि कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ५<br>(ग) शौचालय १<br>(घ) शिक्षक कार्यकक्ष १<br>(ङ) प्रधानाध्यापक कक्ष १<br>(च) भान्साघर/स्टोर<br>(छ) खानेपानी<br>(ज) खेलमैदान | (क) प्रारम्भिक बालविकास कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ६<br>(ग) शौचालय १/१<br>(घ) युरिनल ५/५<br>(ङ) शिक्षक/ प्रधानाध्यापक कक्ष एक<br>(च) खानेपानी<br>(छ) भान्साघर/स्टोर<br>(ज) खेलमैदान | (क) प्रारम्भिक बालविकास कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ८<br>(ग) शौचालय एक युरिनल ५/५<br>(घ) प्रधानाध्यापक कक्ष एक<br>(ङ) शिक्षक कक्ष<br>(च) खानेपानी<br>(छ) भलिबल कोर्टसहितको खेलमैदान<br>(ज) भान्साघर/स्टोर | (क) प्रारम्भिक बालविकास का लागि कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या १)<br>(ग) शौचालय एक युरिनल ५/५<br>(घ) प्रधानाध्यापक कक्ष १<br>(ङ) शिक्षक कक्ष १<br>(च) पुस्तकालय १<br>(छ) प्रयोगशाला कक्ष ३<br>(ज) खानेपानी<br>(झ) भलिबल कोर्टसहितको खेलमैदान<br>(ञ) भान्साघर/ स्टोर | (क) प्रारम्भिक बालविकास का लागि कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या १२<br>(ग) शौचालय १/१युरिनल ५/५<br>(घ) प्रधानाध्यापक कक्ष १<br>(ङ) शिक्षक कक्ष १<br>(च) पुस्तकालय १<br>(छ) प्रयोगशाला कक्ष ३<br>(ज) खानेपानी<br>(झ) भलिबल कोर्टसहितको खेलमैदान<br>(ञ) भान्साघर/ स्टोर |

**(ङ) ३०० देखि ५०० जना विद्यार्थी भएका विद्यालयका लागि**

| कक्षा ३ सम्म | कक्षा ५ सम्म | कक्षा ८ सम्म | कक्षा १० सम्म | कक्षा १२ सम्म |
|---|---|---|---|---|
| (क) प्रारम्भिक बालविकासका लागि कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ६<br>(ग) शौचालय २/२<br>(घ) युरिनल १)/१)<br>(ङ) शिक्षक कार्यकक्ष १<br>ङ प्रधानाध्यापक कक्ष<br>(च) पुस्तकालय १<br>(छ) खेलमैदान<br>(ज) खानेपानी<br>(झ) प्राथमिक उपचार कक्ष १ | (क) प्रारम्भिक बालविकास कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ६<br>(ग) शौचालय २/२<br>(घ) युरिनल १०/१०<br>(ङ) शिक्षक । प्रधानाध्यापक कक्ष एक<br>(च)खानेपानी<br>(छ) खेलमैदान<br>(ज) प्राथमिक उपचार कक्ष १ | (क)प्रारम्भिक बालविकास कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या ८<br>(ग) शौचालय २/२ युरिनल १०/१०<br>(घ) प्रधानाध्यापक कक्ष एक<br>(ङ) शिक्षक कक्ष<br>(च) खानेपानी<br>(छ) भलिबल कोर्टसहितको खेलमैदान<br>(ज) प्राथमिक उपचार कक्ष १ | (क) प्रारम्भिक बालविकासका लागि कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या १)<br>(ग) शौचालय २।२<br>(घ) युरिनल १)/१)<br>(ङ) प्रधानाध्यापक कक्ष १<br>(च) शिक्षक कक्ष<br>(छ) पुस्तकालय १ प्रयोगशाला कक्ष ३<br>(ज)खानेपानी<br>(झ) भलिबल कोर्ट सहितको खेलमैदान<br>(ञ) सभाकक्ष १<br>(ट) प्राथमिक उपचार कक्ष १<br>(ठ)विषयगत कार्यशाला कक्ष | (क) प्रारम्भिक बालविकासका लागि कक्षाकोठा १<br>(ख) कक्षाकोठा सङ्ख्या १२<br>(ग) शौचालय १/१ युरिनल ५/५<br>(घ) प्रधानाध्यापक कक्ष १<br>(ङ) शिक्षक कक्ष १<br>(च)पुस्तकालय १<br>(छ) प्रयोगशाला कक्ष ३<br>(ज) खानेपानी<br>(झ) भलिबल कोर्टसहितको खेलमैदान<br>(ञ) सभाकक्ष १<br>(ट) प्राथमिक उपचार कक्ष १<br>(ठ) विषयगत कार्यशाला कक्ष |

**द्रष्टव्यः-**

(१) माध्यमिक तहमा ऐच्छिक विषय प्राविधिक विषयसहितका विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा कक्षाकोठा एवम् प्रयोगशाला कक्ष थप हुनेछन ।

(२) ५०० भन्दा बढी विद्यार्थी भएमा प्रति ४० विद्यार्थीका दरले थप कक्षाकोठा प्रति १०० विद्यार्थीका लागि १/१ शौचालय र ३/३ युरिनल प्रति २०० जनाका लागि थप १/१ प्रयोगशाला थप ३०० विद्यार्थीका लागि १ पुस्तकालय इ पुस्तकालय १५०० भन्दा बढी विद्यार्थी भएमा शिक्षकहरूको विषयगत कार्यशाला कक्ष ५ ।

## अनुसूची-२
(दफा १३ को उपदफा (७) सँग सम्बन्धित)

### पुस्तकालय, प्रयोगशाला र मनोरञ्जन कक्षको साइज

| सि.न | कक्ष | क्षेत्रफल (वर्ग मिटरमा) | | | |
|---|---|---|---|---|---|
| | | प्रारम्भिक बालविकास | आधारभूत विद्यालय कक्षा ५ सम्म सञ्चालित | आधारभूत विद्यालय कक्षा ८ सम्म सञ्चालित | माध्यमिक विद्यालय कक्षा १२ सम्म सञ्चालित |
| १ | पुस्तकालय | ३० | ४० | ६० | ९० |
| २ | मनोरञ्जन कक्ष | ३० | ४० | ६० | ९० |
| ३ | ड्रइङ कक्ष | ३० | ४० | ६० | ९० |
| ४ | कम्प्युटर कक्ष | ३० | ४० | ६० | ९० |
| ५ | भौतिक विज्ञान | – | – | ६० | ९० |
| ६ | रसायन विज्ञान | – | – | ६० | ९० |
| ७ | जीव विज्ञान प्रयोगशाला | – | – | ६० | ९० |

# अनुसूची-३

(दफा २१ को उपदफा (३) सँग  सम्बन्धित)

## विद्यालयमा प्रयोग हुने रङरोगन

(क) बाहिरी भाग

| सि.नं. | भवनका अङ्गहरू | रङको नाम | रङको नमुना |
|---|---|---|---|
| १ | मुख्य भाग (प्लास्टर गरिएको) | फिका पहेंलो रङ |  |
| २ | मुख्य भाग (इँटाको वा ढुङ्गाको गारो) | पारदर्शी रसायन (Silicon Paint) |  |
| ३ | ठाडो / तेर्सो ब्यान्ड | सेतो |  |
| ४ | छज्जा (Projection) र फेसिया (Facia) | खरानी |  |
| ५ | छाना | Teracota Tile / slate र रातो (अन्य सामाग्री भए) |  |
| ६ | झ्याल (चौकोस र खापा) | सेतो / खैरो गाढा |  |
| ७ | ढोका (चौकोस र खापा) | सेतो/खैरो गाढा |  |
| ८ | प्लिन्थ ब्यान्ड (Plinth Band) | खरानी |  |
| ९ | ग्रिल (Grill) | खैरो (गाढा) |  |

**ख. भित्री भाग**

| सि.नं. | भवनका अङ्गहरू | रङको नाम | रङको नमूना |
|---|---|---|---|
| १ | करिडर भऱ्याङको भित्ता | माथिल्लो -सेतो<br>तल्लो -खैरो | |
| २ | कक्षाकोठा भित्ता | क्रिम (Cream)<br>वा आइभोरी (Ivory) रङ | |
| ३ | सभा कक्ष (भित्ता) | सेतो | |
| ४ | सिलिङ (Ceiling) | सेतो | |

**अनुसूची–४**
(दफ २८ को उपदफा(३) सँग सम्बन्धित)

## विद्यालय निर्माण एवम् मर्मत समय तालिका

| क.स. | कार्यको विवरण | महिना | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ..... | ..... | ..... | ..... |
| १ | सम्झौता | | | | | | | |
| २ | जग सुरू | | | | | | | |
| ३ | व्याक फिलिङ | | | | | | | |
| ४ | प्लिन्थ बिम | | | | | | | |
| ५ | सिल लेभल | | | | | | | |
| ६ | लिन्टेल ब्यान्ड | | | | | | | |
| ७ | भुँइतालाको छत | | | | | | | |
| ८ | भुँइ तला सम्पन्न | | | | | | | |
| ९ | पहिलो तला सम्पन्न | | | | | | | |
| १० | प्लास्टर, पनिङ आदि पूरा | | | | | | | |
| ११ | निर्माणको सम्पूर्ण कार्य पूरा | | | | | | | |
| | | | | | | | | |

## अनुसूची–५

(दफा २८ को उपदफा (४) सँग सम्बन्धित)

### विद्यालय निर्माणमा वातावरणीय तथा सामाजिक सुरक्षासम्बन्धी रूजु सूची

१. आयोजनाको नामः

२. आयोजना सम्बन्धी जानकारी

| | |
|---|---|
| विद्यालयको नाम | |
| ठेगाना | |
| प्रधानाध्यापकको नाम | |
| टेलिफोन/फ्याक्स | |
| इमेल | |
| प्रस्तावित निर्माणको काम<br>कृपया जुन काम हुन गइरहेको<br>सोही मात्र जनाउनुहोस । | |

३. वातावरणीय तथा समाजिक सुरक्षा छनोट सम्बन्धी

| प्रश्नहरू | छ (√) | छैन (√) | असर पर्न सक्ने अवस्था (√) | | | समस्याको विवरण/ कैफियत | संभावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|---|
| | | | उच्च | मध्यम | न्यून | | |
| **क) पूर्वाधार निर्माण हुने ठाँउको अवस्थिति** | | | | | | | |
| १. सुरक्षित क्षेत्र (जस्तै राष्ट्रिय निकुञ्ज, वन्यजन्तु संरक्षण केन्द्र, शिकार क्षेत्र, आदि) | | | | | | | |
| २. मध्यवर्ती क्षेत्र | | | | | | | |
| ३. सिमसार क्षेत्र | | | | | | | |
| ४. जैविक विविधता संरक्षणका लागि तोकिएको कुनै विशेष क्षेत्र (जस्तै बोटानिकल गार्डेन चिडिया खाना आदि) | | | | | | | |
| ५. पहिरो तथा भूक्षय भएको ठाउँबाट नजिक | | | | | | | |
| ६. वर्षाको पानी जम्ने वा निकास नहुने अवस्था | | | | | | | |
| ७. जमिनमुनि भएका भौतिक संरचना (जस्तो  खानेपानीको पाइप, ढल आदि) लाई असर पर्ने | | | | | | | |

| प्रश्नहरू | | छ (√) | छैन (√) | असर पर्न सक्ने अवस्था (√) | | | समस्याको विवरण/ कैफियत | संभावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उच्च | मध्यम | न्यून | | |
| ८. माटो, ढुङ्गा, बालुवा आदि निकालिने क्षेत्र | | | | | | | | |
| ९. नदी, खोलानाला नजिक | | | | | | | | |
| १०. प्रसारण लाइन (Transmission Lines) नजिक | | | | | | | | |
| ११.सांस्कृतिक/धार्मिक/सम्पदा भित्र वा नजिक | | | | | | | | |
| १२. उल्लिखित क्षेत्रहरूमा विद्यालयको पूर्वाधार निर्माणले अतिक्रमण हुन सक्ने संभावना छ ? | | | | | | | | |
| **ख) निर्माण कार्यका कारण संभावित वातावरणीय तथा सामाजिक असरको अवस्था** | | | | | | | | |
| १ भिरालोपना | निर्माण स्थलमा भिरालोपनाको कारणले पहिरो जानसक्ने अवस्था छ कि छैन ? | | | | | | | |
| | निर्माण स्थलमा सजिलै बग्ने वा नबग्ने माटो छ कि छैन ? | | | | | | | |
| २ पानीको व्यवस्थापन | निर्माण स्थलमा पर्याप्त मात्रामा पानीको व्यवस्था छ? | | | | | | | |
| | तत्काल वा भविष्यमा खानेपानी (सतही र भूमिगत) को गुणस्तर माथि कुनै असर पर्छ कि पर्दैन ? | | | | | | | |
| | निर्माण कार्यले पानीको स्रोत/मुहानलाई असर पार्न सक्छ ? | | | | | | | |

| प्रश्नहरू | | छ (√) | छैन (√) | असर पर्न सक्ने अवस्था (√) | | | समस्याको विवरण/ कैफियत | संभावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उच्च | मध्यम | न्यून | | |
| | सिंचाई नहरलाई असर पार्न सक्छ ? | | | | | | | |
| ३ फोहोर व्यस्थापन | निर्माण कार्यमा प्रयोग गरिएको सामग्री (विटुमिन, सिमेन्ट पेन्ट, ज्वलनशील पदार्थ आदि) बाट कुनै जोखिमयुक्त पदार्थ/ केमिकलहरू निस्केको छ ? | | | | | | | |
| | निर्माण कार्यबाट निस्केको फोहरले ढलमा असर पारेको छ ? | | | | | | | |
| | निर्माण कार्यबाट निस्केको प्रदूषित पदार्थले माटो, हावा र पानीलाई असर पारेको छ ? | | | | | | | |
| ४.बासस्थानमा पुग्न सक्ने क्षति | निर्माण कार्यले नजिकैको दुर्लभ वा जोखिममा परेको वा लोप हुनलागेको जङ्गली प्राणीको बासस्थानमा कुनै असर पर्छ ? | | | | | | | |
| | निर्माण कार्य गर्दा ठुलो मात्रामा वन फँडानी वा रूख मासिने हुनसक्छ ? (मासिने रूखको परिमाण कैफियतमा लेख्नुहोला) | | | | | | | |
| ५.ध्वनि तथा वायु प्रदूषण | विष्फोटन वा vibration कार्यबाट नजिकैको बस्तीमा असर पर्नसक्छ ? | | | | | | | |
| | निर्माण कार्यबाट उत्पन्न हुने धुलोको कारण वायु प्रदूषण हुनसक्छ ? | | | | | | | |

| प्रश्नहरू | | छ (√) | छैन (√) | असर पर्न सक्ने अवस्था (√) | | | समस्याको विवरण/ कैफियत | संभावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उच्च | मध्यम | न्यून | | |
| ६.स्वास्थ्य तथा सुरक्षा | रसायनिक, जैविक, भौतिक, तथा विकिरणको असरबाट स्थानीयबासी तथा जनावर जोखीममा पर्नसक्ने संभावना छ ? | | | | | | | |
| | मजदुरबाट स्थानीय बासीन्दामा रोग र्सनसक्ने संभावना छ ? | | | | | | | |
| ७.जग्गा सम्बन्धी विषय | विद्यालयको नाममा जग्गा छ ? (आवश्यक कागजपत्र भएमा कैफियतमा जनाउनु होला) | | | | | | | |
| | जग्गाको नाममा कुनै वादविवाद वा झगडा भएको छ ? | | | | | | | |
| | कुनै खेती योग्य जमिनको नोक्सानी हुने संभावना छ ? | | | | | | | |
| | कुनै समुदाय विस्थापित हुने संभावना छ ? | | | | | | | |
| ८.जोखिम समुदाय | गरिब, महिला तथा बालबालिकालाई नकारात्मक असर पार्ने संभावना छ ? | | | | | | | |
| ९. आदिवासी समूह | आदिवासीलाई नकारात्मक असर पर्ने संभावना छ ? | | | | | | | |
| | निमार्ण कार्य र यसका असरहरू बारे आदिवासी वा स्थानीयबासी जानकार छन् ? जानकारी कसरी दिने गर्नु भएको छ कैफियतमा जनाउनु होला) | | | | | | | |

| प्रश्नहरू | | छ (√) | छैन (√) | असर पर्न सक्ने अवस्था (√) | | | समस्याको विवरण/ कैफियत | संभावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उच्च | मध्यम | न्यून | | |
| १०.सामाजिक द्वन्द्व | यदि मजदुर/कामदारहरू अन्यत्रबाट ल्याई काम लगाएमा द्वन्द्व हुने संभावना छ? | | | | | | | |
| (ग) प्राकृतिक प्रकोपको प्रभाव हुने संभावना | | | | | | | | |
| मिति | | | | | | | | |
| तालिका भर्ने व्यक्तिको नाम | | | | | | | | |
| पद/पेसा | | | | | | | | |
| कार्यरत संस्थाको नाम | | | | | | | | |
| ठेगाना | | | | | | | | |

## अनुसुची-६

(दफा ३३ को उपदफा (५) सँग सम्बन्धित)

## स्थानीय तहबाट हुने निर्माण कार्यको अनुगमनसँग सम्बन्धित रूजुसूची

| क्र.सं. | कार्य | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| (क) सामान्य अनुगमन | | | | |
| निर्माण सुरू हुनुअघि | | | | |
| १ | प्रस्ताव तयारी र स्थानीय तहमा पेस गरेको | | | |
| २ | निर्माण स्थलको र छनोट गरिएको डिजाइनको उपयुक्त | | | |
| ३ | अभिभावक र स्थानीय समुदायसँग निर्माणसम्बन्धी छलफल गरेको | | | |
| ४ | स्थानीय तहको प्राविधिक कर्मचारीबाट निर्माण स्थाल अवलोकन गरेको | | | |
| ५ | स्थानीय तहसँग सम्झौता गरेको | | | |
| ६ | निर्माण गर्दा वातावरणीय असर पर्ने | | | |
| ७ | निर्माण सामग्रीको उपलब्धता | | | |
| ८ | निर्माण सामग्रीको भण्डारण | | | |
| निर्माण अवधिमा | | | | |
| ९ | समय तालिका अनुसार निर्माण कार्य गरेको | | | |
| १० | निर्माण स्थलका लागि छनोट भएको डिजाइनको उपयुक्तता | | | |
| ११ | तालिम प्राप्त कालीगढबाट निर्माण कार्य भएको | | | |
| १२ | स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीको प्रयोग भएको | | | |
| १३ | कङ्क्रिट तयारीका लागि मिक्सिङ मेसिनको प्रयोग भएको | | | |
| १४ | कम्प्याक्सनका लागि भाइब्रेटरको प्रयोग भएको | | | |

| क्र.सं. | कार्य | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १५ | कङ्क्रिटको उपयुक्त तरिकाले सिञ्चन (Curing) भएको | | | |
| १६ | डिजाइन उपयोग गर्दा साइट स्पेसिफिक व्यावहारिक समस्या परेको | | | |
| १७ | बाल श्रम प्रयोग भएको | | | |
| १८ | भूक्षय बढी भएको | | | |
| १९ | खानेपानीको स्रोतमा असर परेको | | | |
| २० | ध्वनि प्रदूषण भई विद्यार्थीमा असर परेको | | | |
| २१ | महिला कामदार लगाइएको | | | |
| २२ | मुख्य निर्माण चरणमा प्राविधिक कर्मचारीबाट सुपरिवेक्षण भएको | | | |
| | ले आउट | | | |
| | डिपिसी लेभल | | | |
| | सुपरस्ट्रक्चर | | | |
| | छाना/छत निर्माण | | | |
| २३ | निर्माण स्थलमा निर्देशन पुस्तिका राखिएको | | | |
| २४ | स्थानीय व्यक्तिहरूबाट निर्माण कार्यमा अवरोध भएको | | | |
| २५ | निर्माण स्थलमा प्राविधिकबाट निर्माण सामग्रीको परीक्षण गरिएको | | | |
| २६ | निर्माण सामग्रीको प्राविधिकबाट प्रयोगशालामा परीक्षण गरिएको | | | |
| २७ | पर्याप्त मात्रामा पानी उपलब्ध भएको | | | |
| २८ | निर्माण कार्यले गर्दा कक्षा सञ्चालनमा अवरोध खडा भएको | | | |
| २९ | निर्माण कार्यले गर्दा विद्यार्थीहरूलाई घाउ चोट लागेको | | | |

| क्र.सं. | कार्य | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| ३० | कामदारहरूको हाजिर अभिलेख राखेको | | | |
| ३१ | सुरक्षाका उपायहरू अवलम्वन गरेको | | | |
| निर्माण कार्य पश्चात् | | | | |
| ३२ | निर्माण कार्यमा आर्थिक पारदर्शिता कायम भएको | | | |
| ३३ | लागत अनुमान र तोकिएको समयभित्र नै निर्माण कार्यको प्रगति भएको | | | |
| ३४ | स्थानीय सामग्रीको प्रयोग गर्दा वातावरणीय पक्षमा नकारात्मक असर परेको | | | |
| ३५ | निर्माण सामग्री आपूर्तिमा ढिलाइका कारण निर्माण कार्यमा असर परेको | | | |
| ३६ | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूबाट नियमित अनुगमन भएको | | | |
| (ख) सामान्य प्राविधिक पक्ष | | | | |
| प्लिन्थ लेभल सम्म | | | | |
| | **मेसनरी बिल्डिङ** (Masonry Building ) | | | |
| १ | फाउन्डेसन बेस लेभलमा भएको र राम्ररी कम्प्याक्ट भएको | | | |
| २ | फाउन्डेसन ब्यान्ड राखिएको | | | |
| ३ | कुनाहरूमा भर्टिकल रेनफोर्समेन्ट उठाइएको | | | |
| ५ | प्लिन्थ लेभलमुनी स्टिच ब्यान्ड राखिएको | | | |
| ५ | प्लिन्थ लेभल व्याण्ड राखिएको | | | |
| | **आर.सी.सी. बिल्डिङ** (RCC Building) | | | |
| १ | फाउन्डेसन बेस लेभलमा भएको र राम्ररी कम्प्याक्ट भएको | | | |
| २ | फाउन्डेसन बिम राखिएको | | | |

| क्र.सं. | कार्य | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| ३ | सब स्ट्रक्चरका इलेमेन्टको आकार र नाप उपयुक्त | | | |
| ५ | प्लिन्थ लेभल फिनिसिङ (उचाइ) उपयुक्त | | | |
| ६ | काम (Workmanship) र सिञ्चन (Curing) पर्याप्त | | | |
| छत तह सम्म | | | | |
| | मेसनरी बिल्डिङ | | | |
| १ | सिल ब्यान्ड राखिएको (प्रत्येक तलामा) | | | |
| २ | स्टिच ब्यान्ड राखिएको (५०० देखि ७०० मि मि को अन्तरालमा र प्रत्येक तलामा) | | | |
| ३ | लिन्टेल ब्यान्ड राखिएको (प्रत्येक तलामा) | | | |
| ४ | प्रत्येक कुनामा र ओपेनिङको दुबै साइडमा भर्टिकल रेन्फोर्समेन्ट (प्रत्येक तलामा) राखिएको | | | |
| ५ | रूफ लेभल ब्यान्ड राखिएको | | | |
| | आर.सी.सी. बिल्डिङ | | | |
| १ | सिल ब्यान्ड राखिएको (प्रत्येक तलामा) | | | |
| २ | स्टिच ब्यान्ड राखिएको (५०० देखि ७०० मि मि को अन्तरालमा र प्रत्येक तलामा) | | | |
| ३ | लिन्टेल व्याण्ड राखिएको (प्रत्येक तलामा) | | | |
| ४ | प्रत्येक कुनामा र ओपेनिङको दुवै साइडमा भर्टिकल रेन्फोर्समेन्ट (प्रत्येक तलामा) राखिएको | | | |
| ५ | रूफ लेभल ब्यान्ड राखिएको | | | |
| छत निर्माण | | | | |
| | रिजिड छत | | | |
| १ | छतमा पानी नछिर्ने खालको कङ्क्रिट भएको | | | |

| क्र.सं. | कार्य | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| २ | वर्षातको पानी निकासको लागि स्ल्याबको उपयुक्त लेभल मिलेको | | | |
| ३ | छतबाट जमिनमा पानी जाने व्यवस्था | | | |
| ४ | पानी भण्डारण प्रणालीको उपयुक्त निर्माण (यदि व्यवस्था भएमा) | | | |
| ५ | यदि बालबालिकाका लागि पहुँच भएमा सुरक्षाका उपायहरू | | | |
| | फ्लेक्जिबल छत | | | |
| १ | उपयुक्त बनावट र छत कनेक्सन | | | |
| २ | छतबाट जमिनसम्म पानीको निकास | | | |
| ३ | राम्रो इन्सुलेसनको व्यवस्था | | | |
| ४ | छत निर्माणका अवयवहरूको उपयुक्त जडान (स्टिल बेल्ड/बोल्ट, उड नेल) | | | |
| ५ | पानी नछिर्ने र छत निर्माणमा प्रयोग भएको सामग्रीको टिकाउपन | | | |
| ६ | समय तालिका अनुसार निर्माण कार्य गरेको | | | |
| ७ | निर्माण स्थलका लागि छनोट भएको डिजाइनको उपयुक्तता | | | |
| ८ | तालिमप्राप्त कालिगढबाट निर्माण कार्य भएको छ वा छैन | | | |
| ९ | स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीको प्रयोग भएको | | | |
| १० | कङ्क्रिट तयारीका लागि मिक्सिङ मेसिनको प्रयोग भएको | | | |
| ११ | कम्प्याक्सनका लागि भाइब्रेटरको प्रयोग भएको | | | |
| १२ | कङ्क्रिटको उपयुक्त तरिकाले सिञ्चन (Curing) भएको | | | |
| १३ | डिजाइन उपयोग गर्दा साइट स्पेसिफिक व्यावहारिक समस्या परेको | | | |

| क्र.सं. | कार्य | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १४ | बाल श्रम प्रयोग भएको | | | |
| १५ | भूक्षय बढी भएको | | | |
| १६ | खानेपानीको स्रोतमा असर परेको | | | |
| १७ | ध्वनि प्रदूषण भई विद्यार्थीमा असर परेको | | | |
| १८ | महिला कामदार लगाइएको | | | |
| १९ | मुख्य निर्माण चरणमा प्राविधिक कर्मचारीबाट सुपरिवेक्षण भएको | | | |
| २० | ले आउट | | | |
| २१ | डिपिसि लेभल | | | |
| २२ | सुपरस्ट्रक्चर | | | |
| | छाना/छत निर्माण | | | |
| २३ | निर्माण स्थलमा निर्देशन पुस्तिका राखिएको | | | |
| २४ | स्थानीय व्यक्तिहरूबाट निर्माण कार्यमा अवरोध भएको | | | |
| २५ | निर्माण स्थलमा प्राविधिकबाट निर्माण सामग्रीको परीक्षण गरिएको | | | |
| २६ | निर्माण सामग्रीको प्राविधिकबाट प्रयोगशालामा परीक्षण गरिएको | | | |
| २७ | पर्याप्त मात्रामा पानी उपलब्ध भएको | | | |
| २८ | निर्माण कार्यले गर्दा कक्षा सञ्चालनमा अवरोध खडा भएको | | | |
| २९ | निर्माण कार्यले गर्दा विद्यार्थीहरूलाई घाउ चोट लागेको | | | |
| ३० | कामदारहरूको हाजिर अभिलेख राखेको | | | |
| ३१ | सुरक्षाका उपायहरू अवलम्वन गरेको | | | |

| क्र.सं. | कार्य | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| | निर्माण कार्य पश्चात् | | | |
| ३२ | निर्माण कार्यमा आर्थिक पारदर्शिता कायम भएको | | | |
| ३३ | लागत अनुमान र तोकिएको समयभित्र नै निर्माण कार्यको प्रगति भएको | | | |
| ३४ | स्थानीय सामग्रीको प्रयोग गर्दा वातावरणीय पक्षमा नकारात्मक असर परेको | | | |
| ३५ | निर्माण सामग्री आपूर्तिमा ढिलाइका कारण निर्माण कार्यमा असर परेको | | | |
| ३६ | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूबाट नियमित अनुगमन भएको | | | |

अनुगमनकर्ताको नाम थरः

पदः

हस्ताक्षरः

मितिः

कार्यालयः

अनुसुची -७

म.ले.प.फाराम नं: ५१०
साबिकको फाराम नं: १७६

# सङ्घ /प्रदेश / स्थानीय तह
## ..............मन्त्रालय / विभाग / कार्यालय
## कार्यालय कोड नं.
## कार्य स्वीकार/सम्पन्न प्रतिवेदन

आयोजनाको नामः

कामको नामः

प्रतिवेदनको मितिः

लागत अनुमानको कुल रकमः

काम सुरू भएको मितिः

खर्च भएको कुल रकमः

काम सम्पन्न गर्नु पर्ने मितिः

सुरु लागत अनुमान भन्दा घटी बढीको प्रतिशतः

सम्पन्न भएको मितिः

भेरिएसनपछिको कुल लागत अनुमान भन्दा घटी बढीको प्रतिशतः

| कामको विवरण | सुरू लागत अनुमानबमोजिमको | | | भेरिएसन भएकोमा सोबमोजिमको कुल लागत अनुमान | | | खुद भएको कामको | | | फरक (सुरू लागत अनुमानको आधारमा) | | | फरक (भेरिएसनपछिको लागत अनुमानको आधारमा) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११=२-८ | १२=३-९ | १३=११*१२ | १४=५-८ | १५=६-९ | १६=१४*१५ | १७ |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | |

(क) स्वीकृत लागत अनुमान (इष्टिमेट) भन्दा घटी बढी खर्च रू. ....... प्रतिशत (%) ......

घटी/बढीको पुस्टयाइँ ......

स्वीकृत लागत अनुमान, डिजाइन र स्पेसिफिकेसनअनुसार काम भएको छ भनी सिफारिस गर्ने

| तयार गर्नेः | जाँच गर्नेः |
|---|---|
| सहीः | सहिः |
| नामः | नामः |
| दर्जाः | दर्जाः |
| मितिः | मितिः |

उपर्युक्तबमोजिम भएको कार्य सुरू सम्झौताको स्वीकृत डिजाइन र स्पेसिफिकेसनबमोजिम भएको छ/छैन । भेरिएशन आदेश र सर्तहरूबमोजिम भए/नभएको हुँदा उक्त कार्य सम्पन्न भएको स्वीकार /अस्वीकार गरिएको छ ।

स्वीकृत गर्नेः
सहीः

कार्यालय प्रमुखको नामः
दर्जाः
मितिः

**उद्देश्यः**

कार्य स्वीकार गर्दा र सम्पन्न भएको अवस्थामा कामको यथार्थ विवरण तयार गर्नु । निर्माण कार्यको सम्पादन भएपछि सुरू इस्टिमेटको परिमाणमा खुद भएको काम घटी बढी के कति भएको छ र स्वीकृत इस्टिमेट तथा डिजाइनबमोजिम काम भएको छ कि छैन भनी प्रमाणित गर्नका लागि यो फारामको तर्जुमा भएको हो ।

**फाराम भर्ने तरिकाः**

१. आयोजना ठेक्काको काम सम्पन्नपछि स्वीकार गर्दा अनुमानित काम तथा खुद भएको कामको चेक जाँचका लागि यस फाराम (प्रतिवेदन) प्रयोग गर्नुपर्छ ।

२. यसमा सुरूमा आयोजनाको नाम, कामको नाम, लागत अनुमानको कुल रकम, खर्च भएको कुल रकम र लागत अनुमानभन्दा घटी वा बढीको प्रतिशत खुलाउनुपर्छ ।

३. यस प्रतिवेदन तयार गर्दा यस प्रतिवेदनका मिति, कार्य सम्पन्न तयार गरिन थालेको काम सुरू भएको मिति, ठेक्काअनुसार काम सम्पन्न गर्नुपर्ने मिति र वास्तविक काम सम्पन्न भएको मिति लेख्नुपर्छ ।

४. महल १ मा कामको विवरण वा नाम लेख्नुपर्छ ।

५. महल २, ३ र ४ मा लागत अनुमानबमोजिमको क्रमशः परिमाण, दर र जम्मा रकम लेख्नुपर्छ ।

   महल ५, ६ र ७ मा भोरिएसनबमोजिम कायम लागत अनुमानबमोजिमको क्रमशः परिमाण, दर र जम्मा रकम लेख्नुपर्छ । उल्लिखित परिमाण र दर भेरिएसन भएको अवसथामा सोपछि कायम भएको दर र परिमाण सम्झनुपर्दछ ।

६. महल ८, ९ र १० मा खुद (वास्तविक) काम भएको विवरण क्रमशः परिमाण, दर र जम्मा रकम लेख्नुपर्छ ।

७. महल ११, १२ र १३ मा लागत अनुमान) महल २, ३ र ४ (बाट खुद काम भएको) महल ८, ९ र १० (घटाउँदा आउने बाँकी फरक रकम क्रमशः परिमाण, दर र जम्मा रकम लेख्नुपर्छ ।

८. महल १७ मा कुनै कैफियत भएमा सो कैफियत लेख्नुपर्छ ।

९. जम्मा हरफमा रकमको कुल जोड जम्मा लेख्नुपर्छ ।

१०. अनुमानभन्दा घटी वा बढी भएको फरक रकम र सो को प्रतिशत तथा सो को पुस्टयाइँसमेत राख्नुपर्छ ।

११. यस कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने तथा आयोजना ठेक्काको काम इष्टिमेटअनुसार भएको छ वा छैन सो को जाँच गर्ने कर्मचारीले आफ्नो नाम, पद र मिति लेखेर हस्ताक्षर गर्नुपर्छ

१२. लागत अनुमानअनुसार काम भएको वा नभएको बारे स्पष्ट तोकी स्वीकृत गर्ने कार्यालय प्रमुखको नाम, पद र मिति लेखेर हस्ताक्षर राख्नुपर्छ ।

*स्वीकृत मितिः २०८०/११/२० (माननीय मन्त्रीस्तरबाट)*

# विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८०

**प्रस्तावना**

आर्थिक रूपले विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउन तथा भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाई राख्नका लागि आधारभूत तह कक्षा ६ देखि माध्यमिक तह कक्षा बाह्रसम्म अध्ययनरत विपन्न विद्यार्थीका लागि प्रदान गरिने छात्रवृत्तिको वितरणसम्बन्धी कार्यलाई व्यवस्थित, प्रभावकारी तथा लक्षित वर्गसम्म पुऱ्याउन आवश्यक कार्य गर्न वाञ्छनीय भएकोले,

अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ४१ ले दिएको अधिकारको प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद-१

## सङ्क्षिप्त नाम र प्रारम्भ

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) यो मापदण्ड नेपालका सबै सार्वजनिक विद्यालयमा लागू हुने छ ।

२. <u>परिभाषाः</u> विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(ख) "गरिबी परिचयपत्र" भन्नाले नेपाल सरकार वा नेपाल सरकारबाट तोकिएको मन्त्रालय निकायबाट प्रचलित कानुनबमोजिम वितरण गरिएको गरिबी परिचयपत्र र गरिब घर परिवार परिचयपत्र नम्बर समेतलाई सम्झनु पर्छ ।

(ग) "पिएमटी" भन्नाले प्रतिनिधि सूचक परीक्षण प्रणाली (प्रोक्सी मिन्स टेस्टिङ) सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "मापदण्ड" भन्नाले विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०८० सम्झनु पर्छ।

(च) "विद्यालय" भन्नाले प्रचलित कानुनबमोजिम स्थापना भई सञ्चालनमा रहेको सार्वजनिक विद्यालय सम्झनु पर्छ र सो शब्दले सामुदायिक विद्यालयलाई समेत जनाउँछ ।

(छ) "विपन्न लक्षित छात्रवृत्ति" भन्नाले खण्ड "ख" बमोजिमको गरिब घरपरिवार परिचयपत्र प्राप्त व्यक्तिका छोरा वा छोरीलाई सार्वजनिक विद्यालयमा आधारभूत तहको कक्षा ६ देखि माध्यमिक तह कक्षा बाह्रसम्म अध्ययनको लागि प्रदान गरिने छात्रवृत्ति सम्झनु पर्छ र यो शव्दले उल्लिखित गरिबीको परिचय पत्र वितरण नभएको अवस्थामा खण्ड "ज" बमोजिमको पिएमटीद्वारा छनोट भएका विद्यार्थीलाई दिइने छात्रवृत्ति समेतलाई सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले दफा ४ बमोजिमको छात्रवृत्ति व्यवस्थापन सहजीकरण समिति सम्झनु पर्छ।

## परिच्छेद-२
## उद्देश्य

३. <u>उद्देश्य</u>: यस मापदण्डका उद्देश्य देहायबमोजिम रहेका छन्:-

(क) सार्वजनिक विद्यालयमा अध्ययनरत आर्थिक रूपमा विपन्न वर्गका विद्यार्थी छनोटका आधार तयार गरी विद्यार्थी पहिचान गर्नु,

(ख) पहिचान गरिएका आर्थिक रूपमा विपन्न विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति वितरण गर्नु,

(ग) विपन्न लक्षित छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको तथ्याङ्क व्यवस्थित गर्नु, र

(घ) छात्रवृत्ति वितरणमा संलग्न निकायको काम, कर्तव्य तथा भूमिका परिभाषित गर्नु ।

## परिच्छेद-३
## संरचनात्मक व्यवस्था

४. <u>छात्रवृत्ति व्यवस्थापन सहजीकरण समिति</u>: (१) छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरणसम्बन्धी कार्यप्रणालीलाई व्यवस्थित गरी छनोटमा परेका विद्यार्थीलाई छात्रवृत्ति वितरणमा समन्वय, सहजीकरण तथा प्राविधिक सहयोग गर्नका लागि केन्द्रमा एक छात्रवृत्ति व्यवस्थापन सहजीकरण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति व्यवस्थापन सहजीकरण समितिको गठन देहायबमोजिम हुनेछ:-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, केन्द्र | संयोजक |
| (ख) | उपमहानिर्देशक केन्द्र, सम्बन्धित महाशाखा | सदस्य |

| | | |
|---|---|---|
| (ग) | उपसचिव, मन्त्रालय, योजना तथा बजेट शाखा | सदस्य |
| (घ) | उपसचिव, मन्त्रालय, विद्यालय शिक्षा शाखा | सदस्य |
| (ङ) | निर्देशक, केन्द्र, शैक्षिक सूचना व्यवस्थापन शाखा | सदस्य |
| (च) | निर्देशक, केन्द्र, योजना तथा अनुगमन शाखा | सदस्य |
| (छ) | प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग | सदस्य |
| (ज) | प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | सदस्य |
| (झ) | निर्देशक, केन्द्र, समावेशी शिक्षा शाखा | सदस्य-सचिव |

(३) छात्रवृत्ति व्यवस्थापन सहजीकरण समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) छात्रवृत्ति सहजीकरण तथा व्यवस्थापन समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित विज्ञ, सरोकारवाला मन्त्रालय, निकाय तथा केन्द्रका कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(५) छात्रवृत्ति सहजीकरण तथा व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

५. <u>व्यवस्थापन सहजीकरण समितिको काम, कर्तव्य तथा अधिकार:</u> (१) यस मापदण्डमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सहजीकरण तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय जाने उमेरका लक्षित समूहका बालबालिकालाई वितरण गरिने छात्रवृत्तिलाई प्रभावकारी बनाउन समितिबाट प्राप्त सुझाव तथा निर्देशनको कार्यान्वयनका लागि सहजीकरण गर्ने,

(ख) विपन्न लक्षित छात्रवृत्ति प्रदान गरिने विद्यार्थी छनोटका लागि अनुसूची-१ बमोजिमको पिएमटीको सूचक सहितको सफ्टवेयर विकासका लागि सरोकारवाला निकायहरूसँग समन्वय गर्ने, स्थानीय तहमार्फत पिएमटी फारम भर्न भराउनका लागि आवश्यक सहजीकरण गर्ने,

(ग) विपन्न लक्षित छात्रवृत्ति वितरण सम्बन्धी विषयमा भए गरेका कार्यहरूको समीक्षा गरी विभिन्न निकायसँग आवश्यकता अनुसार समन्वय, सहजीकरण तथा सहकार्य गर्ने,

(घ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, शिक्षण संस्था लगायत विभिन्न निकायवाट विद्यालय तहमा अध्ययनरत विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिमा एकरूपता कायम गर्न समन्वय सहजीकरण गर्ने,

(ङ) विद्यालय जाने उमेरका लक्षित समूहका बालबालिकालाई वितरण गरिने छात्रवृत्तिलाई प्रभावकारी बनाउन प्राप्त सुझाव तथा निर्देशनको कार्यान्वयनका लागि सहजीकरण गर्ने,

(२) उपदफा (१) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अलावा छात्रवृत्ति व्यवस्थापन सहजीकरण समितिले यस मापदण्डको कार्यान्वयनको लागि आवश्यक अन्य कार्य गर्नेछ ।

## परिच्छेद-४
## विपन्न विद्यार्थी छनोटका आधार तथा प्रक्रिया

६. **<u>विपन्न विद्यार्थी छनोट गर्ने आधारः</u>** (१) गरिबी परिचयपत्र वितरण भएका स्थानीय तहका विद्यार्थीको हकमा निजका बाबु वा आमाले प्राप्त गरेको गरिबी परिचय पत्रमा उल्लेख भएको विपन्नताको आधारमा छात्रवृत्ति दिने व्यवस्था मिलाइनेछ ।

(२) गरिबी परिचयपत्र वितरण भएका स्थानीय तहको हकमा गरिब घर परिवार परिचयपत्र नम्बर वा पिएमटी फारमका आधारमा केन्द्रले व्यवस्थापन गरेको एकीकृत सफ्टवेयर पद्धतिमार्फत् स्थानीय तहले विद्यार्थी छनोट गर्नेछ ।

(३) गरिबी परिचय पत्र वितरण नभएको स्थानीय तहका विद्यार्थीको हकमा देहायको आधार र प्रक्रिया अपनाइ विद्यार्थी छनोट गरिनेछः-

(क) **विद्यार्थी पहिचान फारमको विकास र प्रयोगः** केन्द्रले प्रयोग गर्दै आएको अनुसूची-१ बमोजिमको गरिबी पहिचान फारम मार्फत प्राप्त विवरणको आधारमा विपन्न विद्यार्थी पहिचान गरिनेछ।

(ख) **सफ्टवेयरको विकास तथा परिमार्जन र प्रयोगः** विपन्न विद्यार्थी पहिचानको लागि पिएमटीको सूचकसहितको सफ्टवेयरको विकास, परिमार्जन र प्रयोग गरी सूचकको विश्लेषणवाट प्राप्त नतिजाको आधारमा विद्यार्थी छनोटका कार्य गर्ने गराइनेछ । विद्यार्थीको विवरण कम्प्युटर प्रविष्टिको लागि उक्त सफ्टवेयरलाई विद्यालय तहको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा

आबद्ध गरी तथ्याङ्क सङ्कलनको व्यवस्था गरिने छ। छात्रवृत्ति व्यवस्थापनका लागि क्रमशः अनलाइनमा आधारित विद्यार्थी छनोट प्रणाली विकास गर्दै लगिने छ ।

७. **छात्रवृत्तिको लागि आवेदन फारम भर्ने भराउने प्रक्रियाः** (१) यस मापदण्डबमोजिम छात्रवृत्तिको लागि विद्यार्थीलाई आवेदन फारम भर्ने भराउने व्यवस्था र प्रक्रिया देहायबमोजिम हुनेछ:-

(क) छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्न दफा १९ ले व्यवस्था गरेबमोजिम अनुसूची-७ को ढाँचामा तयार गरिएको कार्ययोजनामा उल्लेख भएको समयसीमा भित्र स्थानीय तहले सार्वजनिक विद्यालयमा कक्षा पाँच र कक्षा आठमा अध्ययनरत विद्यार्थीबाट पिएमटी फारम भर्ने सूचना प्रकाशन गर्नेछ । तर यो मापदण्ड स्वीकृत भई लागू भएको भएको पहिलो वर्ष कक्षा ५ र ८ का अतिरिक्त कक्षा आठमा छात्रवृत्ति लागि विद्यार्थी छनोट गर्दा कक्षा सात, कक्षा सातमा छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा कक्षा ६ का विद्यार्थीहरूलाई पिएमटि फारम भर्ने व्यवस्था गर्न सकिने छ ।

(ख) अनलाइन पद्धतिमार्फत छात्रवृत्ति व्यवस्थापन नहुँदासम्म सार्वजनिक विद्यालयले केन्द्रको वेबसाइटबाट फारम डाउनलोड गरी सम्बन्धित विद्यार्थीलाई शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र फारम भर्न लगाउनु पर्नेछ ।

(ग) अनलाइन पद्धतिमार्फत छात्रवृत्ति व्यवस्थापन नहुँदासम्म विद्यार्थीले विद्यालयले उपलब्ध गराएको फारम भरी आफ्नो अभिभावकबाट प्रमाणित गराई विद्यालयमा बुझाउनु पर्नेछ ।

(घ) सम्बन्धित विद्यालयका प्रधानाध्यापकले आवेदक विद्यार्थीले आफ्ना अभिभावकबाट प्रमाणित गरी विद्यालयमा बुझाएका फारम विद्यार्थीको घर नजिकै बसोबास गर्ने वा विद्यार्थीको परिवारसँग परिचित सम्बन्धित विद्यालयमा अध्यापन गर्ने शिक्षकवाट स्थलगत रूपमा परीक्षण तथा रूजू गर्न लगाई प्रधानाध्यापक आफैंले समेत प्रमाणित गरी एकमुष्ट रूपमा जम्मा गरी सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराई विद्यालयमा अभिलेख राख्नुपर्ने छ ।

(ङ) विद्यार्थीले भरी विद्यालयमा बुझाएका पिएमटी फारमलाई गरिबी पहिचान ढाँचा (टेम्प्लेट) मा प्रविष्टि गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा विद्यार्थी विवरण अद्यावधिकसँगै गर्नुपर्नेछ ।

(च) गरिब घर परिवार परिचय पत्र प्राप्त परिवारको विद्यार्थीको हकमा स्थानीय तहले परिचयपत्रको रङ र कार्ड नम्बरका आधारमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गरिएको विवरण प्रमाणीकरण गर्नु पर्नेछ ।

८. <u>छात्रवृत्तिको लागि विद्यार्थी छनोटका आधार:</u> (१) स्थानीय तहले केन्द्रमार्फत व्यवस्थापन भएको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको गरिबी पहिचान टेमप्लेटमा विद्यालयबाट प्राप्त विवरणको आधारमा देहायबमोजिम विश्लेषण गरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको छनोट गर्नेछः-

(क) माध्यमिक तहमा विज्ञान विषय वा प्राविधिक धारका विषय लगायत अन्य विषयमा र आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरू अनुसूची-२ बमोजिम पिएमटी क्वान्टाइल स्कोर सीमाको आधारमा छात्रवृत्ति प्राप्त गर्न योग्य हुने छन्।

(ख) विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्ने सम्बन्धमा यो मापदण्डको अधीनमा रही पहिलो पटक कक्षा ६ मा वा सातमा छात्रवृत्ति पाई नियमति अध्ययन गरिरहेका विद्यार्थी कक्षा आठ सम्म र पहिलोपटक कक्षा नौ वा १० वा ११ मा छात्रवृत्ति पाई नियमित अध्ययन गरिरहेको विद्यार्थी कक्षा १२ सम्म छात्रवृत्ति प्राप्त गर्न योग्य हुनेछ।

(ग) कक्षा ११ र १२ मा विज्ञान वा प्रविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका हकमा अनुसूची पाँचमा तोकिएको पिएमटी क्वाइन्टाइल स्कोर सीमाको आधारमा छात्रवृत्ति वितरण गर्नु पर्ने छ। यस प्रयोजनका लागि कक्षा आठको वा सो नभए माध्यमिक तहको पहिलो पटकको पिएमटी योग्यता क्रमको अभिलेखलाई आधार मान्नु पर्ने छ।

(घ) अनुसूची-२ बमोजिमको पिएमटी क्वाइन्टाइल स्कोर सीमा नेपाल राष्ट्रिय जीवनस्तर सर्भेक्षण वा अन्य अद्यावधिक राष्ट्रिय तथ्याङ्कको आधारमा नयाँ पिएमटी मोडेल तयार भएमा सोहीअनुसार संशोधन वा थपघट हुन सक्नेछ।

९. <u>छात्रवृत्तिको लागि विद्यार्थी छनोटको नामावली:</u> (१) विद्यालय रहेको स्थानीय तहले केन्द्रले व्यवस्थापन गरेको पिएमटी फारम विश्लेषण गरी विद्यार्थीले प्राप्त गरेको क्वाइन्टाइलको आधारमा आफ्नो स्थानीय तहभित्र आर्थिक रूपमा सबैभन्दा विपन्न देखिएका मध्येबाट छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीको नामावलीको सूची प्रकाशन गर्नेछ।

(२) स्थानीय तहले नामावली सूचीमा समावेश भएका विद्यार्थी हाल विद्यालयमा नियमित अध्ययनरत रहे नरहेको लिखित जानकारी सम्बन्धित विद्यालयबाट लिई कुनै विद्यार्थीको नाम हटाउनु पर्ने भएमा सोसमेत सच्याई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्न लगाउनु पर्ने छ ।

१०. <u>सूचना प्रकाशन तथा बैंक खाता सम्बन्धी व्यवस्था:</u> (१) केन्द्रले एकीकृत रूपमा स्थानीय तह समेत छुट्टिने गरी विपन्न लक्षित छात्रवृत्तिको लागि छनोट भएका विद्यार्थीको विवरण आफ्नो वेबसाइटमा प्रकाशन गर्ने छ ।

(२) स्थानीय तहले विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीहरूको सूची स्थानीय तहको वेबसाइट र कार्यपालिकाको कार्यालय एवम् वडा कार्यालयमा सबैले देख्ने गरेर टाँस गरी सार्वजनिक गर्नु पर्ने छ र यस्तो सूची विद्यालयको वेबसाइट वा सूचनापाटीमा समेत सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्ने छ।

(३) विद्यालयले स्थानीय तहमार्फत प्राप्त नामावली सूचीअनुसारका विपन्न लक्षित छात्रवृत्ति पाउन योग्य विद्यार्थीलाई नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकमा व्यक्तिगत खाता खोल्न लगाई सोको विवरण सम्बन्धित विद्यालयमा पेस गर्न लगाउनु पर्नेछ।

(४) विद्यालयले विद्यालयबाट प्राप्त छात्रवृत्तिका लागि योग्य विद्यार्थीको बैंक खाता विवरण एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरी उक्त विवरण स्थानीय तहलाई उपलब्ध गराउनु पर्ने छ।

११. <u>उजुरी सम्बन्धी व्यवस्था:</u> (१) कुनै आवेदक विद्यार्थी वा निजका अभिभावकलाई आफू वा आफ्नो सन्तान छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली सूचीमा पर्नु पर्नेमा नपरेको वा अन्य कुनै अभिभावकको सन्तान वा कुनै विद्यार्थी छात्रवृत्ति प्राप्त गर्ने सूचीमा नपर्नु पर्नेमा परेको भनी नामावली सूचीको सूचना प्रकाशन भएको मितिले सात दिनभित्र सम्बन्धित स्थानीय तहमा तोकिएको ढाँचामा गुनासो वा उजुरी दर्ता गर्न सक्ने छन्।

(२) स्थानीय तहले उपदफा (१) बमोजिमको प्राप्त उजुरी वा गुनासो उपर प्राप्त भएको मितिले ३० दिनभित्र केन्द्रसँग समन्वय गरी सम्बन्धित विद्यालयमा रहेको अभिलेख समेत भिडाई उपयुक्त निर्णय गरी सम्बन्धित निवेदकलाई जानकारी दिनुपर्नेछ र सो सम्वन्धि पूर्ण विवरण आफ्नो सुझाव सहित केन्द्रमा समेत जानकारी गराउनु पर्ने छ।

(३) केन्द्रले उपदफा (२) बमोजिम प्राप्त हुन आएको विवरणहरूको अभिलेख स्थानीय तह, विद्यालय तथा विद्यार्थी समेत खुल्ले गरी अद्यावधिक गरी राख्नुपर्ने छ। अनुसन्धानको नैतिक पक्ष तथा व्यक्तिगत गोपनीयतालाई कायम राख्दै उक्त तथ्याङ्कको प्रयोग केन्द्रले यसै मापदण्डको दफा २४(३) बमोजिम प्रकाशन गर्नु पर्ने छ।

१२. **छात्रवृत्ति रकम प्रदान तथा कबुलियतनामा सम्बन्धी व्यवस्थाः** (१) विद्यालयले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई दफा १० को उपदफा (३) बमोजिम बैंक खाता खोल्न लगाउनु अघि सम्बन्धित अभिभावकको रोहवरमा यस मापदण्डको अनुसूची-३ बमोजिमको कबुलियतनामा अनिवार्य रूपमा गराउनु पर्ने छ।

(२) केन्द्रले विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीले प्राप्त गर्ने छात्रवृत्ति बापतको तोकिएको रकम वित्तीय हस्तान्तरण गरी स्थानीय तहमा पठाउनेछ।

(३) विद्यार्थी अध्ययनरत रहेको स्थानीय तहले विद्यार्थीको बैंक खातामा वार्षिक रूपमा एकमुष्ट विपन्न लक्षित छात्रवृत्ति वापतको रकम प्रदान गर्ने छ।

(४) उपदफा (३) बमोजिमको रकम प्रदान गर्दा यो मापदण्डको अधीनमा रही पहिलो पटक कक्षा ६ वा सातमा पाएको विद्यार्थीलाई कक्षा आठ सम्म र कक्षा नौमा छात्रवृत्ति पाएको विद्यार्थीलाई कक्षा बाह्रसम्म नियमित रूपमा अध्ययन गरिरहेको यकिन गरी स्थानीय तहले विद्यार्थीको बैंक खातामा छात्रवृत्ति रकम उपलब्ध गराउने छ।

(५) विपन्न लक्षित छात्रवृत्तिका लागि सूचीकृत भई बैंक खाता प्रविष्टि गरेका र तोकिएको छात्रवृत्ति रकम प्राप्त गर्ने विद्यार्थीहरूलाई स्थानीय तहले विद्यालयमार्फत अनुसूची-४ बमोजिमको छात्रवृत्ति कार्ड उपलब्ध गराउनु पर्ने छ।

१३. **छात्रवृत्ति वापतको रकम सम्बन्धी व्यवस्थाः** (१) यस मापदण्डबमोजिम छात्रवृत्तिको रकम स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटद्वारा निर्धारण भएबमोजिम हुने छ।

(२) उपदफा (१) बमोजिमको वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा गर्दा विद्यार्थी सङ्ख्यालाई समेत विचार गरी गरिब घरपरिवार परिचय पत्रका आधारमा अनुसूची-५ बमोजिमको रकममा नघट्ने गरी अनुसूची-६ मा दिइएको स्थानीय तह अनुसार वार्षिक विपन्न लक्षित छात्रवृत्ति अनुदान अनुमान गर्ने आधारबमोजिम हिसाव गरी वार्षिक एकमुष्ट छात्रवृत्ति रकम उपलब्ध गराउने गरी व्यवस्था गर्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्रोत साधनको अवस्था, मुलुकको आर्थिक स्थीति, वार्षिक कार्यक्रममा नपरेको वा अन्य काबु बाहिरको परिस्थिति भएमा अनुसूची-५ बमोजिमको छात्रवृत्ति रकम हस्तान्तरण नहुन सक्ने छ।

(४) यस मापदण्डबमोजिम छात्रवृत्तिको सम्बन्धमा निर्णय भई कुनै कारणबाट प्राप्त हुनुपर्ने रकम प्रात हुन नसकेमा वा अन्य कुनै कारण परी वा विद्यार्थी सङ्ख्या वृद्धि हुन गई निर्धारित समूह वा समुदायमा छात्रवृत्ति पुऱ्याउनु पर्ने अवस्थामा उपदफा (२) बमोजिमको रकममा केन्द्रले वार्षिक रूपमा परिमार्जन गरी प्रस्ताव गर्न सक्नेछ ।

(५) स्थानीय तहले आफ्नो अन्य श्रोत समेतको आधारमा वितरण गर्दै आएको बिद्यालय तहको छात्रवृत्तिलाई एकीकृत रूपमा यसै निर्देशिकाबमोजिम गरिबीको पहिचान एवम् विद्यार्थी छनोट गरी वितरण गर्न सक्नेछन् ।

**१४.** **विद्यार्थी स्थानान्तरण हुन सक्नेः** (१) विपन्न लक्षित छात्रवृत्ति पाउन छनोट भएको वा पाइरहेको विद्यार्थी एक विद्यालयवाट अर्को विद्यालयमा स्थानान्तरण हुन सक्नेछ र निज आफू अध्ययनरत भन्दा फरक स्थानीय तहमा रहेको विद्यालयमा अध्ययन गर्न चाहेमा पनि सो रकम उपलब्ध हुने छ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति पाउने विद्यार्थी विद्यालय स्थानान्तरण भएमा विद्यालयले जारी गरेको स्थानान्तरण प्रमाण पत्र तथा छात्रवृत्ति प्राप्त गरिरहेको छात्रवृत्ति कार्ड स्थानान्तरण भएको विद्यालयमा विद्यार्थीले लैजानु पर्नेछ र यस मापदण्डबमोजिमको विवरण सम्बन्धित विद्यालयहरूले अद्यावधिक गराइदिनु पर्ने छ ।

**१५.** **छात्रवृत्ति पाउन योग्य नहुने**: देहायको अवस्थामा कुनै पनि विद्यार्थी छात्रवृत्ति पाउन योग्य हुने छैनः-

(क) गैरनेपाली नागरिकको सन्तान भएमा,

(ख) छात्रवृत्ति रकम निकासाको समयसम्म विद्यालयमा नियमित अध्ययनरत नरहेमा,

(ग) गलत वा झुठा विवरण भरी फारम पेस गरेको प्रमाणित भएमा,

(घ) विद्यार्थीले प्रचलित नेपाल कानुन तथा जारी आचारसंहिता विपरीत कुनै कार्य गरेको प्रमाणित भएमा, विवाह गरेमा,

(ङ) अन्य कुनै सरकारी वा गैरसरकारी निकायबाट छात्रवृत्ति प्राप्त गरी रहेको भएमा,

(च) सम्बन्धित विद्यार्थीको बाबु आमाको आर्थिक स्तर वृद्धि भएको वा फरक पर्न गएको भनी सम्बन्धित स्थानीय तहले छात्रवृत्ति उपलब्ध गराउन उपयुक्त नहुने निर्णय गरेमा।

## परिच्छेद-५

## निकाय तथा सम्बन्धित सरोकारवालाको भूमिका

१६. **निकायगत भूमिका**: (१) विपन्न लक्षित छात्रवृत्तिको प्रभावकारी व्यवस्थापनको लागि केन्द्रको भूमिका देहायअनुसार हुनेछः-

(क) छात्रवृत्ति कार्यक्रम सम्बन्धमा सूचनामूलक सामग्रीको विकास गरी प्रदेश, जिल्ला तथा स्थानीय तहसम्म समन्वय गरी प्रचार प्रसार गर्ने ।

(ख) प्रत्येक शैक्षिक सत्रमा कक्षा पाँच र आठमा अध्ययनत विद्यार्थीहरूलाई क्रमशः कक्षा छ र कक्षा नौमा छात्रवृत्ति पाउन इच्छुक विद्यार्थीका लागि सूचना प्रकाशन गर्ने, विवरण सङ्कलन गर्ने र विद्यार्थी छनोट गर्ने लगायतका काममा स्थानीय तहहरूलाई अनुसूची-७ को कार्य योजना समेतका आधारमा आवश्यक जानकारी गराउने ।

(ग) छात्रवृत्तिको कोटा यकिन गरी छात्रवृत्तिबाट लाभान्वित हुन योग्य विद्यार्थीको स्थानीय तहगत विवरण तयार गर्ने ।

(घ) यस मापदण्डमा भएको व्यवस्थाबमोजिम छात्रवृत्ति पाउन योग्य विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीले विपन्न लक्षित छात्रवृत्ति वापत अनुसूची-६ बमोजिम पाउने रकम स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने ।

(ङ) छात्रवृत्तिसँग सम्बन्धित कार्य गर्न कर्मचारीको क्षमता विकास तथा अभिमुखीकरण सम्बन्धी काम गर्ने ।

(च) छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता अध्ययन अनुसन्धान गर्ने तथा सो को सो प्राप्तिका आधारमा सुधार गर्दै लैजाने ।

(छ) यस मापदण्डबमोजिम सम्पादित कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

(ज) विपन्नताको आधारमा तयार भएको स्थानीय तह अनुसारको छात्रवृत्ति पाउन योग्य विद्यार्थीको सूची केन्द्रले व्यवस्थापन गरेको गरिबी पहिचान पद्धति सम्बन्धित स्थानीय तहमा अनलाइन प्राप्त हुने व्यवस्था गर्ने ।

(झ) मन्त्रालयले तोकेबमोजिमका अन्य कामहरू गर्ने ।

(२) विपन्न लक्षित छात्रवृत्तिको कार्यान्वयनमा स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछः-

(क) केन्द्रसँग समन्वय गरी प्रत्येक वर्ष कक्षा पाँच र आठमा अध्ययनरत क्रमशः कक्षा छ तथा नौमा छात्रवृत्ति पाउन इच्छुक विद्यार्थीका लागि सूचना प्रकाशन गर्ने तथा आफ्नो क्षेत्रभित्रका विद्यालयलाई पिएमटी फारम भर्न सूचना प्रवाह गर्ने।

(ख) आफ्नो क्षेत्रभित्रका विद्यालयहरूलाई खण्ड (क) बमोजिमको सूचना आ-आफ्नो सूचना पाटीमा टाँस गर्न लगाउने तथा फारम वितरणका लागि विद्यालयलाई निर्देशन तथा सहयोग र समन्वय गर्ने र छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीको विवरण विद्यालयबाट स्थानीय तहमा पेस गर्न लगाउने।

(ग) आफ्नो क्षेत्रभित्र स्थायी बासस्थान भई पिएमटी फारम भर्ने सूचना अनुसार आवेदन फारम भरी यस मापदण्ड अनुसार छात्रवृत्ति पाउन योग्य विद्यार्थीहरूको पिएमटि अङ्कसहितको योग्यता क्रम अनुसार अन्तिम सूची तथा वैकल्पिक सूचीमा प्रकाशन गर्ने ।

(घ) छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीको नाम, थर तोकिएको समयमा विद्यालयलाई सच्याउन लगाई अद्यावधिक गरी प्रमाणित गर्ने ।

(ङ) कुनै आवेदक विद्यार्थी वा निजको अभिभावकले आफू वा आफ्नो सन्तान नामावली सूचीमा पर्नु पर्नेमा नपरेको वा अन्य कुनै नपर्नु पर्ने व्यक्ति परेको भनी नामावली सूचीको सूचना प्रकाशन भएको मितिले सात दिनभित्र लिखित गुनासो वा उजुरी गरेमा सो उजुरी बुझिलिने ।

(च) प्राप्त उजुरी वा गुनासो उपर अध्ययन तथा छानबिन गरी दफा ११ को उपदफा (२) बमोजिम कारबाही गर्ने ।

(छ) केन्द्रले व्यवस्थापन गरेको शैक्षिक सूचना प्रणालीवाट निकालेको स्थानीय तहगत नतिजाका आधारमा विद्यार्थीहरू अध्ययनरत रहे नरहेको प्रमाणीकरण गर्ने र प्रमाणीकरण भएका र छात्रवृत्ति पाउन योग्य विद्यार्थीलाई खाता खोल्न लगाउने र छात्रवृत्ति कार्ड विद्यालयमार्फत विद्यार्थीलाई उपलब्ध गराउने ।

(ज) आफ्नो स्थानीय तहभित्रका छनोट भएका विद्यार्थीको बैंक खाता विवरण विद्यालयमार्फत सङ्कलन गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि गर्ने, गराउने तथा प्रमाणित गरी अभिलेख व्यवस्थित गर्ने ।

(झ) छनोट भएका विद्यार्थीका सङ्ख्याका आधारमा विद्यार्थीको बैंक खातामा रकम निकासा गर्ने ।

(ञ) निकासा भएको रकमका आधारमा प्रगति विवरण तयार गर्ने र केन्द्रमा पठाउने।

(ट) नामावली सूचीमा रहेको विद्यार्थी अध्ययनरत नभई प्रतिक्षा सूचीमा रहेका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने अवस्था भएमा निर्णय गरी छात्रवृत्ति वितरण गर्ने ।

(ठ) अर्को स्थानीय तह अन्तर्गतको विद्यालयबाट स्थानान्तरण भई आएको विद्यार्थीको हकमा छात्रवृत्ति कार्डका आधारमा सम्बन्धित विद्यार्थीको खातामा रकम निकासा गर्ने ।

(ङ) आफ्नो क्षेत्रभित्र यस मापदण्डबमोजिम भएका विपन्न लक्षित छात्रवृत्तिसँग सम्बन्धित सम्पूर्ण काम कार्यवाहीहरूको अनुगमन गर्ने गराउने ।

(३) विपन्न लक्षित छात्रवृत्तिको कार्यान्वयनमा विद्यालयको भूमिका देहायबमोजिम हुनेछ:-

(क) स्थानीय तहको सूचनाबमोजिम प्रत्येक वर्ष कक्षा पाँच र आठमा अध्ययनरत क्रमशः कक्षा छ, नौमा छात्रवृत्ति पाउन इच्छुक आफ्नो विद्यालयका विद्यार्थीका लागि पिएमटी फारम भर्न सूचना प्रवाह गर्ने तथा सो सम्वन्धि सूचना आ-आफ्नो सूचना पाटीमा टाँस गर्ने ।

(ख) विद्यार्थीलाई गरिबी पहिचान फारम डाउनलोड गरी शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र भर्न लगाउने ।

(ग) विद्यार्थीले अभिभावकबाट प्रमाणित गरी पेस गरेको फारमहरू विद्यार्थीको नजिकै घर वा बसोवास भई सम्बन्धित विद्यालयमा अध्यापन गर्ने शिक्षकवाट रूजु गराउने ।

(घ) अभिभावक एवम् सम्बन्धित शिक्षकबाट प्रमाणित भएको र तोकिएको शिक्षकबाट रूजु भएको फारम प्रधानाध्यापकले प्रमाणित गरी आफ्नो एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको गरिबी पहिचान टेमप्लेटमा प्रविष्टि गर्ने र उक्त फारमहरू एकवर्षसम्म सुरक्षित राख्ने ।

(ङ) आफ्नो विद्यालयवाट प्रतिनिधि सूचक परीक्षण प्रणाली (प्रोक्सी मिन्स टेस्टिङ -पिएमटी) फारम भर्ने सूचना अनुसार आवेदन फारम भरी यस मापदण्ड अनुसार छात्रवृत्ति पाउन योग्य भनी स्थानीय तहवाट प्रकाशन भएको विद्यार्थीहरूको पिएमटि अङ्कसहितको योग्यता क्रम अनुसार अन्तिम सूची तथा वैकल्पीक सूची सूचनापाटीमा प्रकाशन गर्ने ।

(च) स्थानीय तहबाट छनोटसम्बन्धी नामावली सूची प्रकाशन भएपछि कुनै विद्यार्थीको जन्मदर्तामा भएको नाम र विद्यालयमा भएको नाम फरक पर्न गएमा विवरण यकिन गरी सच्याउने र सोको विवरण एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा अनलाइन प्रविष्टि गर्ने। तर छात्रवृत्ति कार्ड विद्यार्थीलाई दिइसकिएको अवस्थामा स्थानीय तहको स्वीकृतिमा मात्र विवरण सच्याउने।

(छ) छात्रवृत्ति पाउने निर्णय भई नतिजा प्रकाशन भइसकेपछि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा भरिएको विद्यार्थीसँग सम्बन्धित विवरणमा फरक नपर्ने गरी नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकमा खाता खोल्न लगाउने।

(ज) स्थानीय तहबाट उपलब्ध गराइएको छात्रवृत्ति कार्डको विद्यालयमा समष्टिगत अभिलेख राखी विद्यार्थीलाई उपलब्ध गराउने ।

१७. **सम्बन्धित विद्यार्थी तथा निजको अभिभावकको भूमिकाः** (१) छात्रवृत्ति प्राप्त गर्ने सम्बन्धित विद्यार्थीको भूमिका देहायबमोजिम हुनेछः-

(क) कक्षा पाँच, आठमा अध्ययन गरिरहेका क्रमशः कक्षा छ तथा नौमा छात्रवृत्ति पाउन इच्छुक गरिब तथा विपन्न घर परिवारका विद्यार्थीले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यालयबाट उपलब्ध भएको गरिबी पहिचान फारम भरी अभिभावकको दस्तखत गराई विद्यालयमा पेस गर्ने ।

(ख) स्थानीय तहबाट प्रकाशित नामावली सूचीभित्र रही प्रमाणीकरणबाट योग्य भएका विद्यार्थीले जन्मदर्ता र एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा उल्लेख भएको विवरणका आधारमा विद्यालयबाट सिफारिस लिई सोका आधारमा तोकिएको वाणिज्य बैंकमा खाता खोल्ने र खाताको विवरण विद्यालयमा पेस गर्ने ।

(ग) छात्रवृत्तिबाट प्राप्त रकम पठन पठनमा खर्च गर्ने ।

(घ) छात्रवृत्तिका लागि छनोट भएको निस्साको रूपमा छात्रवृत्ति कार्ड विद्यालयबाट लिइ सुरक्षित राख्ने, बैंक खाता खोल्ने र विद्यालय स्थानान्तरण भएमा नयाँ विद्यालयमा सो छात्रवृत्ति कार्डको विवरण बुझाउने ।

(ङ) गरिबी परिचयपत्र प्राप्त घरपरिवारको विद्यार्थीले आफ्नो परिचयपत्र विद्यालयबाट प्रमाणित गराई विद्यालयमार्फत स्थानीय तहमा पेस गर्ने ।

(च) विद्यालयमा नियमित उपस्थित हुनुपर्ने ।

(छ) विद्यार्थीको आचारसंहिता पालना गर्ने र बाल विवाह नगर्ने ।

(२) छात्रवृत्तिको प्रभावकारी उपयोगका लागि सम्बन्धित अभिभावकको भूमिका देहायबमोजिम हुनेछः-

(क) विद्यालयबाट प्राप्त गरिबी पहिचान फारममा भएका सूचकमा भएको विवरण तथ्यपरक रूपमा भरी दस्तखत गरी विद्यालयमा पेस गर्ने ।

(ख) छात्रवृत्ति पाउने यकिन भएपछि विद्यालयको सिफारिसको आधारमा तोकिएको बैंकमा विद्यार्थीको नाममा विद्यालयमा भरेको नाम र अन्य विवरण मिल्ने गरी खाता खोल्ने ।

(ग) छात्रवृत्तिबाट प्राप्त रकम पठन पाठनमा खर्च गर्ने गराउने ।

(घ) बालबालिकालाई नियमित विद्यालय पठाउने।

(ङ) छात्रवृत्तिको विषयमा थप जानकारी आवश्यक परेमा विद्यालयमा सम्पर्क गर्ने।

## परिच्छेद-६
## विविध

१८. **छात्रवृत्ति व्यवस्था समायोजन वा स्थगन हुन सक्ने:** आवश्यकता र औचित्यका आधारमा विगतदेखि प्रदान गर्दै आएको अन्य छात्रवृत्ति व्यवस्था यस मापदण्ड अनुसारको छात्रवृत्ति पश्चात समायोजन वा स्थगन गर्न सकिने छ ।

१९. **छात्रवृत्ति व्यवस्थापन सम्बन्धी व्यवस्था:** यस मापदण्डबमोजिम स्थानीय तहमार्फत उपलब्ध हुने छात्रवृत्ति सम्बन्धी कार्ययोजना अनुसूची-७ बमोजिम हुनेछ ।

२०. **सहकार्य गर्न सकिने:** केन्द्रले यस मापदण्डको भावना प्रतिकूल नहुने गरी छात्रवृत्तिलाई व्यवस्थित गर्न अन्य निकायसँग सहकार्य गर्न सक्नेछ र सोको लागि अनुसूची-१ सँग सम्बन्धित विवरण तथा अनुसची-६ को (प्रोक्सी मिन्स टेस्टिङ-पिएमटी) विवरण उपयोगी हुन सक्नेछ ।

२१. **अन्य व्यवस्था:** (१) छात्रवृत्तिलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न केन्द्रले मन्त्रालय मार्फत वा आफैंले कुनै विषयमा अध्ययन गर्न गराउन सक्नेछ ।

(२) यस मापदण्डबमोजिम छात्रवृत्ति छनोट तथा निर्णयमा कुनै द्विविधा भएमा वा उपलब्ध फारममा कुनै समस्या भएमा वा निर्णय प्रकृयामा सहयोग गर्नु पर्नेमा केन्द्रले स्थानीयलाई आश्यकतानुसार सहजीकरण गर्नेछ ।

(३) केन्द्रको सिफारिसमा मन्त्रालयले आवश्यकताअनुसार यस मापदण्डको अनुसूचीहरूमा हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

२२. **अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था:** (१) छात्रवृत्तिको उपलब्धता, प्रयोग, शैक्षिक निरन्तरता तथा शैक्षिक प्रगति सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइ तथा स्थानीय तहले अनुगमन गर्न गराउन सक्नेछन् ।

(२) केन्द्रले छात्रवृत्ति कार्यान्वयनमा प्राप्त अनुभव, लागत तथा उपलब्धि, स्थानीय तहबाट प्राप्त पृष्ठपोषण, सरोकारवाला एवम् विद्यार्थीको सुझाव तथा दक्षताको आधारमा कार्यक्रमको उपलब्धिको मूल्याङ्कन गर्न सक्नेछ र सोको आधारमा प्रमाणीकरण सम्बन्धमा पुनर्विचार गर्न सक्नेछ ।

(३) केन्द्रले यस मापदण्डबमोजिम कार्यान्वयन गरिएको छात्रवृत्ति सम्बन्धमा वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन प्रकाशन गर्नेछ । उक्त प्रतिवेदनमा उजुरी तथा गुनासो व्यवस्थापन सम्बन्धी केही मामलाहरू तथा सो सम्बन्धमा स्थानीय तहबाट भएका असल अभ्यासहरू, कार्यान्वयनको क्रममा भोगिएका समस्या तथा अनुभवहरूको आधारमा नीतिगत दिशा निर्देश लगायतका विषयवस्तुसमेत गरिनेछ ।

२३. **प्रचलित कानुनबमोजिम हुने:** यो मापदण्डमा भएको व्यवस्था सार्वजनिक विद्यालयमा छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा प्रचलित कानुनमा भएको व्यवस्थासँग बाझिन गएमा बाझिएको हद अमान्य हुनेछ।

२४. **खारेजी र बचाउ:** (१) विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ खारेज गरिएको छ ।

(२) विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ अनुसार भए गरेका काम कारबाही यसै मापदण्डबमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

नेपाल सरकार,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**सामुदायिक विद्यालयबाट कक्षा ५, ८ र १० मा अध्ययनरत विद्यार्थीहरुले कक्षा ६ देखि १२ सम्म छात्रवृत्ति प्राप्त गर्न भर्नुपर्ने दरखास्त फाराम**

**१. विद्यार्थीको विद्यालय संकेत नं:** ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐ **कक्षा:**......................................

२. **अङ्ग्रेजीमा : (in Capital Letters) :**☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐

३. **लिङ्ग** :पुरुष☐महिला☐ ☐☐ ४. **जन्म मिति** :साल☐☐☐☐महिना☐☐गते ☐☐

५. **जाति/जनजाति** कोड ☐ (अनुसूची ५. अनुसारले ☐☐☐☐)

६. **शारिरिक सक्षमता** क.साङ्ग☐ख.शारीरिक अ.☐ग.मनोसामाजिक☐घ.☐☐☐☐☐☐ङ दृष्टिसम्बन्धी☐च.श्रवण दृष्टिविहीनता ☐छ.स्वर बोलाइ☐ ज.बहुअपाङ्गता ☐

७. **सम्पर्क फोन**:.......................................................................**८. राष्टिय परिचयपत्र नं:**

**९. बुबाको नाम र थर**.............................................................................**१०. आमाको नाम र थर**.......................................................................
**११. परिवारमूलीको नाम र थर**.................................................................**१२. बुवाको सम्पर्क नं** .........................................................................
**१३. आमाको सम्पर्क नं**........................................................................ **१४. अविभावकको सम्पर्क नं**..................................................................
**१५.अविभावक संगको नाता**................................................ .................... **१६. जम्मा परिवार संख्या** ☐☐

**१७. दाजुभाइको संख्या** ☐☐ **१८. दिदी बहिनीको संख्या** ☐☐

**१९. सामुदायिकमा** ☐☐ **अध्ययन गर्ने दाजु भाइको संख्या (५- १६वर्ष)**☐☐ **२०. सामुदायिक** ☐☐**मा अध्ययन गर्न दिदीबहिनीको संख्या(५- १६ वर्ष)**☐☐

**२१. संथागतमा अध्ययन गर्ने दाजु भाइको संख्या(५- १६ वर्ष)**☐☐ **२२. संथागतमा अध्ययनगर्ने दाजु भाइको संख्या(५- १६)**☐☐

**२३. विद्यालय नजाने दाजु भाइको संख्या(५- १६ वर्ष)**☐☐ **२४. विद्यालय नजाने दिदिवहिनीको संख्या(५- १६ वर्ष)**☐☐

**२५. परिवार सदस्य संख्या** ........(एकाघरमा बस्ने परिवार सदस्यहरुको संख्या जोडेर लेख्ने)

| २६. विद्यार्थीको बुवाले हासिल गरेको शिक्षा | | २७. विद्यार्थीको आमाले हासिल गरेको शिक्षा | ☐ | २८. विद्यार्थीको अविभावकले हासिल गरेको शिक्षा | |
|---|---|---|---|---|---|
| १.निरक्षर ...................................... | ☐ | १.निरक्षर ............................... | ☐ | १.निरक्षर ..................................... | ☐ |
| २.प्रा.वि तहभन्दा कम............................ | ☐ | २.प्रा.वि तहभन्दा कम.................. | ☐ | २.प्रा.वि तहभन्दा कम............................ | ☐ |
| ३.एस.एल.सी.भन्दा कम........................... | ☐ | ३.एस.एल.सी.भन्द कम................ | ☐ | ३.एस.एल.सी.भन्दा कम.......................... | ☐ |
| ४.एस.एल.सी. उत्तीर्ण ............................ | ☐ | ४.एस.एल.सी. उत्तीर्ण ................... | ☐ | ४.एस.एल.सीउत्तीर्ण ................................ | ☐ |
| ५.प्रवीणता प्रमाणपत्र तह वा उमावि उत्तीर्ण... | ☐ | ५.प्रवीणता प्रमाणपत्र तह वा उमावि उत्तीर्ण.. | ☐ | ५.प्रवीणता प्रमाणपत्र तह वा उमावि उत्तीर्ण...... | ☐ |
| ६.स्नातक वा माथिल्लो तह उत्तीर्ण .............. | ☐ | ६.स्नातक वा माथिल्लो तह उत्तीर्ण ........ | ☐ | ६.स्नातक वा माथिल्लो तहउत्तीर्ण .................. | ☐ |

| २९. गरिव परिचयपत्र नं (भएमा) | | ३०. पारिवारिक मुख्य आयश्रोत | ☐ | ३१. मुख्य आयश्रोत बाहेकका अन्य | ☐ | ३२. वासस्थान | |
|---|---|---|---|---|---|---|---|
| क. पहेंलो ........................ | ☐ | क. नोकरी....................... | ☐ | क. नोकरी....................... | ☐ | क.आफ्नो घर...... | ☐ |
| ख. हरियो........................... | ☐ | ख.कृषि........................ | ☐ | ख.कृषि............................... | ☐ | ख. भाडामा......... | ☐ |
| ग.निलो................................ | ☐ | ग.भाडा........................ | ☐ | ग.भाडा.......................... | ☐ | | |
| घ. रातो............................. | ☐ | घ.बैदेशिक आय ......... | ☐ | घ.वैदेशिक आय ................ | ☐ | | |
| | | ङ. व्यापार................. | ☐ | ङ. व्यापार...................... | ☐ | | |

| ३३. घरको बाहिरी गाह्रोमा प्रयोग भएको प्रमुख निर्माण सामग्री : | | ३४. घरको जग : | | ३५. छानामाप्रयोग भएका निर्माण सामग्री | |
|---|---|---|---|---|---|
| १. बाहिरी भित्ता नभएको.................................... | ☐ | १. काठको खम्बा.............. | ☐ | १. खर/पराल/छ्वाली............. | ☐ |
| २. काँचो इँटा....................................................... | ☐ | २.माटोको जोडाइ भएको..... | ☐ | २. माटो............................. | ☐ |
| ३. बाँस/स्याउला............................................. | ☐ | ३.सिमेन्टको जोडाइ भएको.... | ☐ | ३. जस्ता/टिन/च्यादर............ | ☐ |
| ४. माटोको जोडाइ भएको इँटाढुङ्गा.............................. | ☐ | ४.ढलानपिलर सहितको .... | ☐ | ४. काठ/फ्ल्याक.................. | ☐ |
| ५. सिमेन्टको जोडाइ भएको इँटाढुङ्गा........................... | ☐ | ५. अन्य .......... | ☐ | ५. ढलानसिमेन्ट............... | ☐ |
| ६. काठ........................................................ | ☐ | | | ६. टायल वा खपडा वा झिगटी/ढुङ्गा...... | ☐ |
| ७. अन्य........................................................ | ☐ | | | ७.अन्य ........... | |

| ३६. चर्पी | | ३७. प्रकाशको व्यवस्था : | | ३८. खाना पकाउन प्रयोग गरिएको चुलो : | |
|---|---|---|---|---|---|
| १. चर्पी नभएको............................................ | ☐ | १. गोबर ग्याँस.................... | ☐ | १. स्टोभ चुलो (मट्टीतेल)........... | ☐ |
| २. सामुदायिक सार्वजनिक चर्पी............................. | ☐ | २. मट्टीतेल.......................... | ☐ | २. अगेना ............................. | ☐ |
| ३. साधारण घरायसी चर्पी.................................... | ☐ | ३. सोलार ............................ | ☐ | ३. ग्याँस चुलो .......................... | ☐ |
| ४. फ्लस भएको चर्पी (सार्वजनिक ढलमा जोडिएको).... | ☐ | ४. बिजुली.............................. | ☐ | ४. माटोको चुलो .................. | ☐ |
| ५. फ्लस भएको चर्पी (सेप्टिक ट्याङ्कमा जोडिएको)....... | ☐ | ५. अन्य .......................... | ☐ | ५. धुवाँरहित सुधारिएको/चुलो .......... | ☐ |
| | | | | ६. अन्य.......................... | |

**३९. खानेपानीको मुख्य स्रोत :**
१. खोला/इनार/कुवा......☐ २.मूल.....☐ ३.नदी......☐ ४.अन्य स्रोत ....... ☐५. घर बाहिर पाइपबाट आउने....☐ ६.घर आँगनभित्रै पाइपबाट आउने.....☐ ७.टयुबवेल/हाते पम्प....☐ ८.ढाकिएको इनार.....☐

| ४०. टेलिफोन | | ४१. केवल | | ४२. इन्टरनेट सेवा | | ४३. विगत एक वर्षभित्र तपाईको परिवारले वैदेशिक रोजगारीबाट रकम पाएको छ? | |
|---|---|---|---|---|---|---|---|
| १. तारफोन ................ | ☐ | १. केवल सहितको टेलिभिजन . .. | ☐ | १. डाटा इन्टरनेट......... | ☐ | १. पाएको छ............ | ☐ |
| २. मोवाइलमात्र ............ | ☐ | २. टेलिभिजन तर केवल नभएको.. | ☐ | २.अन्य इन्टरनेट सेवा.... | ☐ | २. पाएको छैन.......... | ☐ |
| ३. तारफोन तथा मोवाइल.. | ☐ | ३.टेलिभिजन नभएको........... | ☐ | ३.कुनै नभएको .......... | ☐ | | |
| ४.माथिको कुनै नभएको .... | ☐ | | | | | | |

| ४४.स्थायी ठेगानाबाट स्वास्थ्य चौकीसम्म जान लाग्ने समय | | ४५.स्थायी ठेगानाबाट अस्पतालसम्म जान लाग्ने समय | | ४६.स्थायी ठेगानाबाट पक्की सडकसम्म जान | |
|---|---|---|---|---|---|
| १. आधा घन्टा वा सोभन्दा कम.... | ☐ | १. आधा घन्टा वा सोभन्दा कम...... | ☐ | १.आधा घन्टा वा सोभन्दा कम. | ☐ |
| २. आधा घन्टाभन्दाबढी........... | ☐ | २. आधा घन्टाभन्दा बढी............... | ☐ | २. आधा घन्टाभन्द बढी ........ | ☐ |

| ४७. स्थायी ठेगाना : | ४८. अभिभावकको नाम | ४९. विद्यालयको नाम................................ | ५०. सम्बन्धित वडा वा स्थानीय तह (प्रमाणित गर्ने) |
|---|---|---|---|
| १. प्रदेशको नाम :........................... | १.नाम................. | १. प्रध्यापकको नाम:............ | १. नाम...................... |
| २.जिल्लाको नाम :......................... | २. सही............... | २.प्रध्यापकको सही:............ कार्यालयको छाप | २. सही..................... |
| ३. गाउँपालिका/नगरपालिका :............ | | | |
| ४. वार्ड नं :................................ | | | |

फोन नं. ०१-६६३८८५३/६६३१०७५ वेबसाइट : **www.cehrd.gov.np**, **www.facebook.com/inclusivedoe** अनलाईन फाराम प्रविष्टि गरेपछि यो फाराम विद्यालयले सुरक्षित राख्नुहोला ।

## अनुसूची-२

(दफा ८ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

### छात्रवृत्ति प्राप्त गर्न पिएमटि क्वाइन्टाइल अनुसार विद्यार्थीको योग्यता

(सार्वजनिक विद्यालयमा अध्ययनरत)

| कक्षा | विषय | पि.एम.टि. क्वाइन्टाइल |
|---|---|---|
| कक्षा एघार र कक्षा बाह्र | पाँच/पाँच पाठ्यघण्टा (क्रेडिट आवर) को जीव विज्ञान वा रसायन विज्ञान वा भौतिक विज्ञान विषय अध्ययन गर्ने छात्रा वा प्राविधिक धारमा अध्ययन गर्ने छात्रा | तेस्रो क्वाइन्टाइल (१०४७.४० सम्म अङ्क प्राप्त गर्ने) |
| | पाँच/पाँच पाठ्यघण्टा (क्रेडिट आवर) को जीव विज्ञान वा रसायन विज्ञान वा भौतिक विज्ञान विषय अध्ययन गर्ने वा प्राविधिक धारमा अध्ययन गर्ने छात्र | दोस्रो क्वाइन्टाइल (१०१९.१० सम्म अङ्क प्राप्त गर्ने) |
| | उल्लिखित बाहेक अन्य विषय अध्ययन गर्ने छात्रछात्रा | प्रथम क्वाइन्टाइल (९८६.५० सम्म अङ्क प्राप्त गर्ने) |
| | उल्लिखित बाहेक अन्य विषय अध्ययन गर्ने छात्रा | दोस्रो क्वाइन्टाइल (१०१९.१० सम्म अङ्क प्राप्त गर्ने) |
| कक्षा छ देखि कक्षा दश | कक्षा ६-१० मा अध्ययन गर्ने छात्रछात्रा | प्रथम क्वाइन्टाइल ९८६.५० सम्म अङ्क प्राप्त गर्ने |
| | कक्षा ६-१० मा अध्ययन गर्ने छात्रा | दोस्रो क्वाइन्टाइल (१०१९.१० सम्म अङ्क प्राप्त गर्ने) |
| | कक्षा ९-१० मा प्राविधिक धारमा अध्ययन गर्ने छात्रछात्रा | दोस्रो क्वाइन्टाइल (१०१९.१० सम्म अङ्क प्राप्त गर्ने) |

**अनसुची-३**

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**कबुलियतनामा**

श्री ......................को नाति/नातिनी श्री .................... छोरा/ छोरी /बुहारी ............. जिल्ला ..................... गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं ........ मा स्थायी बसोबास भएको हाल .................................................................. माध्यमिक विद्यालय/आधारभूत विद्यालय .................... कक्षा .................... विषयमा अध्ययनरत विद्यार्थी म .................... विद्यालय IEMIS नं ............... शिक्षा तथा मानव स्रोत विकास केन्द्र/ स्थानीय तह ............. बाट प्रदान गरिने विपन्न लक्षित छात्रवृत्तिको लागि छनोट भएकोले विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०८० का सर्त र प्रक्रियाहरूको पूर्ण पालना गर्नेछु। मैले भरेको पिएमटी फारममा उल्लिखित विवरण सही सत्य छ । मैले पेस गरेको विवरण झुट्ठा ठहरिएमा कानुनबमोजिम कारबाही भएमा मञ्जुर छ । यसमा कुनै उजुर बाजुर गर्ने छैन । भविष्यमा समेत यस प्रकारको छात्रवृत्ति पाउन अयोग्य हुने कुरामा सहमत छु । मेरो विवरण झुट्ठा भएमा मैले प्राप्त गरेको छात्रवृत्ति वापतको रकम सरकारी बाँकी सरह फिर्ता बुझाउनेछु र नबुझाई बाँकी भएमा मेरो घरघरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मन्जुरी भएकाले सोबमोजिम कबुलियतनामा गरी स्थानीय तह/ विद्यालयमा पेस गरेको छु ।

| | |
|---|---|
| रोहबर | निवेदक |
| अभिभावकको | छात्रवृत्ति पाउने विद्यार्थीको |
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| मितिः | मितिः |

अनुसूची-४
(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

## छात्रवृत्ति कार्ड

**छात्रवृत्ति कार्ड**

......(स्थानीय तहको नाम र ठेगाना तथा जिल्ला)...........,

शैक्षिक सत्र ..........

विद्यार्थीको नामः.................................................. IEMIS आइ डिः...............

कक्षाः...............

कार्ड नम्बरः.................. गरिब घरपरिवार परिचय पत्र नम्बर र कार्डको रङः ......

बुवाको नामः.................. आमाको नामः................................

क्वाइन्टाइलः................ लिङ्गः...............

अध्ययनरत विषयः..............

प्रयोजनः विपन्न लक्षित छात्रवृत्ति

.............................. ........................................

सिफारिस गर्ने प्रधानाध्यापकको सही प्रमाणित गर्ने शिक्षा महा/शाखा प्रमुखको सही

**अनुसूची-५**

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**छात्रवृत्ति रकम (वार्षिक)**

| छनोटको प्रकार | प्रथम क्वाइन्टाइल वा अति गरिब (रातो रङको कार्ड) रुपैयामा | दोस्रो क्वाइन्टाइल वा मध्यम गरिब (पहेंलो रङको कार्ड) रुपैयामा | तेस्रो क्वाइन्टाइल वा सामान्य गरिब (निलो रङको कार्ड) रुपैयामा |
|---|---|---|---|
| कक्षा एघार र बाह्र मा पाँच/पाँच पाठ्य घण्टा (क्रेडिट आवर) को जीव विज्ञान वा रसायन विज्ञान वा भौतिक विज्ञान विषय वा प्राविधिक धार (नौ-बाह्र) मा | छात्र/छात्रा - चौबीस हजार रुपैया | छात्र/छात्रा - चौबीस हजार रुपैया | छात्रा - चौबीस हजार रुपैया |
| अन्य विषय (कक्षा एघार र बाह्रमा अध्ययनरत छात्रछात्रा) | छात्र/छात्रा - अठार हजार रुपैया | छात्रा - अठार हजार रुपैया | |
| कक्षा ६ – १० | छात्र/छात्रा - छ हजार रुपैया | कक्षा ९-१० प्राविधिक धार छात्र/छात्रा - छ हजार रुपैया<br>कक्षा ६-१० छात्रा - छ हजार रुपैया | |

अनुसूची- ६

(दफा १६ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

**स्थानीय तह अनुसार वार्षिक विपन्न लक्षित छात्रवृत्ति अनुदान अनुमान गर्ने आधार**

स्थानीय तहको (अघिल्लो शैक्षिक वर्षमा) कक्षा XX को कुल विद्यार्थी भर्ना सङ्ख्या - P

स्थानीय तहको (अघिल्लो शैक्षिक वर्षमा) संस्थागत विद्यालयमा रहेको विद्यार्थी भर्ना दर प्रतिशत - Q

स्थानीय तहमा गरिबीको रेखा भन्दा तल रहेका जनसङ्ख्या प्रतिशत - R

कक्षा XX मा प्रदान गरिने वार्षिक छात्रवृत्ति अनुदान रकम रु - S

स्थानीय तहमा कक्षा XX को लागि अनुमानित जम्मा विद्यार्थी सङ्ख्या - [{**P-(P*Q**%)}***R** %}]

स्थानीय तहमा कक्षा XX को लागि अनुमानित जम्मा छात्रवृत्रति रकम- [{**P-(P*Q**%)}***R** %}]***S**

स्थानीय तहमा कक्षा ६ देखि कक्षा १२ सम्म छात्रवृत्ति प्राप्त गर्न सक्ने अनुमानित जम्मा विद्यार्थी सङ्ख्या = कक्षा ६ देखि कक्षा १२ सम्म छात्रवृत्ति प्राप्त गर्न सक्ने अनुमानित कक्षागत विद्यार्थी सङ्ख्याको योगफल ।

स्थानीय तहमा कक्षा ६ देखि कक्षा १२ सम्म जम्मा अनुमानित छात्रवृत्ति रकम रु. .... कक्षा ६ देखि कक्षा १२ सम्मको लागि अनुमानित कक्षागत छात्रवृत्ति रकमको योगफल ।

उदाहरणः

यदि कुनै एक XX स्थानीय तहमा,

त्यस XX स्थानीय तहको कक्षा ६ को कुल विद्यार्थी भर्ना सङ्ख्या **(P)** = १००

त्यस XX स्थानीय तहको संस्थागत विद्यालयमा रहेको विद्यार्थी भर्ना दर प्रतिशत **(Q)** = ४०%

त्यस XX स्थानीय तहमा गरिबीको रेखा भन्दा तल रहेका जनसङ्ख्या प्रतिशत **(R)** = १०%

कक्षा कक्षा ६ मा प्रदान गरिने वार्षिक छात्रवृत्ति अनुदान रकम **(S)** = ६,०००

त्यस XX स्थानीय तहमा कक्षा ६ को लागि अनुमानित जम्मा विद्यार्थी सङ्ख्या

= [ {**P - ( P * Q %)} * R %}**]

= [ {१०० - (१०० * ४० %)} * १० %]

= [ {१०० - ४०} * १० %]

= [६०*१० %]

= ६ जना

रु. = ३६,०००।- (वार्षिक)

त्यस XX स्थानीय तहमा कक्षा ६ देखि कक्षा १२ सम्म छात्रवृत्ति प्राप्त गर्न सक्ने अनुमानित जम्मा विद्यार्थी सङ्ख्या = कक्षा ६ देखि कक्षा १२ सम्म छात्रवृत्ति प्राप्त गर्न सक्ने अनुमानित कक्षागत विद्यार्थी सङ्ख्याको योगफल ।

त्यस XX स्थानीय तहमा कक्षा ६ देखि कक्षा १२ सम्म जम्मा अनुमानित छात्रवृत्ति रकम = कक्षा ६ देखि कक्षा १२ सम्मको लागि अनुमानित कक्षागत छात्रवृत्ति रकमको योगफल ।

## अनुसूची-७

(दफा ७, १६ र १९ सँग सम्बन्धित)

### छात्रवृत्ति सम्बन्धी कार्ययोजना

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय/व्यक्ति | | | | समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | केन्द्र | स्थानीय तह | विद्यालय | विद्यार्थी | | |
| १ | प्रतिनिधि सूचक परीक्षण प्रणाली (प्रोक्सी मिन् टेस्टिङ) सफटवेयर अद्यावधिक | केन्द्र | - | - | - | | |
| २ | स्थानीय तह तथा विद्यालयहरूलाई प्रतिनिधि सूचक परीक्षण प्रणाली (प्रोक्सी मिन् टेस्टिङ) सफ्टवेयरमा पहुँच युजर आईडि तथा पासवर्ड वितरण | केन्द्र | - | - | - | | |
| ३ | छात्रवृत्तिको लागि सूचना प्रकाशन<br>(स्थानीय तह र विद्यालयले केन्द्रले प्रकाशित गरेको मितिले ७ दिन भित्र आ-आफ्नो तहमा यस्तो सूचना प्रकाशन गर्नेछन् ।) | केन्द्र | स्थानीय तह | विद्यालय | - | वैशाख देखि श्रावण सम्म | |
| ४ | छात्रवृत्तिको रकम स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने | केन्द्र | | | | श्रावण | |
| ५ | छात्रवृत्तिको लागि प्रतिनिधि सूचक परीक्षण प्रणाली (प्रोक्सी मिन् टेस्टिङ) फारम वितरण तथा सङ्कलन<br>(विद्यालयहरूले छात्रवृत्ति सम्बन्धमा प्रथम पटक सूचना प्रकाशन भएको मितिवाट नैं छात्रवृत्ति आवेदन फारम वितरण गर्नेछन् ।) | - | - | विद्यालय | विद्यार्थी | वैशाख देखि श्रावण सम्म (कक्षा पाँच र आठ) | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय/व्यक्ति | | | | समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | केन्द्र | स्थानीय तह | विद्यालय | विद्यार्थी | | |
| ६ | पिएमटी फारमका विवरण पिएमटी टेमप्लेटमा भरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रवृष्टि | - | - | विद्यालय | - | असार र साउन (कक्षा पाँच र आठ) | |
| ७ | घरधुरी विवरणको फिल्ड अनुगमन तथा प्रमाणीकरण | - | स्थानीय तह | - | - | | |
| ८ | छात्रवृत्तिको फारम विश्लेषण | - | स्थानीय तह | - | - | असोज (कक्षा पाँच र आठ ) | |
| ९ | योग्य विद्यार्थीको योग्यता क्रम अनुसारको नामावली सूची तथा प्रतीक्षा सूची प्रकासन (आफ्नो सूचना पाटीमा समेत प्रकाशन गर्ने) | - | स्थानीय तह | - | - | | |
| १० | छात्रवृत्तिका लागि योग्य विद्यार्थीले बैंक खाता खोल्ने र विद्यालयमार्फत खाता विवरण स्थानीय तहमा पेस गर्ने | - | - | विद्यालय | विद्यार्थी | कार्तिक (कक्षा पाँच र आठ ) | |
| ११ | छात्रवृत्तिका लागि योग्य विद्यार्थीले बैंक खाता विवरण एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि गर्ने | - | स्थानीय तह | - | - | मंसिर | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय/व्यक्ति | | | | समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | केन्द्र | स्थानीय तह | विद्यालय | विद्यार्थी | | |
| १२ | छात्रवृत्तिका लागि योग्य विद्यार्थीलाई छात्रवृत्ति कार्ड वितरण गर्ने र छात्रवृत्तिको रकम विद्यार्थीको बैक खातामा जम्मा गर्ने। | | | | | मंसिर देखि चैत्र सम्म | |
| १३ | नियमित अनुगमन, सहयोग र समन्वय गर्ने | केन्द्र | स्थानीय तह | विद्यालय | - | निरन्तर | आ-आफ्नो जिम्मेवारी बमोजिम को काममा |
| १४ | वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन प्रतिवेदन प्रकाशन गर्ने | केन्द्र | - | - | - | वार्षिक | |

## अनुसूची-८

(प्रोक्सी मिन्स टेस्टिङ- पिएमटि फारम अनुसूची-१ को बुँदा नं ५ सँग सम्बन्धित)

### जातजातिको कोड नं.

| जातजातिको नाम | कोड | जातजातिको नाम | कोड | जातजातिको नाम | कोड |
|---|---|---|---|---|---|
| क्षेत्री | 1 | दुसाध/पासवान/पासी | 23 | नुनीया | 45 |
| ब्राह्मण- पहाड | 2 | मल्लाह | 24 | चेपाङ्ग/प्रजा | 46 |
| मगर | 3 | केवट | 25 | सोनार | 47 |
| थारू | 4 | कथबनियाँ | 26 | कुम्हार | 48 |
| तामाङ्ग | 5 | ब्राह्मण तराई— | 27 | सुनुवार | 49 |
| नेवार | 6 | कलवार | 28 | बाँतर/सरदार | 50 |
| कामी | 7 | कानु | 29 | काहर | 51 |
| मुसलमान | 8 | कुमाल | 30 | सतार/सन्थाल | 52 |
| यादव | 9 | घर्ती/भूजेल | 31 | मारवाडी | 53 |
| राई | 10 | हजाम/ठाकुर | 32 | कायस्थ | 54 |
| गुरूङ्ग | 11 | राजबंशी | 33 | राजपूत | 55 |
| दमाई/ढोली | 12 | शेर्पा | 34 | बादी | 56 |
| ठकुरी | 13 | धोवी | 35 | झांगड/धागर | 57 |
| लिम्बु | 14 | तत्मा/तत्वा | 36 | गनगाई | 58 |
| सार्की | 15 | लोहार | 37 | लोध | 59 |
| तेली | 16 | खत्वे | 38 | बढई | 60 |
| चमार/हरिजन/राम | 17 | सुँडी | 39 | थामी | 61 |
| कोइरी/कुशवाहा | 18 | दनुवार | 40 | कुलुङ | 62 |
| मुसहर | 19 | हलुवाई | 41 | बंगाली | 63 |
| कुर्मी | 20 | माझी | 42 | गडेरी/भेडियार | 64 |
| सन्यासी/दशनामी | 21 | बरई | 43 | धिमाल | 65 |
| धानुक | 22 | बिन | 44 | याक्खा | 66 |

| जातजातिको नाम | कोड |
|---|---|
| घल | 67 |
| ताजपुरीया | 68 |
| खवास | 69 |
| दराइ | 70 |
| माली | 71 |
| धुनीया | 72 |
| पहारी | 73 |
| राजधोव | 74 |
| भोटे | 75 |
| डोम | 76 |
| थकाली | 77 |
| कोरी | 78 |
| छन्त्याल/छन्तेल | 79 |
| हयोल्मो् | 80 |
| बोटे | 81 |
| राजभर | 82 |
| बरामो/बराम/बरामु | 83 |
| पंजाबी/सिख | 84 |
| नाछिरिङ | 85 |
| याम्फु | 86 |
| गाइने | 87 |
| चाम्लिङ | 88 |
| आठपहरिया | 89 |
| जिरेल | 90 |

| जातजातिको नाम | कोड |
|---|---|
| दुरा | 91 |
| सरवरिया | 92 |
| मेचे | 93 |
| बान्तवा | 94 |
| राजी | 95 |
| डोल्पो | 96 |
| हलखोर | 97 |
| सी/सौका | 98 |
| अमात | 99 |
| थुलुङ | 100 |
| लेप्चा | 101 |
| पथ्थरकट्टा/कुशवाडिया | 102 |
| मेवाहाङ | 103 |
| बाहिङ | 104 |
| नटुवा | 105 |
| हायु | 106 |
| धन्कार/धरिकार | 107 |
| ल्होपा | 108 |
| मुण्डा | 109 |
| देव | 110 |
| ढाँडी | 111 |
| कमर | 112 |
| किसान | 113 |
| साम्पाङ | 114 |

| जातजातिको नाम | कोड |
|---|---|
| कोचे | 115 |
| ल्होमी | 116 |
| खालिङ | 117 |
| तोप्केगोला | 118 |
| चिडिमार | 119 |
| वालुङ | 120 |
| लोहारूङ | 121 |
| कलार | 122 |
| राउटे | 123 |
| नुराङ | 124 |
| कुसुण्डा | 125 |
| राना थारू | 126 |
| भूमिहार | 127 |

*स्वीकृत मितिः २०८०/११/२० (माननीय मन्त्रीस्तरबाट)*

# बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावना**

बालिका, अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा समन्यायिक पहुँच तथा सहभागिता, सिकाइ उपलब्धि सुनिश्चित गर्न, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन गरी शिक्षामा समता, समावेशीकरण एवम् विविधता व्यवस्थापनका विषयलाई प्रभावकारी बनाउन सङ्घ, प्रदेश, स्थानीय तह र विद्यालयमा सरोकारवालाको सञ्जाल गठन गरी विद्यालय तहको शिक्षामा सहभागिता तथा समावेशीकरणलाई सुदृढीकरण गर्न बाञ्छनीय भएकाले,

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो मापदण्ड जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड २०८०" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुने छ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

(क) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

(ग) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनुपर्छ।

(घ) "नियमावली" भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली,२०७७ सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

(च) "मापदण्ड" भन्नाले बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड २०८० सम्झनुपर्छ।

(छ) "लक्षित व्यक्ति" भन्नाले विद्यालयमा भर्ना, निरन्तरता एवम् सिकाइ प्रक्रियाका लागि थप सहयोग पुऱ्याउनुपर्ने गरी विद्यालय वा स्थानीय तहले पहिचान गरेका व्यक्ति सम्झनुपर्छ ।

(ज) "सञ्जाल" भन्नाले यस मापदण्डको दफा ५ बमोजिम गठन हुने बालिका तथा समावेशी शिक्षा सञ्जाल सम्झनुपर्छ र सो शब्दले दफा ७ बमोजिमको प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जाल, दफा ९ बमोजिमको स्थानीय बालिका तथा समावेशी शिक्षा सञ्जाल र ११ बमोजिम विद्यालयमा गठन हुने विद्यालयस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाललाई समेत जनाउँछ।

(झ) "सीमान्तकृत समुदायका बालबालिका" भन्नाले प्रचलित कानुनबमोजिम सीमान्तीकृत समुदाय अन्तर्गतका विद्यालय शिक्षाको पहुँच बाहिर रहेका बालबालिका सम्झनुपर्छ र सो शब्दले विभिन्न कारणबाट शिक्षामा निरन्तरता दिन असमर्थ भएका बालबालिकालाई समेत जनाउँछ।

(ञ) "स्रोतकक्षा" भन्नाले अपाङ्गता भएका बालबालिकाका लागि विद्यालयमा सञ्चालन गरिएको सहयोग उपलब्ध गराउने कक्षालाई सम्झनुपर्छ।

(ट) "संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा प्रचलित कानुनबमोजिम दर्ता भई शिक्षाका क्षेत्रमा क्रियाशील संस्था सम्झनुपर्छ।

(ठ) "स्थानीय तह" भन्नाले नेपालको संविधानबमोजिम गठित गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद- २

## उद्देश्य तथा सिद्धान्त

३. **<u>मापदण्डको उद्देश्य:</u>** (१) सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्जालको गठन र प्रभावकारी परिचालनमार्फत बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुधारमा टेवा पुऱ्याई अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कानुनको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु यस मापदण्डको मूल उद्देश्य हुने छ।

(२) उपदफा (१) बमोजिमको मूल उद्देश्य प्राप्तिका लागि यस मापदण्डको अन्य उद्देश्य देहायबमोजिम रहेका छन्:-

(क) सङ्घ, प्रदेश, स्थानीय तह र विद्यालयमा सञ्जालको गठन गर्नु

(ख) आफ्नो परिवेशमा समावेशी शिक्षाको लक्षित व्यक्तिको विशिष्ट सहयोगको आवश्यकताको पहिचान गर्नु

(ग) बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाका लागि नीति, योजना, कार्यक्रममार्फत आवश्यकता सम्बोधन गर्न आवश्यक सहकार्य र पैरवी गर्न सञ्जालको परिचालन गर्नु

४. **<u>सिद्धान्त:</u>** सञ्जालको गठन तथा परिचालनका सिद्धान्त देहायबमोजिम हुने छन्:-

(क) शिक्षामा समता र समानताको प्रवर्द्धन तथा मानवीय गरिमाको रक्षा गर्नु

(ख) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समावेशिता, वैयक्तिक सिकाइ आवश्यकता र विविधताको सम्मान गर्नु

(ग) कठिनाइ तथा जोखिममा रहेका वर्गको शैक्षिक अधिकार सुनिश्चित गर्न शैक्षिक प्रणालीमा उचित अनुकूलन गर्नु

## परिच्छेद-३

## सञ्जाल गठन तथा परिचालन सम्बन्धी व्यवस्था

५. **<u>बालिका तथा समावेशी शिक्षा सञ्जालः</u>** (१) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई शिक्षाको सुनिश्चिततामा पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधारका लागि मार्गदर्शनका लागि केन्द्रमा केन्द्रीय स्तरको एक बालिका तथा समावेशी शिक्षा सञ्जाल रहने छ ।

(२) उपदफा (१) बमोजिमको सञ्जालको गठन देहायबमोजिम हुने छः-

(क) महानिर्देशक, केन्द्र — संयोजक

(ख) उपमहानिर्देशक, सम्बन्धित महाशाखा, केन्द्र — सदस्य

(ग) लैङ्गिक सम्पर्क व्यक्ति (अधिकृतस्तर) मन्त्रालय, — सदस्य

(घ) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि — सदस्य

(ङ) युवा तथा खेलकुद मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि — सदस्य

(च) महिला, बालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि — सदस्य

(छ) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, लैङ्गिक सम्पर्क व्यक्ति — सदस्य

(ज) पाठ्यक्रम विकास केन्द्रको प्रतिनिधि — सदस्य

(झ) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिनिधि — सदस्य

(ञ) नेपाल शिक्षक महासङ्घको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि — सदस्य

(ट) नेपाल राष्ट्रिय अपाङ्ग महासङ्घको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि — सदस्य

(ठ) निजी तथा आवासीय विद्यालय सङ्गठनको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि — सदस्य

(ड) नेपाल निजी तथा आवासीय विद्यालय सङ्गठनको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि — सदस्य

(ढ) अभिभावक सङ्घ नेपालको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि — सदस्य

(ण) राष्ट्रिय अभिभावक सङ्घ नेपालको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि सदस्य

(त) लैङ्गिकता र समावेशी शिक्षाको क्षेत्रमा कार्यरत सङ्घसंस्थाबाट केन्द्रबाट मनोनीत कम्तीमा एक जना महिलासहित तीन जना सदस्य

(थ) गाउँपालिका राष्ट्रिय महासङ्घ र नेपाल नगरपालिका सङ्घका एक/एक जना प्रतिनिधि सदस्य

(द) निर्देशक, समावेशी शिक्षा शाखा, केन्द्र सदस्य सचिव

(३) सञ्जालको बैठक वर्षमा कम्तीमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ।

(४) सञ्जालको बैठकमा आवश्यकताअनुसार सरोकारवाला र अपाङ्गताको क्षेत्रमा क्रियाशील सङ्घ संस्था, निकाय र विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

(५) सञ्जालमा मनोनीत सदस्यको पदावधि दुई वर्षको हुने छ।

(६) सञ्जालको बैठकसम्बन्धी कार्यविधि सञ्जाल आफैंले निर्धारण गरेबमोजिम हुने छ।

(७) केन्द्रको समावेशी शिक्षा शाखाले सञ्जालको सचिवालयको रूपमा कार्य गर्ने छ।

६. **<u>बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्यः</u>** दफा ५ बमोजिमको सञ्जालको कार्य देहायबमोजिम हुने छः-

(क) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको समावेशी शिक्षासम्बन्धी नीतिगत विषयमा मन्त्रालयलाई सुझाव दिने

(ख) गुणस्तरीय अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन विषयमा पैरवी, समन्वय, सहकार्य र सहजीकरण गर्ने

(ग) बालिका शिक्षा, लैङ्गिक समता, अपाङ्गता तथा सीमान्तकृत बालबालिकाको समावेशी शिक्षाका विषयमा मौजुदा नीति तथा कार्यक्रमको कार्यान्वयन तथा समसामयिक विषयमा पैरवी, समन्वय र सहजीकरण गर्ने

(घ) बालिका शिक्षा, लैङ्गिक समता, अपाङ्गता तथा सीमान्तकृत बालबालिकाका विशिष्ट आवश्यकता सम्बोधन गर्न आवश्यक सामग्री विकास एवम् स्वीकृतिका लागि सिफारिस गर्ने

(ङ) प्रदेश तथा स्थानीय तहको सञ्जाल गठन तथा परिचालनका लागि समन्वय एवम् सहजीकरण गर्ने

(च) अन्तरसञ्जाल समन्वय, सहजीकरण तथा कार्य प्रभावकारिताका लागि आवश्यक कार्य गर्ने

(छ) केन्द्रमा सञ्जालको लागि आवश्यक कार्यक्रम तथा योजना तयार गरी कार्यान्वयन गर्ने

७. **<u>प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जालः</u>** (१) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको सुनिश्चिततामा पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधारका लागि पैरवी, समन्वय, अनुगमन तथा प्राविधिक सहयोगका लागि प्रत्येक प्रदेशमा प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जाल रहन सक्ने छ।

(२) उपदफा (१) बमोजिमको सञ्जाल सामान्यतया देहायबमोजिम हुने गरी गठन गर्न सकिने छः-

| | | |
|---|---|---|
| (क) | प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालयको सचिव वा निजले तोकेको महाशाखा प्रमुख | संयोजक |
| (ख) | प्रमुख, शिक्षा विकास निर्देशनालय | सदस्य |
| (ग) | प्रादेशिक शिक्षा तालिम केन्द्र प्रमुख | सदस्य |
| (घ) | प्रदेश सरकारको महिला तथा बालबालिका हेर्ने शाखा प्रमुख | सदस्य |
| (ङ) | प्रादेशिक महिला बालबालिका समिति प्रतिनिधि | सदस्य |
| (च) | नेपाल शिक्षक महासङ्घको प्रतिनिधि | सदस्य |
| (छ) | निजी तथा आवासीय विद्यालय सङ्गठनको प्रतिनिधि | सदस्य |
| (ज) | नेपाल निजी तथा आवासीय विद्यालय सङ्गठनको प्रतिनिधि | सदस्य |
| (झ) | अभिभावक महासङ्घको प्रदेश प्रतिनिधि | सदस्य |
| (ञ) | अपाङ्गता, सीमान्तकृत समुदायको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिलासहित संयोजकले तोकेको तीन जना | सदस्य |
| (ट) | शिक्षा विषय हेर्ने मन्त्रालयको लैङ्गिक सम्पर्क व्यक्ति | सदस्य |
| (ठ) | गैरसरकारी संस्था प्रतिनिधिमध्येबाट प्रदेश सञ्जालले मनोनयन गरेका कम्तीमा एक जना महिलासहित तीन जना | सदस्य |
| (ड) | शिक्षा विषय हेर्ने मन्त्रालयको समावेशी शिक्षा हेर्ने महाशाखा वा शाखा प्रमुख | सदस्य सचिव |

(३) उपदफा (२) बमोजिम गठन हुने प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जालमा प्रदेश सरकारबाट प्रदेशको आवश्यकताबमोजिम परिमार्जन, थपघट तथा अन्य व्यवस्था हुन सक्ने छ।

(४) प्रदेश सञ्जालको बैठक वर्षमा कम्तीमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ।

(५) प्रदेश सञ्जालको बैठकमा आवश्यकताअनुसार सरोकारवाला र अपाङ्गता तथा सीमान्तकृतको क्षेत्रमा क्रियाशील सङ्घसंस्था, निकाय र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिने छ।

(६) सञ्जालमा मनोनीत सदस्यको पदावधि दुई वर्षको हुने छ।

(७) प्रदेश सञ्जालको बैठकसम्बन्धी कार्यविधि सञ्जाल आफैंले निर्धारण गरेबमोजिम हुने छ।

(८) प्रदेशको शिक्षा विषय हेर्ने मन्त्रालयले तोकेको महाशाखा वा शाखाले सञ्जालको सचिवालयको रूपमा कार्य गर्ने छ।

८. **प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्य**: दफा ७ बमोजिमको प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्य देहायबमोजिम हुने छः-

(क) प्रदेश तहमा तर्जुमा गरिने बालिका तथा समावेशी शिक्षासम्बन्धी नीतिमा सुझाव दिने

(ख) गुणस्तरीय अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन विषयमा पैरवी र सहजीकरण गर्ने

(ग) सञ्जालको वार्षिक कार्य नीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने

(घ) प्रदेशअन्तर्गत स्थानीय तहमा सञ्जाल गठन गर्न तथा क्रियाशील बनाउन सहजीकरण गर्ने

(ङ) स्थानीयस्तरमा सञ्जाल गठन गरी प्रभावकारी कार्य गर्ने स्थानीय तह पहिचान गरी पुरस्कृत तथा प्रोत्साहन गर्ने

(च) स्थानीय तहमा रहेको सञ्जाल तथा विद्यालय तहमा रहेको सञ्जाल तथा गुनासो सुनुवाइ संयन्त्रको अनुगमन गरी आवश्यक सहजीकरण गर्ने

(छ) बालिका तथा समावेशी शिक्षा, लैङ्गिक हिंसा, भेदभाव विरुद्ध तथा समता सम्बन्धी कार्यका लागि आवश्यक स्रोतको व्यवस्था गर्न पहल गर्ने

(ज) केन्द्रको बालिका तथा समावेशी शिक्षा सञ्जालबाट सिफारिस भएका विषयलाई समावेश गरी कार्यान्वयन गराउने

(झ) सञ्जालले पहिचान गरेका बालिका तथा समावेशी शिक्षासम्बन्धी उपयुक्त विषयमा कार्य गर्ने

९. **स्थानीय बालिका तथा समावेशी शिक्षा सञ्जाल:** (१) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको सुनिश्चिततामा पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधारका लागि योजना तर्जुमा तथा कार्यान्वयन सहजीकरणका लागि स्थानीय तहमा स्थानीय बालिका तथा समावेशी शिक्षा सञ्जाल रहन सक्ने छ।

(२) उपदफा (१) बमोजिमको सञ्जाल सामान्यतया देहायबमोजिम हुने गरी गठन गर्न सकिने छः-

| | | |
|---|---|---|
| (क) | स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष | संयोजक |
| (ख) | स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) | स्थानीय तहको महिला तथा बालबालिका शाखा/महाशाखा प्रमुख | सदस्य |
| (घ) | स्थानीय तहको स्वास्थ्य शाखा/महाशाखा प्रमुख | सदस्य |
| (ङ) | संयोजकबाट मनोनीत स्थानीय बाल क्लबका तर्फबाट एक जना बालिकासमेत दुई जना | सदस्य |

| | | |
|---|---|---|
| (च) | वडाध्यक्षमध्येबाट स्थानीय तहको प्रमुखले तोकेको एक जना | सदस्य |
| (छ) | स्थानीय तहभित्रका अपाङ्गता भएको बालबालिकाको अभिभावकमध्येबाट संयोजकबाट मनोनीत महिला अभिभावक एक जना | सदस्य |
| (ज) | बालिका तथा समावेशी क्षेत्रमा कार्यरत संस्थामध्येबाट स्थानीय तहबाट मनोनीत कम्तीमा एक जना महिलासहित तीन जना | सदस्य |
| (झ) | स्थानीय तहभित्रका अपाङ्गता भएका बालबालिकामध्येबाट एक बालक र एक बालिका गरी संयोजकले तोकेको दुई जना | सदस्य |
| (ञ) | स्थानीय सञ्जालबाट मनोनीत कम्तीमा एक जना महिलासहित दुई जना सञ्चारकर्मी | सदस्य |
| (ट) | स्थानीय तहभित्रका सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमध्येबाट संयोजकबाट मनोनीत एक जना | सदस्य |
| (ठ) | स्थानीय तहभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकमध्येबाट सञ्जालबाट मनोनीत प्रधानाध्यापक एक जना | सदस्य |
| (ड) | स्थानीय तहभित्रका विशेष विद्यालय वा स्रोत कक्षा सञ्चालन भएका विद्यालयको प्रधानाध्यापकमध्ये संयोजकले मनोनीत गरेको एक जना | सदस्य |
| (ढ) | स्थानीय तहभित्रका सामुदायिक विद्यालयको शिक्षक अभिभावक सङ्घको अध्यक्ष मध्येबाट सञ्जालको संयोजकबाट मनोनीत एक जना | सदस्य |
| (ण) | स्थानीय तह कार्यक्षेत्र भएको नेपाल प्रहरीको कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी | सदस्य |
| (त) | स्थानीय तहभित्रका विद्यालयका शिक्षकमध्येबाट संयोजकबाट मनोनीत एक जना | सदस्य |
| (थ) | स्थानीय तहभित्रका माध्यमिक विद्यालयमध्येबाट गुनासो सुनुवाइ संयन्त्रमा भएको विद्यार्थीमध्ये संयोजकले तोकेको छात्रा एक जना | सदस्य |
| (द) | स्थानीय कार्यपालिकाका दलित वा महिला सदस्यमध्येबाट स्थानीय तहको प्रमुखले तोकेको दुई जना | सदस्य |
| (ध) | शिक्षा महाशाखा वा शाखा प्रमुख, स्थानीय तह | सदस्य सचिव |

(३) उपदफा (२) बमोजिम गठन हुने स्थानीय बालिका तथा समावेशी शिक्षा सञ्जालमा स्थानीय तहबाट स्थानीय तहको आवश्यकताबमोजिम परिमार्जन, थपघट तथा अन्य व्यवस्थापन हुन सक्ने छ।

(४) उपदफा (२) बमोजिमको स्थानीय सञ्जालको संरक्षकको रूपमा स्थानीय तहको अध्यक्ष वा प्रमुख रहने छ।

(५) स्थानीय सञ्जालको बैठक वर्षमा कम्तीमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ।

(६) स्थानीय सञ्जालको बैठकमा आवश्यकताअनुसार स्थानीय तहभित्र स्रोत कक्षा सञ्चालन भएका विद्यालयका स्रोत शिक्षक, सरोकारवाला र अपाङ्गताको क्षेत्रमा क्रियाशील सङ्घ संस्था र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिने छ।

(७) स्थानीय सञ्जालमा मनोनीत वा तोकिएका सदस्यको पदावधि दुई वर्षको हुने छ।

(८) स्थानीय सञ्जालको बैठकसम्बन्धी कार्यविधि सञ्जाल आफैंले निर्धारण गरेबमोजिम हुने छ।

(९) स्थानीय तहको शिक्षा महाशाखा वा शाखाले स्थानीय सञ्जालको सचिवालयको रूपमा कार्य गर्ने छ।

१०. <u>स्थानीय बालिका तथा समावेशी शिक्षा सञ्जालको कार्य:</u> (१) दफा ९ बमोजिम गठित स्थानीय बालिका तथा समावेशी शिक्षा सञ्जालको प्रमुख कार्य देहायबमोजिम हुने छः-

(क) विद्यालयबाहिर रहेका बालबालिका विशेष गरी बालिका, अपाङ्गता भएका बालबालिका तथा सीमान्तकृत समुदायका बालबालिकाको पहिचान गरी शिक्षाको पहुँच सुनिश्चितताका लागि पहल गर्ने

(ख) गुणस्तरीय अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्ने गराउने

(ग) विद्यालयमा अध्ययनरत विद्यार्थीको शिक्षामा पहुँच, निरन्तरता, सहभागिता र सिकाइ सुनिश्चित गर्न सहजीकरण गर्ने, विद्यालयमा उपयुक्त सिकाइ वातावरण तयार गर्न सहजीकरण गर्ने

(घ) विद्यालयमा अध्ययनरत बालबालिकाको सहभागिता र सिकाइ उपलब्धि अभिवृद्धिमा आवश्यक समन्वय, सहकार्य एवम् सहजीकरण गर्ने

(ङ) विद्यालयमा गुनासो सुनुवाइसम्बन्धी व्यवस्था गर्ने कार्यमा सहजीकरण गर्ने तथा विद्यालयबाट सिफारिस भई आएका वा जानकारीमा आएका गुनासाको समाधान एवम् समाधानका लागि सम्बन्धित निकायमा सम्प्रेषण गर्ने कार्यमा सहजीकरण गर्ने

(च) शिक्षामा समता र समानताको प्रवर्धन गर्दै मानवीय गरिमाको रक्षाका लागि पहल गर्ने

(छ) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समावेशिता , वैयक्तिक सिकाइ आवश्यकता र विविधताको सम्मानका लागि सरोकारवालालाई अभिप्रेरित गर्ने

(ज) कठिनाइ तथा जोखिममा रहेका वर्गको शैक्षिक अधिकार सुनिश्चित गर्न शैक्षिक प्रणालीमा उचित अनुकूलन वातावरण तयार गर्न पहल गर्ने

(झ) स्थानीय सञ्जालबाट वार्षिक रूपमा सम्पादित कार्यसम्बन्धी प्रतिवेदन स्थानीय तहको अध्यक्ष वा प्रमुख समक्ष पेस गर्ने

(ञ) प्रचलित कानुनबमोजिम बालिका तथा सामावेशी शिक्षा सम्बन्धमा निर्धारित कार्य सम्पादन गर्ने

(ट) बालिका तथा समावेशी शिक्षासँग सम्बन्धित विषयमा स्थानीय सञ्जालबाट सम्पादन हुने गरी निर्धारण भई आएका विषयको सम्पादन गर्ने

(ठ) विद्यालयमा हुन सक्ने हिंसा, शोषण र दुर्व्यवहार रोकथाम गर्ने तथा सोबाट बालबालिकामा पर्न सक्ने प्रभावसम्बन्धी सचेतना, समन्वय, सहजीकरण गर्ने

(ड) केन्द्र तथा प्रदेश सञ्जालबाट सिफारिस भएका विषयलाई समावेश गरी कार्यान्वयन गराउने

(ढ) सम्बन्धित विषयक्षेत्रमा स्थानीय सञ्जालबाट सम्पादन हुन पर्ने वा स्थानीय तहबाट आवश्यक देखेका कार्य गर्ने

११. <u>विद्यालयस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल</u>ः (१) प्रत्येक विद्यालयमा विद्यालयस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल रहने छ ।

(२) उपदफा (१) बमोजिमको विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन देहायबमोजिम हुने छः-

| | | |
|---|---|---|
| (क) | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको विद्यालय व्यवस्थापन समितिको सदस्य | संयोजक |
| (ख) | विद्यालय रहेको वडाको महिला सदस्य एक जना | सदस्य |
| (ग) | विद्यालयको प्रधानाध्यापक | सदस्य |
| (घ) | महिला शिक्षकमध्येबाट संयोजकले तोकेको एक जना | सदस्य |
| (ङ) | शिक्षक अभिभावक सङ्घबाट तोकिएका एक जना महिलासहित दुई जना | सदस्य |
| (च) | बाल क्लबबाट तोकिएका एक जना बालिकासहित दुई जना | सदस्य |
| (छ) | विद्यालय रहेको वडामा क्रियाशील सङ्घसंस्थाबाट कम्तीमा एक जना महिलासहित समितिले मनोनीत गरेको दुई जना | सदस्य |
| (ज) | अपाङ्गता भएका वा सीमान्तकृत समुदायका बालबालिकाका अभिभावक मध्येबाट समितिले मनोनीत गरेको कम्तीमा एक महिलासहित दुई जना | सदस्य |
| (झ) | विद्यालयमा अध्ययनरत बालबालिकामध्येबाट समितिको संयोजकले तोकेको कम्तीमा एक छात्रा रहने गरी दुई जना | सदस्य |
| (ञ) | गुनासो सुनुवाइ संयन्त्रमा प्रतिनिधित्व गर्ने विद्यार्थी मध्येबाट एक जना छात्रासहित दुई जना | सदस्य |

(ट) सामुदायिक स्वयंसेवक महिला/ किशोरीमध्येबाट सञ्जालले मनोनीत गरेको एक जना — सदस्य

(ठ) विद्यालय नर्स वा स्थानीय स्वास्थ्य स्वयंसेविका — सदस्य

(ड) लैङ्गिक सम्पर्क शिक्षक — सदस्य सचिव

(३) स्रोत कक्षा सञ्चालित विद्यालयको हकमा विद्यालयस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालमा स्रोत शिक्षकलाई सदस्यको रूपमा संयोजकले मनोनयन गर्नुपर्ने छ ।

(४) विद्यालय स्तरीय सञ्जालको बैठक वर्षमा कम्तीमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(५) विद्यालयस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठकमा आवश्यकताअनुसार सरोकारवाला र अपाङ्गताको क्षेत्रमा क्रियाशील सङ्घसंस्था, निकाय र विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

(६) विद्यालयस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको मनोनीत सदस्यको पदावधि दुई वर्षको हुने छ ।

(७) विद्यालयस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठकसम्बन्धी व्यवस्था सञ्जाल आफैंले निर्धारण गरेबमोजिम हुने छ ।

१२. <u>विद्यालयस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालबाट सम्पादन हुने कार्य</u>: दफा ११ बमोजिमको विद्यालयस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालबाट बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समावेशी शिक्षा सम्बन्धमा देहायबमोजिमका कार्य सम्पादन हुने छः-

(क) शिक्षक तथा विद्यार्थी आचारसंहितामा बालबालिका तथा समावेशी शिक्षा विषयसमेत समावेश गरी निर्माण तथा कार्यान्वयन गर्ने गराउने

(ख) बालिका शिक्षाको हक सुनिश्चितताका लागि विद्यालय सुधार योजनामा स्थानीय तहको बालिका तथा समावेशी शिक्षा सञ्जालबाट सिफारिस भएका विषयलाई समावेश गरी कार्यान्वयन गराउने

(ग) विद्यार्थीको प्रारम्भिक लेखाजोखामार्फत अपाङ्गताको पहिचान गरी आवश्यक सेवाका लागि सहयोग तथा सिफारिस गर्ने

(घ) विद्यालयमा अपाङ्गता भएका विद्यार्थीका लागि अपाङ्गतामैत्री वातावरण सिर्जनाका लागि अवरोधमुक्त विद्यालय क्षेत्र निर्माण गर्ने तथा वैयक्तिक शिक्षण योजना तयार गराई कार्यान्वयन गर्ने

(ङ) वैकल्पिक शिक्षामार्फत पढाइ पूरा गरेका बालबालिकालाई विद्यालय भर्ना गर्ने तथा सिकाइ निरन्तरतामा सहयोग गर्ने

(च) विद्यालयस्तरीय गुनासो सुनुवाइ कार्यान्वयनका लागि कानुनी व्यवस्थाबमोजिम सुझाव पेटिका व्यवस्थापन तथा कार्यावन्यन गर्ने गराउने

(छ) गुणस्तरीय अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्ने गराउने

(ज) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको समावेशी शिक्षासम्बन्धी विद्यमान नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने र आवश्यकता अनुसार साझेदारी तथा सहकार्य गर्ने

(झ) विद्यालय तथा समुदायस्तरमा बालिकामाथि भएको लैङ्गिक हिंसा न्यूनीकरणका लागि सम्बन्धित निकायमा समन्वय गर्ने

(ञ) बालिका तथा समावेशी शिक्षाअन्तर्गत सामाजिक तथा सांस्कृतिक बाधालाई समाधान गर्न आवश्यक समन्वय र सहकार्य गर्ने

(ट) बालिका तथा समावेशी शिक्षा सञ्जालमा सिफारिस भएकामध्ये विद्यालयबाट समाधान गर्न नसकिने विषयको सम्बन्धमा स्थानीय तहको योजना तथा कार्यक्रममा समावेश गर्न समन्वय गर्ने

(ठ) बालिकामैत्री वातावरण निर्माणमा सहजीकरण गर्ने तथा वास (WASH) सुविधासहितको शौचालय, सेनिटरी प्याड, विद्यालय दिवा खाजा कार्यक्रम, छात्रवृत्ति, स्वास्थ्य सेवा, आदिको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने,

(ड) विद्यालयमा बालिका, सीमान्तकृत समुदायका बालबालिका र अपाङ्गता भएका बालबालिकाको पठन पाठनका लागि उपयुक्त वातवारण सृजना गर्न सहयोग गर्ने

(ढ) लैङ्गिक हिंसा तथा दुर्व्यवहार, बालविवाह, विपत् जोखिम न्यूनीकरण आदि विषयमा सचेतना, अभिमुखीकरण गर्ने गराउने

(ण) जोखिम, हेपाइ, हिंसा तथा उत्पीडन आदि जस्ता घटनाको न्यूनीकरण तथा समाधान गर्न स्थानीय सहयोग समूह र संस्थाको सम्पर्क विवरण तयार राख्ने र सम्बोधन गर्ने प्रक्रियाबारे बाल क्लब/किशोर तथा किशोरी समूहका सदस्यलाई अभिमुखीकरण गर्ने

(त) बालबालिकाको बिशिष्ट आवश्यकता सम्बोधनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रधानाध्यापक समक्ष पुऱ्याउन सहयोग गर्ने

(थ) विद्यालय र विद्यालयस्तरीय सञ्जालको सहयोगमा बालबालिकालाई नेतृत्व सीप, परिचालन, सचेतना र सामुदायिक विकास जस्ता विषयसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

(द) विद्यालयमा कठिन परिस्थितिमा रहेका बालिका, सीमान्तकृत समुदाय र अपाङ्गता भएका विद्यार्थीको विस्तृत व्यक्तिगत विवरण एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्ने

(ध) स्थानीय तहको समन्वयमा विद्यालयबाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने

(न) सञ्जालको बैठकमा भएका छलफल र निर्णयको कार्यान्वयन स्थितिको पहिचान तथा समीक्षा गर्ने र थप प्रभावकारी कार्यान्वयनका लागि सुझाव उपलब्ध गराउने

(प) गुनासो सुनुवाइ समिति/ बाल क्लब/किशोर तथा किशोरी समूह, लैङ्गिक सम्पर्क व्यक्ति, प्र.अ./शिक्षक तथा शिक्षण सिकाइ सम्बन्धमा भएको उपलब्धि तथा प्रगति विवरणको समीक्षा गरी आवश्यक मार्गनिर्देशन र सल्लाह प्रदान गर्ने

(फ) सञ्जालको कार्यविवरणभित्रका विषयसँग सम्बन्धित क्रियाकलापमा पारदर्शिता, जवाफदेही र प्रभावकारिताका लागि समय समयमा अनुगमन तथा समीक्षा गरी प्रतिवेदन तयारी र सम्प्रेषण गर्ने

## परिच्छेद-४

## लैङ्गिक सम्पर्क शिक्षक

१३. **लैङ्गिक सम्पर्क शिक्षकको काम, कर्तव्य तथा जिम्मेवारी:** (१) अन्यत्र उल्लेख भएका कार्य जिम्मेवारीका अतिरिक्त लैङ्गिक सम्पर्क शिक्षकको काम, कर्तव्य तथा जिम्मेवारी देहायबमोजिम हुने छः-

(क) विद्यालयस्तरीय सञ्जालको नियमित बैठक गराउन अध्यक्षसँग समन्वय गर्ने र बैठकमा भएका छलफल र निर्णय कार्यान्वयनका लागि विद्यालयका सरोकारवालासँग परामर्श तथा समन्वय गर्ने

(ख) बैठकबाट आएका मुद्दाको सम्बोधन तथा समस्याको समाधानका लागि पहल गर्ने

(ग) विद्यालयस्तरीय सञ्जालको निर्णयबमोजिम सम्बन्धित सरोकारवाला संस्था र व्यक्तिसँग समन्वय गरी स्रोत व्यवस्थापन तथा योजना निर्माण र कार्यान्वयनमा सहयोग गर्ने

(घ) लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयवस्तुलाई विद्यालयमा निर्माण हुने आचारसंहितामा समावेश गर्न परामर्श र सहयोग गर्ने

(ङ) विद्यालयको भौतिक संरचना तथा अध्ययन अध्यापन विधिलाई लैङ्गिक तथा अपाङ्गतामैत्री बनाउन सहजीकरण गर्ने तथा सञ्जाललाई सक्रिय बनाउन समन्वय गर्ने

(च) विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा स्थानीय सङ्घसंस्थासँग समन्वय गरी लैङ्गिक संवेदनशीलता, लैङ्गिक समानताका विषयमा जनचेतना अभिवृद्धि र क्षमता विकासका कार्य गर्ने

(छ) विद्यालयमा गुनासो सुनुवाइको व्यवस्थापनमा सहजीकरण गर्ने र गुनासोको उचित सम्बोधनका लागि समन्वय गर्ने

(ज) सञ्जालको कार्यविवरणमा भएका विषयको कार्यान्वयन गर्नका लागि संयोजक तथा प्रधानाध्यापक र बाल क्लबसँग समन्वय तथा परामर्श गरी प्रभावकारिताका लागि पहल गर्ने

## परिच्छेद-५

## विभिन्न निकायको भूमिका

१४. **मन्त्रालयको भूमिका**: बालिका तथा समावेशी शिक्षा सम्बन्धमा मन्त्रालयको भूमिका देहायबमोजिम हुने छः-

(क) बालिका तथा समावेशी शिक्षासम्बन्धी नीति निर्माण, अन्तर मन्त्रालय समन्वय गर्ने

(ख) विभिन्न स्तर तथा तहमा हुने सञ्जालको गठन, सञ्चालन एवम् व्यवस्थापनका साथै यस्ता सञ्जालबाट हुने कार्यक्रममा विभागीय निकायको सहकार्य, सहभागिता, सुनिश्चित गर्न आवश्यक सहजीकरण गर्ने र केन्द्रलाई सोका लागि निर्देशन दिने

(ग) राष्ट्रियस्तरमा थप सहयोग उपलब्ध गराउनुपर्ने वर्गको पहिचान तथा सहयोगका लागि स्रोतको व्यवस्थापन गर्ने गराउने

(घ) प्रदेश, स्थानीय तह र विद्यालयस्तरमा गठित सञ्जालको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन, अनुगमन तथा सहजीकरण गर्ने गराउने

(ङ) मन्त्रालयले पहिचान गरेका बालिका तथा समावेशी शिक्षा सञ्जालका विषयमा आवश्यक अन्य व्यवस्था मिलाउने

१५. **केन्द्रको भूमिका**: बालिका तथा समावेशी शिक्षा सञ्जालका सम्बन्धमा केन्द्रको भूमिका देहायबमोजिम हुने छः-

(क) केन्द्र, प्रदेश र स्थानीय तहमा सञ्जालको गठन सञ्चालन एवम् व्यवस्थापनका लागि सहजीकरण गर्ने

(ख) लैङ्गिक एवम् समावेशी शिक्षासम्बन्धी विषय आवधिक योजना, रणनीतिक योजना तथा कार्यक्रममा आबद्ध गर्ने गराउने

(ग) प्रदेश सरकार, स्थानीय तह तथा विद्यालयका लागि आवश्यक नमुना कार्यविधि एवम् कार्यढाँचा विकास गरी कार्य प्रभावकारिताका लागि सहजीकरण गर्ने

(घ) सबै प्रकृतिका सञ्जालका सरोकारवालाको कार्यको अनुगमन सहजीकरण निर्देशन र क्षमता विकास गर्ने गराउने

(ङ) लैङ्गिक सम्पर्क व्यक्तिको कार्यजिम्मेवारी तोक्ने, विभागीय बैठक आयोजना गर्ने र सबै तहमा सञ्जाल परिचालन एवम् समन्वय गर्ने

(च) केन्द्रीय सञ्जालको कार्यसम्पादन सञ्चालन तथा समन्वयका लागि सचिवलायको भूमिका निर्वाह गर्ने

(छ) केन्द्रीय सञ्जालको प्रोफाइल तयार गर्ने, अन्तर सञ्जाल समन्वय, सूचना सम्प्रेषण र प्रतिवेदन गर्ने गराउने

(ज) प्रदेश, स्थानीय तह तथा विद्यालयस्तरका सञ्जालका लागि सूचक विकास एवम् एकीकृत अनुगमन प्रणालीमा सूचक समावेश गर्ने गराउने

(झ) सामग्री विकास, स्वीकृति तथा प्रबोधीकरणको व्यवस्था मिलाउने

(ञ) लैङ्गिक एवम् समावेशी शिक्षाका लागि काम गर्ने सङ्घसंस्था निकाय तथा साझेदारको पहिचान अनुगमन तथा एकीकृत प्रतिवेदनको व्यवस्था मिलाउने

(ट) प्रदेश, स्थानीय तह र विद्यालयस्तरमा गठित सञ्जालबीच समन्वय र सहजीकरण गर्ने

१६. **<u>प्रदेशको शिक्षा हेर्ने मन्त्रालयको भूमिका</u>**: बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जालका सम्बन्धमा प्रदेशको भूमिका देहायबमोजिम हुने छः-

(क) लैङ्गिक एवम् समावेशी शिक्षासम्बन्धी प्रदेश-अन्तर मन्त्रालय समन्वय गर्ने गराउने

(ख) प्रदेशस्तरका सञ्जालको गठन, सञ्चालन एवम् व्यवस्थापनमा आवश्यक निर्देशन दिने

(ग) प्रदेशस्थित सञ्जालबाट सिफारिस भई आएका विषयलाई विश्लेषण गर्ने, प्राथमिकीकरण गर्ने र सम्बोधन गर्ने गराउने

(घ) लैङ्गिक एवम् समावेशी शिक्षासम्बन्धी विषय प्रदेशस्तरका आवधिक योजना, रणनीतिक योजना तथा कार्यक्रममा आबद्ध गर्ने गराउने

(ङ) प्रदेश सञ्जाल तथा स्थानीय र विद्यालयस्तरीय सञ्जालको कामको अनुगमन तथा सहजीकरण गर्ने

(च) केन्द्रबाट अनुरोध भई आएका समावेशी शिक्षासम्बन्धी विषय कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने

१७. **<u>इकाइको भूमिका:</u>** बालिका तथा समावेशी शिक्षासम्बन्धी सञ्जाल गठन र परिचालनमा सम्बन्धित जिल्ला स्थित इकाइको भूमिका देहायबमोजिम हुने छः-

(क) स्थानीय तह र विद्यालयस्तरीय सञ्जाल गठन र परिचालनमा समन्वय, सहजीकरण गर्ने र प्राविधिक सहायता उपलब्ध गराउने

(ख) स्थानीय तह र विद्यालयस्तरीय सञ्जालको गतिविधि अनुगमन गर्ने

(ग) स्थानीय र विद्यालयस्तरीय सञ्जालको कार्यसम्पादनका लागि प्राविधिक सहयोग तथा सहजीकरण गर्ने

(घ) स्थानीय तहको सञ्जालको गतिविधिसम्बन्धी प्रगति प्रतिवेदन सङ्कलन, समीक्षा गरी स्थानीय तहलाई सुझाब उपलब्ध गराउने तथा प्रदेश र केन्द्रलाई सोको जानकारी दिने

१८. **<u>स्थानीय तहको भूमिका:</u>** बालिका तथा समावेशी शिक्षा सञ्जाल सम्बन्धमा सम्बन्धित स्थानीय तहको भूमिका देहायबमोजिम हुने छः-

(क) नेपाल सरकार, मन्त्रालय तथा प्रदेश सरकारबाट जारी मापदण्ड वा कार्यविधि अनुकूल हुने गरी सबै बालबालिकाको शिक्षामा पहुँच, निरन्तरता र सिकाइ सुनिश्चितताका लागि सञ्जाल गठन तथा सञ्चालन कार्यविधि विकास गर्ने

(ख) स्थानीय तहमा गठन भएका सञ्जालको कार्यजिम्मेवारी तोक्ने र सोअनुसारको कार्य गर्ने गराउने

(ग) सञ्जालको गठन गर्दा अपाङ्गता, लैङ्गिकता, सीमान्तीकृत वर्गलगायतको अर्थपूर्ण सहभागिताको सुनिश्चितता हुने व्यवस्था मिलाउने

(घ) विद्यालयस्तरमा सञ्जाल गठनका लागि सहजीकरण र सहयोग गर्ने

(ङ) सञ्जाल सञ्चालन एवम् व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था मिलाउने

(च) स्थानीय तहको शिक्षा योजनामा बालिका तथा समावेशी शिक्षाका लागि सञ्जालको प्रावधान मिलाउने

(छ) बालिका तथा समावेशी शिक्षासम्बन्धी सूचक विकास गरी अनुगमन एवम् निरीक्षण गर्ने गराउने

(ज) विद्यालयस्तरीय सञ्जालबाट प्राप्त सुझाव एवम् सिफारिस कार्यान्वयनको व्यवस्था मिलाउने

(झ) विशेष सहयोग उपलब्ध गराउनुपर्ने वर्ग, क्षेत्र एवम् लक्षित समूह पहिचान गरी सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने

(ञ) स्थानीय तहभित्र रहेका बालिका, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्न लेखाजोखा गर्ने र आवश्यकतामा आधारित सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने

(ट) विद्यालय तथा सञ्जालबाट सिफारिस भई आएका विषयलाई विश्लेषण गर्ने, प्राथमिकीकरण गर्ने र सम्बोधन गर्ने गराउने

(ठ) स्थानीय तह तथा विद्यालयस्तरीय सञ्जालका सरोकारवालाको कार्यको अनुगमन सहजीकरण र क्षमता विकास गर्ने गराउने

(ड) विद्यालयस्तरीय सञ्जालमा विद्यालय नर्सको सहभागिता वा स्वास्थ्य संस्थासँग विद्यालयको आबद्धता सुनिश्चितता गर्ने गराउने

(ढ) लैङ्गिक तथा समावेशी शिक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने

(ण) स्थानीय तहमा अपाङ्गता तथा लैङ्गिक उत्तरदायी नीति, कार्यक्रम तथा बजेट व्यवस्था गर्ने गराउने

(त) स्थानीय तहले आवश्यक देखेका अन्य कार्य

१९. **विद्यालयको भूमिका:** बालिका तथा समावेशी शिक्षा सञ्जाल सम्बन्धमा सम्बन्धित विद्यालयको भूमिका देहायबमोजिम हुने छः-

(क) स्थानीय तहले तोकेबमोजिम विद्यालय सेवा क्षेत्रभित्रका बालबालिकाको शिक्षामा पहुँच, निरन्तरता र सिकाइ सुनिश्चितताका लागि विद्यालयस्तरीय सञ्जाल गठन तथा सञ्चालन गर्ने

(ख) विद्यालयमा कार्यरत महिला शिक्षक कर्मचारी मध्येबाट लैङ्गिक सम्पर्क शिक्षक तोक्ने र काममा लगाउने

(ग) विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रलाई क्रियाशील बनाउने र आएका गुनासो सम्बोधन र आवश्यकताअनुसार सिफारिस गरी स्थानीय तहमा पठाउने

(घ) विद्यालय स्तरीय सञ्जालको गठन गर्दा अपाङ्गता, लैङ्गिकता, सीमान्तीकृत वर्गलगायतको सहभागिताको सुनिश्चितता गर्ने

(ङ) विद्यालय सुधार योजनामा लैङ्गिक तथा समावेशी शिक्षाका लागि सञ्जालको प्रावधान समावेश गर्ने

(च) लैङ्गिक तथा समावेशी शिक्षा व्यवस्थापनका लागि स्थानीय सङ्घ संस्था, अभिभावक, नागरिक समाज लगायतसँग समन्वय सहकार्य र साझेदारी गर्ने

(छ) विद्यालयस्तरीय सञ्जालबाट प्राप्त सुझाव एवम् सिफारिस कार्यान्वयनको व्यवस्था मिलाउने

(ज) बालिका, अपाङ्गता तथा सीमान्तकृत बालबालिकाको विद्यालय शिक्षामा नियमितताका लागि प्रेरित गर्ने

(झ) विशेष सहयोग उपलब्ध गराउनुपर्ने वर्ग, क्षेत्र एवम् लक्षित समूह पहिचान गरी सहयोग उपलब्ध गराउने

(ञ) विद्यालयभित्र रहेका अपाङ्गता तथा सीमान्तीकृत बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्न लेखाजोखा गर्ने र आवश्यकतामा आधारित सहयोग उपलब्ध गराउन व्यवस्था मिलाउने र स्थानीय तहसँग समन्वय गर्ने

(ट) विद्यालयलाई हिंसामुक्त क्षेत्रको रूपमा विकास गरी सहज सिकाइ वातावरण निर्माण गर्ने

(ठ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा सञ्जालसँग सहकार्य समन्वय गरी बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई नियमित विद्यालयमा आउने वातावरण तयार गर्ने

(ड) किशोर किशोरीमाथि हुन सक्ने दुर्व्यवहार हिंसा, शोषण, विभेदविरुद्ध सचेतना विकास गर्ने तथा बाल क्लब परिचालन गर्ने

(ढ) विद्यालय तथा सञ्जालबाट सिफारिस भई आएका विषयको विश्लेषण गर्ने, प्राथमिकीकरण गर्ने र सम्बोधन गर्ने गराउने

(ण) विद्यालयस्तरीय सञ्जालका सरोकारवालाको कार्यको अनुगमन सहजीकरण र क्षमता विकास गर्ने गराउने

(त) विद्यालयस्तरीय सञ्जालमा विद्यालय नर्सको सहभागिता वा स्वास्थ्य संस्थासँग विद्यालयको आबद्धता सुनिश्चित गर्ने गराउने

(थ) लैङ्गिक तथा समावेशी शिक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम विद्यालयमा सञ्चालन गर्ने गराउने

(द) विद्यालयमा हुने नियमित कार्यक्रम तथा अतिरिक्त क्रियाकलापमा बालिका, अपाङ्गता तथा सीमान्तकृत बालबालिकालाई सहभागिताका लागि विशेष प्राथमिकता दिने

(ध) सञ्जालको गठन गर्दा बालिका, अपाङ्गता र सीमान्तीकृत समुदायका बालबालिकाको सहभागिताको सुनिश्चित गर्ने गराउने

(न) स्थानीय तहले निर्देश गरेका बालिका तथा समावेशी शिक्षासम्बधी अन्य विषय

## परिच्छेद-६

## सञ्जालबीचको अन्तरसम्बन्ध

२०. <u>अन्तरसञ्जाल समन्वयः</u> (१) बालिका तथा समावेशी शिक्षासम्बन्धी केन्द्रीय, प्रदेश, स्थानीय तह तथा विद्यालयबीचमा अन्तरसञ्जाल सम्बन्ध कायम हुने छ ।

(२) स्थानीय तहबीच तथा अन्तर विद्यालयगत रूपमा लैङ्गिक तथा समावेशी शिक्षाको प्रवर्द्धनका सम्बन्धमा अन्तर सम्बन्ध कायम गर्न सकिने छ ।

(३) केन्द्रीय, प्रदेश तथा स्थानीय तह र विद्यालयस्तरीय सञ्जाल अन्तरसम्बन्धित हुने छन् ।

(४) केन्द्रीय सञ्जालका निर्णय प्रदेश तथा स्थानीय तहका सञ्जालमा र स्थानीय तह तथा प्रदेश तहका सञ्जालका प्रगति तथा विवरण र उपलब्धि क्रमशः प्रदेश तथा केन्द्रको सञ्जालमा पठाउने व्यवस्था मिलाई एकीकृत अभिलेख रहने व्यवस्था मिलाइने छ ।

(५) स्थानीय तहका सञ्जालका निर्णय विद्यालयस्तरका सञ्जालमा पठाई विद्यालयस्तरमा भएका गतिविधिको सूचना तथा प्रतिवेदन स्थानीय तहमा पठाइने छ ।

२१. <u>अन्तरसञ्जाल सम्बन्धका आधारः</u> (१०) लैङ्गिक एवम् समावेशी शिक्षा सम्बन्धमा केन्द्रीय, प्रदेश तथा स्थानीय तह बीचमा हुने अन्तरसञ्जाल सम्बन्धका आधार सरोकारवालाको भूमिका, प्रहरी, स्वास्थ्य संस्था, विकास साझेदार, नागरिक समाज तथा विद्यालय तहमा बालबालिकालाई हिंसा तथा कानुनी व्यवस्थाका बारेमा बालबालिकामा चेतनाको अभिवृद्धि गर्नु हुने छ ।

(२) यौन हिंसा तथा शून्य सहनशीलता रहने हिंसा आदिमा उजुरी, गुनासो तथा जाहेरीमा तत्काल पीडितलाई सुरक्षा, संरक्षण तथा कानुनी उपचारमा प्रचलित कानुनबमोजिम सहयोग र सहजीकरण गरी समाजमा शान्ति तथा सुरक्षा कायम गरी सुरक्षित र संरक्षित वातावरण कायम गर्नु हुने छ ।

(३) यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा सचेतना जगाई विद्यालय तथा स्थानीय तहमा गठन हुने सञ्जालमा भाग लिने, सल्लाह सुझाव दिने र आवश्यक पैरवी गरी गराई शिक्षण सिकाइलाई बालबालिका मैत्री कायम गर्नु हुने छ ।

## परिच्छेद-७
## विविध

२२. **प्रतिवेदन पेस गर्नुपर्नेः** (१) विद्यालय तथा स्थानीय तहको सञ्जालले अनुसूची-१ बमोजिमको ढाँचामा आफ्नो विद्यालय तथा स्थानीय तहको सञ्जालमार्फत भएका कार्यको प्रतिवेदन तयार गरी त्रैमासिक रूपमा स्थानीय तहमा पठाउनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका प्रतिवेदनको आधारमा स्थानीय तहले अनुसूची-२ बमोजिमको ढाँचामा अर्धवार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित इकाइ र प्रदेश स्तरीय सञ्जालमा पठाउने व्यवस्था हुने छ।

(३) इकाइले स्थानीय तहमार्फत उपदफा (२) बमोजिम प्राप्त विवरणलाई एकीकृत गरी अनुसूची-३ बमोजिमको ढाँचामा सङ्क्षिप्त वार्षिक प्रतिवेदन तयार गरी केन्द्रमा पठाउनुपर्ने छ।

(४) प्रदेश सञ्जालले सम्पादन गरेका कार्यको वार्षिक प्रतिवेदन तयार गरी अनुसूची-४ बमोजिमको ढाँचामा केन्द्रमा पठाई एकीकृत विवरणको व्यवस्थापनलाई सहजीकरण गर्ने व्यवस्था मिलाइने छ ।

२३. **एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको उपयोग गर्न सक्नेः** (१) यस मापदण्डबमोजिम बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र निरन्तरतामा सुधारका सम्बन्धमा सञ्जाल निर्माण गरी कार्य सम्पादन गर्दा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रयोग गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिमको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रयोगमा केन्द्रले सहजीकरण गर्ने छ ।

२४. **समीक्षा गर्नु पर्नेः** सञ्जालले बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र निरन्तरतामा भएका कार्यक्रमको समीक्षा वार्षिक रूपमा गर्नुपर्ने छ ।

२५. **बाधा अड्काउ फुकाउन सकिनेः** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

२६. **यसै मापदण्डबमोजिम हुनेः** यस मापदण्डमा उल्लेख भएका विषय प्रचलित कानुनमा उल्लेख भएको भए सोहीबमोजिम र उल्लेख नभएको विषयमा यसै मापदण्डबमोजिम हुने छ ।

## अनुसूची-१

(दफा २२ को उपदफा (१) सँग सम्बन्धित)

### विद्यालय तथा स्थानीय सञ्जालले त्रैमासिक रूपमा स्थानीय तहमा पठाउने प्रतिवेदनको ढाँचा

विद्यालय/स्थानीय सञ्जालः

ठेगानाः

| क्र.सं. | छलफल गरिएका विषय | समाधान गरिएका विषय | सिफारिस गरिएका विषय र निकाय | सम्पादन गरिएका कार्य | उपलब्धि र चुनौती |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

दस्तखतः

नामः

लैङ्गिक सम्पर्क व्यक्ति/शिक्षा शाखा प्रमुखः

मितिः

## अनुसूची-२

(दफा २२ को उपदफा (२) सँग सम्बन्धित)

## स्थानीय तहले इकाइ तथा प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जालमा अर्ध वार्षिक रूपमा पठाउने प्रतिवेदनको ढाँचा

स्थानीय तहः

| क्र.सं. | छलफल गरिएका विषय | समाधान गरिएका विषय | सिफारिस गरिएका विषय र निकाय | सम्पादन गरिएका कार्य | उपलब्धि र चुनौती |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

दस्तखतः

नामः

शिक्षा शाखा प्रमुखः

मितिः

## अनुसूची-३

(दफा २२ को उपदफा (३) सँग सम्बन्धित)

## शिक्षा विकास तथा समन्वय इकाइले केन्द्रमा पठाउने वार्षिक प्रतिवेदनको ढाँचा

जिल्लाः

| क्र.सं. | जिल्लाअन्तर्गतका स्थानीय तहको नाम | छलफल गरिएका विषय | समाधान गरिएका विषय | सिफारिस गरिएका विषय र निकाय | सम्पादन गरिएका कार्य | उपलब्धि र चुनौती |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

दस्तखतः

इकाइ प्रमुखः

मितिः

## अनुसूची-४

(दफा २२ को उपदफा (४) सँग सम्बन्धित)

### प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जालले केन्द्रमा पठाउने वार्षिक प्रतिवेदनको ढाँचा

प्रदेशः

| क्र.सं. | छलफल गरिएका विषय | समाधान गरिएका विषय | सिफारिस गरिएका विषय र निकाय | सम्पादन गरिएका कार्य | उपलब्धि र चुनौती |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

दस्तखतः

प्रदेश सञ्जालको सदस्य सचिवः

मितिः

*स्वीकृत मितिः २०७९।०१।१५ (माननीय मन्त्रीस्तरबाट)*

# परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९

**प्रस्तावना**

मुलुकमा आफ्नै मौलिक पहिचानका साथ परम्परागत रूपमा विद्यालय तहसम्म सञ्चालन हुँदै आएका गुरुकुल/आश्रम, गोन्पा/विहार तथा मदरसाजस्ता परम्परागत शिक्षण संस्थालाई राष्ट्रिय प्रणालीमा आबद्ध गरी प्रभावकारी रूपमा सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न र यी शिक्षण संस्थालाई प्रदान गरिने अनुदानलाई प्रभावकारी बनाई परम्परागत शैक्षिक प्रणालीको संरक्षण गर्न वाञ्छनीय भएकाले,

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>**सङ्क्षिप्त नाम र प्रारम्भः**</u> (१) यस मापदण्डको नाम "परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड,२०७९" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुने छ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) "अनुमति" भन्नाले परम्परागत शिक्षण संस्था खोल्न वा सञ्चालित शिक्षण संस्थामा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ख) "ऐन" भन्नाले अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लाई सम्झनुपर्छ।

(ग) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनुपर्छ ।

(घ) "नियमावली" भन्नाले अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ लाई सम्झनुपर्छ ।

(ङ) "परम्परागत शिक्षण संस्था" भन्नाले गुरुकुल/आश्रम, गोन्पा/विहार तथा मदरसाजस्ता परम्परागत शिक्षा प्रदान गर्न सामुदायिक वा शैक्षिक गुठीको रूपमा अनुमति वा स्वीकृती प्राप्त गरी सञ्चालनमा रहेका शिक्षण संस्थालाई जनाउँछ ।

(च) "परम्परागत शिक्षा" भन्नाले परम्परागत शिक्षण संस्थाबाट सञ्चालित धार्मिक प्रकृतिका गुरुकुल/आश्रम, गोन्पा/विहार र मदरसाबाट दिइने शिक्षालाई जनाउँछ ।

(छ) "पाठ्यक्रम" भन्नाले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमलाई जनाउँछ ।

(ज) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(झ) "समिति" भन्नाले दफा १७ बमोजिमको समन्वय समिति सम्झनुपर्छ ।

३. <u>**परम्परागत शिक्षण संस्थाको स्थापना तथा सञ्चालनका आधार:**</u> परम्परागत शिक्षण संस्थाको स्थापना तथा सञ्चालनका आधार देहायबमोजिम हुनेछन्:-

(क) परम्परागत रूपमा सञ्चालन हुँदै आएका शैक्षिक कार्यक्रम तथा शिक्षालाई संरक्षण गर्नु,

(ख) परम्परागत शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको सञ्चालन तथा व्यवस्थापनलाई समयानुकूल बनाई त्यस्ता शिक्षण संस्थाबाट सञ्चालन हुँदै आएका शैक्षिक कार्यक्रमलाई शिक्षा प्रणालीको मूलधारमा ल्याउनु,

(ग) परम्परागत शिक्षाको मौलिक स्वरूपलाई कायम राख्दै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक तालिम, विद्यार्थी मूल्याङ्कनको व्यवस्थापन गर्नु,

(घ) परम्परागत शिक्षा प्रदान गर्ने शिक्षण संस्थाबाट दिइने शिक्षालाई राष्ट्रिय मापदण्ड अनुसार औपचारिक शिक्षाको समकक्षी बनाउनु,

(ङ) परम्परागत शिक्षा प्रदान गर्ने शिक्षण संस्थालाई उपलब्ध हुने अनुदानलाई व्यवस्थित गर्नु,

(च) स्थानीय तहबाट प्रदान हुने अनुमति, स्वीकृती तथा नियमनलाई व्यवस्थित गर्नु,

(छ) परम्परागत शिक्षालाई जीवनोपयोगी तथा चरित्रप्रधान शिक्षाका रूपमा विकसित गर्नु

(ज) परम्परागत तथा स्थानीय ज्ञान, सीप र प्रविधिको सम्वर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्नु,

(झ) सहभागीतात्मक रूपमा शिक्षण संस्थाको सञ्चालन तथा व्यवस्थापन गरी आर्थिक अनुशासन कायम गर्नु,

## परिच्छेद-२
## शिक्षण संस्थाको अनुमति तथा कक्षा थपसम्बन्धी व्यवस्था

४. <u>**शिक्षण संस्था सञ्चालन गर्न अनुमति लिनुपर्ने:**</u> (१) कसैले पनि ऐन तथा प्रचलित कानुनबमोजिम अनुमति प्राप्त नगरी परम्परागत शिक्षा प्रदान गर्ने शिक्षण संस्था स्थापना र सञ्चालन गर्नु हुँदैन।

(२) परम्परागत शिक्षा प्रदान गर्ने शिक्षण संस्था स्थापना र सञ्चालन गर्न चाहने व्यक्तिले ऐन, नियमावली तथा स्थानीय तहको कानुनमा व्यवस्था भएबमोजिम स्थानीय तहले स्रोतको सुनिश्चितताको आधारसहित दिएको अनुमति प्राप्त गरेको हुनुपर्ने छ ।

(३) यो मापदण्ड लागु हुनुपूर्व अनुमति प्राप्त गरी परम्परागत शिक्षा प्रदान गर्ने शिक्षण संस्थाले आफ्नो विवरण सम्बन्धित स्थानीय तहमा पेस गरी अद्यावधिक गरेको हुनुपर्ने छ।

(४) उपदफा ३ बमोजिमको विवरण स्थानीय तहबाट प्रमाणित भएपछिको प्रति

शिक्षा विकास तथा समन्वय इकाइमार्फत केन्द्रमा पठाउनुपर्ने छ ।

(५) शिक्षण संस्थाको अनुमतिका लागि अनुसूचीमा उल्लेख भएबमोजिमको भौतिक पूर्वाधारहरू पूरा भएको हुनुपर्ने छ ।

५. **परम्परागत शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको अनुमतिका आधारः** (१) परम्परागत शिक्षा प्रदान गर्न प्राप्त निवेदनका सम्बन्धमा सम्बन्धित स्थानीय तहले अन्य कुराका अतिरिक्त शिक्षण संस्थाको नक्साङ्कनलाई समेत आधार लिनुपर्ने छ ।

(२) कुनै शिक्षण संस्था शैक्षिक गुठीको रूपमा सञ्चालन गर्नुपर्ने भए निवेदनका साथै स्वीकृत विधान, शिक्षण संस्था नक्साङ्कन र सम्बन्धित वडाको सिफारिससहित प्रचलित कानुनबमोजिम शैक्षिक गुठीको रूपमा दर्ता गरी कक्षा सञ्चालन गर्न सकिने छ ।

६. **परम्परागत शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको कक्षा थपसम्बन्धी व्यवस्थाः** (१) शिक्षण संस्थाले ऐन तथा प्रचलित कानुनबमोजिम कक्षा थपको अनुमति प्राप्त नगरी कक्षा थप गर्न तथा त्यस्तो थप कक्षाको सञ्चालन गर्नु हुँदैन।

(२) परम्परागत शिक्षा प्रदान गर्न सञ्चालित शिक्षण संस्थाले ऐन, नियमावली तथा स्थानीय तहको कानुनमा व्यवस्था भएबमोजिमका कागजात संलग्न गरी सम्बन्धित स्थानीय तहमा कक्षा थपका लागि निवेदन गरी अनुमति प्राप्त गरेको हुनुपर्ने छ ।

(३) शिक्षण संस्थाको कक्षा थपका लागि अनुसूचीमा उल्लेख भएबमोजिमको भौतिक पूर्वाधारहरू पूरा भएको हुनुपर्ने छ ।

## परिच्छेद-३
## परम्परागत शिक्षण संस्था सञ्चालनसम्बन्धी व्यवस्था

७. **परम्परागत शिक्षण संस्थाको सञ्चालनसम्बन्धी व्यवस्थाः** (१) परम्परागत शिक्षण संस्थाको सञ्चालनका लागि शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन गर्नुपर्ने छ ।

(२) परम्परागत शिक्षण संस्थाको सञ्चालन तथा व्यवस्थापन समितिमा रहने सदस्यहरू स्थानीय तहको कानुनमा व्यवस्था भएबमोजिम हुने छ ।

(३) परम्परागत शिक्षण संस्थाको सञ्चालन तथा व्यवस्थापन समितिले सम्बन्धित धार्मिक प्रकृतिका गुरुकुल/आश्रम, गोन्पा/विहार र मदरसासँग सम्बन्धित विषयका कुनै एक जना विज्ञलाई शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(४) शैक्षिक गुठीको रूपमा सञ्चालन भएका र शैक्षिक गुठीको रूपमा सञ्चालन हुन चाहने परम्परागत शिक्षण संस्थाको सञ्चालन एवम् व्यवस्थापन शिक्षण संस्थाको विधानमा व्यवस्था भएबमोजिम हुने छ ।

८. **पाठ्यक्रम, पाठ्यसामग्री तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थाः** (१) परम्परागत शिक्षण संस्थाको सञ्चालन तथा व्यवस्थापन समितिले राष्ट्रिय पाठ्यक्रम प्रारूपमा तोकिएबमोजिमका विषयका

विकल्पहरूमध्येका पाठ्यपुस्तकका साथै संस्थाको प्रकृतिअनुसार धार्मिक तथा सांस्कृतिक महत्त्व राख्ने विषयलाई समेत समावेश गरी पठनपाठनको व्यवस्था गर्नुपर्ने छ ।

(२) शिक्षण संस्थामा हुने विद्यार्थी मूल्याङ्कन राष्ट्रिय पाठ्यक्रम प्रारूपले तोकेबमोजिम हुने छ । आधारभूत तहको अन्तिम परीक्षा स्थानीय तह र माध्यमिक तहको परीक्षाको सञ्चालन एवम् व्यवस्थापन राष्ट्रिय परीक्षा बोर्डले तोकेबमोजिम गर्नुपर्ने छ ।

(३) शिक्षण संस्थाले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत गरेको पाठ्यसामग्री र स्थानीय तहबाट स्वीकृती लिएका स्थानीय विषय तथा धार्मिक विषयहरूका थप पाठ्यसामग्री अध्यापन गर्नु गराउनुपर्ने छ ।

(४) स्थानीय तहबाट अनुगमन निरीक्षण गर्दा पाठ्यक्रम, पाठ्पुस्तक एवम् पाठ्यसामग्रीको प्रयोगको अवस्थासमेत समावेश गर्नुपर्ने छ ।

९. <u>परम्परागत शिक्षण संस्थाको विदासम्बन्धी व्यवस्थाः</u> (१) परम्परागत शिक्षण संस्थाले आफ्नो रीति परम्पराअनुसार चाडवाड मनाउन वर्षे वा हिउँदे विदाबाट कट्टा हुने गरी आवश्यकताबमोजिम स्थानीय पर्वहरूमा सञ्चालन तथा व्यवस्थापन समितिबाट निर्णय गराई विदा दिन सक्ने छ । यसरी दिएको विदाको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउनुपर्ने छ ।

(२) परम्परागत शिक्षण संस्थाले आफ्नो धार्मिक प्रकृतिअनुसार शनिबारबाहेक अन्य दिन विदा दिनुपर्ने भएमा दिन सकिने र सोको सट्टा शनिबार पठनपाठन गराउनुपर्ने छ ।

## परिच्छेद-४
## अनुदानसम्बन्धी व्यवस्था

१०. <u>अनुदानसम्बन्धी व्यवस्थाः</u> (१) परम्परागत शिक्षा प्रदान गर्न स्थापित शिक्षण संस्थामा सञ्चालित कक्षा, विद्यार्थी सङ्ख्या, पाठ्यक्रम तथा पाठ्यपुस्तक र भौगोलिक अवस्थितिका आधारमा केन्द्रको सिफारिसमा नेपाल सरकारबाट त्यस्ता शिक्षण संस्थालाई निश्चित रकम अनुदानस्वरूप उपलब्ध गराउन सकिने छ ।

(२) उपदफा (१) बमोजिम अनुदान माग गर्ने शिक्षण संस्थाले देहायबमोजिमका सर्तहरू पूरा गरेको हुनुपर्ने छः-

(क) सामुदायिक वा सार्वजनिक शैक्षिक गुठीको रूपमा अनुमति वा स्वीकृति प्राप्त गरी नियमित रूपमा सञ्चालन भएको,

(ख) विद्यमान ऐन, नियमावली तथा यस मापदण्डबमोजिम सञ्चालन भएको,

(ग) चालु शैक्षिक सत्रसहित गत शैक्षिक सत्रको शैक्षिक तथ्याङ्क भरी अनिवार्य रूपमा समयमै सम्बन्धित निकायमा पेस गरेको,

(घ) शिक्षण संस्थाको सञ्चालन तथा व्यवस्थापन समिति गठन भएको,

(ङ) भर्ना भएका बालबालिकाको कम्तीमा पचहत्तर प्रतिशत नियमित उपस्थिति भएको,

(च) पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यसामग्री समेतको प्रयोग गरेको,

(छ) शिक्षण संस्थाले सामाजिक परीक्षण गराएको,

(ज) शिक्षण संस्थाले प्रचलित कानुन तथा विधानअनुसार सूचीकृत लेखा परीक्षकबाट आयव्ययको लेखा परीक्षण गराएको,

(झ) शिक्षण संस्थाले दैनिक पठनपाठनको अतिरिक्त विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागी गराएको

(३) कक्षागत आधारमा पाठ्यक्रममा आधारित भई पठनपाठन गर्ने शिक्षण संस्थालाई वार्षिक रूपमा प्रदान गरिने अनुदानका आधारहरू देहायबमोजिम हुनेछन्:-

**(क) आधारभूत तह कक्षा १-५ तथा कक्षा ६-८ सम्मको कक्षा सञ्चालन गर्ने शिक्षण संस्थालाई प्रदान गरिने अनुदानका आधार:**

(अ) मन्त्रालयबाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम शिक्षण संस्थालाई दरबन्दी वा राहत अनुदान कोटाको सोहीबमोजिम र दरबन्दी वा राहत अनुदान कोटा अपुग भएकोमा वा सो कोटा नभएका अवस्थामा शिक्षण सहयोग अनुदान रकम प्रदान गरिने छ ।

(आ) शिक्षण संस्थालाई ससर्त अनुदान अन्तर्गत निशुल्क पाठ्यपुस्तक, प्रतिविद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री व्यवस्थापन, अध्ययनरत विद्यार्थीहरूको लागि छात्रवृत्ति, दिवा खाजा, छात्राहरूका लागि निशुल्क स्यानिटरी प्याडसहितका शिर्षकमा एकै विद्यार्थीलाई सोही शिर्षकमा दोहोरो नपर्ने गरी अनुदान प्रदान गरिने छ ।

(इ) शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सञ्चालन तथा व्यवस्थापन अनुदान, शिक्षण संस्था सुधार योजना निर्माण तथा अद्यावधिक, सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकासका लागि अन्तरक्रिया, अभिभावक शिक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन, सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन लगायतका शिर्षकहरूमा मन्त्रालयबाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेबमोजिमको एकमुष्ठ अनुदान प्रदान गर्न सकिने छ ।

(ई) प्रति विद्यार्थी लागतका आधारमा दिइने अनुदानबाहेक अन्य ससर्त अनुदान प्राप्त गर्न कक्षा १-३ सम्ममा कम्तीमा १५ जना, कक्षा १-५ सम्ममा कम्तीमा २५ जना र कक्षा ६-८ सम्ममा कम्तीमा २० जना विद्यार्थी अध्ययनरत भएको हुनुपर्ने छ ।

**(ख) माध्यमिक तहअन्तर्गत कक्षा ९–१० को कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थालाई अनुदान:**

(अ) मन्त्रालयबाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम

शिक्षण संस्थालाई दरबन्दी वा राहत अनुदान कोटाको सोहीबमोजिम र दरबन्दी वा राहत अनुदान कोटा अपुग भएकामा वा सो कोटा नभएको अवस्थामा शिक्षण सहयोग अनुदान रकम प्रदान गरिने छ ।

(आ) शिक्षण संस्थालाई ससर्त अनुदान अन्तर्गत निशुल्क पाठ्यपुस्तक, प्रतिविद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री व्यवस्थापन, अध्ययनरत विद्यार्थीहरूको लागि छात्रवृत्ति, छात्राहरूका लागि निशुल्क स्यानिटरी प्याड सहितका शिर्षकमा एकै व्यक्तिलाई सोही शिर्षकमा दोहोरो नपर्ने गरी अनुदान प्रदान गरिने छ ।

(इ) शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सञ्चालन तथा व्यवस्थापन अनुदान, शिक्षण संस्था सुधार योजना निर्माण तथा अद्यावधिक, सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकासका लागि अन्तरक्रिया, अभिभावक शिक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन, सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, शिक्षण संस्था तथ्याङ्क व्यवस्थापन लगायतका शिर्षकहरूमा मन्त्रालयबाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेबमोजिमको एकमुष्ठ अनुदान प्रदान गरिने छ ।

(ई) प्रतिविद्यार्थी लागतका आधारमा दिइने अनुदानबाहेक अन्य ससर्त अनुदान प्राप्त गर्न कक्षा ९-१० सम्ममा कम्तीमा १५ जना विद्यार्थी अध्ययनरत भएको हुनुपर्ने छ ।

**(ग) माध्यमिक तहअन्तर्गत कक्षा ११-१२ सञ्चालित शिक्षण संस्थालाई अनुदानः**

(अ) मन्त्रालयबाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएबमोजिम शिक्षण संस्थालाई दरबन्दी वा राहत अनुदान कोटाको सोहीबमोजिम र दरबन्दी वा राहत अनुदान कोटा अपुग भएकामा वा सो कोटा नभएका अवस्थामा शिक्षण सहयोग अनुदान रकम प्रदान गरिने छ ।

(आ) शिक्षण संस्थालाई ससर्त अनुदान अन्तर्गत निशुल्क पाठ्यपुस्तक, प्रतिविद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री व्यवस्थापन, अध्ययनरत विद्यार्थीहरूको लागि छात्रवृत्ति, छात्राहरूका लागि निशुल्क स्यानिटरी प्याडसहितका शिर्षकमा एकै व्यक्तिलाई सोही शिर्षकमा दोहोरो नपर्ने गरी अनुदान प्रदान गरिने छ ।

(इ) शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सञ्चालन तथा व्यवस्थापन अनुदान, शिक्षण संस्था सुधार योजना निर्माण तथा अद्यावधिक, सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकासका लागि अन्तरक्रिया, अभिभावक शिक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन, सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, शिक्षण संस्था तथ्याङ्क व्यवस्थापन लगायतका शिर्षकहरूमा मन्त्रालयबाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेबमोजिमको एकमुष्ठ अनुदान प्रदान गरिने छ ।

(ई) प्रतिविद्यार्थी लागतका आधारमा दिइने अनुदानबाहेक अन्य ससर्त अनुदान प्राप्त गर्न

कक्षा ११-१२ सम्ममा कम्तीमा १५ जना विद्यार्थी अध्ययनरत भएको हुनुपर्ने छ।

(४) परम्परागत प्रकृतिका शिक्षण संस्था वा सार्वजनिक शैक्षिक गुठीअन्तर्गत कक्षा १-५,कक्षा ६-८ र माध्यमिक तहअन्तर्गत कक्षा ९-१० र कक्षा ११-१२ एउटै शिक्षण संस्थामा सञ्चालन भएको भए र यस मापदण्डबमोजिम तोकिएको विद्यार्थी रहेको अवस्थामा सो शिक्षण संस्थाले माथि उपदफा (३) को खण्ड (क), (ख) र (ग) बमोजिमको तहगत रूपमा अनुदान पाउने छ ।

(५) अनुमति प्राप्त गरी सञ्चालन भएको शिक्षण संस्थालाई भौतिक पूर्वाधार विकासका लागि आवश्यकताका आधारमा अनुदान दिन सकिने छ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुमति प्राप्त गरेका शिक्षण संस्थालाई साझेदारीमा आधारित भै नेपाल सरकार तथा प्रदेश सरकारबाट अनुदान उपलब्ध गराउन सकिने छ ।

११. <u>अन्य सामुदायिक विद्यालय सरह अनुदान उपलब्ध हुन सक्ने:</u> (१) प्रचलित कानुनबमोजिम अनुमति वा स्वीकृत प्राप्त गरी सामुदायिक विद्यालयका रूपमा सञ्चालन भई आएका परम्परागत शिक्षा प्रदान गर्ने शिक्षण संस्थालाई अन्य सामुदायिक विद्यालयलाई उपलब्ध भएसरह अनुदान उपलब्ध गराउन सकिने छ ।

(२) उपदफा (१) बमोजिम अनुदान माग गर्ने शिक्षण संस्था वा विद्यालयले अनदान माग गर्नुपूर्व सामुदायिक विद्यालयसरहको प्रक्रिया पूरा गरेको हुनुपर्ने छ ।

१२. <u>अनुदान उपलब्ध नहुने:</u> (१) अनुमति नलिई सञ्चालनमा रहेका वा अनुमति लिएर पनि समयमै शैक्षिक तथ्याङ्क नभरेका शिक्षण संस्थालाई कुनै पनि अनुदान उपलब्ध गराइने छैन ।

(२) पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग नगर्ने शिक्षण संस्थालाई कुनै पनि अनुदान उपलब्ध गराइने छैन ।

१३. <u>स्वीकृति बिना विदेशी सहयोग लिन नहुने:</u> (१) नेपाल सरकार अर्थ मन्त्रालयको पूर्व स्वीकृतिबिना कुनै शिक्षण संस्थाले विदेशी व्यक्ति, सङ्घ, संस्था, एजेन्सी वा राष्ट्रहरूबाट कुनै पनि किसिमको नगद वा जिन्सी सहायता प्राप्त गर्नु हुँदैन ।

(२) कुनै शिक्षण संस्थाले विदेशी व्यक्ति, सङ्घ, संस्था, एजेन्सी वा राष्ट्रहरूबाट कुनै किसिमको नगद वा जिन्सी सहायता प्राप्त गर्न वा कुनै सहयोगका लागि सम्झौता गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहमार्फत मन्त्रालयको सिफारिसमा नेपाल सरकार अर्थ मन्त्रालयको पूर्व स्वीकृती लिनुपर्ने छ ।

## परिच्छेद-५
## शिक्षक नियुक्तिसम्बन्धी व्यवस्था

१४. <u>शिक्षक नियुक्तिसम्बन्धी व्यवस्थाः</u> (१) शिक्षण संस्थामा अध्यापन गर्ने शिक्षकको नियुक्ति

सम्बन्धित स्थानीय तहको स्वीकृतीमा सञ्चालन तथा व्यवस्थापन समितिबाट गर्नुपर्ने छ ।

(२) पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको अध्यापन गर्ने शिक्षक प्रचलित कानुनबमोजिम योग्यता पुगेको हुनुपर्ने छ ।

तर परम्परागत ज्ञान एवम् विशिष्टीकृत सेवाको शिक्षण गर्न स्रोत व्यक्ति आवश्यक भएमा सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयबाट आंशिक समय शिक्षण गर्ने गरी त्यस्तो व्यक्तिको व्यवस्था गर्न सकिने छ ।

(३) उपदफा (१) बमोजिम शिक्षक नियुक्ति गर्न योग्यता तथा अनुभव निर्धारण गरी प्रप्रतिस्पर्धात्मक प्रक्रियाबमोजिम छनोट गर्नुपर्ने छ ।

**१५. <u>करार गर्नुपर्ने</u>:** (१) दफा १४ बमोजिम शिक्षक छनोट भइसके पछि निजसँग करार गरी अध्यापन गराउनुपर्ने छ ।

(२) शिक्षण संस्थामा अध्यापन गर्ने शिक्षकको सेवा सर्त र सुविधासम्बन्धी व्यवस्था करार पत्रमा उल्लेख भएबमोजिम हुने छ ।

## परिच्छेद-६
## शिक्षक तालिमसम्बन्धी व्यवस्था

**१६. <u>शिक्षक तालिमसम्बन्धी व्यवस्था</u>:** (१) शिक्षण संस्थाका विद्यालय शिक्षातर्फका विषयहरू अध्यापन गर्ने शिक्षक शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने तालिममा सहभागी हुन सक्ने छन्।

(२) सम्बन्धित स्थानीय तहबाट शिक्षण संस्थामा कार्यरत शिक्षक एवम् अन्य व्यक्तिलाई शिक्षण संस्था केन्द्रित छोटो अवधिका तालिम व्यवस्थापन एवम् सञ्चालन गर्न सकिने छ ।

(३) स्थानीय तहबाट सञ्चालन हुने छोटो अवधिका तालिमको पाठ्यक्रम एवम् तालिम सामग्री स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद-७
## समन्वय समितिसम्बन्धी व्यवस्था

**१७. <u>समन्वय समितिसम्बन्धी व्यवस्था</u>:** (१) नेपालमा सञ्चालन भइरहेका परम्परागत शिक्षण संस्थालाई व्यवस्थित गर्न तथा सो सम्बन्धमा आवश्यक व्यवस्था गर्न केन्द्रमा एक परम्परागत शिक्षा समन्वय समिति रहने छ ।

(२) परम्परागत शिक्षा समन्वय समितिको गठन देहायबमोजिम हुनेछ:-

| | | |
|---|---|---|
| (क) | केन्द्रको महानिर्देशक | संयोजक |
| (ख) | महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र | सदस्य |
| (ग) | उपमहानिर्देशक, केन्द्र सम्बन्धित शाखा | सदस्य |
| (घ) | प्रतिनिधि, सङ्घीय मामिला तथा प्रशासन प्रशासन मन्त्रालय | सदस्य |

(ङ) प्रतिनिधि, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सदस्य

(च) प्रतिनिधि, मन्त्रालय सदस्य

(छ) गुरुकुल/आश्रम, गोन्पा/विहार र मदरसा शिक्षा सञ्चालन गरिरहेका शिक्षण संस्थाको प्रतिनिधि हुने गरी समितिबाट मनोनीत दुई-दुई जनाका दरले समितिबाट मनोनीत छ जना सदस्य

(ज) निर्देशक, केन्द्र सम्बन्धित शाखा सदस्य सचिव

(३) उपदफा (३)को खण्ड (छ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि बढीमा चार वर्षको हुने छ।

(४) उपदफा (३) को खण्ड (छ) बमोजिम मनोनीत हुन नेपाली नागरिक, कम्तीमा २५ वर्ष उमेर पूरा भएको, परम्परागत शिक्षासम्बन्धी ज्ञान, अनुभव तथा दक्षता भएको र परम्परागत शिक्षाको विकास, उत्थान र मूलप्रवाहिकरणमा योगदान पुऱ्याएको व्यक्ति हुनुपर्ने छ ।

(५) मनोनीत सदस्यले परम्परागत शिक्षाको अहित हुने गरी कुनै कार्य गरेमा वा निजको कारण परम्परागत शिक्षाको विकासमा असर पर्ने देखिएमा वा निज सदस्यमा रहिरहन उपयुक्त नभएमा समितिले जुनसुकै बखत पदबाट हटाउन सक्ने छ ।तर त्यसरी पदबाट हटाउनुअघि निजलाई मनासिव माफिकको सफाइको मौका दिनुपर्ने छ ।

(६) समितिले आवश्यकताअनुसार परम्परागत शिक्षा सञ्चालन गर्ने शिक्षण संस्थाका प्रतिनिधि तथा सम्बन्धित क्षेत्रका अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्ने छ ।

(७) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुने छ।

(८) समितिको सचिवालय केन्द्रमा रहने छ।

१८. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) परम्परागत शिक्षासम्बन्धी नीतिनिर्धारण गर्न मन्त्रालयलाई सहयोग गर्ने,

(ख) गुरुकुल/आश्रम, गोन्पा/विहार र मदरसामा स्वीकृत पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रयोग गर्ने गराउने,

(ग) गुरुकुल/आश्रम, गोन्पा/विहार र मदरसामा विद्यार्थी सङ्ख्याको आधारमा अनुदान रकमका आधार र मापदण्ड तर्जुमा गर्ने,

(घ) गुरुकुल/आश्रम, गोन्पा/विहार र मदरसाजस्ता शिक्षण संस्थामा सम्बन्धित संस्थाको प्रकृतिबमोजिम थप पाठ्यसामग्री प्रयोगको सम्बन्धमा नीति निर्धारण गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(ङ) परम्परागत शिक्षण संस्था सञ्चालन गर्ने संस्थाहरूको बीचमा सहिष्णुता, समन्वय,

सहकार्य र सहजीकरण गर्ने,

(च) परम्परागत शिक्षाको सम्बन्धमा मूलप्रवाहीकरण, समकक्षता तथा मूल्याङ्कनका सम्बन्धमा आवश्यक सुसुझाव दिने,

(छ) प्रदेश, स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइसँग परम्परागत शिक्षण संस्थाको सञ्चालन, व्यवस्थापन तथा अनुदानका विषयमा आवश्यक समन्वय गर्ने

(ज) मन्त्रालयले तोकेबमोजिमका अन्य कार्यहरू गर्ने

१९. **समिति सदस्यको सुविधा:** (१) समितिका संयोजक तथा सदस्यले बैठक बसेको दिनको अर्थ मन्त्रालयद्वारा निर्धारण गरिएबमोजिमको बैठक भत्ता प्राप्त गर्ने छन् ।

(२) काठमाडौं उपत्यका बाहिरका समितिका मनोनीत सदस्यले बैठकमा सहभागी हुन आउँदा र जाँदा नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतले प्राप्त गरेसरहको नियमानुसार हुने दैनिक तथा भ्रमण भत्ता खर्चसमेत पाउने छन् ।

(३) समितिका सदस्यहरूले उपदफा (१) र (२) बाहेक अन्य कुनै सुविधा दावी गर्न सक्ने छैनन् ।

२०. **विवरण अद्यावधिक गर्नुपर्ने:** (१) परम्परागत शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको अद्यावधिक विवरण केन्द्रमा रहने छ ।

(२) उपदफा (१) बमोजिमको विवरणको आधारमा केन्द्रले देहायबमोजिमका कार्यसमेत गर्नुपर्ने छ:

(क) परम्परागत शिक्षण संस्थालाई उपलब्ध गराउनुपर्ने अनुदान र शिक्षण संस्थाको विवरण अद्यावधिक गर्ने,

(ख) स्थानीय तहगत रूपमा कार्यक्रम निर्माण गरी अनुदान उपलब्ध गराउने,

(ग) प्राप्त उपलब्धि तथा कार्यान्वयन अवस्थाको अनुगमन गर्ने गराउने,

(घ) परम्परागत शिक्षण संस्थालाई वितरण गरिने अनुदानलाई व्यवस्थित गर्न समन्वय गर्ने,

(ङ) जिल्लागत प्रतिवेदन लिई समष्टिगत विवरण तयार पार्ने,

(च) शिक्षा विकास तथा समन्वय इकाइहरूलाई आवश्यक निर्देशन दिने,

(छ) परम्परागत शिक्षण संस्थाहरूको सम्बन्धमा आवश्यक सहजीकरण गर्ने

## परिच्छेद-८
## विविध

२१. **शिक्षा विकास तथा समन्वय इकाइबाट सहजीकरण गर्नुपर्ने:** (१) परम्परागत शिक्षामा आधारित भई अध्यापन हुने शिक्षण संस्थाका सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले माग गरेको विवरण सम्बन्धित स्थानीय तहसँगको समन्वयमा शिक्षा विकास तथा

समन्वय इकाइबाट उपलब्ध गराउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम विवरण सम्बन्धी कार्य गर्दा देहायबमोजिम कार्य गर्नुपर्ने छः-

(क) अनुमति प्राप्त शिक्षण संस्था, शिक्षक तथा विद्यार्थीको विवरण तयार गरी अद्यावधिक गर्ने,

(ख) आवश्यकताअनुसार स्थानीय तहसँग समन्वय गर्ने र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा विवरण अद्यावधिक गरी पठाउने,

(ग) स्थानीय तहसँगको समन्वय र सहकार्यमा शिक्षण संस्थाहरूको अनुगमन सुपरिवेक्षण गर्ने

(३) शिक्षण संस्थाको आवश्यकता तथा उपयोगिताका विषयमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी समस्या समाधानको लागि समन्वय गर्नुपर्ने छ ।

२२. <u>रूपान्तरण गर्न सकिने</u>ः (१) यस मापदण्ड जारी हुनुअघि धार्मिक प्रकृतिको वैकल्पिक शिक्षा सञ्चालन गर्ने गरी अनुमति पाएका शिक्षण संस्थाले सार्वजनिक शैक्षिक गुठीको रूपमा रुपान्तरण हुन चाहेमा यो मापदण्ड प्रारम्भ भएको मितिले दुई वर्षभित्र सम्बन्धित व्यवस्थापन समितिबाट निर्णय गराई सम्बन्धित स्थानीय तहमा निवेदन दिन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले प्राप्त निवेदनको जाँचबुझ गरी स्थानीय कानुनबमोजिम शिक्षा समितिबाट निर्णय गराई सार्वजनिक शैक्षिक गुठीको रूपमा विद्यालय सञ्चालन गर्न अनुमति दिन सक्ने छ।

(३) उपदफा (२) बमोजिमको रूपान्तरण सम्बन्धी अनुमति, कारबाही तथा निर्णयसम्बन्धी अन्य व्यवस्था स्थानीय कानुनबमोजिम हुने छ ।

२३. <u>मापदण्डमा संशोधन</u>ः (१) मन्त्रालयले मापदण्डमा आवश्यकताअनुसार संशोधन गर्न सक्ने छ।

(२) यस मापदण्डमा उल्लेख भएका विषयहरू यसैबमोजिम र अन्य कुराहरू प्रचलित कानुनबमोजिम हुने छन् ।

२४. <u>खारेजी र बचाउ</u>ः (१) देहायका निर्देशिका तथा सञ्चालनसम्बन्धी व्यवस्था खारेज गरिएका छन्ः

(क) राष्ट्रिय मदरसा शिक्षा व्यवस्थापन परिषद् र सञ्चालनसम्बन्धी व्यवस्था, २०६९,

(ख) धार्मिक प्रकृतिका सामुदायिक विद्यालयलाई अध्यापन व्यवस्थापन कार्यमा सहयोगका लागि एकमुष्ठ अनुदान कार्यान्वयन निर्देशिका–२०६९,

(२) उपदफा (१) बमोजिम खारेज गरिएका सञ्चालनसम्बन्धी व्यवस्था तथा निर्देशिकाबमोजिम भएगरेका कार्यहरू यसै मापदण्डबमोजिम भए गरेको मानिने छ ।

## अनुसूची

## (दफा ४ को उपदफा (५) र दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

परम्परागत शिक्षण संस्था सञ्चालन गर्न पूरा गर्नुपर्ने पूर्वाधारहरू

१. कक्षाकोठाहरू सामान्यतयाः नौ फिटको उचाइको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनुपर्नेछ।

२. अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्था साथै स्वस्थ हुनुपर्ने छ।

३. कक्षागत क्षेत्रफल कक्षा १ देखि कक्षा ५ सम्म ०.७५ वर्गमिटर र कक्षा ६ देखि कक्षा १० सम्म १ वर्गमिटर हुनुपर्नेछ ।

४. प्रतिकक्षा न्यूनतम ११जना विद्यार्थी हुनुपर्नेछ।

५. विद्यार्थीलाई आवश्यक पर्ने कक्षाकोठा, फर्निचर, पिउने पानी खेलमैदान, शौचालय तथा पुस्तकालयको पर्याप्त व्यवस्था भएको हुनुपर्नेछ ।

६. आवश्यक शिक्षकको व्यवस्था भएको हुनुपर्नेछ ।

७. पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेबमोजिमका सिकाइ उपलब्धिहरू पूरा हुने गरी शिक्षण सिकाइ कार्यक्रमको तर्जुमा गरिएको हुनुपर्नेछ ।

८. भाडाको भवनमा विद्यालय सञ्चालन गर्नुपर्ने भए कम्तीमा पनि पाँच वर्षको घरभाडासम्बन्धी सम्झौता भएको हुनुपर्नेछ ।

९. विद्यालय सञ्चालनका लागि नियमित आर्थिक स्रोत प्राप्त हुने निकाय वा संस्थाको प्रतिबद्धता वा सम्झौता वा आशयय पत्र पेस गर्नुपर्छ ।

१०. अन्य आवश्यक पूर्वाधार पूरा भएको हुनुपर्नेछ।

११. परम्परागत शिक्षण संस्थाको प्रकृति तथा सञ्चालनका आधारबमोजिम शास्त्रीय शिक्षा वा तत्सम्बन्धी आवश्यक पर्ने वातावरण वा भौतिक पूर्वाधार विकास भएको हुनुपर्नेछ ।

*स्वीकृत मितिः २०८०।०७।१३ (माननीय मन्त्रीस्तरबाट)*

# शिक्षक पदस्थापनका आधार तथा मार्गदर्शन, २०८०

**(क) शिक्षा तया मानव स्रोत विकास केन्द्रले गर्ने कार्यहरू**

(१) प्राथमिक तहको हकमा शिक्षक सेवा आयोगले गरेको जिल्लागत स्थायी नियुक्तिको सिफारिसलाई सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइलाई शिक्षक पदस्थापनाका आधार तथा मार्गदर्शनसहित पठाउने ।

(२) निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा शिक्षक सेवा आयोगले गरेको स्थायी नियुक्तिको प्रदेशगत सिफारिस, पदस्थापनाका आधार, मार्गदर्शन एवम् जिल्लाको विषयगत पद सङ्ख्या सहितको विवरण प्रदेशस्थित शिक्षा विकास निर्देशनालयमा पठाउने ।

**(ख) प्रदेशस्थित शिक्षा विकास निर्देशनालयले गर्ने कार्यहरू**

(१) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त जिल्लाको विषयगत पद सङ्ख्यासहितको विवरण सार्वजनिक गरी निम्न आध्यमिक तथा माध्यमिक तहमा स्थायी नियुक्तिका लागि सिफारिस भएकालाई ७ दिनको समय तोकी जिल्ला रोज्न सूचना जारी गर्ने ।

(२) विज्ञापन गरिएको सङ्ख्याको अधीनमा योग्यताक्रम अनुसार रोजाइका आधारमा जिल्लागत विवरण तयार गरी नियुक्तिका लागि रोजाइको म्याद समाप्त मितिले बढीमा ५ दिनभित्रमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने ।

तर यसरी जिल्ला रोज्न दिँदा अपाङ्गताको परिचयपत्र बाहक "क" "ख" र "ग" गरी तीन श्रेणीका अपाङ्गता भएका शिक्षकहरूलाई पहिलो प्राथमिकता दिनुपर्ने छ ।

**(ग) शिक्षा विकास तथा सअन्वय इकाइले गर्ने कार्यहरू**

**(१) प्राथमिक तहको हकमा**

(क) स्थानीय तहगत रूपमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पद संख्या सहितको सूची सार्वजनिक गरी सिफारिस भएका शिक्षकहरूलाई योग्यताक्रम समेतलाई ध्यानमा राखी स्थानीय तह रोज्न ७ दिनको समय दिइ सूचना जारी गर्ने ।

(ख) स्थायी नियुक्ति हुन सिफारिस भएकालाई बुँदा (क) बमोजिमको स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पद सङ्ख्या भित्रमा योग्यताक्रम अनुसार रोजाइको आधारमा स्थानीय तह अन्तर्गतको विद्यालयका लागि स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनका लागि रोजाइको म्याद समाप्त मितिले बढीमा ५ दिनभित्रमा सम्बन्धित स्थानीय तहमा पठाउने ।

**(२) निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा**

(क) स्थानीय तहगत रूपमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पद सङ्ख्या सहितको सूची सार्वजनिक गरी प्रदेशस्थित शिक्षा विकास निर्देशनालयलबाट प्राप्त विवरणका अनुसार निम्न माध्यमिक तथा माध्यमिक तहमा स्थायी नियुक्तिका लागि सिफारिस भएकालाई स्थानीय तह रोज्न ७ दिनको समय दिइ सूचना जारी गर्ने ।

(ख) बुँदा (क) बमोजिम रोजाइको आधारमा स्थानीय तहभित्र विषयगत दरबन्दीमा कुनै प्रतिस्पर्धा नहुने अवस्था भएमा स्थानीय तह अन्तर्गतको विद्यालयका लागि स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनाका लागि सम्बन्धित स्थानीय तहमा पठाउने।

(ग) बुँदा (क) बमोजिमको रोजाइमा प्रतिस्पर्धा रहेमा स्थायी नियुक्ति हुन सिफारिस भएकालाई बुँदा (क) बमोजिमको स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पद सङ्ख्या भित्रमा योग्यताक्रम अनुसार रोजाइको आधारमा स्थानीय तह अन्तर्गतको विद्यालयका लागि स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनका लागि सम्बन्धित स्थानीय तहमा पठाउने ।

(घ) बुँदा (क) बमोजिमको रोजाइको म्याद समाप्त मितिले बढीमा ५ दिन भित्रमा स्थायी नियुक्ति पत्र दिई विद्यालयमा पदस्थापनका लागि सम्बन्धित स्थानीय तहमा पठाउने।

**(घ) स्थानीय तहले गर्ने कार्यहरू**

(क) प्राथमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पद सङ्ख्या र निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पद सङ्ख्याका आधारमा पदस्थापन गर्नुपर्ने विद्यालयको सूची सार्वजनिक गरी शिक्षा विकास तथा समन्वय इकाइबाट स्थायी नियुक्ति भई आएकालाई सिफारिस योग्यताक्रम समेतलाई ध्यानमा राखी देहायबमोजिम पदस्थापन गर्ने ।

१. पदस्थापन गर्दा रिक्त दरबन्दीले अपुग भई अस्थायी/करारका शिक्षक हट्नु पर्ने अवस्थामा सेवाको आधारमा कनिष्ठ अस्थायी शिक्षक हट्ने गरी व्यवस्था मिलाउने ।

२. क र ख श्रेणीको अपाङ्गता भएका तथा महिलाको हकमा प्राथमिकतामा राखी पदस्थापन गर्ने ।

(ख) शिक्षक पदस्थापनको कार्य ७ दिनभित्रमा पूरा गर्नुपर्नेछ ।

**नोटः** शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेशस्थित शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाइ तथा स्थानीय तहले माथि उल्लेख भएबमोजिमका पदस्थापनका आधार तथा मार्गदर्शनको प्रतिकूल नहुने गरी थप आधार तयार गरी पदस्थापनाको कार्यको कार्यान्वयन गर्न सक्नेछन् ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर